निम्बवतीप्रकरण-'म'नाटकयोः कथावस्तुगतं साम्यं स्पष्टमेव । अनेन साम्येन बिम्बप्रतिबिम्ब-भावापन्नतया चरितगतञ्च साम्यं सम्पादितं वर्तते । मूलतो 'म'नाटकस्य क्रमशः प्रभा माया तथेन्द्रवीरश्चेति त्रयाणां पात्राणां निम्बवतीप्रकरणस्य रत्नवती कनकवती बलभद्रश्चेति त्रिभिः पात्रैः सह बिम्बप्रतिबिम्ब-भावापन्नश्चरितसम्बन्धः स्पष्टतया प्रतीयते । अस्य चरितगतस्य बिम्बप्रतिबिम्बभावस्य परिपुष्टिर्निम्नरीत्या दर्शयितुं शक्यते -

क) प्रभारत्नवत्योश्चरितम्

'म'नाटकस्य प्रभा निम्बवतीप्रकरणस्य रत्नवती च द्व एव पत्युपेक्षिते नार्यौ स्तः । द्वाभ्यामेव पत्युपेक्षा समानरूपेणानुभूता । पश्चाच्च द्व एव समानरूपेण निजपतिमनस्यपरमहिलाया अभिनयद्वारा भ्रमं समुत्पाद्य तस्यैव भ्रमस्य माध्यमेन पत्युर्मनसि निजविषयकमनुरागं स्रष्टुं समर्थे बभूवतुः । अतो 'म'नाटकस्य प्रभायाश्चरिते निम्बवतीप्रकरणस्य रत्नवत्याश्चरितं प्रतिबिम्बितं स्पष्टतोऽनुभूयते ।

ख) मायाकनकवत्योश्चरितम्

निजपत्नीमुपेक्ष्यापरपतिना सानुरागमपेक्षिता महिला विद्यते 'म'नाटकस्य माया, निम्बवतीप्रकरणस्य कनकवती च । प्रभायाः पतिर्निजपत्नीं प्रभां मायाभ्रमेणात्मसात् करोति तथैव रत्नवत्याः पतिश्च कनकवतीभ्रमेण निजपत्नीं रत्नवतीमात्मसात् करोति । भ्रमोत्पादनभूर्वर्तते माया कनकवती चेति पात्रद्वयमेव । अनेन कनकवत्याश्चिरतं मायाचरिते प्रतिबिम्बितमिति स्पष्टीभवति ।

क) इन्द्रवीरबलभद्रयोश्चरितम्

'म'नाटकस्येन्द्रवीरो निम्बवतीप्रकरणस्य बलभद्रश्च द्वावेवान्यायपूर्वकं निजपत्नीमुपेक्ष्य परस्त्रीं प्रति दर्शितानुरागावपि निजनिजपत्नीद्वारा चातुर्यपूर्वकं भ्रममुत्पाद्यान्ततः सच्छलं वशीकृतौ स्तः । यदा निजपत्नी ह्युपेक्षिता, तदोभाभ्यामेव निजपत्न्याननं समीचीनतया दृष्टं नासीत् । एतस्मादेव हेतोः पश्चात् तौ निजपत्नीमेवापरां मत्वा भ्रान्तौ समभूताम् । इन्द्रवीरः प्रभामुपेक्ष्य मायाभ्रमेणान्त्ये प्रभामेव प्राप तथैव बलभद्रोऽपि रत्नवतीमुपेक्ष्य कनकवतीभ्रमेणान्त्ये रत्नवतीमेव प्राप । अनेन चरितसाम्येन बलभद्रस्य चरितमिन्द्रवीरचरिते प्रतिबिम्बितमिति तथ्यं सिद्ध्यति ।

४. साम्यवैषम्यविमर्शः

निम्बवतीप्रकरण-'म'नाटकयोर्मध्ये यथा साम्यबिन्दवः सन्ति समुल्लेख्यास्तथैव वैषम्यबिन्दवोऽपि बहवः सन्ति । दशकुमारचरितांशभूतं निम्बवतीप्रकरणं गद्यकाव्यमस्ति किन्तु 'म'-शीर्षकं काव्यं नाटकमस्ति, निम्बवतीप्रकरणं स्वल्पपात्रकमस्ति किन्तु 'म'नाटकं बहुपात्रकमस्ति, निम्बवतीप्रकरणस्य रत्नवती निजयोजनयैव कार्यं करोति किन्तु 'म'नाटकस्य प्रभा निजाग्रजस्य मनोहरबहादुरस्य योजनया कार्यं करोति, निम्बवतीप्रकरणे पत्युर्दैवतत्वं स्वीकृत्य तमनुसर्तुं पत्नी रत्नवती प्रयतते किन्तु 'म'नाटकस्य प्रभा निजाग्रजस्य मनोहरबहादुरस्य प्रेरणया महिलाधिकारप्राप्तये प्रयतते, निम्बवतीप्रकरणे रत्नवत्यां मौलिकी चेतना प्रबलतरा दृश्यते किन्तु 'म'नाटके प्रभायां मौलिकी चेतना न्यूनतरा विलोक्यते, निम्बवतीप्रकरणस्य मैत्रीवृद्धये सौहार्दं प्रदर्शयन्ती कनकवती कुलजा वर्तते किन्तु 'म'नाटकस्य धनलब्धये यद्वा तद्वा कुर्वाणा माया वेश्या वर्तते, निम्बवतीप्रकरणस्य मुख्यं प्रयोजनं सङ्कल्पशक्त्या दुष्करमपि कार्यं सम्पादयितुं शक्यत इति प्रतिपादनं वर्तते किन्तु 'म'नाटकस्य मुख्यं प्रयोजनं प्रचलनपरां पतिदैवतात्मिकां मान्यतां परिवर्त्य महिलाधिकारस्य स्थापना विद्यते, निम्बवतीप्रकरणे सौराष्ट्रादिस्थानगतः परिवेशो विद्यते किन्तु 'म'नाटके नैपालकोऽस्ति परिवेशः। अनया रीत्या निम्बवतीप्रकरण-'म'नाटकयोर्मध्ये दृष्टेऽपि बहुवैषम्ये कथावस्तुसाम्येन बिम्बप्रतिबिम्बभावापन्न-चरितसामर्थ्येन चानयोर्घनिष्टः सम्बन्धः स्थापितो भवति ।

५. निष्कर्षः

निम्बवतीप्रकरण-'म'नाटकयोर्यद् वैषम्यं विद्यते तत् परिवेशप्रयोजनादिगतपार्थक्यहेतुकं विद्यते । वस्तुतः कथावस्तुतत्वं समानमेवास्ति तथैव चरितगतबिम्बप्रतिबिम्बभावश्चानयोः

साधर्म्यद्योतक एवास्ति । नोत्तिष्ठति विवादावसर एतस्मिन् विषये । अनेन दशकुमारचरितस्य निम्बवतीप्रकरणात् कथावस्तुतत्त्वं गृहीत्वा तत्पृष्ठभूमौ नाटकानुकूलं वस्तुनः परिवर्तनं पल्लवनं च विधाय, परिवेशानुकूलं पात्रादिकं च संयोज्य बालकृष्णसमेन 'म'नाटकस्य रचना व्यधायीति तथ्यस्य सत्यापनं जायते । निम्बवतीप्रकरण-'म'नाटकयोः समानता केवलमाकस्मिकः संयोग एवासीदिति तु कथयितुं बालकृष्णसमस्य संस्कृतवाङ्मयाध्येतृत्वात् तद्विज्ञत्वाच्च न शक्यते । अत्रैव 'म'नाटके प्रतिबिम्बितं मनुवचनं च बालकृष्णसमस्य संस्कृतशास्त्राध्येतृत्वं सूचयति । निम्बवतीप्रकरणस्य 'पतिरेकदैवतं वनितानाम्' इति, 'म'नाटकस्य 'स्वकीयः पतिर्देवता इव भवति'[1] इति चानयोर्वाक्ययोः पूर्णत ऐकात्म्येन च 'म'नाटकस्य प्रणयनात् पूर्व बालकृष्णसमेन निम्बवतीप्रकरणस्याध्ययनं प्रभावग्रहणपूर्वकं विहितमिति सिद्ध्यति । निष्कर्षतो 'म'नाटकस्य वस्तूपजीव्यं दशकुमारचरितकाव्यस्य निम्बवती-प्रकरणमेवास्तीति स्पष्टीभवति ।

सन्दर्भसामग्र्यः

दण्डी, *दशकुमारचरितम्,* वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस, सन् १९४८ ।
समः, बालकृष्णः *'म'नाटकम्,* (अष्टमं सं.), काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५२ ।
भट्टः, रामेश्वरः(व्या.) *मनुस्मृतिः,* वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान, सन् २००३ ।

१ 'पिता रक्षति कौमारे भर्ता रक्षति यौवने । रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यमर्हति ॥' इत्याकारं मनुवचनं मनुस्मृतौ, ९/३) 'बाल्यावस्थायां पितुः, यौवने पत्युः, वृद्धावस्थायां च पुत्रस्याधीने स्थिताया नार्याः स्वातन्त्र्यं कदापि न भवति (अर्थात् - केटाकेटीमा बाबुको करमा पऱ्यो, ठूलो भएपछि लोग्नेको करकापमा पऱ्यो, बुढी भएपछि छोराको, आफूखुसी त कैले न कैले ।) इत्याकारे 'म'नाटकस्य (पृ. ६०-६०) वाक्ये प्रतिबिम्बितमस्ति ।

# मेघदूतखण्डकाव्यस्य नायिकाया उपमानाध्ययनम्•

सागरमणिसुवेदी
सहप्राध्यापकः
पिण्डेश्वरविद्यापीठस्य

*सारवस्तु*

काव्ये कविवर्णितस्योपमेयस्य वैशिष्ट्यं प्रदर्शयितुं, तन्मूल्यं प्रवर्द्धयितुं, सहृदयहृदयेऽऽह्लादं समुत्पादयितुं, चमत्कारानुभूतिं कारयितुं सादृश्यं सन्दर्शयितुञ्चोपमानानां सुप्रयोगो विधीयते । मेघदूतखण्डकाव्यस्य नायिकायाः परिचयार्थं प्रयुक्तानामुपमानानां कारणादेव मेघस्तां जानाति, अनुभवति च तस्याः स्वरुपं सहजपूर्वकम् । विरहावस्थायां स्थितायाः काव्यनायिकायाः स्वरुपविषयमवबोधयितुं यक्षमुखात् सम्प्रयुक्तान्युपमानपदानि सन्ति विविधानि । तान्युपमानानि तस्या विरहदशां सम्प्राप्तायाः काव्यनायिकायाश्चरितचित्रणं कर्तुं, तस्याः स्थितिं बोधयितुञ्च समर्थानि दृश्यन्ते । तेषामुपमानानां प्रयोगकारणादेव नायिकायाः स्वरूपस्थितिरनुभूयतेऽस्माभिः । विविधाख्यानमूलकानां प्राकृतिकसौन्दर्य-जनकानामुपमानानां संयोजनं विधातुं तेषां बलादमूर्तस्योपमेयस्य मूर्तीकरणे च महाकविः कालिदासः सिद्धहस्तः, तस्य प्रस्तुतखण्डकाव्यस्य सम्बद्धपक्षश्चसहृदयश्लाघ्योऽस्ति ।

*शब्दकुञ्जिका* :- उपमानानि, सौन्दर्यम्, साम्यबोधकता, सौन्दर्यानुभूतिः, उपमेयम्, सादृश्यम् ।

१) विषयपरिचयः

मेघदूतखण्डकाव्यं प्रसिद्धमस्ति । महाकवेः कालिदासस्य काव्यकलापरिचायकमस्ति खण्डकाव्यमिदम् । पुराणप्रसिद्धं कथावस्तु सरसं निर्माय खण्डकाव्येऽस्मिन् संप्रयुक्तं वितरितञ्च विद्यते। कथावस्त्वनुसारं काव्यनायको यक्षः कुबेरस्य शापकारणाद् विप्रयुक्तो सन् स्वपत्नीचरितं स्थितिञ्च स्मारं स्मारं रामगिर्याश्रमेषु वसति । वर्षैकपरिमितस्य शापकालस्य चतुर्षु मासेष्ववशिष्टेषु यक्ष[1]आषाढस्य प्रथमदिवसे मेघमुद्दिश्य पत्नीसमक्षं स्वसन्देशं सम्प्रेषयितुमिच्छति ।[2] मेघः काव्यनायिकां यक्षपत्नीं न जानाति, अपरिचितां तां ज्ञातुं मेघदृष्टैरनुभूतपूर्वैरुपमानैस्तस्यावस्था निर्दिष्टा दृश्यते । काव्यवाक्ये प्रकृतं वर्णनीयमुपमेयपदं तत्साम्यं प्रसिद्धं वस्तूपमानपदवाच्यमस्ति । उपमालङ्कारस्य चतुर्षु तत्वेषूपमानमेकं प्रमुखं तत्वमस्ति ।[3] वर्ण्यविषयस्योपमेयस्य वैशिष्ट्यबोधकं विशिष्टं

---

• लेखप्राप्तदिनाङ्कः २०७५ आषाढः-५, विज्ञद्वारा परीक्षणं आषाढः-१६, प्रकाशानाय प्राप्तः श्रावण-२९ ।

१ शापान्तो मे भुजगशयनादुत्थिते शाङ्र्गपाणौ
शेषान्मासान्गमय चतुरो लोचने मीलयित्वा ।
पश्चादावां विरहगणितं तं तमात्माभिलाषं
निर्वेक्ष्यावः परिणतशरच्चन्द्रिकासु क्षपासु ॥ (उत्तरमेघः, पद्यं ४७, पृ. २३९)

२ तस्मिन्नद्रौ कतिचिदबलाविप्रयुक्तः स कामी
नीत्वा मासान्कनकवलयभ्रंशरिक्तप्रकोष्ठः ।
आषाढस्य प्रथमदिवसे मेघमाश्लिष्टसानुं
वप्रक्रीडापरिणतगजप्रेक्षणीयं ददर्श । (पूर्वमेघः,पद्यं २, पृ. ६)

३ साम्यं वाच्यमवैधर्म्यं वाक्यैक्यमुपमा द्वयोः। , साहित्यदर्पणः, १०/१४, पृ. ४७२,

तुलनीयमप्रकृतं पदमुपमानपदवाच्यमस्ति ।[४] प्रस्तुतखण्डकाव्यस्य नायिकासम्बद्धाना- मुपमानानां सूक्ष्माध्ययनं विधाय तेषां काव्यवैशिष्ट्यनिरूपणं विधीयतेऽस्मिन्नध्ययने ।

२) समस्याकथनमुद्देश्यं शोधविधिश्च

विप्रयुक्तस्य काव्यनायकस्य यक्षस्य स्मृत्यारूढां तत्पत्नीं मेघो न जानाति । स्वमनोव्यथावर्णनेनैव मेघ अदृष्टपूर्वां तां ज्ञातुमक्षम एवास्ति । मेघेनापि ज्ञातस्वरूपाणां यक्षपत्नीबोधकानां प्रसिद्धानामुपमानानां प्रयोगात् तज्ज्ञानसामर्थ्यार्जनं कथं जातमस्ति काव्ये ? एतस्य कृतेऽस्मिन् काव्ये प्रयुक्तानां नायिकासम्बद्धानामुपमानानां परिशीलनमावश्यकमस्ति । तेषां वर्गीकरणपूर्वकं वैशिष्ट्यनिरूपणमस्याध्ययनस्य समस्या विद्यते । खण्डकाव्येऽस्मिन् प्रयुक्तेषूपमानेषु नायिकासम्बद्धानामुपमानानां प्रयोगसमर्थकत्वप्रदर्शनपूर्वकं तेषां महत्त्वनिरूपणञ्चास्याध्ययनस्य मुख्यमुद्देश्यं निर्धारितं विद्यते । खण्डकाव्यस्यास्योपमेयभूतायाः काव्यनायिकायाः स्वरूपसौन्दर्यस्थित्यादिबोधकानामुपमानानां सौन्दर्यक्षमत्व-परिशीलनपूर्वकं तेषां काव्यमूल्यनिर्धारणमस्य सीमाङ्कनमस्ति । प्रस्तुताध्ययने पुस्तकालयतः सामग्र्यो गृहीताः सन्ति । ता वर्णन-व्याख्यान-विश्लेषणात्मिकाभिः पद्धतिभिर्विविक्ता वर्तन्ते ।

३) विषयविवेचनम्

यक्षपत्न्याः शरीरसौन्दर्यबोधकानामुपमानानां प्रयोगो महाकविना विचार्य विहितो दृश्यते । तदङ्गसदृशानां सुन्दराणां प्रकृतेः पदार्थानामुपमानानां संयोजनं विधाय अदृष्टपूर्वाया यक्षपत्न्याः सौन्दर्यं सपरिचयं मेघेन ज्ञातव्यमिति यक्षमुखात् महाकविः कथयति ।

यक्षपत्नी कृशशरीरा विद्यते । तस्या दन्तावलिः पक्वदाडिमबीजतुल्यास्ति । तस्याधरोष्ठो बिम्बफलसदृशोऽस्ति । कृशोदरी सा विभीतमृगीनयना विद्यते ।[५]

पद्येऽस्मिन् शिखरि पक्वबिम्बं, हरिणीप्रेक्षा इत्यादिभिरुपमानपदैर्यक्षपत्न्या दन्तानाम्, अधरोष्ठस्य नयनयोश्च सौन्दर्यमवगम्यते । दन्तानां सौन्दर्यं बोधार्थं पक्वदाडिमफलस्य बीजानि, अधरोष्ठस्य कृते पक्वबिम्बफलं, नयनयोः सौन्दर्यबोधार्थं भीतमृगीनयने काव्योपमानरूपेण सन्ति प्रयुक्तानि । दन्तानां बहुत्वबोधनाय पक्वदाडिमबीजानि स्थापितानि, एकस्याधरोष्ठस्योपमानं बिम्बफलमस्ति । द्वयोर्नयनयोरुपमाने मृगीनयने स्तः । पूर्वोक्तैरुपमानपदैस्तस्या दन्ताधरोष्ठनयनानां सौन्दर्यातिशयमभिव्यज्यते ।

शापकारणादष्टौमासान् यावत् सा एकाकिनी तिष्ठति । इदानीं तस्या दशा रात्रौ चक्रवाकी तुल्यास्तीति यक्ष कथयति ।[६] यक्षपत्न्या वियोगस्थितिजनकमुपमानपदं चक्रवाकी वर्तते । तत्रैव

---

चौखम्बा विद्याभवन, वाराणसी, द्वि.सं. १९९८ ।

४ चन्द्रालोकः, ५/११ ।

५ तन्वी श्यामा शिखरिदशना पक्वबिम्बाधरोष्ठी
मध्ये क्षामा चकितहरिणीप्रेक्षणा निम्ननाभिः ।
श्रोणीभारादलसगमना स्तोकनम्रा स्तनाभ्यां
या तत्र स्याद्युवतिविषये सृष्टिराद्येव धातुः ॥ (उत्तरमेघः, पद्यं १९, पृ. १७४) ।

६ तां जानीथाः परिमितकथां जीवितं मे द्वितीयं दूरीभूते मयि सहचरे चक्रवाकीमिवैकम् ।
गाढोत्कण्ठां गुरुषु दिवसेष्वेषु गच्छत्सु बालां
जातां मन्ये शिशिरमथितां पद्मिनीं वान्यरुपाम् ॥ (उत्तरमेघः, पद्यं २०, पृ. १७८)

वियोगव्यथिता सा गलिता, शोभाहीना च जातेति कथयन् यक्षस्तस्या स्थितिरिदानीं तुषारपातपीडिता पद्‌मनीव विद्यते इति वदति । गलितायाः शोभाहीनायाश्च तस्या स्थितिबोधकम् शिशिरमथितापद्‌मनीति उपमानपदमस्ति । वियोगव्यथासूचकं चक्रवाकीपदं, सौन्दर्यहीनबोधकं शिशिरमथितपद्‌मनीतिपदं दृश्यते । पूर्वपदं यक्षपत्न्या विप्रयोगव्यथां बोधयति । द्वितीयपदमिदानीं कान्तिहीनापि सा पद्‌मनीव सुन्दरी आसीत् पूर्वमिति सूचयति ।

विप्रयोगवशाद् दुस्तरदुःखसमुद्रे निमग्नायास्तस्यामुखकमलं नूनं कान्तिहीनमस्ति । एतज्जातस्य पत्नीमुखस्योपमानमपि समीचीनं दृश्यते । मेघाच्छादितचन्द्रो मधुरो भवति । यक्षपत्न्या मुखमण्डलमपि चिन्ताकारणात् दीनकान्तियुतं विद्यते ।[७] यक्षपत्न्या मुखकान्तेर्माधुर्यं बोधकमस्ति प्रस्तुतमुपमानपदम् शैय्यायां पतिवियोगावस्थायां विरहदशायामेकाकिनी एव तिष्ठति यक्षपत्नी दुःखात् क्षीणशरीरा जातास्ति । उदयाचलस्थ एककलायुतश्चन्द्रद्युतिसदृशी दृश्यते । एकाकिन्या यक्षपत्न्या उपमानपदमेककलाशेषश्चन्द्रो विद्यते । स चन्द्र अस्ताचले नास्त्युदयाचलस्थचन्द्र पत्युः प्रतीक्षायां स्थितायास्तस्या पतिरागमनस्यापि सूचकं दृश्यते। रात्रावुदयाचले दृष्टश्चन्द्रसशीतकिरणै क्षपां यापयति । यक्षपत्न्यपि दीर्घां रजनीमश्रुबिन्दून् मोचयन्ती यापयति, इत्यर्थोऽपि प्रस्तुतादुपमानपदात् ज्ञायते ।[८]

यक्षपत्नी रात्रौ चन्द्रं सन्द्रष्टुमद्रष्टुं चाक्षमा विद्यते । यक्षेण सह स्थितायास्तस्याः पूर्वं स एव चन्द्रः सुमनोहरः प्रतिभाति स्म । विरहकारणात् अधुना तु विरहपरिवर्धकोऽस्ति स एव चन्द्रः । एतादृश्यास्तस्या उपमानपदं सूर्यकमलं दिवसे विकसति ।[९] सापि पतिसन्निकटे प्रमुदितवती पूर्वम् । यक्षेण साकं स्थितायाः तस्याः स एव चन्द्रः हर्षद आसीत् । इदानीं विरहङ्गता सा । मेघाच्छन्ने दिवसे यथा स्थलकमलिनी न पूर्णतो विकसति न तु सङ्कोचं याति, तद्वदेव सापि सन्धौ तिष्ठन्ती कालं नयति । तस्या स्थितिबोधकमुपमानपदं हर्षविषादयोर्मध्ये स्थितायाः दशां समुद्घाटयति ।

विरहजमुष्णं श्वासप्रश्वासं तस्याधरकिसलयं निपीडयति ।[१०] प्रस्तुतमधरस्योपमानपदं किसलयं तस्याधरोष्ठस्यातिशयं सुकोमलत्वं बोधयति । निःश्वासेनापि दुःखमावहति, इत्यनेन तस्य कोमलत्वं प्रकटयति । यक्षपत्न्याः सौन्दर्यवर्णनावसरे सौन्दर्यबोधसमर्थानामुपमानानां प्रयोगसामर्थ्यं दरीदृश्यते । स्वभावेनैव कामाशक्तो यक्षः पुनश्च अष्टौ मासान् यावत् पत्नीविप्रयुक्तोऽस्ति ।[११] कामातुरोऽसौ यक्षः पूर्वानुभूतं सम्भोगानन्दं भूयो भूयः रमति ।[१२] प्रस्तुतेऽस्मिन् पद्ये तत्पत्न्या उरुं संस्मृत्य तस्योपमानं सरसकदलीस्तम्भः प्रयुक्तोऽस्ति । कदलीस्तम्भस्याकारं, सरसत्वञ्च ज्ञाता सहजरूपेणैव तस्योपमेयस्याकारं, सरसत्वं गौरवर्णत्वञ्चानुभवति । सन्देशवाहकं मेघं समुद्दिश्य सन्देशान्ते पुनः कथयति यक्षः इत्यत्रोपमानपदं व्याख्येयं विद्यते ।[१३] अशोकवाटिकास्थिता सीता येन प्रकारेण हनुमन्तं

---

७ इन्दोर्दैन्यं त्वदनुसरणक्लिष्टकान्तेर्विभर्ति । (उत्तरमेघः, पद्यं २१, पृ.१८१)।

८ आधिक्षमां विरहशयने सन्निषण्णैकपार्श्वां प्राचीमूलेतनुमिव कलामात्रशेषां हिमांशोः ।
(उत्तरमेघः, पद्यं २६, पृ.१९३)।

९ साभ्रेऽह्नीव स्थलकमलिनी नप्रबुद्धां न सुप्ताम् । (उत्तरमेघः, पद्यं २७, पृ.१९५)।

१० निःश्वासेनाधरकिसलयक्लेशिनाविक्षिपन्तीं, शुद्धस्नानात्परुषमलकं नून मागण्डलम्बम् ।
मत्संभोगः कथमुपनयेत्स्वप्नजोऽपीति निद्रा
माकाङ्क्षन्तीं नयनसलिलोत्पीडरुद्धावकाशाम् ॥ (उत्तरमेघः, पद्यं २८, पृ.१९७)।

११ तस्मिन्नद्रौ कतिचिदवलाविप्रयुक्तः सकामी । (पूर्वमेघः, पद्यं २, पृ.६)।

१२ यास्यत्युरुः सरसकदलीस्तम्भगौरश्चलत्वम् । (उत्तरमेघः, पद्यं ३३, पृ.२२०)।

१३ इत्याख्याते पवनतनयं मैथिलीवोन्मुखी सा त्वामुत्कण्ठोच्छ्वसितहृदया वीक्ष्य संभाव्य चैव ।
श्रोष्यत्यस्मात्परमवहिता सौम्य सीमन्तिनीनां कान्तोदन्तः सुहृदुपगतः संगमात्किञ्चिदूनः ॥
(उत्तरमेघः, पद्यं ३७, पृ. २१७)।

दृष्टवती तथैव मत्प्रियाऽपि त्वां प्रत्युन्मुखीभूय पश्यति, सन्देशञ्च श्रृणोति । सीतायास्तत् स्वरूपानुभूतिगम्यमेतदुपमानपदं सन्देशहरं मेघं ज्ञातुं किञ्चिदज्ञेयमपि प्रसिद्धकथासम्बद्धं तत् कथनं मेघस्योपमानं हनुमान् सन्देशवाहकत्वधर्मसाम्यादेकाकिनी पतिवियुक्ता तत्पत्नीसीतायास्तत्स्थितिबोधादुपमानपदात् ज्ञेया एवास्ति ।
विभिन्नेषु पदार्थेषु, घटनासु, स्मृतिबिम्बसमागतेषु वस्तुषु च यक्षस्तत्पत्न्याः सादृश्यमनुभवति । तथा सत्वेऽपि तस्याः सौन्दर्यमूल्यं तेषूपमानभूतेषु पदार्थेषु न पश्यति ।[१४] लतासु तस्या शरीरस्य सौन्दर्यं, हरिणीप्रेक्षणे तस्या नयनसौन्दर्यं चन्द्रमसि तस्या मुखमण्डलस्य बर्हभारेषु केशराशेः साम्यं, नदीवीचिषु भ्रूविलासस्य साम्यं दृश्यते परं तेषु पूर्वोक्तेषूपमानभूतेषु विभिन्नेषु पदार्थेषु तस्या विविधानामङ्गानां पृथक् पृथक् सौन्दर्यसाम्यमनुभूयते । तस्याः शरीरं सर्वाङ्गसौन्दर्यपूर्णं विद्यते । प्रस्तुतेषूपमानेषु तत् पूर्णं, समानसौन्दर्यञ्च नास्तीति कथयति यक्षः ।

४) निष्कर्षः

महाकविना कालिदासेन प्रस्तुतेऽस्मिन् मेघदूतखण्डकाव्ये विविधवस्तुस्थानबोधकानामुपमानानां प्रयोगो विहितः । तेषु काव्यनायिकाया यक्षपत्न्या विविधपक्षस्वरूपस्थितिबोधकानामुपमानानां प्रयोगोऽस्ति मेघस्य सूचकः । अदृष्टपूर्वामपि तत्पत्नीं स सुकरेणैवोपायेन विजानातु इति सुविचार्यं यक्ष अचेतनमपि मेघमुपमानमाध्यमेन ससन्देशं पत्नीदशां कथयति ।
यक्षपत्न्या विविधस्थित्यवस्था वर्णिता विद्यते । विरहगतायास्तस्याश्चरितचित्रणे फलानि, पशुहरिणी पक्षिणः, पुष्पाणि, चन्द्रः, लता, सीता किसलयः, नदी मुख्योपमानभाजनानि पदानि दृश्यन्ते । फलेषु दाडिमबिम्बफले दृश्येते । पक्षिषु मयूरचक्रवाकानां प्रयोगोऽस्ति, पुष्पेषु पद्मिनी, स्थलकमलिनी चेति विद्येते । पशुषु हरिणी पदस्यास्ति प्रयोगः । पुराणरामायणप्रसिद्धायाः सीतायाः प्रयोगोऽपि विद्यते यक्षपत्न्या उपमानपदे । कदलीस्तम्भनदी च प्रसङ्गानुसारं सार्थकोपमानपदे स्तः । यक्षपत्न्याः सौन्दर्यं सूचयितुं दाडिमबिम्बफलयोरुपमानयोः प्रयोगो विहितो दृश्यते । दन्तसौन्दर्यस्योपमानं पक्वदाडिमबीजं, अधरोष्ठस्य बोधकं बिम्बफलं, ओष्ठस्य कोमलत्वं जनकं किसलयपद-मस्त्यस्योपमानपदम् । तस्या विरहावस्थां बोधयितुं चक्रवाकस्योपमानं दत्तं दृश्यते । यक्षपत्न्याः केशसौन्दर्यं प्रकटयितुं मयूरस्य बर्हभारम् अस्ति काव्योपमानं प्रयुक्तम् । स्थलकमलिनीं पद्मिनीञ्च तस्या अप्रफुल्लां विरहावस्थां जनयितुं संप्रयुक्ते दृश्येते । तस्या विरहोत्कण्ठां मुखमाधुर्यञ्च जनयति चन्द्रः । विप्रयुक्तावस्थां समुपागतायाः सीताया उपमानं यक्षपत्न्याश्च विरहावस्थां बोधयति । मृगीनयने तस्या नयनसौन्दर्यस्योपमानं विद्यते । प्रियङ्गुलता तस्याः शरीरसौन्दर्यस्य नदीसञ्चलनञ्च भ्रूविलासस्योपमानपदम् । कदलीस्तम्भस्तस्या ऊरुसौन्दर्यं बोधयति । यक्षपत्न्याः शरीरावयवावस्थां ज्ञापयितुं यक्षमुखात् मेघमुद्दिश्य प्रयुक्तानामुपमानानाम् सहयोगेन पाठका अपि तस्याः स्थितिं ज्ञातुं समर्था जायन्ते ।

काव्येऽस्मिन् प्रयुक्तानां नायिकासम्बद्धानामुपमानानां वर्गीकरणे फलवर्गे दाडिमबिम्बफले प्रमुखे दृश्येते। कदलीस्तम्भश्च फलवर्गयुतः परं फलं नास्त्युपमानं, तस्य स्तम्भ एवास्ति । लतापुष्पेषु प्रियङ्गुलतापद्मिनी, स्थलकमलिनी किसलयश्चोपमानस्थानानि भजन्ते काव्यनायिकायाः । पक्षिवर्गेषु

१४ श्यामास्वङ्गं, चकितहरिणीप्रेक्षणे दृष्टिपातं, वक्त्रच्छायां शशिनि, शिखिनां बर्हभारेषु केशान् ।
उत्पश्यामि प्रतनुषु नदीवीचिषु भ्रूविलासान्
हन्तैकस्मिन्क्वचिदपि न ते चण्डि ! सादृश्यमस्ति ॥ (उत्तरमेघः, पद्यं ४१, पृ. २२६)।

चक्रवाकमयूरयोः प्रयोगो विद्यते तस्योपमानरूपेण । पशुवर्गेऽस्ति हरिणी । अपरेषूपमानेषु मैथिलीनदीवीचि चेति नायिकाया उपमानरूपेणैव प्रयुक्ता दृश्यन्ते । अपरञ्चास्त्युपमानं प्रसिद्धश्चन्द्रः । काव्यनायिकायाः पूर्वोक्तेषूपमानेषू मयूरस्य प्रयोगो वारद्वयं विहितं विद्यते । चन्द्रशब्दस्य प्रयोगश्चतुर्षु स्थानेषु दृश्यते । अन्येषामुपमानानां प्रयोगो यथावसरमस्ति । नायिकाया विप्रलम्भदशामभिव्यञ्जयितुं पूर्वोक्तानामुपमानानामपि विविधस्वरूपस्यास्ति प्रयोगः । तस्या नायिकायाश्चिन्तितावस्थां बोधयितुं, शिथिलाञ्च तां ज्ञापयितुं, शोकक्षीणशरीराकृतिं संलक्षयितुं मधुरं मुखमण्डलं बोधयितुं चकितनयनबोधक्षमानाञ्चोपमानानां प्रयोगसौन्दर्यात् काव्यनायिकाश्चित्रं चरितञ्चायाति मूर्तरूपेण सहृदयहृदितत्क्षणमेव । एतदेवास्ति काव्योपमानसुप्रयोगकौशलं मेघदूतस्य ।

सन्दर्भसामग्र्यः

अर्यालः, भैरवः *नेपाली काव्यमा प्रकृति,* काडमाडौं : ने.रा.प्र.प्र., २०३० ।
उपाध्यायः, बलदेवः *संस्कृत साहित्य का इतिहासः,* वाराणसी : शारदानिकेतन, इ.१९७८ ।
कालिदासः, *मेघदूतम्* (द्वि.सं.), वाराणसी : चौखम्बाविद्याभवन, इ.१९९२ ।
चतुर्वेदी, सीताराम एवमन्ये (सं.), *कालिदासग्रन्थावली,* भारत : अलीगढ, २०१९ ।
जयदेवः, *चन्द्रालोकः* (द्वि.सं.), (टीका-सुबोधचन्द्रपन्त), दिल्ली : मोतीलाल
वनारसीदास, १९७१।
भट्टराईः, घटराजः, *संस्कृतका अमरसाहित्यकारः,* ललितपुर : साझाप्रकाशन, २०३४ ।
विश्वनाथः, *साहित्यदर्पणः,* (द्वि.सं.), वाराणसी : चौखम्बाविद्याभवन, इ.१९९८ ।

# कालसर्प योग : ज्योतिषशास्त्रीय आधार •

अम्बरराज ढकाल
सहायक-प्राध्यापक
पिण्डेश्वरविद्यापीठ, धरान

*सार*

ज्योतिष शास्त्रमा ग्रहहरू विशेष स्थितिमा जुट्नाले पर्न आउने शुभ वा अशुभ स्थितिलाई योग भनिन्छ । फलित ज्योतिषको शास्त्रीय सिद्धान्तअनुसार जन्मकुण्डलीका बाह्रभाव र बाह्र राशि तथा नौ ग्रहको सम्बन्धबाट योग निर्माण हुन्छ । फलित ज्योतिषका ग्रन्थहरूमा बालारिष्ट योग, राजयोग, नाभस योग आदि छुट्टाछुट्टै प्रकरण पाइन्छन् । ती प्रकरणमा कालसर्प नाम गरेको योग भेटिँदैन । अन्य योगहरूका लक्षण, परिभाषा र फल बताइए पनि कालसर्पयोगको लक्षण शास्त्रीय ग्रन्थमा नपाइनाले केही भ्रम सिर्जना भएको देखिन्छ । कालसर्प योगमा राहु र केतुको अर्धवृत्तमा सबै ग्रह पर्ने परिभाषा हाल प्रचलित छ । राहु र केतुबाट बन्ने अन्य धेरै योगहरूको लक्षण र फल फलित ज्योतिषका शास्त्रीय ग्रन्थहरूमा उल्लेख भए पनि कालसर्प योगको चर्चा नपाइनाले यसको वास्तविक शास्त्रीय लक्षण निराधारपूर्ण देखिन्छ तर सर्पयोगको भने लक्षण र फल ती ग्रन्थहरूमा पाइन्छ । हाल प्रचलित कालसर्पयोग र यसको लक्षणमा समानता पाइँदैन ।

*शब्दकुञ्जि* : राहुचार, केतुचार, तमोग्रह, योगकारकत्व, सर्पहन्तायोग, चाण्डालयोग ।

## १.विषयपरिचय

नेपाली समाजमा कालसर्प योगले निकै चर्चा पाउने गरेको छ । विशेष गरी जातकको कुण्डली हेरेर फलादेश गर्ने ज्योतिषी, सर्वसाधारण र कालसर्प योगको शान्ति गर्ने/गराउने यजमान र पुरोहितका बीचका यसको ज्योतिष शास्त्रीय आधार र प्रमाणको ज्ञानको अभाव देखिन्छ । फलित ज्योतिषका आधारमा फलादेश गर्ने ज्योतिषीले पनि कालसर्प योगको वास्तविकता र शास्त्रीय प्रमाणको खोजी गर्नु नितान्त आवश्यक देखिन्छ । ठोस प्रमाण र परीक्षणका अभावमा कालसर्प योग एउटा मनोवैज्ञानिक त्रासका रूपमा विकसित हुँदै गएको देखिन्छ । यसले कतिपय विकृति पनि सिर्जना गरेको छ । यसै सन्दर्भमा कालसर्पयोगको शास्त्रीय प्रमाण र आधारहरू खोजी गर्दै समस्याकथनमा आउने जिज्ञासाहरूको समाधानमा यो लेख केन्द्रित रहने ।

## २. समस्याकथन, उद्देश्य र शोधविधि

हाम्रो समाजमा कालसर्प योग एउटा कुसंस्कृतिका रूपमा देखिएको छ । यसले सामाजिक साँस्कृतिक र धार्मिक क्षेत्रमा निकै ठूलो विकृति देखाउन थालेको छ । ज्योतिषशास्त्रमा कालसर्प योगको शास्त्रीय प्रमाण र सैद्धान्तिक आधार के कस्तो पाइन्छ ? यसतर्फ ज्योतिषीहरूको ध्यान पुग्न सकेको देखिँदैन । ज्योतिषशास्त्रमा योग निर्माणको मूल आधार के हो ? कालसर्प योग बन्ने प्रमाण

• लेखप्राप्त मिति २०७५ श्रावण ७, विज्ञद्वारा परीक्षण श्रावण १५, प्रकाशनार्थ प्राप्त श्रावण २७ गते ।

ज्योतिषशास्त्रमा के पाइन्छन् ? राहु र केतुको योगकारकत्व के हो ? ज्योतिषशास्त्रीय ग्रन्थहरूमा कालसर्पयोगको के कस्तो प्रमाण पाइन्छ ? यस सम्बन्धमा ठोस अध्ययन र प्रमाणको खोजी तथा अनुसन्धान भएको पाइँदैन । यो लेख यिनै जिज्ञासाहरूको समाधानमा आधारित हुनेछ ।

प्रस्तुत लेख पुस्तकालयीय पद्धतिमा आधारित रहेको छ । यहाँ द्वितीयक स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । सामग्री विश्लेषणका सन्दर्भमा भने वर्णनात्मक, विश्लेषणात्मक तथा तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

## ३. ज्योतिषशास्त्रमा योग

सामान्यतः दुई वस्तु परम्परामा मिल्ने वा जोडिने कामलाई योग भनिन्छ । योगका अनेक अर्थ अनेक सन्दर्भमा फरक फरक हुन सक्छन् । ज्योतिषशास्त्रका सन्दर्भमा तिथि, बार, नक्षत्रको सम्बन्ध विशेषबाट उत्पन्न हुने सिद्धियोग, द्विपुष्करयोग आदि प्रसिद्ध छन् । ग्रहहरू विशेष स्थितिमा जुट्नाले पर्न आउने शुभ वा अशुभ स्थितिलाई योग भनिन्छ । फलित ज्योतिषमा बाह्रराशी जन्मकुण्डलीका बाह्रभाव र नौ ग्रहको सम्बन्धबाट कुनै पनि योगको निर्माण हुन्छ । महर्षि पराशरका अनुसार ग्रहको स्थानभेद, राशि तथा राशिको दृष्टिभेद (मध्यपाराशरी १-८,२-१) का आधारमा ज्योतिषशास्त्रीय योगको सम्भावना रहन्छ । यसरी विश्लेषण गर्दा ज्योतिषशास्त्रमा ग्रह र राशिको स्थान वा भावसम्बन्ध, दृष्टिसम्बन्ध र युति (मेल) सम्बन्धका आधारमा कुनै पनि योगको निर्माण हुन्छ । परवर्ती आचार्यहरूले पनि पराशरको यही सूत्रलाई व्याख्या गर्दै ज्योतिषशास्त्रीय योगहरूको चर्चा गरेको पाइन्छ । शकसम्वत् ४५० तिर बराहमिहिरले रचना गरेको ‘बृहज्जातकमा’ ५५० तिर कल्याणवर्माले रचना गरेको ‘सारावलीमा’ तथा १३५० तिर वैद्यनाथले रचना गरेको जातकपारिजात नामक ग्रन्थमा ज्योतिषीय आधारका ग्रह र राशिको सम्बन्धबाट बन्ने प्रायः सबैजसो योगको लक्षण र फल बताइएको पाइन्छ । ती ग्रन्थहरूमा बालारिष्ट योग, अरिष्ट भङ्गयोग, राजयोग, भङ्गराजयोग, विपरीत राजयोग, नाभसयोग नामका छुट्टा छुट्टै अध्यायमा यथासम्भव सबै योगहरूको उल्लेख भएको पाइन्छ तर कालसर्प नाम गरेको योग ती ग्रन्थहरूमा कही कतै उल्लेख भएको पाइँदैन । यी ग्रन्थहरू नेपाल र भारतका विभिन्न संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने गर्दछन् । यी फलित ज्योतिषका प्रामाणिक र अधिकारिक ग्रन्थ मानिन्छन् । यस्ता ग्रन्थहरूमा कालसर्प नामक योगको नाम निसाना केही पनि पाइँदैन । त्यसैले कालसर्पयोगको शास्त्रीय, प्रामाणिक, ठोस सैद्धान्तिक आधार ज्योतिषीय ग्रन्थहरूमा पाइँदैन । यस्तो अशास्त्रीय र अप्रामाणिक योगको कपोलकल्पित र भ्रमात्मक प्रचार मात्र भएको देखिन्छ । यसले त केवल काल र सर्पका पौराणिक कथालाई योगको रूपमा कल्पना गरेको देखिन्छ । यसले मानव जीवनमा पार्न सक्ने प्रभावका बारेमा ठोस अध्ययन एवं परीक्षण भएको पाइन्न । निकै दरिलो अध्ययनपछि मात्र यसलाई स्वीकार्न सकिन्छ । कतिपय कुण्डली विश्लेषकहरूले कुण्डलीमा भएका अन्य योगहरूको विश्लेषण नगरी कालसर्प योगका कारण मात्र शुभाशुभ फल बताउने गरेको हुनाले संशय पैदा भएको हो ।

## ४. कालसर्प योगको ज्योतिष शास्त्रीय अर्थ र तात्पर्य

पूर्वीय ज्ञान विज्ञानको मूल आधार वेद हो । हाम्रा सम्पूर्ण शास्त्रीय ज्ञान, विज्ञान, कला , दर्शन, धर्म र अध्यात्मको उद्‌गम बिन्दु वेदलाई मानिन्छ । शिक्षा, कल्प, व्याकरण निरुक्त, छन्द र ज्योतिष यी वेदका छवटा अङ्ग छन् । यसमध्ये ज्योतिषशास्त्र वेदको ज्ञानलाई प्रकाश पार्ने वा देखाउने नेत्रको रूपमा प्रतिष्ठित छ । वेदले वर्णन गरेको ज्योतिषलाई वेदाङ्ग ज्योतिष भनिन्छ

जसलाई लगध मुनिले सङ्कलन गरेका थिए । यही वेद र वेदाङ्गका आधारमा ज्योतिषशास्त्रका प्रवर्तक अष्टादश आचार्यहरूले ज्योतिषशास्त्रका सबै विधाहरूको वर्णन गरेका छन् । वेदका शाखा, सूत्र, स्मृति, उपनिषद्, पुराण, रामायण र महाभारत जस्ता ग्रन्थहरूको अवलोकन गरी ज्योतिषशास्त्रको प्रवर्तन गर्ने १८ जना ऋषिमहर्षिका आर्ष (ऋषिमुनिद्वारा रचिएका) ग्रन्थ नै ज्योतिषशास्त्रका मूल आधार हुन् । ऋषि मुनिद्वारा रचिएका यस्ता ग्रन्थहरूमा नारदसंहिता, भृगुसंहिता, गर्गसंहिता, वसिष्ठसंहिता, पाराशरहोराशास्त्र आदि उपलब्ध छन् । यसमध्येमा महर्षि पराशरको पाराशरहोराशास्त्र र महर्षि नारदको नारदसंहिता फलित ज्योतिषका प्रामाणिक आर्षग्रन्थ सर्वसुलभ रूपमा उपलब्ध छन् । यी दुवै ग्रन्थमा कालसर्प नाम गरेको योगको उल्लेख भएको पाईंदैन । ऋषि महर्षिद्वारा रचना गरिएका ग्रन्थहरूलाई आधार र प्रमाण मानेर पाँचौ छैटौं शताब्दीदेखि यताका फलित ज्योतिषका हाल उपलब्ध ग्रन्थहरू रचना भएको देखिन्छ । बराहमिहिर, श्रीपति, कल्याणवर्मा, श्रीवेङ्कटेश, वैद्यनाथ, दुण्डीराज, गुणाकर, मंत्रेश्वर गणेश दैवज्ञ, जीवनाथ, केशव दैवज्ञ र बलभद्र जस्ता मूर्धन्य ज्योतिर्विद्हरूले रचना गरेका ग्रन्थहरूबाट फलित ज्योतिषको समृद्ध परम्परा विकसित भएको देखिन्छ । यस परम्परामा वराहमिहिरको बृहत्संहिता र बृहज्जातक, कल्याणवर्माको सारावली, वैद्यनाथको जातकपरिजात, ढुण्डीराजको जातकाभरण, गणेश दैवज्ञको जातकालङ्कार, जीवनाथको भावकुतुहलम्, केशव दैवज्ञको केशवीय जातक पद्धति, मन्त्रेश्वरको फलदीपिका जस्ता ग्रन्थहरूमा पनि कालसर्प नाम गरेको योग भेटिंदैन ।

त्यसो भए कालसर्प योग कहाँ र कहिलेदेखि देखियो त ? बिसौं शताब्दीको उत्तरार्द्धमा सन् १९९० को दशकदेखि भारतका डायमण्ड पाकेटबुक्स नयाँ दिल्ली, मनोज पब्लिकेशन दिल्ली जस्ता छापामाध्यमबाट हिन्दी भाषामा छापिएका पुस्तकमा कालसर्पयोग शीर्षक राखी सामग्री प्रकाशन हुन थालेपछि यसको सनसनी हिन्दी पत्रपत्रिका र टेलिभिजन च्यानलहरूबाट हुन थालेको देखिन्छ । नेपाली छापामा भने वि.सं. २०२१ मा प्रकाशति मणिप्रसाद तिवारीको त्रिकाल जन्मकुण्डली दर्पण पुस्तकमा सर्वप्रथम कालसर्प योगको उल्लेख भएको पाइन्छ । उनले उक्त पुस्तकको पृष्ठ १६५ मा एउटा संस्कृत श्लोकमा कालसर्प योगको परिभाषा यसरी दिएका छन् :-

अग्रे राहु पृष्टे केतुरन्तराश्च नवग्रहाः ।
कालसर्पो भवेद्योगो वंशनाशो भवेद् ध्रुवम् ॥

यसको अर्थ विचार गर्दा “जातकको जन्म कुण्डलीमा अगाडि राहु पछाडि केतुको अन्तरमा नवग्रह परेमा कालसर्प योग हुन्छ । कालसर्प योगले निश्चय पनि वंशनाश हुन्छ” भन्ने विचार राखेको देखिन्छ । तर, अगाडि राहु र पछाडि केतुका बिचमा नवग्रह परे भने ग्रहको संख्या ११ पुग्न जान्छ । यसले त ग्रहको संख्यामै सन्देह उत्पन्न गराउँछ । यो श्लोकको प्रमाणिक स्रोत के हो ? भन्ने कुरा पनि कतै खुलाइएको पाईंदैन । त्यसैले ज्योतिषशास्त्रको यति लामो परम्परामा कुनै प्रामाणिक आधार र स्रोत उल्लेख नगरी परिभाषा मात्र गरिएको हुँदा कालसर्पयोग केवल भ्रमात्मक र आधारहीन देखिन्छ । यसले संशय पैदा गरेको छ ।

यस्ता भ्रमात्मक श्लोकहरू फलित ज्योतिषका उत्पाद्य ग्रन्थहरूमा प्रशस्तै पाइन्छन्। आधुनिक भाषाहरूका माध्यममा संस्कृतका श्लोकहरूलाई स्रोत नखुलाई लेखिदिने र त्यसलाई भाषामा अनुवाद गरिदिने हिन्दी ग्रन्थहरूले कालसर्प योगको बजार विस्तार गरेको देखिन्छ । यस क्रममा कालसर्प योगको नामबाट पुस्तक लेख्ने लहडले लामो श्रृङ्खला बोकेको देखिन्छ । राधाकृष्ण श्रीमालीको ‘कालसर्पयोग’ (सन् १९९९), मृदुला त्रिवेदी र टीपी त्रिवेदीको ‘कालसर्पयोग’ (सन्

२००६), केवल आनन्द जोशीको कालसर्पयोग (सन् २०१३), राकेश मोहनको कालसर्पयोग मार्गदर्शन (सन् २००१) तथा अन्य केही नमुना पुस्तक प्रकाशित भएका पाइन्छन् । यस्ता भ्रमपूर्ण कतिपय पुस्तकहरूको प्रकाशन मिति र प्रकाशक पनि उल्लेख भएको पाईंदैन । डायमण्ड बुक्सद्वारा प्रकाशित भोजराज त्रिवेदीको 'कालसर्प योग शान्ति', ओमप्रकाश कुमरावतको 'कालसर्पदोष', प्रमोद सागरको 'कालसर्प दोष शान्ति' जस्ता पुस्तकहरूको प्रकाशनले कालसर्पको प्रकोपलाई महामारीका रूपमा फैलाएको देखिन्छ । यी पुस्तकमा कालसर्प योगसम्बद्ध प्रसंङ्गमा आफ्नो मत राख्दै कालसर्पयोगलाई पुष्टी गर्न संस्कृत भाषामा काल्पनिक श्लोकहरू उद्धृत गरिएको पाइन्छ । तिनको कुनै शास्त्रीय मर्यादा, प्रामाणिक आधार र भरपर्दो स्रोत खुलेको तर्क प्रस्तुत भएको पुस्तक एउटा पनि देखिंदैन । प्रकाशन र लेखनका लागि मात्र लेखिएका व्यापारिक भावनात्मक, मनगढन्ते र काल्पनिक पुस्तकमा मात्र कालसर्पयोगको चर्चा पाइन्छ । त्यसैले कपोलकल्पित कालसर्प योगको कुनै ज्योतिषशास्त्रीय सैद्धान्तिक आधार स्रोत र प्रमाण नभएकाले यो गहन अनुसन्धानको विषय बनेको छ ।

५. कालसर्प योगको वास्तविकता र भ्रम

कालसर्प योगमा राहु र केतुलाई मात्र बढी महत्व दिइएको देखिन्छ । राहुलाई काल र केतुलाई सर्प मानेर यसको नामकरण गरिएको देखिन्छ । राहुको नक्षत्र भरणी हो । यसको स्वामी यम (काल) हो । केतुको नक्षत्र अश्लेषा हो र यसका स्वामी सर्प भएको हुनाले नक्षत्र स्वामीका नामबाट 'कालसर्प' योग भनिएको देखिन्छ । ज्योतिषशास्त्रमा कुण्डलीका योगहरू नक्षत्रका आधारमा होइन कुण्डलीभित्रका भाव, राशि र ग्रहका सम्बन्धबाट मात्र उत्पन्न हुने गर्दछन् । त्यसैले यो कालसर्प योगको नामकरण नै भ्रमात्मक देखिन्छ ।

ज्योतिष चक्रका प्रमुख ग्रह सूर्य र चन्द्रमा हुन् । यस बाहेकका मङ्गल, बुध, वृहस्पति, शुक्र र शनि पञ्चाधिकारी ग्रह हुन् । यी सातवटा ग्रहको आफ्नै स्थुल पिण्ड देख्न सकिन्छ । यिनको आफ्नै प्रकाश छ । यी सबैको अफ्नै कक्षमा हिंड्ने आफ्नै गति छ । यी सबैको आ-आफ्नै स्वरूप र शक्ति फरक फरक हुन्छ । यिनीहरूको आफ्नै निश्चित राशि हुन्छ । यसैका आधारमा सूर्यादि ग्रहको राशि, शत्रु तथा शुभ अशुभ फल फलित ज्योतिषका शास्त्रीय, प्रामाणिक मूल ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । तर, राहु र केतुलाई ज्योतिष शास्त्रमा छायाग्रह मानिएको छ । पराशरले राहु र केतुलाई तमोग्रह (अन्धकारमय ग्रह) भनेका छन् (लघुपाराशरी, १-१३, ५-८) । राहु र केतुको आफ्नै राशि हुंदैन । यी दुवै जुन भावमा र जुन राशिमा बस्छन् त्यसै भाव र राशिका आधारमा राहु र केतु योगकारक हुन्छन्। त्यसैले राहुदेखि केतुसम्म एउटै गोलार्द्धमा सबै ग्रह बस्दैमा ज्योतिषीय योग निर्माण हुन्छ भन्ने सैद्धान्तिक आधार पाइंदैन । किनभने राहु र केतु बसेका र यिनले देखेका भाव र राशिमा मात्र तिनीहरूको योगकारकत्व सिद्ध हुन्छ । अन्य भाव र राशिसँग तिनीहरूको कुनै सम्बन्ध हुंदैन । यो महर्षि परशरको मत हो ।

बराहमिहिरले पनि राहु र केतुको विषयमा बृहत्संहितमा व्यापक चर्चा गरेका छन् । राहुचाराध्यायमा राहुको स्वरूप र केतुचाराध्यायमा केतुको स्वरूप उल्लेख गरेको देखिन्छ । उनले आफ्ना पूर्ववर्ती मनीषीहरूका मतमतान्तरहरू प्रस्तुत गर्दै दोषरहित मत कुनै पनि नभएको उल्लेख गरेका छन् । एकथरी मत पौराणिक आख्यानलाई प्रमाण मानी देवासुर सङ्ग्राममा अमृत पान गर्ने राक्षसको शिरच्छेदन भएपछि राहुले ग्रहत्व प्राप्त गरेको स्वीकार गर्छन् । अर्को थरी राहुको स्थूल पिण्ड स्वरूप नभएकाले ग्रहको रूपमा स्वीकार नगरी छायाँ ग्रहको रूपमा स्वीकार गर्छन् । तेस्रो

थरीले राहुलाई मुख र पुच्छर भएको भुजङ्गाकृति (सर्पाकार) रूप मान्दछन् । यी तीनवटै मत दोषयुक्त देखिन्छन् भन्ने कुरा बराहमिहिरले उल्लेख गरेका छन् । यसमा प्रशस्तै विवाद रहेको देखिन्छ । यही विवादास्पद कुरालाई आधार मानी राक्षसले ग्रहत्व प्राप्त गरेको र सर्पाकार रूपमा राहु मुख र केतु पुच्छर भई कालसर्प योग बनेको भन्ने कालसर्पवादी ज्योतिषीहरूको मत देखिन्छ । यो पौराणिक आख्यान मात्र हो । पौराणिक कथालाई मात्र आधार नमानी ग्रह गणितीय वैज्ञानिक प्रमाणले मात्र ज्योतिषका ग्रह र योग सिद्ध हुने गर्दछन् । त्यसैले कालसर्पयोग अवैज्ञानिक र अप्रामाणिक देखिन्छ । ग्रहगणितीय आधारलाई केलाउँदा राहु र केतु दृश्य ग्रह होइनन् । यिनको आफ्नै स्थूल पिण्ड हुँदैन । यिनीहरू आकाशीय पिण्ड होइनन् । राहुकेतुको आफ्नै प्रकाश हुँदैन यी तमोमय (अन्धकारमय) ग्रह हुन् । आकाशमा अवलोकन गर्न नसकिने हुनाले यिनलाई छायाँ ग्रह भनिएको हो । छायाद्वारा घोरअन्धकारमा रहने हुनाले यी तमोमय ग्रह मानिन्छन् । सूर्यग्रहण र चन्द्रग्रहणका सन्दर्भमा राहुको स्थान महत्त्वपूर्ण देखिन्छ । पृथ्वीको परिक्रमा गर्दाको चन्द्रपथ र सूर्यको परिक्रमा गर्दाको पृथ्वीपथ जहाँ वेध हुन्छ सोही ठाउँको सम्पात बिन्दुलाई राहु र केतु भनिन्छ । सूर्यमार्गको क्रान्तिमण्डल र चन्द्रकक्षको चन्द्रविमण्डलको एक सम्पातलाई राहु र १८० अंशको दुरीमा स्थित अर्को सम्पातलाई केतु भनिन्छ । त्यही सम्पात स्थल (बिन्दु) नै राहु र केतु हो । सूर्यग्रहण र चन्द्रग्रहणमा देखिने अन्धकार दृश्य यही हो । चन्द्रमाको कला बढ्नु र घट्नुको कारण पनि यही हो । केही विद्वान् बढ्दै गरेको चन्द्रपातलाई राहु र घट्दै गरेको चन्द्रपात स्थानलाई केतु मान्दछन् । (पाण्डेय-पृ.१२) राहु र केतु १८० अंशको दुरीमा रहन्छन् । छ राशि पर सर्दा वक्रगतिमा यी दुवै एक रूपमा रहन्छन् । एक राशिचक्र पार गर्न राहु र केतुलाई १८ वर्ष लाग्छ भने १८ महिना एउटा राशि पार गर्न लाग्छ । २४० दिनमा एक नक्षत्र र ६० दिनमा नक्षत्रको १ पाउ पार गर्दछ । प्राचीन ज्योतिषीय ग्रन्थहरूमा राहु र केतुको आफ्नै राशि नबताइए तापनि यिनको प्रभावलाई स्वीकार गरिएको पाइन्छ । फलित ज्योतिषमा यी राहु र केतुले बनाउने योग र त्यसको फललाई अति महत्व दिएको पाइन्छ ।

६.सर्पयोगको शास्त्रीय मान्यता र प्रमाण

ज्योतिष फलादेशका ग्रन्थहरूमा कालसर्प योगको नभई सर्पयोगको मात्र लक्षण, परिभाषा र फल उल्लेख गरिएको भेटिन्छ । सर्पयोगको चर्चा नारद पुराण (अध्याय ५३-श्लोक १९३) मा, बृहत् पारशरहोराशास्त्र (अध्याय ३६श्लोक ८,२२), सारावली (अध्याय २१-श्लोक ३,६,१८,४२) मा, बृहज्जातक (अध्याय १- श्लोक ११, तथा अध्याय -१२ श्लोक २) मा, जातकपारिजात (अध्याय-७-श्लोक १६५, १६६ र १७४) मा वर्णन गरिएको पाइन्छ । यी सबै ग्रन्थको एउटै मत रहेको देखिन्छ । नाभसयोग अन्तर्गत दलयोगमा सर्प र माला योगको लक्षण र फल बताइएको छ जस अनुसार कुण्डलीमा चारै केन्द्र (१, ४, ७, १० स्थान) मा पापग्रह (सू., मं., श.,) बसे तर कुनै शुभ ग्रह बसेनन् भने सर्पयोग हुन्छ । त्यस्तै तिनै केन्द्रमा शुभग्रह मात्र बसे भने मालायोग हुन्छ र यसको फल शुभ हुन्छ । । राहु र केतुको अन्तरमा सबै ग्रह पर्दा हुने कालसर्पयोगको लक्षण यी ग्रन्थहरूमा उल्लेख भएको पाईंदैन । त्यसैले कालसर्पयोगको लक्षण र सर्पयोगको लक्षणमा कुनै मेल खाएको देखिंदैन । ती ग्रन्थहरूमा उल्लिेखित फल अनुसार सर्पयोगका जातक अनेक प्रकारका दु:ख र दारिद्र्यबाट पीडित हुन्छन् । यही सामान्य सर्पयोगको अनावश्यक बढाई चढाई गरेर कपोलकल्पित कालसर्पयोगको भय फैलाउने किसिमको स्थिति सिर्जना गरिएको देखिन्छ । यो त्यसरी फैलाइएजस्तो भयानक चाहिँ हुँदैन ।

७. राहुको सम्बन्धबाट बन्ने योगहरू

ज्योतिष फलादेशका शास्त्रीय ग्रन्थहरूमा राहुद्वारा निर्माण हुने विभिन्न योगहरूको उल्लेख गरिएको पाइन्छ । राहु बसेको राशि र भाव तथा राहुसँग बसेका अन्य ग्रहको सम्बन्धबाट बन्ने योग र त्यसको फलले फलादेशमा महत्वपूर्ण भूमिका खेल्दछ । राहु कन्या, धन र मीन राशिमा छ भने जातक धनी राज्यको पद पाप्त गर्ने, सम्मानित व्यक्ति हुन्छ । मेष, वृष, कर्कट, सिंह राशिमा बसेको राहु पनि शुभ फलकारक हुन्छ । कुण्डलीका त्री, षड् र एकादश स्थानमा बसेको राहु पनि शुभ फलदायक हुन्छ । राहुसँग अन्य ग्रहहरूको युति सम्बन्ध भएमा महापातक योग, वृक्षहन्ता योग, सर्पहन्ता योग, शरहन्ता योग, पदकविच्छेद योग, इच्छामृत्युयोग जस्ता शुभ र अशुभ दुवै खाले योग उत्पन्न हुने कुरा बताइएको छ र त्यस्ता योगहरूको लक्षण तथा फल मानसागरी (पृ.२९०) मा बताइएको पाइन्छ । राहुबाट अङ्गारक योग र चाण्डलयोग पनि बन्छन् तर राहु र केतुको बीचमा परेका ग्रहबाट कुनै योग निर्माण हुने गरेको शास्त्रीय प्रमाण पाइँदैन ।

८. निष्कर्ष र उपलब्धि

माथि उल्लेख गरिएका कालसर्पयोगको ज्योतिषशास्त्रीय आधार र प्रमाणको अन्वेषण र विश्लेषणबाट कालसर्पयोगका सन्दर्भमा निम्न निष्कर्ष निकाल्न सकिन्छ :

१ नेपाली जनमानसमा फलित ज्योतिष प्रति गहन विश्वास विद्यमान रहेको सन्दर्भमा शास्त्रसम्मत ग्रहजन्य योगहरूको फलको अन्वेषण र मानवजीवनमा तिनको परीक्षण हुन आवश्यक देखिन्छ ।

२ ज्योतिषशास्त्रका विभिन्न योगहरूलाई फलित ज्योतिषका सैद्धान्तिक आलोकमा पुष्टि गर्दै त्यसको फलादेश गर्नु उचित देखिन्छ

३ कालसर्पयोगको शास्त्रीय प्रमाण अझै अपुष्ट देखिएको हुनाले थप अनुसन्धान र परीक्षण हुन आवश्यक देखिन्छ । कालसर्पयोग लहड, उन्माद र व्यापारका रूपमा फैलिने सम्भावना बढ्दै गएकाले समाजमा ज्योतिषशास्त्रप्रति नै वितृष्णा जगाउने र अन्धविश्वासलाई मलजल गर्ने हुँदा यसका वैज्ञानिक पक्षको खोज हुन जरुरी देखिन्छ ।

४ ज्योतिषशास्त्रीय ग्रन्थहरूमा राहु र केतुको सम्बन्धबाट बन्ने अन्य योगहरू प्रशस्तै भएपनि राहु र केतुको अग्रपृष्ठ गोलार्धबाट कुनै योग बन्ने गरेको प्रमाण नपाइने हुनाले यसको अझ खोजी हुन आवश्यक छ ।

५ ज्योतिषीय ग्रन्थहरूका नाभसयोगाध्यायहरूमा आकृतियोग र दलयोगका प्रसङ्गमा सर्पयोगको उल्लेख भएपनि कालसर्पयोगको प्रचलित लक्षणसँग सर्पयोगको लक्षण र फल मिल्दैन ।

६ ज्योतिषीय फलित ग्रन्थहरूमा प्रायः सबै योगहरूको भङ्ग हुने लक्षणहरूको उल्लेख पाइन्छ तर कालसर्पको चर्चा गर्नेहरूले यसको भङ्गहुने लक्षणका विषयमा कतै उल्लेख गरेको पाईंदैन बरु आंशिक कालसर्पयोग भन्ने गरेको बुझिन्छ ।

७ महर्षि पराशरले पाराशरीय होराशास्त्रमा सबै खाले अरिष्ट योगहरूको शान्ति विधिको वर्णन गरेको पाइन्छ तर हाल प्रचलनमा ल्याइएको नाग पूजा गरी कालसर्पयोगको शान्ति गर्ने विधिको वर्णन त्यहाँ पाईंदैन ।

सन्दर्भसामग्रीसूची


अज्ञात (२०२०) *मानसागरी,* (व्याख्याता मधुकान्तझा) वाराणसी : चौखम्बाविद्याभवन ।

कल्याणवर्मा (ई.२००१) *सारवाली* (हिन्दी व्याख्याकार सुरेशचन्द्रमिश्र), नयाँदिल्ली : रञ्जन पब्लिकेशन ।

गणेशदैवज्ञः (ई.२०१०) *जातकालङ्कार* (हरभानु संस्कृत टीका), वाराणसी : ठाकुर प्रसाद बुक भण्डार।

जीवनाथ (ई.१९९८) *भावकुतूहलम्,* वाराणसी : ठाकुरप्रसाद बुक भण्डार ।

ढुण्डीराज (ई.२०१२) *जातकाभरण,* वाराणसी : चौखम्बा संस्कृत भवन ।

तिवारी, मणिप्रसाद (२०४३) *त्रिकाल जन्मकुण्डली दर्पण* (द्वि.सं.), काठमाडौ : लेखकस्वयम् ।

पराशरः (२०६०) *लघुपाराशरी मध्यपाराशरी च* (व्याख्याता कमलाकान्त शुक्ल), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

..... (ई.२०१४) *बृहत्पाराशरहोराशास्त्रम्,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

पाण्डेय, माधवप्रसाद (२०७२) 'कालसर्पयोग सिद्धान्ततः प्रामाणित वा अप्रामाणित' *ज्योतिष सन्देश* (द्वैमासिक) वर्ष ९ अङ्क १, काठमाण्डौ : नेपाल ज्योतिषपरिषद् पृ. ९-१८) ।

भट्टराई, देवमणि (वि.सं. २०७२) 'कालसर्पयोग एक चिन्तन' *ज्योतिष सन्देश* (द्वैमासिक) वर्ष ९ अङ्क १, काठमाडौं : नेपाल ज्योतिषपरिषद्, पृ. १९-२१) ।

वराहमिहिराचार्य (ई.१९८५) *बृहज्जातकम्* (भट्टोत्पली व्याख्या), वाराणसी : मोतीलाल बनारसीदास ।

..... (ई.२००३) *बृहत्संहिता* (व्याख्याता अच्युतानन्द झा), वाराणसी : चौखम्बाविद्याभवन ।

# चैनपुरे रामायणमा प्रयुक्त करुण रसको अध्ययन•

एकराज घिमिरे

सार

भाद्र कृष्ण प्रतिपदाको दिनमा मनाइने गाइजात्रा पर्व परिवारका सदस्यहरूमध्ये कसैको मृत्यु भएको साल दिवङ्गत आत्माको मुक्तिका लागि अथवा दिवङ्गत व्यक्तिको संस्मरणमा प्रतीकात्मक अभिव्यक्ति प्रदर्शन गर्दै जात्राको महोत्सवमा भाग लिएर मनाउने चलन छ । यो पर्वमा अनेक हास्यव्यङ्ग्यात्मक प्रस्तुति गर्ने तथा भेष बदलेर हिँड्ने समेत ठाउँअनुसारका प्रचलन रहेका पाइन्छन् । यस्तै अनेकौँ लोक साँस्कृतिक चलन मध्ये एक मृतक व्यक्तिको सम्झनामा आत्माको मुक्तिको कामना, मृतकको गुणगान अनि सम्झना गर्दै शोक स्मृति गीत गाउँदै हिँड्ने नेवारी सँस्कृतिलाई संखुवासभाको चैनपुर क्षेत्रमा रामायण लगाएको भन्ने गरिन्छ । यो अध्यनमा चैनपुर क्षेत्रमा प्रचलित उक्त रामायणमा गाइने गीतहरूमा पाइने करुण रसको खोजी गर्ने प्रयास गरिएको छ ।

शब्दकुञ्जि- रस, लोकसाहित्य, विभाव, अनुभाव, व्यभिचारी भाव, स्थायी भाव

## १. विषय प्रवेश

संघीय नेपालको सुदूरपूर्वी प्रदेशअन्तर्गत हिमाली जिल्ला संखुवासभामा पर्ने पहिले सदरमुकामसमेत रहेको चैनपुर बजार एक ऐतिहासिक स्थल हो । बजारको पश्चिमपट्टि अवस्थित वानेश्वर मन्दिरमा जडित शीलालेखमा “आषा खत्रीले स्थापना गऱ्याको, संवत् १८७७” हुनु र बजारको बीचमा रहेको ‘मेजर पाटी’ भनेर चिनेने भवनको अघि राखिएको श्री ५ रणबहादुर शाहलाई सम्बोधन गरी लेखिएको शिलालेखमा समेत सम्बत् १८४८ स्पष्ट रूपमा देखिनुले यो ठाउँको ऐतिहासिक महत्त्व पुष्टि हुन्छ । चैनपुरको इतिहासलाई पुष्टि गर्न स्थानीय शिक्षाप्रेमी तथा संस्कृतिकर्मी अनन्तप्रसाद श्रेष्ठको ७९ औँ जन्मोत्वको अवसरमा प्रकाशित पुस्तकमा साहित्यकार अनिल पौडेलले लिएको एक अन्तरवार्ताको अंश पनि महत्त्वपूर्ण लागेको छ :

*पितापूर्खाहरू चैनपुरमा कहाँबाट र कहिले आएका रहेछन् ?*
*तीनसय वर्ष अगाडि पाटनको ढालक्षेटोलबाट आएका हुन् ।* (शर्मा, २०६६ : ५३)

साविक नूनढाकी, सिद्धपोखरी, सिद्धकाली, चैनपुर, वानेश्वर र खराङ गा.वि.स. जोडेर बनेको चैनपुर नगरपालिकाको केन्द्र रहेको चैनपुर बजार नेवार जातिको बाहुल्यता भएको ठाउँ भएकाले यहाँको लोक जीवन अनेक नेवारी संस्कृति रमाएको देखिन्छ । यस्ता विविध नेवारी संस्कृति मध्ये गाईजात्राको अवसर पारेर गाइने स्मृति गीत पनि एक हो । अरुण उपत्यकावासीहरू उक्त स्मृति गान कार्यक्रमलाई रामायण लगाएको भन्दछन् । किराँत मृत्युशोकमा गाइने गीत हो । यसलाई चाँचर वा कर्को पनि भन्ने गरिन्छ । दैलेख जिल्लामा अझै यो गीत गाएको सुन्न सकिन्छ । मृत व्यक्तिको गुणगान, परिवारलाई सान्त्वना, मृतकको स्वर्गवास र पवित्र स्थानमा पुनर्जन्मका कामना साथ यो

• लेखप्राप्त मिति २०७५ असार १५, विज्ञद्वारा परीक्षण असार २७, प्रकाशनार्थ प्राप्त श्रावण १० गते ।

गीत गाइन्छ  (पराजुली, २०६८ : ५२) । यसरी हेर्दा चैनपुरमा गाइने उक्त स्मृति गानलाई पनि कराँत, चाँचर वा कर्को भन्न सकिन्छ तर दैलेखमा सो गीत मृत्यु भएकै बखत पन्चै बाजाका तालमा शव यात्राका मलामीहरूले गाउँछन् भने चैनपुरमा मृत्यु भएका वर्षमा आउने गाईजात्राका समयमा सभ्य र भव्य गायन समूहका सदस्यहरूले हारमोनियम र तवलाको तालमा बजारभरि अटुट रूपमा गाउँदै हिँड्छन् । यस्तै कमला खोँचका माझीहरूले मृत्यु संस्कारका अवसरमा मादलको उल्टो तालमा मैनाचरी भाकाको गीत गाउने र छैथलीका कुसुवार (माझी) हरूको श्राद्धमा पनि यस्तै शोक गीत गाउने चलन रहेको चूडामणि बन्धुलाई उद्धृत गर्दै (पराजुली, २०६८ : ५३) लेखेका छन् । मृत्युमा गाइने गीत धेरै पाइँदैनन् र सबैतिर प्रचलित पनि छैनन् (पराजुली, २०६८ : ५४) । दिवङ्गत आत्माहरूले चिरशान्ति पाउन् भन्ने हेतुले गाईजात्राको बेलामा लब्धप्रतिष्ठ मृत व्यक्तिहरूको यशकीर्तिले भरिएको जीवनचरित्रमा आधारित गीत रामायणको एक हप्तासम्म नगर परिक्रमा गरी प्रदर्शन गर्ने चलन पनि गाईजात्राकै एउटा अर्को विकसित क्रम हो । यस किसिमको कार्यक्रममा गीतकार, सङ्गीतकार र गायकगायिकाहरूले पनि आआफ्नो खुबी प्रर्दशन गर्दछन् ( जोशी, २०७३ :१००) तर चैनपुरमा  रामायण गाईजात्राकै दिनमात्र गाउँदै हिँड्ने चलन छ । यहाँका रामायणमा सधैँ उही शब्दहरू प्रयोग गरिने भएकाले लेखकको आवश्यकता पर्दैन तर लय र तालमा भने विविधता ल्याउने चलन रहेकाले सत्यमोहन जोशीले भनेजस्तै सङ्गीतकार, वाद्यवादक र गायकगायिकाहरूले आफ्नो क्षमता देखउने मौका पाउँछन् । रामायणमा मृतकहरूको गुणगान, मृतकको स्मृति, चीर शान्तिको कामना, आफन्तले गरेको विलाप आदि सुनाउने चलन छ । तर सबै मृतकका निम्ति हरेक वर्ष उही शब्दहरू गाउने चलन छ । हिजोआज चैनपुरकै सिको गरेर पूर्वका अन्य ठाउँहरू खाँदवारी, तेह्रथुम, धनकुटा, धरान र ताप्लेजुङका नेवार समुदायले पनि यस्तो गान शुरु गरेको देखिन्छ । चैनपुरको परम्परागत रामायण हेर्न र सुन्न तेह्रथुम, ताप्लेजुङ, धनकुटा, धरान लगायत सोही जिल्लाको मादी, तामाफोक, आँखिभुइँ, माम्लिङ, खाँदवारी, बाह्रबिसे लगायतका ठाउँबाट मानिसहरू चैनपुर आइपुग्ने गर्छन् ।

## २. उद्देश्य

नेवार जातिको संस्कारपरक लोक गीत रामायण परिवारको कुनै सदस्यको मृत्यु भएका वर्षको गाईजात्राका दिन सामूहिक रूपमा गाइने लोक साहित्यको एक विधा हो । मृतकको सम्झनामा मृत्यु भएकै वर्ष गाइने भएकाले यसमा करुण रसको प्रचुरता हुन्छ । अतः चैनपुरको रामायणमा प्रयुक्त करुण रसको खोजी गर्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## ३. अध्ययनको सीमा

नेवार जातिका मानिसहरूले विभिन्न स्थानमा रामायण नामक संस्कारपरक लोक गीत गाएर परिवारका सदस्यको मृत्यु भएका वर्षको गाईजात्राका दिन मृतकलाई सम्झिने प्रचलन पाइन्छ तर यो लेखमा संखुवासभाको चैनपुरमा गाइने रामायणको मात्र अध्ययन गरिएको छ । त्यस्तै रामायणमा करुण रसबाहेक अन्य रसहरू पनि पाइन्छन् तर यो लेखमा करुण रसको मात्र अध्ययन गरिएको छ । चैनपुरमा गाइने रामायण त्यसमा पनि करुण रसको मात्र खोजी गर्नु यो अध्ययनको सीमितता रहेको छ ।

४. अध्ययन विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका सन्दर्भमा प्राथमिक स्रोतका रूपमा चैनपुरमा गाइने रामायणका गीतहरूलाई उपयोग गरिएको छ । आवश्यकताअनुसार द्वितीयक स्रोतका सामग्रीका रूपमा लोकसाहित्य र पूर्वीय साहित्य सिद्धान्तका सन्दर्भ सामग्री सूचिमा उल्लेख भए अनुसारका पुस्तकहरू प्रयोग गरिएका छन् । सामग्री विश्लेषणका सन्दर्भमा व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

५. सैद्धान्तिक आधार

५.१ परिभाषा र प्रकार

लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरूलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोक साहित्य हो । यस्तो साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै प्रचलनमा रहेको हुन्छ (पराजुली, २०६८ : १) । लोक साहित्यको सर्वाधिक चर्चित विधाको रूपमा प्रचलित लोकगीत यत्रतत्र प्रचलनमा पाइन्छन् । अतः लोकगीत पनि साहित्यकै एक महत्त्वपूर्ण विधा भएकाले पूर्वीय साहित्यशास्त्रमा सर्वाधिक महत्त्वका साथ चर्चित रसवादका आधारमा माथि चर्चा गरिएको रामायण नामक लोक गानमा प्रयुक्त रसहरूको खोजी गर्नु नै यो लेखको उद्देश्य रहेको छ ।

५.१.१ लोकगीत

गाउँ होस् अथवा शहर, हरेक ठाउँमा सर्वसाधरणहरू सल्ला झैँ सुसाइरहन्छन्, माहुरी झैँ गुनगुनाइरहन्छन् । एक्लै हुँदा होस् अथवा भेला भएर चौतारीमा थकाई मार्दा, भारी बोकेर हिँड्दा अनि काम गरिरहँदा, चाडवाड मनाउँदाको रमाइलोमा अनि आफन्त गुमाउँदाको विरहमा लयबद्ध भएर आउने जनजीवनका सरल शब्दका गहन भावयुक्त गेयात्मक पङ्क्ति नै लोकगीत हुन् । शुरुमा लोकको कुनै एक व्यक्तिको मुखबाट निस्के पनि क्रमशः लोकगीतमा अनेक व्यक्तिका भाव, भाषा, लय र सिप मिसिँदै जन्छन् । फलतः यो लोकको साझा सम्पत्ति बन्दैछ र लोककै संरक्षणमा जीवित रहन्छ (पराजुली, २०६८ : २४)। लोकगीतमा सर्वसाधारणको हाँसोखुसी, जीतहार, आस्था विश्वास आदिसँग सम्बन्धित सरल शब्दहरूको अनुप्रासयुक्त लयबद्ध प्रस्तुति पाइन्छ । विभिन्न विद्वानहरूले लोकगीतलाई निम्नानुसार परिभाषित गरेका छन् (पराजुली, २०६८ : २५)

"लोकगीत न पुरानो हुन्छ न त नयाँ नै, यो त भूतकालमा गहिरोसँग जरा गाडेको जङ्गलको रूखजस्तै हो जसमा नयाँ हाँगा, नयाँ पात र नयाँ फलहरू लागि रहन्छन् ।"

-राल्फ भी. विलियम्स

"लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःखसुख, आँसुहाँसो, आशा निराशाका साथै लोकको चलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ ।"

-चूडामणि बन्धु

लोकगीत जनताको गलागलाबाट अनवरत बगिरहने छहरा हो । यो स्वच्छ हिमशिखरबाट बगेको कञ्चन जल प्रवाह झैँ स्वच्छ र उदार मानव हृदय जस्तै विशाल छ ।"

-धर्मराज थापा र हंसपुरे सुवेदी

माथिका केही परिभाषाहरूलाई हेर्दा चैनपुरमा गाइने परम्परागत रामायण पनि एक प्रकारको संस्कारगत पर्व लोकगीत हो । नेवार जातिका मानिसहरूका घरमा कसैको मृत्यु भए सो वर्षको गाईजात्राको दिन रामायाण लगाएको भन्दै यो स्मृति गान गाइने भएकाले यसलाई संस्कार गीत भन्न सकिन्छ । पहिले सम्पन्न नेवारको मृत्यु हुँदा मात्र लगाइने रामायण अव हरेक नेवारको मृत्युमा अनिवार्य जस्तै बनिसकेको छ । फेरि गाइजात्रा पर्वको दिन मात्र गाइने भएकाले यसलाई पर्वगीत पनि भन्न सकिन्छ ।

५.१.२ रस

'रस' शब्द संस्कृतको 'रस्' धातुबाट निर्मित भएको हो । साहित्यमा कुनै पनि साहित्यिक रचनाविशेषबाट आस्वादित हुने आनन्दानुभूतिलाई रस मानिन्छ (भण्डारी, २०६७ : १८) । इसाको पहिलो शताब्दीमा भरतमुनिले आफ्नो कृति 'नाट्य शास्त्र' को छैटौं अध्यायमा 'रस' को चर्चा गरेका छन् । भरत मुनिभन्दा अगाडि देखि नै रसको चर्चा हुने गरेको भए पनि प्रमाण फेला नपरेका हुनाले उनैलाई रससिद्धान्तका प्रवर्तक मानिन्छ । रस के हो भन्ने बारेमा विभिन्न पूर्वीय आचार्यले प्रस्तुत गरेका केही प्रमुख परिभाषालाई निम्नानुसार लिपिबद्ध गरिएको छ (भण्डारी, २०६७ : १८) -

"रसविना कुनै पनि अर्थको प्रवर्तन हुँदैन ।" -भरत
"रसात्मक वाक्य नै काव्य हो ।" -विश्वनाथ
" रस नै काव्यको प्राण हो ।" -अग्निपुराण
"रसले गर्दा काव्यमा जीवन आउँछ ।" -अभिनवगुप्त

हिजोआज 'साहित्य' शब्दले जुन अर्थ व्यक्त गर्दछ त्यसै अर्थकै पर्यायका रूपमा पूर्वीय र पाश्चात्य दुवै जगतमा 'काव्य' शब्दको प्रयोग हुनेगरेको साहित्यशास्त्रको ऐतिहासिक विकासक्रमबाट थाहा पाइन्छ (भण्डारी, २०६७ : १) । त्यसैले माथिका परिभाषाहरूलाई अध्ययन गर्दा हरेक साहित्यले पाठक, श्रोता वा दर्शकको मनमा दिने आनन्दानुभूतिलाई नै रस भन्न सकिन्छ । लोकसाहित्य अन्तर्गतको सर्वाधिक चर्चित लोकगीतबट पनि आम मानिसले आदिकालदेखि मनोरञ्जन र आनन्द लिइरहेका छन् । चैनपुरमा गाइने संस्कारगत पर्वगीत पनि विभिन्न रसले भरिपूर्ण छन् । मृतकको सम्झनामा गाइने भएपनि रामायण सुनेर श्रोताको मनमा अनेक भावहरू तरङ्गित हुन्छन् । भरत मुनिले भनेका आफ्नो कृति नाट्यशास्त्रमा 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः ।' भनेका छन् जसको अर्थ "विभाव, अनुभाव र संचारीभावको संयोगबाट रसको उत्पति हुन्छ ।"(भण्डारी, २०६७ : १५)। यो परिभाषा अनुसार रस-सामग्री चारवटा रहेका छन् । ती यस प्रकार छन्-

क) विभाव- रस उत्पन्न गराउने कारण विभाव हुन् । विभाव अन्तर्गत पात्र र परिस्थिति पर्दछन् ।
ख)अनुभाव- विभावका कारण शरीरका विभिन्न भागले देखाउने प्रतिक्रिया नै अनुभाव हुन् ।
ग) संचारी भाव- स्थायी भाव उत्पन्न हुनुपूर्व क्षणिक समयका निम्ति आउने भावलाई सञ्चारी वा व्यभिचारी भाव भनिन्छ ।
घ)स्थायी भाव- मानिसका मनमा संस्कारगत वा वासनात्मक रूपमा स्थायी रूपले रहने संवेगहरूलाई नै स्थायीभाव भनिन्छ । यी भावहरू सुसुप्त अस्थामा रहेका हुन्छन् र विभावका कारणले जागृत भएर अपूर्व आनन्द वा रागात्मक अनुभूति प्रदान गर्दछन् ।

भरतले नाटकमा मूलतः चार रस देखाएका छन्: श्रृङ्गार, वीर, रौद्र र बीभत्स । यिनै चार मूल रसका साथमा हास्य, करुण, अद्भुत र भयानक आदि सहायक रसका रूपमा उनले सङ्केत गरेका छन् (भण्डारी, २०६७ : २३) । भरत मुनिका पछिका आचार्यहरूले नाटककै सन्दर्भमा जम्मा नौ रसलाई स्वीकार गरेका छन् । रूपगोस्वामीले भक्ति रस थपेर रसको सङ्ख्या दश पुऱ्याएका छन् भने विश्वनाथले वात्सल्य रसको चर्चा गरेका छन् (भण्डारी, २०६७ : २३) । सबै आचार्यको मतलाई कदर गर्दै यो लेखमा माथि चर्चित एघार मध्ये चैनपुरे रामायणका गीतहरूमा प्रयुक्त करुण रस खोजी गरिनेछ ।

५.१.३ करुण रस

करुण रसको स्थायी भाव शोक हो । इष्ट व्यक्ति, वस्तुको विनाश र अनिष्ट प्राप्ति नै करुण रसको मूल कारण हो (साहित्यदर्पण, १९९८ : १७६) । प्रियजनसँगको वियोग वा तिनको विपत्ति देखेर मनमा उत्पन्न हुने विकलताबाट करुण रसको उत्पति हुन्छ (भण्डारी, २०६७ : २५) । चैनपुरे रामायण नामक लोकगीत मृत्युशोक परेको साल मृतकलाई सम्झना गर्दै भाद्र कृष्ण प्रतिपदाका दिन गाइने भएकाले यसमा प्रचुर मात्रामा करुण रस भेटिन्छ । इष्ट व्यक्तिको मरण नै रामायणको बीज हो जुन करुण रसको कारण पनि हो । करुण रस दुःखजन्य भएकाले यसको अनुभूति आनन्दपरक हुँदैन कि भन्ने आशङ्का निवारण गर्दै (साहित्यदर्पण, १९९८ : ७७) विश्वनाथले यो रस पनि आनन्दस्वरूपात्मक नै हुन्छ भनी सहृदयले प्रमाणित गरेको कुरा उल्लेख गरेका छन् । विश्वनाथकै कुरालाई पुष्टि गर्दै गाईजात्राका दिन प्रस्तुत हुने अनेक हास्यव्यङ्ग्य र रमझमका अन्य कार्यक्रमलाई छोडेर मानिसहरू रामायण गान हेर्न कुँडुलो लाग्छन् । तत्काल कसैको मृत्यु भएको हुँदैन, त्यहाँ न त लास नै हुन्छ । त्यो त सम्झनामा गाइने गीतमात्र हो तर मानिसहरू करुण रसको प्राप्तिका लागि त्यहाँ अन्य रमझम समेत भुलेर भेला हुन्छन् । सेतो लुगामा सजिएका कलाकारहरू एक वृत्तीय घेरामा उभिएर एउटै स्वरमा गीत गाउन थाल्छन् । दुई दर्जनभन्दा धेरै सेता अनि उस्तै पहिरन लगाएका सबै उमेर समूहका महिला र पुरुष कलाकारहरू अनुशासित भएर रामायण गाउन थाल्छन् । आफन्त गुमाएका घरका सदस्यहरू गीत सुनेर रुन्छन् । रामायणको गीतले दर्शक र श्रोतामा करुण रसको उत्पत्ति हुन्छ । कलाकारहरूले आमाको, बाबा, श्रीमान्, श्रीमती आदिको सम्झनामा फरक फरक भाकाका गीत प्रस्तुत गर्दछन् ।

६. करुण रसको अध्ययन र विश्लेषण

गाईजात्राका दिन चैनपुरको साँघुरो बजारमा आवतजावत गर्न नै कठिन हुनेगरी भीडभाड हुन्छ । विभिन्न समूहले प्रर्दशन गर्ने लाखे नृत्य, मृत्यु भएका घरबाट निकालिने गाईको प्रतिमूर्ति, अनेक मण्डलीका साँस्कृतिक नाचगान आदि हेर्न आएका मानिसहरू रामायण गायन सुरु भएपछि अन्य रमझम छोडेर उक्त गायनको पछि पछि कुद्न थाल्दछन् । सो वर्ष मृत्यु भएका घर घर पुगेर तबला र हारमोनियमको मधुर तालमा सेतो पहिरनमा सजिएका गायन समूहका कलाकारहरू भाका फेरिफेरि गीत गाउन थाल्दछन् । उदाहरणका लागि केही गीतका अंशहरू तल प्रश्तुत गरिन्छ :

*माइति आउँदा मुमा तिम्रो सम्झनाले रुन्छ मन*
*मनाउँ चाड कसरी मुख हेर्ने दिन ?*
*रुन्छन् दाजु एकातिर, भाइहरू अर्कोतिर*
*दैव मेरो माइतिलाई किन पाऱ्यौ पिर*

*सम्झदा छातिमा पर्छ बज्रपात*
*सम्झनाको वेदनाले हृदय छिया भो*
*कहाँ पाउँ दर्शन हाय मुमाज्यूको ...*

आमाको वियोगमा विवाह भएर गएकी छोरीले गाउने चैनपुरे रामायणको एक अंश :

आलम्बन : मृतक आमा
उद्दीपन : आमाको मुख हेर्ने दिन दाजुभाइको रोदन, सम्झना
अनुभाव : झस्किनु, आँखा रसाउनु, छाती चिरिनु, आकाश हेर्नु
व्यभिचारी भाव : मन रुनु, हृदय छिया हुनु
स्थायी भाव : शोक ।

गाईजात्राका दिन विवाह भएर आफ्नो घर गइसकेकी चैनपुरे चेली पनि माइत आएकी हुन्छिन् । आमा नभएको घर चेलीलाई त्यसै रित्तो लागेको हुँदो हो । घर रित्तो लाग्यो भनौँ भने भाउजू र बुहारीहरूले चित्त दुखाउलान्, दाजु भाइले गुनासो गर्लान् भन्ने पीर लागिरहेको बेला रामायणले आफ्नो मनको कुरो भनिदिएपछि उनमा करुणमय आनन्द अनुभूति हुन्छ । यहाँ मृतक आमा आलम्बन विभाव हुन् । आमाको मुख हेर्ने दिन कस्को मुख हेर्नु भन्ने सम्झना, आमाको यादमा रोएका दाजुभाइ आदिले उद्दीपन विभावको काम गर्दछन् अर्थात् करुण रस उत्पन्न गर्न उकास्ने काम गर्छन् । उनलाई त्यस्तो अनुभूति भएपछि व्यभिचारी वा सञ्चारी भाव उत्पन्न भएर रोदन शुरु हुन्छ । त्यो रोदनले उनमा र दर्शकमा शोक पैदा हुन्छ । यस्तै प्रकृतिको अर्को रामायण गीत हेरौँ-

*“तस्वीरमा आँखा पुग्दा भित्री मन रुन्छ*
*सदा शान्ति मिलिरहोस् जहाँ आत्मा हुन्छ ।*

*अँध्यारोले ढाक्यो सारा घाम लागे पनि*
*छोडिगयौ प्राण प्यारा निष्ठुरी नै बनी*
*अभागी यो कर्म लेख्ने कस्तो थियो दिन*
*मुटु मेरो लुट्यौ दैव, भुल्यौ मलाई किन ?*
*तस्वीरमा...*
*यति चाँडो प्रहार भयो दैव तेरो लाठी*
*सपना जस्तो भयो सारा, चिरा पार्‍यो छाति*
*सहुँ मैले कसोगरी ढुकढुकी चाल*
*शुन्य भयो जहाँ तहाँ जीवन यो बेहाल*
*तस्वीरमा...”*

श्रीमान्को वियोगमा श्रीमतीको तर्फबाट गाइने चैनपुरे रामायणको एक अंश :
आलम्बन : मृतक श्रीमान्
उद्दीपन : तस्वीरमा आँखा पुग्नु

अनुभाव : घाम लागेपनि अँध्यारोले ढाकेजस्तो लाग्नु, आफूलाई कर्मले अभागी बनाएको ठान्नु, मुटु नै लुटिएको ठान्नु, सपनाजस्तो हुनु, छाती चिरा पर्नु, जतातते शून्य लाग्नु आदि ।
व्यभिचारी भाव : मृतकको सम्झना
स्थायी भाव : शोक ।

श्रीमान्‌को निधन भएपछि सती जानुपर्ने जस्तो अमानवीय प्रथा अन्त्य भएपनि त्यसको तुस नेपाली समाजमा अझै देखिन्छ । विधवाका लागि सामाजिक बन्देजहरू थुप्रै छन् । एकातिर श्रीमान्‌को निधन आफैंमा इष्ट व्यक्तिको विनाश छँदैछ अर्कोतिर विधवा भएपछि आइलाग्ने सामाजिक तगाराहरू अनिष्ट प्राप्तिका रूपमा एकैसाथ आएर करुण रसको उत्पति हुन्छ । घरमा राखिएको तस्विरले उद्दीपनको काम गर्छ अनि माथि लेखिएका विभिन्न अनुभावहरू प्रकट हुन्छन् । यस्तै परिस्थितिमा रामायण कलाकार आफ्नो मनको कुरा गाउँदै आँगनमा आइदिँदा भरत मुनिले नाट्य शास्त्रमा वर्णन गरेका कलाकारमा बरु अभिनय भएकाले केही कमजोरी हुनसक्ला तर यहाँ पीडित स्वयम् पात्र भएर प्रकट हुने हुँदा प्रचुर मात्रामा करुण रसको उत्पति हुन्छ । दर्शकहरू मात्र हैन कलाकार पनि धुवाँमा बसेर निस्किएको भान्सेजस्ता देखिन्छन् । 'दुःख बाँडे आधा' भन्ने उखान यहाँ लागु हुन्छ । रामायण गानको रोदनपछि शोकाकुलको मन हलुका हुँदो हो । यस्तै अर्को एउटा उदाहरण हेरौं :

' *मेरो आँखाको धडकन, मेरो दुई आँखाको नानी*
*रुँदा रुँदै सबै नै सुक्यो आँखाको पानी ।*

*पानी बिनाको माछा, तिमी विनाको तन*
*पिडाले पोल्छ छाती, बुझाउँ कसरी मन*
*हा प्राण प्यारी गयौ, बनाइ अध्याँरो सारा*
*रोकेर रोक्न गाह्रो, बगेका आँसु धारा ।*
*मेरो मुटुको...*

श्रीमतीको वियोगमा श्रीमान्का तर्फबाट  गाइने चैनपुरे रामायणको एक अंश
आलम्बन : मृतक श्रीमती
उद्दीपन : आफूलाई पानी विनाको माछो भएझैं लाग्नु
अनुभाव : रुनु, छाती पोल्नु, मन बुझाउन नसक्नु , सारा अँध्यारो लाग्नु, आँसु रोक्न गाह्रो हुनु आदि ।
व्यभिचारी भाव : रोदन
स्थायी भाव : शोक ।

श्रीमतीको निधनपछि श्रीमान् पानी विनाको माछाजस्तै छट्पटाउनुपर्ने वर्तमान सामाजिक परिस्थिति देखिन्छ किनकि यतिबेला मानवीयता भन्दा पैसा ठूलो भएको जस्तो देखिन्छ । बृद्ध बाबुआमा घरका लागि बोझ जस्तो पनि ठानिन्छन् कहिलेकाहीँ । उनीहरूको उचित स्याहार गर्न परिवारका अन्य सदस्यलाई फुर्सद हुँदैन, कमाउ धन्दाले व्यस्त हुन्छन् । श्रीमती हुँदा श्रीमान्को उचित हेरविचार हुन्थ्यो, दुःख सुखका कुरा सुनाउने ठाउँ हुन्थ्यो । आफ्नै घरमा अपहेलित भएको कुरा बाहिर सुनाउनु पनि भएन, नसुनाउन पनि मनभरि पीर हुन्छ । यस्तै परिस्थितिमा रामायण कलाकार गीत गाउँदै आउँछन् र आफूले भन्न नसकेको आफ्नै पीडा सबैका साम् प्रकाशित गरिदिन्छन् । यस्ले ती विदुरमा करुण रस उत्पन्न हुन्छ , उनी शोकाकुल हुन्छन् । यो रस उत्पति हुन

मृतक श्रीमती विषयालम्बन, शोकाकुल श्रीमान् आश्रयआलम्बन, रुनु, मन बुझाउन नसक्नु आदि अनुभाव, रोदन व्यभिचारी भाव बनेर आएका देखिन्छन् ।

चैनपुरमा हिन्दु धर्म र बौद्ध धर्म मान्ने नेवारहरू छन् । हिन्दु धर्मावलम्बीहरू गाईजात्राका दिन मृतकको सम्झनामा एउटा हरियो बाँसलाई एक तिहाइसम्म चार कप्टेरो बनाएर चिर्छन् अनि ती भाटालाई चौकोस मिलाएर बाँधी गाईको रूपमा सिँगारेर बजार परिक्रमा गराउँछन् । बौद्धमार्गीहरू गाई निकाल्दैनन् तर रामायण चाहिँ गाउन लगाउँछन् । बजारमा न्यून सङ्ख्यामा रहेका क्षत्री, बाहुन, तामाङ आदि जातिका मानिसहरू न त गाई नै निकाल्छन् न त रामायण नै गाउन लगाउँछन् तर गाउँदै हिँड्ने कलाकार चाहिँ सबै जातिका देखिन्छन् । यो गायन कार्यक्रमलाई हिजोआज स्थानीय चैनपुर समाज सेवा क्लबले नेतृत्व गर्दछ भने पहिला समिति बनाएर गरिने वृद्धहरू बताउँछन् । यसरी हेर्दा रामायण गायन चैनपुरमा सबै जातिको साझा संस्कृतिजस्तो बनिसकेको देखिन्छ । रामायणमा करुण रस बाहेक अन्य रसका गीतहरू पनि गाइन्छन् तर यो लेखमा करुण रसको मात्र चर्चा गरिएको छ । करिब हप्ता दिन अघिदेखि कलाकार भेला गरेर तयारी गरेपछि गाईजात्राका दिन यो गायन मृत्यु भएका नेवारी घरहरूमा सुनाउँदै हिँडिन्छ । जुन घरबाट शुरु गरिन्छ त्यही घरमा ल्याएर विधिवत अन्त्य गर्ने लोक चलन छ । एउटा घरमा समय र परिस्थिति हेरी दुई तीन गीत गाइन्छन् । अन्त्यमा आमा वियोगमा छोराछोरीको तर्फबाट गाइने अर्को करुण रसको एक अंश यहाँ प्रस्तुत गरिन्छ :

*‘अब कहाँ पाउँ हाम्री मुमालाई*
*रोई बस्छौं हामी हृदय जलाई ।*
*मता सामान अरु कुनै हुँदैन*
*द्यौता पनि जननी तुल्य हुँदैन*
*मता छँदा घर तपोवन हुन्छ*
*मता विना सब शून्य उराठ हुन्छ ।*
*अब कहाँ पाउँ.....’’*

आमाको वियोगमा छोराहरूको तर्फबाट  गाइने चैनपुरे रामायणको एक अंश :
आलम्बन : मृतक आमा
उद्दीपन : आमा नभएको घर
अनुभाव : आमाको वियोगमा सबै उराठ लाग्नु
ब्यभिचारी भाव : रुनु, हृदय जल्नु, द्यौता पनि मृतक आमाभन्दा कम महत्त्वपूर्ण ठान्नु
स्थायी भाव : शोक ।

आमाको निधन भएपछि छोराछोरीलाई आफ्नो घर नै अनौठो लाग्छ । आमा सुत्ने खाट, आमा बस्ने पीरा र ठाउँ आदिले उनीहरूलाई नराम्ररी झस्काउँछन् । उनीहरूलाई यस्तो सञ्चारी भाव उत्पन्न हुन्छ कि द्यौता पनि आफ्नी मृतक आमाभन्दा कम महत्त्वपूर्ण लाग्न थाल्छ । गुमेको इष्ट व्यक्ति सबैभन्दा महत्त्वपूर्ण लाग्छ र स्थायी भाव बनेर शोकले जरा गाडेपछि करुण रस उत्पति हुन्छ ।

७. निष्कर्ष

यसरी अरुण उपत्यकाभित्र पर्ने चैनपुरमा परम्परित रामायण मृतकको सम्झनामा गाईजात्रामा गाइने एक सामूहिक गान करुण रसको प्रचुरता भएको विशेष प्रकारको लोकगीत हो भन्न सकिन्छ । मृतकको सम्झनामा गाइने गीत करुण रसको हुनु सामान्य नै मानिएला तर मृत्यु भएकै बखत नभएर एउटा चाड मान्ने सिलसिलामा पीडितकै अगाडि उसका मनका कुरा गीतमार्फत प्रकाशमा ल्याउनु अनि त्यही करुणमय लोकसाहित्यमा डुबेर सारा लोक नै रोएर आनन्द अनुभूत गर्नु पक्कै नौलो परम्परा हुनुपर्छ ।

सन्दर्भसामग्री

जोशी, सत्यमोहन (२०७३), *नेपाली चाडपर्व,* ललितपुर : साझा प्रकाशन ।
नरेन्द्र (सम्पा.), (२०४२), *काव्यप्रकाश:* , वाराणसी : ज्ञानमण्डल प्रकाशन ।
पराजुली, मोतीलाल र अन्य (२०६८), *नेपाली लोक साहित्य को रूपरेखा,* ललितपुर : साझा प्रकाशन ।
बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स ।
भण्डारी, पारसमणि र अन्य (२०६७), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
लामिछाने, कपिलदेव (२०६४), *नेपाली लोकगाथाको अध्ययन,* ललितपुर : साझा प्रकाशन ।
लामिछाने, मनोहर (२०६५), *लोकसाहित्य र संस्कृतिका केही पाटाहरू,* ललितपुर : साझा प्रकाशन ।
विश्वनाथ (सं १९९८), *साहित्यदर्पण:* , वाराणसी : चौखम्भा विद्याभवन ।
शर्मा, रुद्रनाथ (२०६६), *ए.पी. सर (अनन्तप्रसाद श्रेष्ठ),* काठमाडौं : क्लासिक प्रिन्टिङ सर्भिस ।

# बौद्ध वाङ्मयमा उल्लिखित बुद्धकालीन व्यवसायहरू •

खगेश्वर गौतम
उपप्राध्यापक

## सार

बुद्धले साधनाबाट प्राप्त गरेको ज्ञानलाई समाजमा स्थापना गर्ने उद्देश्य लिई उपदेश गर्दै यापन गरे । उनले आफ्नो जीवन कालमा नै साधनाबाट प्राप्त भएको समाजोपयोगी ज्ञानलाई सुलभ सुरक्षाका लागि बौद्धसंघको स्थापना गरे । बुद्धको महापरिनिर्वाण पश्चात् बौद्धसंघले बुद्धले प्रतिपादन गरेको ज्ञानराशीलाई प्रचार गरी सुलभ बनाएको हो । बौद्धवाङ्मय अत्यन्तै गहन एवं विशाल वाङ्मयको रूपमा समाजमा विकसित भई निरन्तर गतिशील छ। यहाँ गहन एवं विशाल वाङ्मयका रूपमा स्थापित विभिन्न ग्रन्थहरूको आधारमा रहेर बुद्धकालीन समाजको आर्थिक व्यवस्था एवं आर्थिक गतिविधि, तत्कालीन समाजका मनुष्यले अवलम्बन गरेको व्यवसाय एवं उनीहरूको जीवनशैली र क्रियाकलाप अध्ययन गरिएको छ। बुद्धकालीन व्यवसायको रूपमा तत्कालीन समाजमा धातु कर्म, मृद्भाण्ड कला, कृषि, पशुपालन, बर्धकीय, कताई-बुनाई एवं हात्तीको दाँतको कार्य आदि प्रमुख थिए। यी व्यवसायसंग सम्बन्धित कलाकर्मीहरू, धातुकारहरू, कुम्भकारहरू एवं दन्तकारहरूको वर्णन पनि विभिन्न बौद्धवाङ्मयमा उल्लेख भएको पाइन्छ । यी सबै व्यवसायधर्मीहरू आ–आफ्नो श्रेणीमा संगठित हुन्थे ।

सस्तो एवं बलियो/कठोर भएको हुँदा धेरैजसो हातहतियार एवं कृषि औजारहरू फलामबाटै निर्माण गरिन्थ्यो । फलामबाट विभिन्न युद्धोचित हातहतियार एवं कृषिऔजारहरूको निर्माण गरिन्थ्यो । फलामबाट विभिन्न युद्धोचित हातहतियार, कृषिऔजारको साथसाथै ठूल्ठूला पात्रहरूको पनि निर्माण गरिन्थ्यो । बुद्धको महापरिनिर्वाण पश्चात् बुद्धको शरीरलाई यस्तै फलामद्वारा निर्माण गरिएको ठूलो पात्रमा राखिएको थियो। जातक कथामा उल्लेख गरिएअनुसार फलामको सुई यति तिखो र बलियो बनाइन्थ्यो कि अन्य विभिन्न कास एवम् तामाद्वारा बनाइएका विभिन्न हतियार/औजार, भाडाहरूमा सजिलैसँग घुसाउन सकियोस् । सुत्तपिटकका ग्रन्थहरूमा मूल्यवान् धातुहरूबाट बनेका विभिन्न अलंकारहरूको उल्लेख पाइन्छ । मूल्यवान् धातुहरूमा सुन, चाँदी, मणि, स्फटिक आदिको उल्लेख पाइन्छ । यिनीहरूमा मणि , स्फटिक इत्यादि बहुमूल्य वस्तुहरू पत्थरका हुन्थे, जुन सुन चाँदीमा जोडेर अलंकार बनाइन्थ्यो र उपयोगमा ल्याइन्थ्यो । महङ्गा धातुहरूको कार्य गर्नेलाई सुवर्णकार एवं मणिकार भनिन्थ्यो । काष्ठकला एवं काठको व्यापारबाट धनाढ्य भएका व्यक्तिहरूलाई गहपति भन्ने गरिन्थ्यो । अङ्गुत्तरनिकायमा भिक्षुलाई दान दिनेवाला समृद्ध गहपतिको उल्लेख गरिएबाट यस कुराको पुष्टि हुन्छ । काष्ठकर्मीहरूले काठका विभिन्न स-साना वस्तुहरूदेखि ठूला-ठूला वाहन (रथ)सम्म निर्माण गर्दथे । त्यतिबेला जातक साहित्यबाट पनि वन क्षेत्रको अधिकताको पुष्टि हुन्छ ।

• लेखप्राप्त मिति २०७५ असार ९, विज्ञद्वारा परीक्षण असार १८, प्रकाशनार्थ प्राप्त असार २८ गते ।

बौद्धसाहित्यको मज्झिमनिकायमा कुम्भकारद्वारा आवश्यकतानुसारका माटाका भाँडाहरू एवं अन्य अभीष्ट पात्रहरू बनाउने कुराको उल्लेख गरिएको छ । कुम्भकारका सहयोगी एवं प्रशिक्षार्थीहरूले माटोलाई कुटेर चिल्लो वा नरम बनाएर आवश्यक सामान बनाउँथे । समाजलाई व्यवस्थित र समृद्ध बनाउन गरिने यस्ता व्यवसायको माध्यमबाट मानिसको जीवननिर्वाह मात्र नभई देश-विदेशसम्म पनि कला-संस्कृतिको प्रचार भएको पाइन्छ । काष्ठकला, वस्त्रकला र माटाका भाँडामा कुँदेका बुट्टाहरूबाट तत्कालीन समाजको जीवनशैली र कलाकृतिको बोध हुन्छ ।

## १. विषय प्रवेश

ईशापूर्व ५६३ मा बुद्ध जन्मिएका थिए । ३५ औं वर्षमा बुद्धत्व प्राप्त गरे पश्चात् आफ्ना जीवनकालका बाँकी ४५ वर्ष उनले साधनाबाट प्राप्त गरेको ज्ञानलाई समाजमा स्थापना गर्ने उद्देश्य लिई उपदेश गर्दै यापन गरे । उनले आफ्नो जीवन कालमा नै साधनाबाट प्राप्त भएको समाजोपयोगी ज्ञानलाई सुलभ सुरक्षाका लागि बौद्धसंघको स्थापना गरे । बुद्धको महापरिनिर्वाण पश्चात् बौद्धसंघले बुद्धले प्रतिपादन गरेको ज्ञानराशीलाई प्रचार गरीसुलभ बनाएको हो । समयको परिवर्तनसंगै बुद्धको आदर्श ज्ञान बौद्धधर्मको रूपमा विकसित भएको हो । कालान्तरमा बौद्धधर्म विभाजित हुँदै विकसित हुने क्रममा यसका विभिन्न शाखा-उपशाखाहरू भए । यसरी विकसित हुने प्रत्येक सम्प्रदायले आफ्ना विभिन्न धर्म ग्रन्थहरूको निर्माण गरे । त्रिपिटक पनि पाली त्रिपिटक र संस्कृत त्रिपिटकको रूपमा विकसित भयो । विभिन्न निकायका भिन्न भिन्न ग्रन्थहरूको निर्माण भयो । त्यसैले बौद्धवाङ्मय अत्यन्तै गहन एवं विशाल वाङ्मयको रूपमा समाजमा विकसित भई निरन्तर गतिशील भएको छ । गहन एवं विशाल वाङ्मयका रूपमा स्थापित विभिन्न ग्रन्थहरूको आधारमा रहेर बुद्धकालीन समाजको आर्थिक व्यवस्था एवं आर्थिक गतिविधि, तत्कालीन समाजका मनुष्यले अवलम्बन गरेको व्यवसाय एवं उनीहरूको जीवनशैलीको बारेमा के कस्तो वर्णन गरिएको छ ? सोको आधारमा रहेर यो लेख तयार गरिएको हो ।

## २.शोधसमस्या, विधि र उद्देश्य

सत्य, अहिंसा र शान्ति यी बुद्धका सन्देशहरू आजको युगमा पनि अझै गहन र सान्दर्भिक रहेका छन् । बुद्धको समयमा समाजमा चलेका अनेकौं पेसा, व्यवसाय, उद्योग, व्यापार आदिले मानिसहरू जीविकोपार्जन गर्दथे । बुद्धकालीन समयसँग सम्बन्धित बौद्ध वाङ्मयमा उल्लेख पाइने पेसा व्यवसायहरू के कस्ता थिए ? मानिसहरूको आय आर्जनको माध्यम के थिए ? कलाकृतिको अवस्था कस्तो थियो ? जस्ता जिज्ञासा नै यस शोधलेखका समस्या हुन् । बौद्ध वाङ्मयमा बुद्धकालीन व्यवसायहरू शीर्षकको प्रस्तुत अध्ययन नम्न समस्यामा केन्द्रित रहेको छ :

क) बौद्ध वाङ्मयमा धातु कर्म वा व्यवसायको के कस्तो उल्लेख पाइन्छ ?

ख) कृषि, पशुपालन, मृद्भाण्डकलाको अवस्था कस्तो थियो ?

ग) वाणिज्य व्यवसाय तथा वस्त्र व्यवसाय के कस्तो रहेको थियो ?

यो शोधलेख शोध समस्यामा उल्लिखित समस्याहरूको प्राज्ञिक समाधानमा केन्द्रित रहेको छ । बौद्ध वाङ्मयमा उल्लेख पाइने पेसा व्यवसायको खोजी गरिने भएकाले प्रथमतः ज्ञानको भण्डार पुस्तकालय नै यस अध्ययनको केन्द्र हो । पुस्तकालयमा रहेका सम्बन्धित विषयका ग्रन्थहरूको अध्ययन गरी प्राप्त सारतत्वलाई विश्लेषण गरी विश्लेषणात्मक र वर्णनात्मक शैलीमा यहाँ प्रस्तुत

गरिएको छ । बौद्ध वाङ्मयमा उल्लेख पाइने बुद्धकालीन पेसा व्यवसायका सम्बन्धमा पाठकको जिज्ञासाको समाधान गर्दै तत्कालीन समजका बारेमा प्रकाश पार्नु नै यस लेखको मुख्य उद्देश्य हो ।

३. व्यवसाय

त्रिपिटकअन्तर्गतको सुत्तपिटक एवं अन्य बौद्ध वाङ्मयमा बुद्धकालीन भिन्न-भिन्न व्यवसायहरूको विभिन्न प्रकारले उल्लेख गरिएको छ । व्यवसाय भन्नाले बुद्धकालीन समयका विभिन्न उद्योग एवं व्यवसायिक क्रियाकलापलाई लिइएको छ । बुद्धकालीन व्यवसायको रूपमा तत्कालीन समाजमा धातु कर्म, मृद्भाण्ड कला, कृषि, पशुपालन, बर्धकीय, कताई-बुनाई एवं हात्तीको दाँतको कार्य आदि प्रमुख रूपमा थिए । यी व्यवसायसँग सम्बन्धित कलाकर्मीहरू, धातुकारहरू, कुम्भकारहरू एवं दन्तकारहरूको वर्णन पनि विभिन्न बौद्धवाङ्मयमा उल्लेख भएको पाइन्छ । यी सबै व्यवसायधर्मीहरू आ–आफ्नो श्रेणीमा संगठित हुन्थे । प्रत्येक श्रेणीको एकजना प्रमुख वा मुखिया तोकिन्थ्यो । बुद्धकालीन समयमा प्रत्येक पेशा वा व्यवसायमा, व्यवसायिक वर्ग आ–आफ्नो व्यवसाय अनुसार विभिन्न जातिमा विभाजित थिए । प्रायः सबै पेशाकर्मीहरू पैतृक पेशालाई नै अनुशरण गर्दथे। पैतृक व्यवसाय छाडेर अन्य व्यवसायमा लाग्न पनि छुट थियो । तर यसरी पेशा परिवर्तन गर्दैमा उसको सामाजिक स्थितिमा कुनै परिवर्तन वा अन्तर हुँदैन थियो । सुत्तपिटकमा यसको उदाहरण पाइन्छ । सुत्तपिटकानुसार एउटा यस्तो क्षेत्रिय थियो जुन पहिले कुम्भकार थियो पछि पाचक एवं मालाकारको व्यवसाय अपनाएको थियो ।[१] तत्कालीन समयमा व्यवसायिक केन्द्रको रूपमा काशी, श्रावस्ती, वैशाली, राजगृह एवं चम्पा आदि विभिन्न नगरहरूको नाम उल्लेख भएको पाइन्छ । उपर्युक्त नगरहरू व्यवसायिक केन्द्र थिए भन्ने कुरा पनि बौद्धवाङ्मयका विभिन्न ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । त्यसैले बुद्धकालीन विभिन्न व्यवसायहरूलाई निम्न रूपमा अलग-अलग उल्लेख गर्न सकिन्छ ।

३.१. धातु कर्म वा धातु व्यवसाय

३.१.१ फलाम

त्रिपिटक अन्तर्गतको सुत्तपिटकका विभिन्न निकायहरूमा फलाम एवं त्यसबाट निर्मित विभिन्न वस्तुहरूलाई व्यवसायको रूपमा उल्लेख गरिएको पाइन्छ । फलामको काम गर्नेवालालाई अयस्कार भनिन्थ्यो । अयस्कारले हतौडा, आरा एवं छिनो बनाउँदथ्यो ।[२] त्यति मात्र होइन, खेती गर्ने साधनको रूपमा हलो, कोदालो एवं त्यससँग सम्बन्धित अन्य विभिन्न औजारहरू बनाउँदथ्यो । जसबाट प्रत्यक्षरूपमा किसानहरू लाभान्वित हुन्थे ।[३] प्रारम्भमा फलामलाई कच्चा धातुको रूपमा ल्याइन्थ्यो । त्यसपछि त्यसलाई तताएर, गलाएर, पिटेर विभिन्न आकार प्रकारमा ढालेर विभिन्न औजारहरूको निर्माण गरिन्थ्यो । हलो एवं त्यसमा लाग्ने फलाम (फाली) को बारेमा सुत्तनिपातमा उल्लेख गरिएको छ ।[४] कृषि कार्यसंग सम्बन्धित अन्य विभिन्न औजाहरूमा फलामको प्रयोग हुन्थ्यो।

१. जातक पं. पृष्ठ २९०।
२. ऐ. ऐ. ।
३. मेहता, रतिलाल, प्री बुदिष्ट इण्डिया, पृ. १९८– ९९ ।
४."न खोपन मयं पस्साम मो तो गोतमस्स युगं वा नङ् गलं वा फालं वा पाचनं वा" । – कसि भारद्वाज सुत्त,

यसरी फलामको प्रयोग गरेर बनाइएको औजारको सहयोगले माटो काट्न सजिलो हुने कुरा सुत्तनिपातमा उल्लेख गरिएको छ ।[५] कृषिकार्यका लागि बनाइने औजार, जसलाई कठोर धातु चाहिन्थ्यो, त्यो फलामबाट नै सम्भव थियो । अन्य धातुहरूभन्दा फलाम नै उपयुक्त हुन्थ्यो । फलाम प्राप्त गर्न खानीको प्रयोग हुन्थ्यो । फलाम खानी खोजेर त्यसबाट कच्चा फलाम निकालिन्थ्यो । कच्चा फलामबाट कुनै पनि हातहतियार वा कृषि औजारहरूको निर्माण संभव थिएन । विभिन्न हातहतियार एवं कृषिऔजारहरूको निर्माण गर्न फलामलाई आगोमा तताइन्थ्यो र पानीसंग संसर्ग गराइन्थ्यो । आगोमा तताएर, गलाएर, पिटेर विभिन्न आकार एवं ढाँचामा ढालिन्थ्यो र पुनः पानीमा चिसाइन्थ्यो । यसरी रातो हुनेगरी तताएर पुनः पानीमा चोप्दा फलाममा निखारता (गुण) को विकास हुन्थ्यो । फलाम परिष्कृत हुन्थ्यो । अन्य धातुहरूको तुलनामा यो धातु प्रशस्त मात्रामा उपलब्ध हुने हुँदा मूल्यमा सहजता थियो । सस्तो एवं बलियो/कठोर भएको हुँदा धेरैजसो हातहतियार एवं कृषि औजारहरू फलामबाटै निर्माण गरिन्थ्यो । फलामबाट विभिन्न युद्धोचित हातहतियार एवं कृषिऔजारहरूको निर्माण गरिन्थ्यो । फलामबाट विभिन्न युद्धोचित हातहतियार, कृषिऔजारको साथसाथै ठूल्ठूला पात्रहरूको पनि निर्माण गरिन्थ्यो । बुद्धको महापरिनिर्वाण पश्चात् बुद्धको शरीरलाई यस्तै फलामद्वारा निर्माण गरिएको ठूलो पात्रमा राखिएको थियो ।[६] जातक कथामा उल्लेख गरिएअनुसार फलामको सुई यति तिखो र बलियो बनाइन्थ्यो कि अन्य विभिन्न काँस एवम् तामाद्वारा बनाइएका विभिन्न हतियार/औजार, भाडाहरूमा सजिलैसंग घुसाउन सकियोस् ।[७] फलामद्वारा बनाइएको किलाको सन्दर्भ पनि विभिन्न स्थानहरूमा उल्लेख भएको पाइन्छ । घर निर्माणमा प्रयोग हुने विभिन्न सामानहरू, ढोकाहरू, चौकोसहरूमा समेत फलामको किला बनाएर प्रयोग गरिन्थ्यो । ढोकाबन्द गर्नका लागि विभिन्न किसिमका आवश्यकता अनुसारका साङ्लाहरूको प्रयोग हुन्थ्यो ।[८] मज्झिमनिकायमा काठको मूढा चिर्ने आराको बारेमा उल्लेख गरिएको छ । जसद्धारा तत्कालीन समयमा मूढा चिरेर दुई टुक्रा पारिन्थ्यो ।[९]

जातक कथामा ढुङ्गा फुटाएर विभिन्न कलाकृतिहरूको आकार बनाउने कुरा उल्लेख गरिएको छ । उक्त कार्यको लागि फलाम बाट छिना बनाइन्थ्यो । हतौडा र घनद्वारा छिनालाई हिर्काएर ठूला ठूला ढुङ्गाहरू काटेर कुदिन्थ्यो । अन्य धातुहरू पगालेर यथोचित आकार दिनका लागि पनि हतौडा वा घनको नै प्रयोग हुन्थ्यो । अन्य धातुहरू पगाल्नका लागि उष्ण भट्टीमा हाल्ने भाडा पनि फलामको नै बनाइन्थ्यो ।[१०] किसानहरूले प्रयोगमा ल्याउने विभिन्न प्रकारका धारिला हतियार पनि फलाम बाट नै बनाइन्थ्यो । विभिन्न कृषि कार्यका लागि, वनमा प्रयोग गर्नका लागि, जमिन काट्न, जल व्यवस्थाका लागि ईनार खन्न, कुवा खन्न, घरेलु प्रयोजनका लागि एवं युद्धोचित हातहतियार निर्माण

---

सुत्तनिपात १/४ ।

५.नाम फालो दिवसन्ततो उदके पाक्खितो चिच्चिटापति चिटिचिटायति सन्धुपायति सम्बधुपायति । सुत्त निपात १/४/८२ ।

६.आयसास तेल दोणिया पाक्खिपित्वा जिजस्सा आयसाय दोणिया परिकृजित्वा, दीघ निकाय, नालन्दा पाली प्रकाशन, द्वि. ३/२४/१०३

७. जातक प्र.पृ. १११, तृ.पृ. २८२ ।

८. ऐ. ऐ. ।

९. उमतो दण्डकेन चेपि, भिक्खवे ककचेन , चोटा ओचरका अङ् गमङ गानि ओकन्ते पयुं – मज्झिमनिकाय ।

१०. सप्दासेन जातरुपं गहेत्वा उक्कामुप्वे पक्खिपेय्य । मज्झिमनिकाय तृ. ४० । ३ । १७ ।

गर्न समेत फलामको प्रयोग हुन्थ्यो । हसिया, खुर्पा, छुरी जस्ता धारिला औजारको पनि फलामबाट नै निर्माण गरिन्थ्यो । जमिन खन्ने कोदालोको सन्दर्भमा पनि मज्झिम निकायमा उल्लेख गरेको पाईन्छ ।[११] काठ काट्नका लागि प्रयोग हुने बन्चरो, कुठारी, अन्न कुट्न बनाइने ओखलको मुशलको नाल, फलाम पिट्न कामीले प्रयोग गर्ने  विभिन्न औजारहरू, शिकारीले प्रयोग गर्ने विभिन्न किसिमका तीरहरू, कवचहरू पनि फलामबाट नै बनाइन्थ्यो ।[१२] वाद्य यन्त्रको तार पनि फलामबाट नै बनाइन्थ्यो । वाण बनाउनेलाई इषुकार भनिन्थ्यो । समाजमा इषुकारको उच्च प्रशंसा हुन्थ्यो । विभिन्न युद्धोपयोगी हातहतियारहरू – बज्र, शूल, भाला, तथा मतज नामको अस्त्र समेत फलामको प्रयोग बाट बनाइन्थ्यो ।[१३] मतज नामको अस्त्रको निर्माण मृत पंक्षिको मासुमा फलामको चूर्णहरूको प्रयोग गरेर गरिन्थ्यो । जसलाई तेज हतियारको रूपमा लिइन्थ्यो । विनयपिटकमा उल्लेख गरिए अनुसार भिक्षु वा भिक्षुणिका दैनिक जीवनमा प्रयोग हुने विभिन्न भिक्षा पात्रहरूमा समेत फलामको प्रयोग गरिन्थ्यो ।

फलामबाट विभिन्न प्रकारका उपकरण एवं औजारहरू निर्माण गर्ने विषयमा दीघ निकायमा जुन वर्णन गरिएको छ, त्यसअनुसार कच्चा फलामलाई अति परिश्रमको साथ आगोमा तताएर, गलाएर पिटेर विभिन्न साइज वा आकारमा ढालेर विभिन्न औजारहरूको निर्माण गरिन्थ्यो ।[१४] पाणिनिको अष्टाध्यायी ग्रन्थमा समेत अयस्कार एवं उसबाट बनाइने विभिन्न उपकरणहरूको उल्लेख गरिएको पाइन्छ । भस्त्रा, हतौडा (जसको नाम अयोधन राखिन्थ्यो) कुटिलिक वा आँकुडा आदि समानको प्रयोग गरेर फलामको फाली, कुल्हाडी जस्ता कृषि औजार बनाइन्थ्यो ।[१५]  यसै प्रकार जैन आगम साहित्यमा समेत अयस्कारद्वारा कृषिकार्यका लागि हलो, कोदालो, काठ काट्ने फरसा, बसुला आदि बनाएर बिक्री गर्ने कुरा उल्लेख गरिएको छ ।[१६] औजार बनाउने भट्टि वा स्थललाई 'कम्मारशाला' वा 'अग्निकम्म' भनिन्थ्यो ।[१७] फलामको उत्खनन एवं विकासको सन्दर्भमा निश्चित समय भन्न नसकिए तापनि यसको प्रारम्भ पहिलो सहस्राब्दी ईशा पूर्वलाई सबैले स्वीकार गरेको पाइन्छ । इशापूर्व ५०० देखि १००० वर्ष पहिले देखि नै विभिन्न व्यवसायिक काममा फलामको प्रयोग हुन आएको कुरा प्राचीन इतिहास एवं बौद्धवाङ्मयको अध्ययनबाट ज्ञात हुन आउँदछ ।

### ३.१.२ ताँबा एवम् काँस

सुत्त पटकमा उल्लेख गरिएको विभिन्न धातु कर्महरू मध्ये ताँवा र काँसको प्रयोग गरी गरिने धातुकर्म पनि एक महत्वपूर्ण कर्म हो । सुत्त पिटक अन्तर्गतको ग्रन्थ सुत्तनिपातमा काँसद्वारा बनाइएका केही भाँडाहरूमा दूध भरेर ब्राह्मणलाई पिउनका लागि दिइन्थ्यो भन्ने कुरा उल्लेख

---

११. कुठारि हत्थो पुटिसो वनं ओगयृह तिट्टसि । पुट्ठो मे सम्म अक्खहिकिं दारुं छेतुं इच्छसि । म.निकाय प्र. २४।४।१६
१२. मज्झिम निकाय द्वितीय १३।२।५ ।
१३. संयूयथापि भिखखवे मतजं नाम आवुध जातं उभतोधारं पितनिशि, मज्झिम निकाय प्र. ४०।१।२ ।
१४. दीघ निकाय द्वि. १०।२।१९।१५ ।
१५. अष्टाध्यायी ७।३।४७ ।
१६. जैनागम, उ.सू. १९।१६ ।
१७. जैनागम साहित्यमा भारतीय समाज, पृ. १४५ ।

गरिएको छ ।[१८] मज्झिमनिकायमा बताइए अनुसार शुद्ध एवं स्वच्छ काँसको भाडा (थाली) मा शाली चावलको भात, विभिन्न प्रकारका व्यञ्जनहरू राखिन्थ्यो र काँसकै अन्य थालिद्वारा ढाकेर भिक्षा स्वरूप प्रदान गरिन्थ्यो । हेर्दा नै खाऊँ खाऊँ लाग्ने गरी काँसका भाडाहरूलाई सजाएर भिक्षा दान गरिन्थ्यो । यसबाट स्पस्ट हुन्छ कि काँसबाट विभिन्न प्रकारका भाडा वर्तनहरू बनाइन्थ्यो । काँसको थालीको लागि शुद्ध एवं स्वच्छ शब्दको प्रयोग हुँदा काँसमा अन्य धातुहरूको समेत मिलावट गरेर अन्य विभिन्न घरेलु सामग्रीहरूको निर्माण गरिन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । मज्झिम निकायमा काँसको स्वच्छताको बारेमा उल्लेख गरिएको पाइन्छ । काँसको भाँडाकुँडाहरू सफा गरिएन र निरन्तर प्रयोगमा ल्याइएन भने त्यसको चमक रहँदैन र तुरुन्तै कालोपन बाट युक्त हुन्छ भनेर मज्जिम निकायमा उल्लेख गरिएको छ ।[१९] उक्त समयमा ताँवाको प्रयोग गरेर विभिन्न घरेलु प्रयोगका सामानहरूको निर्माण गरिन्थ्यो । जातक साहित्यको अध्ययनबाट काँसका भाँडाकुँडा सरह नै ताँवाको प्रयोग गरेर विभिन्न आवश्यक सामानहरूको निर्माण गरिने कुरा ज्ञात हुन्छ ।[२०] ताँवाको चम्काहटको लागि अम्लको प्रयोग गरिन्थ्यो । जल सेवनको लागि प्राय ताँमाको पात्र नै प्रयोग गरिन्थ्यो । ताँवा एवं काँस फलामको अपेक्षा महँगो धातु थियो । त्यसकारण उक्त धातुबाट निर्मित भाँडाहरूको प्रयोग भिक्षुहरूको लागि वर्जित गरिएको थियो । भिक्षुबाहेकका उपासक एवं गृहस्थहरूले ताँवा तथा काँसका भाडाहरूको प्रयोग गर्दथे ।[२१]

### ३.१.३ अन्य मूल्यवान् धातुहरू

सुत्तपिटकका ग्रन्थहरूमा मूल्यवान् धातुहरूबाट बनेका विभिन्न अलंकारहरूको उल्लेख पाइन्छ । मूल्यवान् धातुहरूमा सुन, चाँदी, मणि, स्फटिक आदिको उल्लेख पाइन्छ । यिनीहरूमा मणि, स्फटिक इत्यादि बहुमूल्य वस्तुहरू पत्थरका हुन्थे, जुन सुन चाँदीमा जोडेर अलंकार बनाइन्थ्यो र उपयोगमा ल्याइन्थ्यो । महङ्गा धातुहरूको कार्य गर्नेलाई सुवर्णकार एवं मणिकार भनिन्थ्यो ।[२२] बहुमूल्य धातुहरूको वर्णन विनय पटकमा पनि पाइन्छ । भिक्षुहरूलाई बहुमूल्य धातुहरूबाट निर्मित विभिन्न रत्नहरूको प्रयोग लाई वर्जित वताइएको छ । सुन तथा चाँदीलाई सर्व प्रथम गलाएर सफा, स्वच्छ र शुद्ध पारिन्थ्यो । त्यसपछि विभिन्न आभूषणहरूको निर्माण गरिन्थ्यो । मज्झिम निकायमा गरिएको वर्णनबाट ज्ञात हुन्छ सुवर्णकारले शुद्ध बनाएको सुनबाट विभिन्न इच्छाधीन आभूषणहरूको निर्माण गर्दथ्यो ।[२३] धम्मपदमा पनि सुन तथा चाँदीलाई सुवर्णकारद्वारा बारम्बार सफा एवं शुद्ध गर्ने बारेमा उल्लेख गरिएको छ ।[२४] यी धातुहरूलाई अम्लको प्रयोगद्वारा सफाइ गरिने कुरा उल्लेख

१८. महतिया कंसपातिया पायस वड्ढेत्वा भगवतो उपनामेसि – सुत्तनिपात १।४ ।
१९. कंसपति अमता आपणा वा कम्मारकुला वा रजेन च मलेन च परिनियोद्दा तमेनं सामिका न चेव परिमुन्जे ययुं............मल्ल गहितानि – मज्झिनिकाय द्वि. ५।१।४ ।
२०. जातक कथा प्र.पृ. १११। २४७ ४६४ ।तृ.पृ. २८१। च.पृ. १०७।
२१. थेरगाथा पृ. ९७८६२ ।
२२. जातक च.पृ.२२३ , गाथा ५३, जातक पं.पृ. ४३८-३९ ।
२३. दक्खो सुवण्णकारो वा सुवण्णकारन्ते वासी वा सुपरिकम्मकत्तस्मिं सुवण्णस्मिं यं यदेव सुवण्ण विकतिं आकङ्खेय्य तं तदेव करेय्य अभिनिप्फादेय्य – मज्झिम निकाय २।२७३।२० ।
२४. धम्मपद २३९ ।

गरिएको छ । मज्झिमनिकायमा सुनलाई आगोको भट्टिमा निश्चित तापमानमा गलाएर शुद्ध गरिने कुराको चर्चा गरिएको छ ।[२५] पाणिनिको अष्टाध्यायीमा पनि सुनलाई तताउने विधिको उल्लेख गरिएको छ । एकपटक तताएको सुनलाई निष्तपति र बारम्बार तताएको सुनलाई उत्तपत्ति क्रियाको रूपमा उल्लेख गरिएको छ ।[२६] तत्कालीन समयमा सुनलाई गलाएर विभिन्न प्रकारका आभूषणहरूको निर्माण गरिन्थ्यो, जसलाई पट्टिका, कुण्डल, कण्ठा, सुवर्णमाल आदि भनिन्थ्यो । जातकसाहित्यमा सुनको कारोबार हुने स्थानहरूको बारेमा चर्चा छ, जसलाई सवहानि किरणानि नाम दिइएको थियो ।[२७] जातकमा स्वर्णनिर्मित मूर्तिको पनि उल्लेख गरिएको छ । स्वर्ण निर्मित मूर्तिको बिक्री समेत हुने कुरा उल्लेख गरिएको छ । यसबाट स्वर्णकारको शिल्पकलाको समेत ज्ञात हुन्छ । कचौरा, थाल, प्याला लगायतका विभिन्न किसिमका दियो, पाला, कलशहरूको समेत निर्माण गरी बिक्री गरिन्थ्यो ।[२८] सुनको इट्टा बनाएर तलाउको निर्माण गरिएको कुरा दीघनिकायमा उल्लेख गरिएको छ । धनवानहरूले सुत्ने पलङ्गमा पनि सुन तथा चाँदीको प्रयोग गर्ने गरेको कुरा उल्लेख छ । राजाहरू द्वारा आफ्ना हात्ती तथा घोडाको लागि, रथ श्रृङ्गार गर्नको लागि समेत सुन तथा चाँदीका आभूषणहरूको प्रयोग गर्दथे ।

सुत्तपिटकमा यी बहुमूल्य धातुहरूको अतिरिक्त विभिन्न प्रकारका रत्नहरूको पनि चर्चा गरिएको छ। रत्नलाई सुन तथा चाँदीका गहनाहरूमा जोड्नाले त्यसको सौंन्दर्य बढ्ने गर्दछ । यी रत्नहरूमा हीरा, मणि, स्फटिक, मोति आदिको उल्लेख पाइन्छ ।[२९] यी विभिन्नकुराहरूबाट स्पष्ट ज्ञात हुन्छ, तत्कालीन समयमा कलाकारिता एवं निर्माण विधि उत्तम तथा दक्ष थियो । रत्न तथा बहुमूल्य पत्थरहरूको आपूर्ति खानीबाट गरिन्थ्यो । स्वर्णकार एवं मणिकारहरूले विशेष प्रविधिको प्रयोग गरेर विभिन्न वस्तु र आभूषणहरूको निर्माण गर्दथे र समाजको मागलाई पूरा गर्दथे । यसैको माध्यमबाट जीवन यापन गर्दथे । विभिन्न बहुमूल्य धातु, एवं पत्थरहरूको प्रयोग एवं संग्रहको क्षमताबाट नै त्यसबेलाको कुलीनताको मापन गरिन्थ्यो ।

### ३.२ बर्द्धकीय कार्य (काष्ठ उद्योग) व्यवसाय

सुत्तपिटकमा बर्द्धकीय (काष्ठ) कार्यहरूको विवरण पाइन्छ । यसबाट स्पष्ट हुन्छ काष्ठ सम्बन्धी कार्य गर्ने काष्ठकर्मीहरूलाई बर्धकी भनिन्छ र उनीहरूको कार्यलाई बर्द्धकीय कार्य भनिन्छ । प्रचलित भाषामा यही कार्यलाई काष्ठउद्योग भन्ने चलन छ । तत्कालीन समयमा काष्ठकर्मीले काठका विभिन्न सामानहरूको निर्माण गर्ने गर्दथे । त्यस समयमा समाजमा सानाठूला दुवै प्रकारका काष्ठकर्मीहरू हुन्थे । ठूला काष्ठकर्मीहरूलाई दारुकम्मिक पनि भन्ने गरिन्थ्यो । काठ व्यापारीलाई समेत यही नामले पुकारिन्थ्यो । यिनीहरूलाई गहपति नामले समेत सम्बोधन गरिन्थ्यो । गहपति शब्दले उनीहरूको सम्वृद्धिलाई बुझाउँदथ्यो । काष्ठकला एवं काठव्यापारबाट धनाढ्य भएका

---

२५. उक्कामुखं वा पलागमा जातरूपं परिसुद्धि होति परियोदातं – मज्झिम निकाय प्र.७ । ३७ ।

२६. अष्टाध्यायी - ८ ।३ । १०२ ।

२७. जातक द्वि. पृ. १९१ ।

२८. जातक च. पृ.३८४ ।

२९. जातक प्र.पृ.१७७ । ३५१ । ४७९ । ।

व्यक्तिहरूलाई गहपति भन्ने गरिन्थ्यो । अङ्गुत्तरनिकायमा भिक्षुलाई दान दिनेवाला समृद्ध गहपतिको उल्लेख गरिएबाट यस कुराको पुष्टि हुन्छ ।[३०] काष्ठकर्मीहरूले काठका विभिन्न स-साना वस्तुहरूदेखि ठूला-ठूला वाहन (रथ)सम्म निर्माण गर्दथे । काठ जंगलदेखि सङ्कलन गरिन्थ्यो । तत्कालीन समयमा मल्ल राज्यको राजधानी कुशीनगरको चारैतर्फ विशाल शालवन थियो ।[३१] जातक साहित्यबाट पनि वन क्षेत्रको अधिकताको पुष्टि हुन्छ । वनक्षेत्रबाट अत्यधिक काठहरूको संकलन गरिन्थ्यो र आवश्यकतानुसारका सामग्रीहरू बनाइन्थ्यो । भवननिर्माणमा पनि पर्याप्त काठको प्रयोग गरिन्थ्यो । विभिन्न प्रकारका कलाकृतिहरू कुँदेर काष्ठकला देखिने गरी भवनहरूको निर्माण गरिन्थ्यो । काठलाई खराद लगाएर, चिल्लो बनाएर विभिन्न कलाकृतिले सजाइन्थ्यो, यस्तो कलाकारिता भएको काष्ठकर्मीलाई तच्चक (तक्ष) नामले पुकारिन्थ्यो ।[३२] यी तक्षहरूले गाऊँ तथा नगर दुबै क्षेत्रको कामको जिम्मा लिन्थे । गाउँको कामको जिम्मा लिनेलाई ग्राम तक्ष तथा नगरको कामको जिम्मा लिनेलाई कौट तक्ष भनिन्थ्यो । केही तक्षहरूले राजाहरूको मात्र कार्य गर्दथे । तिनी हरूलाई राज तक्ष भनिन्थ्यो र यिनीहरूले ठूलाठूला दरबार एवं प्रासादहरूको निर्माण गर्दथे ।[३३] जातक कथाहरूबाट ज्ञात हुन्छ- बर्धकीहरूले डुङ्गा, समुद्री जहाज, मालगाडी, रथ तथा अनेक प्रकारका अन्य उपयोगी वाहनहरूको निर्माण गर्दथे । कुर्सी, पलंग, दराज, अन्जली पात्र, खराउ, ओखली, करघा, थूल, कलिंगर आदि घरेलु सामानहरूको पनि निर्माण गर्दथे । यसको अतिरिक्त फलाम बाट निर्मित सवै प्रकारका औजारहरू एवं घरेलु सामानहरूमा काठ लगाएर थप आकर्षक एवं उपयोगी बनाउदथे । पानीडुब्बी तथा समुद्री जहाजको निर्माण समेत काष्ठकलाद्वारा बनाइन्थ्यो । मज्झिमनिकायका अनुसार राजगृहमा बुद्धसँग एक यानकारको भेट भएको थियो । त्यस समयमा उक्त यानकारले रथको बुट्टा बनाउदैं थियो । छेउमा अर्को यानकारको पुत्रले बुट्टा कुद्न सिकिरहेको थियो । यसबाट प्रतीत हुन्छ यो पेशा परम्परागत रूपमा ग्रहण गरिन्थ्यो । पिता-पुत्र हुँदै यसको निपुणता अगाडि बढ्दै आएको थियो ।[३४] यानकारको साथसाथ रथकारको पनि उल्लेख भएको पाइन्छ । परन्तु यस्तो स्पष्ट हुन्छ दुवै प्रकारको कार्य एउटै व्यक्तिले गर्दथ्यो र दुवैमा कुनै मौलिक अन्तर थिएन । यानकार सवारी तथा युद्धको निमित्त युद्धोपयोगी एवं बलियो दुबै प्रकारका रथको निर्माण गर्दथ्यो ।[३५] युद्धोपयोगी रथ सुरक्षाको दृष्टिबाट पनि उपयोगी बनाइन्थ्यो । यस्तो कार्यबाट यानकारहरूको बुद्धि एवं कार्यकुशलताको स्पष्टता हुन्छ । अङ्गुत्तरनिकायबाट ज्ञात हुन्छ । एउटा राजाले रथकारलाई बोलाएर युद्धोपयोगी नयाँ रथको पाङ्गा निर्माणका लागि आदेश दिएका थिए ।[३६] मज्झिमनिकायमा पंचकांग थपति शब्दको उल्लेख भएको छ । भवन निर्माणमा लाग्ने एक प्रकारको कलाकारलाई पंचकांग थपति

३०."दारु कम्मिको गहपति भगवा एतदवोच - अपि नु ते, गहपति, कुले दानं दीयती " अङ्गुत्तर निकाय तृ. ६/६/५ ।
३१. यावता आनन्द कुसीनारा उपवत्तनं मल्लानं सालवनं समन्ततो द्वादस योजनानि । दीघ निकाय द्वि. ३/ २३/ ७३ ।
३२. दारु ननन्ति तच्चका । धम्मपद पृ.८०, थेरगाथा पृ. १९ ।
३३. मज्झिम निकाय प्र. १२/६/१४, जातक च. १५९ ।
३४. मज्झिम निकाय प्र. ५/४/२५ ।
३५. अहं हि भन्ते,रथिको सज्जातो कुसलो रथस्स अङ्ग पच्चङ्गानां सब्बानि रथस्स अङ्ग पच्चङ्गानि सुविदितानि ठानसोवेत्तं ये मटिमासेया ति । - मज्झिम निकाय द्वि.८/३/५
३६. राजा सचेतनो रथकारं आमन्तेसि - इतो मे सम्म रथकार, छन्नमासानं अच्चयेन सङ्गामो भविष्यति । सकिस्ससि मे सम्म रथकार, नवं चक्कयुगका तु ति । अङ्गुत्तर निकाय प्र. ३/२/५

शब्दद्वारा सम्बोधित गरिन्थ्यो । बसुला, रुखान, हथौडा, कुल्हाडी इत्यादि औजारको प्रयोग गरेर काठको किल्ला बनाउने, ससाना छिद्र पार्ने र जडान गर्ने कार्यमा लाग्ने काष्ठकर्मीलाई पंचकांग थपति भनिन्थ्यो ।[३७]जातक कथामा चौरासी हजार पलङ्गहरू बनाएको विवरण ज्ञात हुन्छ ।[३८] यसबाट यो प्रतीत हुन्छ कि पलङ्गको उपयोग सर्वसाधारण व्यक्तिहरूले पनि गर्दथे । धनाढ्यहरूले पलङ्गमा अन्य विभिन्न प्रकारका धातुहरू जडान गर्दथे । पादुकाहरू, आसन, मंच इत्यादि पनि काष्ठकर्मीहरूद्वारा काठबाट बनाइन्थ्यो । विनयपिटकमा यस्ता सामग्रीहरूको विवरण प्रशस्त मात्रामा पाइन्छ । बौद्धकालीन विहारहरूमा काष्ठकर्मीहरूद्वारा निर्मित अनेक काष्ठकलाहरू, स्तम्भहरू स्थापित गरिएको हुन्थ्यो । जातककथाबाट स्पष्ट हुन्छ कि काँशीनगरको नजिकै एउटा बड्डाकिगाम बसेको थियो । जँहा काष्ठकर्मीहरूको बसोबास थियो ।

३.३.कृषि व्यवसाय

बुद्धकालीन समयको 'बुद्ध क्षेत्र' कृषि प्रधान क्षेत्र थियो । मख्य व्यवसाय कृषि थियो । सबै मानिसहरू खेती गर्दथे । त्यो समयमा पनि खेती गर्ने मानिसहरूलाई कृषक नै भनिन्थ्यो । ब्राहमणहरू पनि कृषि कार्य नै गर्दथे । कृर्षि व्यवसायमा अन्नको साथ साथमा विभिन्न जडिबुटी, औषधीहरूको पनि उत्पादन हुन्थ्यो । खेति गर्ने खेतलाई प्रदेश तथा क्षेत्र भन्ने गरिन्थ्यो । खेति क्षेत्र पर्वतीय भूमि तथा तराइ भूमि दुवै तर्फ थियो र पर्वतीय भूमिमा खेती कम हुने हुनाले तराई भूमिलाई नै बढी प्राथमिकता दिइन्थ्यो । जुन खेत गाँउसंग जोडिएको हुन्थ्यो उक्त खेतलाई 'ग्राम क्षेत्र' भनिन्थ्यो ।[३९] कृषक खेत जोत्दथे, जोतेर कृर्षि कार्यका लागि खेत तयार गर्दथे । यस्तो खेत जोत्ने क्रियालाई 'कर्मान्त' भनिन्थ्यो ।[४०] कृषक नित्यरूपमा खेतमा गएर खेतीको तैयारी गर्दथे । खेत हलोबाट जोतिन्थ्यो । हलोमा प्रयोग गरिने फलामबाट निर्मित फालीलाई 'लौहफल' तथा 'शीर' भनिन्थ्यो । त्यो वेला सातवटा शीर भएको हलोको पनि प्रयोग हुन्थ्यो, जसलाई 'सप्तसीरा' भनिन्थ्यो । नयाँ र बाँझो जमिनमा यस्तो हलोको प्रयोग गरेर खेत जोतिन्थ्यो । यस्तो 'शीर' सुनबाट पनि बनाइन्थ्यो, जसलाई 'सुवर्ण शीर' भनिन्थ्यो ।[४१] राजा–महाराजाहरूको पनि प्रमुख पेशा ⁄व्यावसाय कृषि नै हुने हुनाले आफ्नो प्रतिष्ठाको लागि राजा महाराजाहरूले 'सुवर्ण शीर' को प्रयोग गर्ने गर्दथे । हलो जोत्नको लागि गोरुको प्रयोग हुन्थ्यो । गोरुद्वारा विभिन्न प्रकारले पटक-पटक क्षेत्रलाई जोतेर बिउ लगाउनाले उत्पादन अत्याधिक हुन्छ भन्ने विश्वास थियो ।[४२] विऊ छर्नका लागि उपयुक्त समय तथा तिथि निर्धारण गरिन्थ्यो । आषाढ महिनाको शुल्क पक्षमा धान लगाउनु उत्तम मानिन्थ्यो । गहुँ आदि ग्रीष्मकालीन खेतीको लागि कार्तिक तथा मंसिरको शुक्ल पंचमी, षष्ठी, सप्तमी तथा एकादशी तिथिमा लगाइएको बिउलाई अत्यधिक श्रेयष्कर मानिन्थ्यो ।[४३] अन्य खेतीको लागि द्वितीया,

---

३७. मज्झिम निकाय प्र. २८/२/१३,

३८. रन्जो सतो खत्तियस्स युद्धावसित्तस्स चतुरासी तिपलकं सहस्सानि अहेसु । - संयुत्तनिकाय तृ.२२।९६।१०६

३९. महावस्तु – ३ । ५० । १५

४०. ललितविस्तर – १२८ । १६

४१. महावस्तु – ३ । ५० । १५

४२. दिव्यावदान- ४१५।२०।२१

४३. दिव्यावदान- ४१५।२२।२३

त्रयोदशी तथा नवमी तिथिलाई उत्तम मानिन्थ्यो । यी तिथिहरूको साथसाथै भरणी, पुष्य, मूल, हस्ता, अश्विनी, मघा, कृतिका, विशाखा, अनुराधा, धनिष्टा, श्रवण तथा उत्तरा नक्षत्रहरूको योगलाई समेत शुभ मानिन्थ्यो ।[४४] यसरी समय जुराएर रोपेको थोरै बिउले पनि प्रशस्त उत्पादन दिन्छ भन्ने लोक विश्वास रहेको थियो । उत्पादन राम्रो हुनको लागि उन्नत बिउको छनौट हुनुपर्दछ भन्ने मान्यता त्यो समयमा पनि समाजमा थियो । 'दिव्यावदान' नामको बौद्ध संस्कृत साहित्यमा यस सम्बन्धी उल्लेख गरिएको छ । दिव्यावदान साहित्यमा त्यो बेलाका सत्ताइस जातिका 'बिउहरूको नामावली प्राप्त गर्न सकिन्छ ।

खेतमा खेती उब्जाउन सिंचाइको आवश्यकता पूरा गरिन्थ्यो । त्यो बेला सिंचाईका विभिन्न साधनहरू थिए । मुख्यतः सिंचाइको साधनको रूपमा वर्षाको जललाई नै लिइन्थ्यो । विभिन्न नदीहरूमा बाँध बनाएर नहरद्वारा पनि सिंचाइ कार्य गरिन्थ्यो ।[४५] सिंचाई कार्यको लागि कुवाको निर्माण गर्ने चलन पनि थियो । संस्कृत बौद्धवाङ्मयमा कुवा, पुष्करिणी, जलाशय तथा नदीहरूको विशद वर्णन पाइन्छ । मंसिर महिनामा वादल गर्जदा खेतीलाई हानी पुग्ने कुरा पनि दिव्यावदानमा उल्लेख गरिएको छ । अनावृष्टि, खण्डवृष्टि आदि कारणले गर्दा दुर्भिक्ष हुने कुरा पनि उल्लेख गरिएको छ । दिव्यावदानमा ३ प्रकारका दुर्भिक्ष (अनिकाल) को वर्णन गरिएको पाइन्छ । चन्चु दुर्भिक्ष, जुन अनिकालमा अन्नको नाममा बिउमात्र बाँकी रहन्थ्यो । श्वेतास्थि दुर्भिक्ष, जुन अनिकालमा अन्न सकिन्थ्यो, हड्डी उमालेर त्यसको रस पिएर बाँच्नु पर्ने अवस्था हुन्थ्यो । शलाकावृत्ति दुर्भिक्ष, जुन अनिकालमा धानको बोक्रा उमालेर त्यसको रस पिएर बाँच्नु पर्ने हुन्थ्यो । तत्कालीन समयमा कृषि उपजको रूपमा विभिन्न अन्नहरूको खेती गरिन्थ्यो । इक्षु - उखु, कार्पास (कपास), काद्रव (कोदो), कुल्माष वा कुलत्था (गहत), करविन्द (मास), गहुँ (गोधूम), चणक (चना), तिल, तण्डुल (चावल), मसूर, मापक (मास), यव (जौ), बड (चामल), ब्रीहि (चामल), मूँग, शण (सन), शाली (चामल), सर्षप (सरस्युँ), आदि मुख्य खेती थिए । यसका अतिरिक्त 'अरण्य' तथा 'उद्यान'बाट विभिन्न प्रकारका फलफूल एवं औषधीहरू समेत उपलब्ध हुन्थे ।

### ३.४ पशुपालन व्यवसाय

कृषिप्रधान आर्थिक जीवन पद्धतिमा पशुको अत्यन्तै आवश्यकता पर्दछ । त्यसैले बुद्धकालीन समाजमा पशुपालन आर्थिक जीवनको महत्त्वपूर्ण अङ्ग मानिएको थियो । कृषिकार्यको साथमा पशुहरूको पनि पालन हुन्थ्यो । विभिन्न पशुहरूलाई विभिन्न कार्यहरूमा लगाइन्थ्यो । कृषिकार्य, भारवहन, रथ (यातायात) कार्यका लागि पशुको प्रयोग हुन्थ्यो । ऊँट ,गोरु, गधा, खच्चर, घोडा, आदि पशुहरूबाट भारवहन, रथ यात्रा गराइन्थ्यो ।[४६] पशुपालनलाई आर्थिक एवं औद्योगिक दृष्टिबाट पनि अत्यधिक उपयोगी मानिएको थियो । चर्म तथा मांसको कारोवार पनि पशुपालनबाट गरिन्थ्यो । चर्म कारोवारको लागि सिंह, बाघ तथा हात्तीलाई पनि प्रयोगमा ल्याइन्थ्यो ।[४७] रौँ, ऊनको कारोवारको लागि पनि पशुपालन गरिन्थ्यो । दाँतको कारोवारको लागि हात्तीको प्रयोग गरिन्थ्यो । विभिन्न

४४. दिव्यावदान- ४१५।२६।२९
४५. दिव्यावदान- ४१५।२६।२९
४६. दिव्यावदान - ३ । १६ । २१
४७. "चर्मणार्थ सिंह व्याघ्रद्वीपयो हन्यति"- महावस्तु- २।२१३

औषधीहरूको लागि तित्रा, कालिज आदि पंक्षीहरूको बध गरिन्थ्यो ।[४८]

मांसको लागि मृग, बराह, भेडाको कारोवार हुन्थ्यो ।[४९] गोरुको प्रयोग खेत जोत्न तथा गोरु गाडा तान्न प्रयोग हुन्थ्यो । गाई, भैसी तथा बाखा दूधका लागि पालिन्थे । खुल्ला खेतमा चरनको व्यवस्था गरिन्थ्यो । घोडाको पालन तथा खरीद बिक्री समेत हुन्थ्यो । अतः पशुपालन आर्थिक दृष्टिबाट महत्वपूर्ण कार्य थियो । जसको सहयोगबाट मानिसहरूको जीविका चल्दथ्यो । पशुपाल, गोपाल, महिषपाल तथा तृणहारहरूको विभिन्न 'श्रेणी' (संघ) गठनले उक्त समयको पशुपालन व्यवसायको उन्नत दशाको बोध गराउँदछ । प्रसिद्ध बौद्ध ग्रन्थ ललितविस्तरको अध्ययनबाट ज्ञात हुन्छ, त्यस समयमा अश्वलक्षण, हस्तिलक्षण, गोललक्षण, अजलक्षण, मिश्रलक्षण आदिको अध्ययन-अध्यापन समेत हुन्थ्यो ।[५०] सुत्तपिटकमा हात्तीका दाँतका विभिन्न कलात्मक वस्तुहरूको निर्माण गर्ने कर्मको वर्णन गरिएको छ । त्यो समयमा आफ्नो अद्‌भूत हस्तकौशल एवं कलात्मक कल्पनाद्वारा हात्तीका दाँतबाट विभिन्न वस्तुहरू निर्माण गरिन्थ्यो । यस्तो कार्य गर्नेलाई दन्तकार भनिन्थ्यो र यिनीहरू बस्ने निवासस्थानलाई दन्तकार विथि भनिन्थ्यो ।[५१] तत्कालीन समयमा हात्तीको व्यवसाय एक महत्त्वपूर्ण व्यवसाय थियो । यसको कारोवार गर्ने व्यवसायीहरू जंगलमा गएर हात्तीको शिकार गर्दथे तथा विभिन्न वस्तुहरू निर्माण गरेर विभिन्न स्थान एवं संस्थाहरूमा हात्ती दाँतको आपूर्ति गर्दथे ।[५२] यस्तो कार्यको प्रमुख केन्द्र काशीमा थियो । जातक साहित्यको अध्ययनबाट ज्ञात हुन्छ, दन्त व्यवसायका लागि जीवित हात्तीलाई समात्ने गरिन्थ्यो । मृत हात्तीभन्दा जीवित हात्तीको दाँतलाई कारोवारमा उत्तम मानिथ्यो । हात्ती दाँतका विभिन्न खेलौना, घरेलु वस्तुहरूको निर्माण हुन्थ्यो । संयुक्त निकायको अध्ययनबाट हात्ती दाँतलाई पलंगमा समेत जोडिने कुरा ज्ञात हुन आउँदछ ।[५३] दीघ निकायमा उल्लेख गरिए अनुसार हात्तीको दाँतको प्रयोग रथको सजावटको लागि पनि हुन्थ्यो । अन्य विभिन्न बहुमूल्य धातुहरू सरह यसको कारोवार हुने गर्दथ्यो । यी सवै कुराहरूको अध्ययनबाट यो कुरा स्पष्ट हुन्छ बुद्धकालीन व्यवसायमा पशुपालन व्यवसाय अन्यन्तै महत्वपूर्ण थियो ।

### ३.५ व्यापार तथा वाणिज्य व्यवसाय

बुद्धकालीन समाजमा मानिसहरू व्यापारको लागि विभिन्न सामाग्री लिएर देश-देशान्तरहरूमा घुम्ने गर्दथे ।[५४] विभिन्न धातु, द्रव्य एवं वस्तुहरू बेच्ने व्यापारी लाई वणिक् भनिन्थ्यो । वैश्यहरूको प्रमुख जीविका वाणिज्य नै थियो ।[५५] आन्तरिक तथा वाह्य व्यापार स्थलमार्ग एवं समुद्री मार्गबाट समेत हुन्थ्यो । वाणिज्यको माध्यमबाट व्यक्तिले आफ्नो आर्थिक जीवनलाई सबल एवं सशक्त

---

४८. बालार्थ चमरीयो हन्यन्ति, भैसज्यार्थ तित्तिर कंपिनलानि हन्यन्ति " – महावस्तु- २।२।३।८
४९. बालार्थ चमरीयो हन्यन्ति, भैसज्यार्थ तित्तिर कंपिनलानि हन्यन्ति " – महावस्तु- २।२।३।८
५०. ललित विस्तार- १५६।१५
५१. शीलकन्नाग जातक ,पु.३२०
५२. शीलकन्नाग जातक ,पु.३२०
५३. संयुत्त निकाय तृ. २२।९६।१०६
५४. "पयंपण्यमादाय देशान्तरं गच्छाम " - दिव्यावदान १७।११
५५. "वाणिज्य जीविनो वैश्यान " - दिव्यावदान ३६१।१७

बनाउदथे । वाणिज्यको उल्लेख मज्झिमनिकायमा पनि पाइन्छ ।[५६] वाणिज्यको पर्यायको रूपमा व्यापार शब्दको उल्लेख सुत्तनिपातमा पाइन्छ । व्यापार गर्ने व्यक्तिलाई वणिक भनिन्थ्यो । विभिन्न ग्राम- नगर विकासको साथ साथमा वस्तुहरूको क्रय-विक्रयबाट व्यापारको उदय भएको थियो । व्यापारबाट व्यापारिक मार्गहरूको पनि विकास भयो । ईशा पूर्व छैठौं शताब्दीमा नै अनेकानेक ग्राम तथा नगरहरूको विकास भएको र त्यहां क्रय- विक्रय काम पनि प्रारम्भ भएको उल्लेख पाइन्छ । तत्कालीन समयमा भूगोलको विभाजन उत्तरापथ एवं दक्षिणापथको रूपमा भएको थियो । बौद्धवाङ्मयमा उल्लेख भए अनुसार दक्षिणापथ एवं उत्तरापथको माझमा व्यापार हुन्थ्यो । दक्षिणापथका दुई व्यापारीहरू आफ्ना व्यापार सामग्रीहरू लिएर उत्तरापथमा आएको कुरा ललित विस्तर काव्यमा उल्लेख गरिएको छ । ती व्यापारीको साथमा व्यापारजन्य सामग्रीले भरिएका पाँच सय रथहरू तथा यात्रुहरू समेत थिए ।[५७] तत्कालीन समयमा व्यापारिक वस्तुहरू एक स्थानदेखि अर्को स्थानसम्म लैजानका लागि रथ, घोडा, गोरुगाडा, ऊटँ, हात्ती तथा गधा आदिको प्रयोग गरिन्थ्यो । डुँगाको सहायताबाट पनि नदीहरूमा सामान ओसार-पसार गरिन्थ्यो । विभिन्न जातक साहित्यको अध्ययनबाट थाहा हुन्छ कि, विभिन्न भागका वणिक्हरू अनेकानेक मार्गहरूबाट व्यापारको लागि यात्रा गर्ने गर्दथे । सुदूर पूर्व देखी पश्चिम सम्म एक विशाल मार्ग थियो । मगध - मिथिला - वाराणसी - कौशाम्बी सम्म यस मार्गको पँहुच एवं प्रयोग थियो ।[५८] विदेहदेखि काश्मीर एवं गान्धारसम्म व्यापारीहरू आवत जावत गर्ने गर्दथे । सिन्धु प्रान्तको अश्व (घोडा) अन्य विभिन्न नगरहरूमा विक्रयको लागि लैजाने गरिन्थ्यो ।[५९] वाराणसी नगरलाई तत्कालीन समयको प्रमुख व्यापारिक केन्द्र मानिन्थ्यो । प्रत्येक दिशामा जाने व्यापारिक मार्ग यही देखि जान्थे । वाराणसी जस्तै अर्को प्रमुख व्यापारिक केन्द्रको रूपमा चम्पा नगर रहेको थियो । चम्पानगर र मिथिला नगरमा स्थलमार्ग थियो । उक्त चम्पानगर एवं मिथिला नगरको स्थल मार्गको साथसाथै अन्य विभिन्न मार्गहरूको नाम जातक कथामा उल्लेख भएको पाइन्छ । महावग्ग, महापथ, राजमग्ग, एवं उपपथ आदि शब्दको उल्लेख सडक मार्गको रूपमा जातक कथामा पाइन्छ । उक्त सडकमार्गहरूको विभिन्न कठिनाइहरू उत्पन्न हुन्थ्यो भन्ने कुरा छन्दक जातकमा उल्लेख गरिएको छ ।[६०] बाटोमा यात्रीहरूको लागि पिउने जलको समस्या हुन्थ्यो । केही स्थानहरूमा कुवा को व्यवस्था थियो । बुद्धको महापरिनिर्वाण पूर्वका केही घटनाहरूको वर्णन गर्दै दीघ निकायमा भनिएको छ–"सयौ वैल गाडीहरूको समूह एवं व्यापारीहरूले बुद्ध उभिरहेको झरनाको छेऊबाट उक्त झरनालाई पार गरे जहाँ आनन्द पानी पिउने तयारीमा थिए । गोरुगाडाले पानी दूषित पारेको हुँदा उक्त दूषित पानी नपिउन बुद्धले आनन्दलाई सल्लाह दिए" ।[६१]

अङ्गुत्तर निकायमा उत्तरदिशाका अनेक नदीहरू गंगा, यमुना, अचिरावती, सरयू आदिलाई महानदीको रूपमा उल्लेख गरेको पाइन्छ । यी नदीहरूमा डुङ्गाको माध्यमद्वारा व्यापारिक जलमार्गको रूपमा

५६. यदि कसिया यदि वणिज्जाय यदि गोरक्खेन मज्झिम निकाय १३।४।२
५७. ललित विस्तर, मित्रा ४९३।११-१२
५८. जातक कथा:१,३,९८,१२६,३६५,४७१,५०२ ।
५९. जातक कथा:१,३,९८,१२६,३६५,४७१,५०२ ।
६०. छन्दक जातक पं. ४६
६१. आनन्दो भगवन्तं एतदवोच – इदानि, भन्ते, पन्चमत्तानि सकटानि अतिक्कत्तानि । दीघ निकाय द्वि.३।२०

सामानहरू ओसार पसार गरिन्थ्यो । सुत्तपिटकमा ठूलासाना सबै व्यापारीहरूको वर्णन गरेको पाइन्छ । साना व्यापारीहरू घुमी घुमी आफ्ना सामानहरू बेच्दथे ।[६२] समाजमा ठूला व्यापारीहरूको विशिष्ठ स्थान थियो । सर्वत्र उनीहरूको प्रतिष्ठा थियो । व्यापारिक समुदायको सम्मानित सदस्यलाई गहपति भनिन्थ्यो । श्रेष्ठी पनि भनिन्थ्यो । साना व्यापारीहरूलाई कारोवारको अनुमति दिने काम गहपति बाट हुन्थ्यो । श्रेष्ठीलाई आफ्नो उन्नतिको साथ साथ राज्यको समृद्धिमा पनि महत्वपूर्ण भूमिका खेल्ने सदस्यको रूपमा लिइन्थ्यो । राजदरवारमा श्रेष्ठीलाई सम्मानित सदस्यको रूपमा प्रतिनिधित्व गराइन्थ्यो । राजपुट्ठान – राजसभामा सम्मिलित भएर श्रेष्ठीले विचारणीय विषयमाथि आफ्नो मत व्यक्त गर्दथ्यो ।[६३] तत्कालीन समयमा व्यापारविज्ञ व्यक्तिलाई सार्थवाह पदमा नियुक्त गरिन्थ्यो । जसले व्यापारिक निर्देशन दिने गर्दथ्यो । व्यापारी समुदायको सहायता गर्दथ्यो ।[६४] वणिक् एवं सार्थवाहको सम्बन्ध राम्रो हुन्थ्यो । जलयान चालकलाई कर्णधार एवं महाकर्णधार भनिन्थ्यो । यिनीहरूको सम्बन्ध पनि राम्रो हुन्थ्यो ।

३.६ कताइ-बुनाइ (वस्त्र ) व्यवसाय

मानिस आहारको खोजी संगसंगै आफ्नो शरीर ढाक्नको लागि वस्त्रको खोजीमा लागेको थियो । सभ्यताको विकासमा मनुष्य आहारको साथसाथै आच्छादनमाथि पनि विभिन्न प्रयोग गरिरहेको थियो । शरीर रक्षाको लागि वस्त्रको महत्वपूर्ण स्थान रहेको हुन्छ । सुत्तपिटकमा वस्त्र प्रयोगको बारेमा विस्तृत जानकारी पाइन्छ । तत्कालीन समयमा कपास (कप्पासिक) खेति यति धेरै हुन्थ्यो मानिस देवताले कपासको वर्षा गरे भन्ने विश्वास गर्दथे ।[६५] कपासलाई सफा गरेर, परिकर्म तथा श्लक्ष्ण गरेर त्यसलाई वस्त्र बनाउनका लागि धागो कातिन्थ्यो । त्यस समय वस्त्र उद्योगको विकास मात्र भएको थिएन प्रत्येक व्यक्तिले धागो कात्ने र रङ्गीविरङ्गी वस्त्र बनाउने प्रचलन थियो । बौद्धवाङमयका विभिन्न ग्रन्थहरूमा वस्त्र बनाउने विभिन्न व्यवसायीहरूको नाम उल्लेख छ । वस्त्र व्यवसायी- पेशकर, बुन्नेवाला- तन्तुवाय, वस्त्र बुन्ने उपकरण- तन्तुखण्ड, वस्त्रबुन्ने स्थान- तन्तवितानम् आदि शब्दको प्रयोग विभिन्न बौद्धग्रन्थहरूमा पाइन्छ ।[६६] त्यस समयका विभिन्न प्रकारका उत्तम, बहुमूल्य एवं चित्राङ्कित वस्त्रहरूको प्रयोग हुन्थ्यो ।[६७] वस्त्र बुन्नेवाला तन्तुवायद्वारा निर्मित विभिन्न प्रकारका वस्त्रहरूको उपयोग सामान्य व्यक्तिदेखि राजा एवं भिक्षुवर्गलेसम्म गर्दथे । समृद्धशाली एवं राजा-महाराजाहरूले लगाउने वस्त्रमा विभिन्न रत्नहरू जडान गर्ने प्रचलन थियो । भिक्षुहरूलाई यस्तो वस्त्र प्रयोग गर्न वर्जित गरिएको थियो । यस्तो वस्त्र प्रयोग गर्नु विलासिताको द्योतक मानिन्थ्यो । त्यस समयमा कपास एवं त्यसबाट कातिएको धागोको क्रय-विक्रय प्रत्येक घरघरमा हुन्थ्यो । सुती वस्त्र बुन्नेवालाहरूको आफ्नो श्रेणी (कार्पासिक) हुन्थ्यो ।[६८] कुशबाट पनि

---

६२. जातक प्र.पृ. १११
६३. जातक तृ. पृ. ११९, २६९
६४. दिव्यावदान – ५९
६५. दिव्यावदान १३२।७-८
६६. दीघनिकाय प्र.पृ.५१, जातक च.पृ.४७५,प्र.पृ.३५६
६७. दीघनिकाय प्र.१/२/१५ मज्झिम निकाय प्र.१२/६/१४
६८. महावस्तु जि.३/४४२/१४

कपडा बनाउने चलन थियो । कुशको वस्त्रलाई कुशचीर भनिन्थ्यो । वल्कलवस्त्र पनि प्रचलनमा थियो । आर्थिक दृष्टिकोणबाट यी वस्त्रहरूलाई महत्वपूर्ण मानिन्थ्यो । रेशमी वस्त्र बुन्नेवालाहरूको श्रेणीलाई कौशाविक र ऊनी वस्त्र बुन्नेहरूको श्रेणीलाई उर्णवायक भनिन्थ्यो ।[६९] वस्त्र बुन्नको लागि कच्चासामग्रीको रूपमा कपास-कप्पासिक, ऊन- ऊर्ण, सन-साण, भंग-पहुआ आदिको प्रयोग गरिन्थ्यो । यी सामग्रीहरूबाट निर्मित वस्त्रको प्रयोग भिक्षु, गृहस्थ एवं साहु महाजन समेतले गर्दथे । इशापूर्व छैठौं शताब्दीमा विभिन्न ग्रामनगरको विकासको साथसाथमा विभिन्न पेशाजन्य घरेलुउद्योगहरूको विकास पनि भएको कुरा विभिन्न बौद्धसाहित्यको अध्ययनबाट ज्ञात हुन्छ । विभिन्न घरेलु उद्योग व्यवसाय मध्ये कताइ-बुनाइ व्यवसाय प्रमुख थियो । यस्तो (वस्त्र निर्माण) व्यवसायसँग सम्बन्धित विभिन्न नगरहरूको नाम बौद्धसाहित्यमा उल्लेख भएको छ । ‘काशी’ वस्त्र व्यवसायको प्रमुख केन्द्रको रूपमा रहेको थियो । काशीमा बनेको वस्त्रलाई काशिक वस्त्र (काशीकानि वस्त्राणि) भनिन्थ्यो ।[७०] रेशमी वस्त्रलाई अंशु-अंशुक भनिन्थ्यो भने काशीमा बनेको रेशमको वस्त्रलाई काशिकांशु भनिन्थ्यो । काशीक्षेत्रलाई काशीजनपद भनिन्थ्यो, जुन क्षेत्र वस्त्र व्यवसायका लागि प्रसिद्ध थियो अंगुत्तर निकायमा उल्लेख गरिए अनुसार काशीजनपदमा विभिन्न प्रकारका वस्त्रहरूको निर्माण एवं बिक्री हुन्थ्यो । कौशेय, और्ण एवं क्षौम नामका सुन्दर एवं मनमोहक खालका वस्त्रहरूको निर्माण काशी जनपदमा हुन्थ्यो ।[७१] भगवान् बुद्धको महापरिनिर्वाण पश्चात् उनको शरीरलाई काशीमा बनेको वस्त्रले ढाकिएको थियो । यसबाट काशीमा बनेको वस्त्रको प्रसिद्धि ज्ञात हुन्छ । काशी निर्मित वस्त्र यति मिहिन एवं खादिंएको हुन्थ्यो कि त्यसमा तेल खन्याए पनि वारपार हुदैनथ्यो ।[७२] काशीमा निर्मित वस्त्रलाई आनन्ददायक एवं सौन्दर्ययुक्त मानिन्थ्यो ।[७३] काशीको अतिरिक्त वस्त्र व्यवसायमा कश्मीर एवं गान्धारक्षेत्रलाई पनि गणना गरिन्थ्यो । साथै कौशाम्बी, श्रावस्ती, राजगृह, चम्पा, वैशाली, मिथिला, कुशीनगर आदि स्थानहरूमा पनि वस्त्र बुन्ने घरेलु उद्योग स्थापना भएका थिए ।

### ३.७ मृद्भाण्ड कला/ व्यवसाय

मृद्भाण्ड कलाको सम्बन्ध माटाका भाँडा एवं खेलौना बनाउने पेशासँग छ । माटाका भाँडा बनाउनेलाई कुम्भकार (कुमाल ) भनिन्छ । तत्कालीन समाजमा मृद्भाण्ड कलाको धेरै विकास भएको थियो । विभिन्न प्रकारका घैंटाहरूदेखि लिएर सानाठूला भाँडा निर्माण गरिन्थ्यो । आजभोलि जसरी चक्का घुमाएर माटाका भाँडा बनाउने चलन छ, त्यो बेला पनि त्यही चलन थियो । त्यो समयमा पनि विभिन्न प्रकारका रङ्गीविरङ्गी माटाका भाँडाहरूमा बुट्टा भरिन्थ्यो । बौद्धसाहित्यको मज्झिमनिकायमा कुम्भकारद्वारा आवश्यकतानुसारका माटाका भाँडाहरू एवं अन्य अभीष्ट पात्रहरू बनाउने कुराको उल्लेख गरिएको छ । कुम्भकारका सहयोगी एवं प्रशिक्षार्थीहरूले माटोलाई कुटेर

---

६९. ऐ.ऐ. ।

७०. महावस्तु जि.३/४५८/१६

७१. महापरिनिब्बान सुत्त-५,२६ ।

७२. रन्जो,वासेठ्ठा,चक्कवतिस्स शरीरं अहतेन वत्थेन वेठेन्ति अहतनेन वत्थेन वेठेत्वा विहितेन कप्पासिन वेठेन्ति, विहतेन कप्पासेनवेठेत्वा अहतेन वत्थेन व वेठन्ति । - दीघनिकाय द्वि.३।२४।१०३

७३. “कासिक सुखुमानि धारय”-थेरगाथा-३७९

चिल्लो वा नरम बनाउने गर्दथे ।[७४] तत्कालीन समाजमा कुम्भकारलाई कलाकारको रूपमा लिइन्थ्यो। कुम्भकारले पहिले कच्चा माटो जम्मा गर्दथे । सहयोगी एवं प्रशिक्षार्थीहरूले माटोलाई कुटेर आवश्यकतानुसार गाई-भैसीको गोबर र भुससमेत मिसाएर भाँडाहरू बनाउने माटो तयार गर्दथे । माटो तयार भएपछि कुम्भकारले त्यसलाई चक्कामा राखेर घुमाउँदै आफ्नो कला र दक्षता अनुसारका भाँडाहरू - कटौरा, पाला, सुराही, घैंटा तथा विभिन्न प्रकारका पात्रहरू तयार गर्दथे । यसरी बनेका पात्रहरू बलिया पनि हुन्थे ।[७५] कुम्भकारहरू ग्राम तथा नगर क्षेत्रबाट बाहिर बस्ने गर्दथे । काचो माटोलाई माडेर भाँडा बनाइसकेपछि त्यसलाई सुकाइन्थ्यो र सुकेपछि आगोमा पकाइन्थ्यो । यसरी पाकेका भाँडाहरू मात्र बिक्रीका लागि ग्राम तथा नगरमा लगिन्थ्यो । तत्कालीन समयमा भात पकाउने भाँडाका रूपमा हाँडी र दाल पकाउने काममा परियोग नाम गरेको भाँडाको प्रयोग गर्ने चलन थियो ।[७६] माटाका भाँडाहरू एवं पात्रहरू सस्तो तथा सफा पनि हुनेभएकाले सबै वर्गका मानिसहरूले प्रयोग गर्दथे । बुद्धले भिक्षुहरूलाई यिनै माटाका पात्रहरूको प्रयोग गर्न भनेका थिए ।[७७] कुम्भकारले भाँडाका साथसाथै खेलौनाको पनि निर्माण गर्ने कुरा मज्झिमनिकायमा उल्लेख गरिएको छ । जस्तै- वंकड, घटिक, मोक्खचिक, चिंगुलक, पाल, आढक, रथक, धनुक आदि खेलौनाका नाम थिए । कुम्भकारको जीवनचर्याको बारेमा सुत्तपिटकमा पनि विभिन्न सामग्रीहरू प्राप्त छन् । कुम्भकारलाई मज्झिमनिकायमा बुद्धका उपासक समेत बताइएको छ । यसरी बौद्धसाहित्यमा उल्लिखित विभिन्न तथ्यको आधारमा भन्नु पर्दा यो व्यवसाय तत्कालीन समयको ग्रामीण अर्थव्यवस्थाको आधारस्तम्भ नै थियो । धेरै मानिसहरू यस्तो व्यवसाय अपनाएर आफ्नो जीवन निर्वाह गर्दथे।

## ४.उपसंहार र उपलब्धि

यसरी बुद्धकालीन समयमा समाजलाई आर्थिकरूपमा सम्पन्न राख्नका लागि धातु कर्म वा धातु व्यवसाय, कृषि, काष्ठकर्म, मृद्भाण्ड व्यवसाय, पशुपालनजस्ता दैनिक जनजीवनका आवश्यक र महत्त्वपूर्ण व्यवसायहरू प्रचलनमा थिए । समाजलाई व्यवस्थित र समृद्ध बनाउन गरिने यस्ता व्यवसायको माध्यमबाट मानिसको जीवननिर्वाह मात्र नभई देश-विदेशसम्म पनि कला-संस्कृतिको प्रचार भएको हामीहरूलाई ज्ञात हुन्छ । काष्ठकला, वस्त्रकला र माटाका भाँडामा कुँदेका बुट्टाहरूबाट तत्कालीन समाजको कलाकृतिको ज्ञात हुन्छ । बौद्धवाङ्मयमा उल्लिखित विभिन्न तथ्यको आधारमा भन्नु पर्दा यी व्यवसायहरू तत्कालीन समयका अर्थव्यवस्थाको आधारस्तम्भ थिए ।

---

७४. जातक द्वि. पृ.८

७५. जातक प्र. पृ.२०५

७६. निखन्तो खो ते, भन्ते उपद्वाको अन्तो कुम्भिया ओदनं गहेत्वा परियोगात रुप गहेत्वा । - मज्झिमनिकाय द्वि.३१/३/९

७७. मज्झिम निकाय, हिन्दी अनुवाद, राहुल सांकृत्यायन , पृ. १५१ ।

सन्दर्भ ग्रन्थसूची

बौद्धदर्शन मीमांसा, वाराणसी : चौखम्बा विद्याभवन, पञ्चम संस्करण १९९९ ।
आचार्य, नरेन्द्रदेव बौद्धधर्मदर्शन, नईदिल्ली : मोतीलाल वनारसीदास, पुनर्मुद्रण सन् २००१ ।
बौद्धसंस्कृति बनाम ब्राह्मणवाद, नईदिल्ली : सम्यक् प्रकाशन,प्रथम संस्करण २००३ ।
उपाध्याय, डा. भरतसिंह पाली साहित्य का इतिहास,.... हिन्दी साहित्य सम्मेलन, प्र.सं.२००८ ।
भारतीय दर्शनका इतिहास, राजस्थान : राजस्थान हिन्दी ग्रन्थ अकादमी, प्रथम सं., सन् २०११ ।
धर्मकीर्ति बुद्ध का समाजदर्शन, नईदिल्ली : सम्यक् प्रकाशन, सन् २००८ ।
धम्मपद, भिक्षु धर्मरक्षित,(अनु./लेखक), (मूलपाली, संस्कृत छाया और हिन्दी अनुवाद) वाराणसी : मोतीलाल वनारसीदास, तृ.सं सन् १९८३ ।
नागरत्न बौद्ध जीवनमार्ग, नईदिल्ली : सम्यक् प्रकाशन, प्रथम संस्करण,१९९७ ।
बौद्धदर्शन के २५०० वर्ष,भारत सरकार : प्रकाशन विभाग, सूचना तथा प्रसारण मन्त्रालय, पुनर्मुद्रण सन् २०१० ।
अङ्गुत्तरनिकाय,(हिन्दी अनुवाद), स्वामी द्वारिकादासशास्त्री, (सं./अनु.) , वाराणसी : बौद्धभारती प्रकाशन,सन् २००३ ।
खुद्दकनिकाय (सम्पूर्ण)-हिन्दी अनुवाद, स्वामी द्वारिकादासशास्त्री, (संपादक/अनुवादक), वाराणसी : बौद्धभारती प्रकाशन,सन् २००३ ।
दीघनिकाय-हिन्दी अनुवाद, स्वामी द्वारिकादास शास्त्री, (संपादक/अनुवादक), वाराणसी : बौद्धभारती प्रकाशन,सन् २००३ ।
मज्झिमनिकाय-हिन्दी अनुवाद, स्वामी द्वारिकादासशास्त्री, (संपादक/अनुवादक) , महावग्गपाली, वाराणसी : बौद्धभारती प्रकाशन,सन् २००३ ।
संयुत्तनिकाय-हिन्दी अनुवाद, स्वामी द्वारिकादासशास्त्री, (संपादक/अनुवादक), वाराणसी : बौद्धभारती प्रकाशन,सन् २००३ ।
सांकृत्यायन, महापण्डित राहुल, विनयपिटक (हिन्दी अनुवाद), नईदिल्ली : सम्यक् प्रकाशन, प्रथम संस्करण २००८ ।
ललितविस्तर, (संम्पा. शान्तिभिक्षु शास्त्री), लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, प्र.सं सन् १९८४ ।

# प्रमुख उपनिषद् : एक चर्चा•

गंगाराम नेपाल
उपप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

सार

वैदिक वाङ्मयको गूढतत्वको रूपमा रहेका उपनिषद् ग्रन्थहरू भारतीय तत्वज्ञान एवं धार्मिक सिद्धान्तको मूलस्रोत मानिन्छन् । आत्मविद्या एवं रहस्यात्मकज्ञानको चर्चा गरिएका उपनिषद् ग्रन्थहरू धेरै भए पनि भारतीय परम्परामा १०८ उपनिषद्लाई नै सारभूत रूपमा लिएको पाइन्छ । त्यसमा पनि चौधवटा उपनिषद्लाई प्रामाणिक मानिएको हुनाले तीनै चौधवटा उपनिषद्हरूको व्याख्या एवं विश्लेषण गरिएको छ । यसै सन्दर्भमा केन्द्रित रहेर यसमा उपनिषद्को परिचय र उपनिषद्को संख्या आदिको चर्चा गर्ने कोशिस गरिएको छ ।

शब्दकुञ्जि : वाङ्मय, उत्पादक, ब्रह्मसाक्षात्कार, रहस्यविद्या, प्रज्ञान, जीवात्मा, परब्रह्म, निर्विकार, सुषुप्ति ।

## १. विषय परिचय

वैदिक वाङ्मयका क्षेत्रमा उपनिषद्को स्थान अत्यन्त महत्त्वपूर्ण छ । उपनिषद्लाई वैदिक वाङ्मयको मणिको रूपमा लिइन्छ । भारतीय तत्वज्ञान एवं धार्मिक सिद्धान्तको मूल स्रोत यहि उपनिषद् लाई नै मानिन्छ । ब्रह्मविद्याको प्रतिपादक ग्रन्थ विशेषका रूपमा रहेको उपनिषद्ले जन्म मरण रोगव्याध आदि अनर्थको नष्ट गर्दै परब्रह्मको प्राप्त गराउँदछ । त्यसैगरी अविद्या आदि सम्पूर्ण संसारका कारणको समूल नष्ट गराउने भएकाले नै वैदिक वाङ्मयका क्षेत्रमा उपनिषद्को विशिष्ट स्थान छ । प्राचीन समयमा उपनिषद्को अध्ययन अध्यापन एकान्त स्थानमा गर्ने गरिन्थ्यो । त्यसैले यसलाई रहस्यविद्या पनि भनिन्छ । रहस्यात्मक ज्ञान एवं आत्मविद्याको चर्चा गरिएको यो उपनिषद् वेदको अन्तिम भाग भएकाले 'वेदान्त' पनि भनिन्छ । भारतीय तत्वज्ञानको मूलस्रोतका रूपमा रहेको उपनिषद्ले मानव जातिको जिज्ञासा शान्त गराउन त्यसैगरी सत्यको दर्शन गराउनमा समर्थ छ । यसमा आत्मा, ब्रह्मा, जीव जगत्, पुनर्जन्म सिद्धान्त, आचार व्यवहार, नैतिक आदर्श आदिको विवेचना पाइन्छ । पश्चिमी विद्वान्हरूले उपनिषद्लाई विश्वको दार्शनिक विचारधाराको पथप्रदर्शक मान्दै विभिन्न भाषाहरूमा अनुवाद गरेका छन् ।

## २. समस्या, उद्देश्य र विधि

(क) उपनिषद्को परिचय र यसका संख्या कति छन् ?
(ख) उपनिषद्को रचनाकाल कहिले हो ?
(ग) उपनिषद्ले मानव जीवनलाई कस्तो मार्ग दर्शन गरेको छ ?

• लेखप्राप्त मिति २०७५ श्रावण ३, विज्ञद्वारा परीक्षण श्रावण १३, प्रकाशनार्थ प्राप्त श्रावण २४ गते ।

उपनिषद् शब्द उप एवं नि उपसर्ग भएको सद् धातुमा क्विप् प्रत्यय लागेर बन्दछ । जसको अर्थ हुन्छ, "नजिकै बस्नु अर्थात् गुरुको समीप गएर ज्ञान प्राप्त गर्नु" । ईशावास्योपनिषद्को भूमिकामा उपनिषद् लाई यसरी वर्णन गरिएको पाइन्छ – 'जुन विद्याले समस्त अनर्थ उत्पादक सांसारिक क्रियाकलापको नाश गर्दछ संसारको कारणभूत अविद्या (माया) को बन्धनलाई शिथिल गर्दछ , त्यसैगरी ब्रह्मसाक्षात्कार गराउँदछ त्यसैलाई उपनिषद् भनिन्छ' । उपनिषद्को संख्या धेरै भएपनि १०८ उपनिषद्लाई नै सारभूत उपनिषद्को रूपमा लिइएको पाइन्छ । "सर्वोपनिषदां मध्ये सारमष्टोत्तरं शतम्" मुक्तिकोपनिषद्मा बताइएको यो वाक्यबाट पनि उपनिषद्हरू धेरै भएपनि सारभूत रूपमा १०८ लाई नै लिएको पाइन्छ । उपनिषद्को रचनाकालको विषयमा विद्वान्हरूमा मतैकता पाइदैन । वैदिककालको अन्त्य र ब्राह्मणयुगको समकालिन समयमा उपनिषद्हरू रचना भएका हुन् भन्न सकिन्छ । उपनिषद्ले मानव जीवनमा आचार, व्यवहार एवं नैतिक आदर्श आदिको मार्गदर्शन गरेको पाइन्छ ।

यसमा सामग्री सङ्कलन गर्न पुस्तकालयको अध्ययन गरेर व्याख्यान एवं विश्लेषण विधि अङ्गीकार गरिएको छ ।

३. विश्लेषण

भारतीय परम्परामा उपनिषद्को संख्या १०८ मानिएको छ, जसमा ऋग्वेदसंग सम्बद्ध १० उपनिषद्, शुक्लयजुर्वेदसंग सम्बद्ध १९, कृष्णयजुर्वेदसंग सम्बद्ध ३२, सामवेदसंग सम्बद्ध १६ र अथर्ववेदसंग सम्बद्ध ३१ उपनिषद् छन् । उपनिषद्को संख्या धेरै भएपनि यिनै १०८ उपनिषद्लाई नै सारभूत उपनिषद्को रूपमा लिइएको पाइन्छ । "सर्वोपनिषदां मध्ये सारमष्टोत्तरं शतम्" मुक्तिकोपनिषद्मा बताइएको यो वाक्यबाट पनि उपनिषद्हरू धेरै भएपनि सारभूत रूपमा १०८ लाई नै लिएको पाइन्छ । त्यसमा पनि मुक्तिकोपनिषद्मा प्रसिद्ध उपनिषद्को संख्या निम्नानुसार वर्णन गरिएको पाइन्छ ।

ईश केन कठ प्रश्न मुण्ड माण्डुक्य तित्तिरिः ।
ऐतेरेयं च छान्दोग्यं बृहदारण्यकं दश ।। १.३० ।।

ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, तैत्तिरीय, ऐतेरेय, छान्दोग्य तथा बृहदारण्यक गरी दश उपनिषद्लाई प्राचीन तथा प्रामाणिक मानिएको छ । यसका अतिरिक्त कौषितकि, श्वेताश्वतर, मैत्रायणी र महानारायणोपनिषद्लाई पनि प्रामाणिक मानिन्छ । यी चौध उपनिषद्हरूमा विभिन्न विद्वान्हरूले भाष्य गरेको पाइन्छ । उपनिषद्को संख्या धेरै भएता पनि थोरैमा मात्र वास्तविक वेदसंग सम्बन्धित दार्शनिक विषयहरू रहेको पाइन्छ । अधिकांश धार्मिक एवं पौराणिक विषयसंग सम्बन्धित छन् ,वेदसँग सम्बद्ध प्रमुख उपनिषद्हरू निम्नानुसार रहेका छन् –

ऋग्वेद

- ऐतेरेय उपनिषद्
- कौषितकि उपनिषद्

शुक्लयजुर्वेद

- ईशोपनिषद्
- बृहदारण्यकोपनिषद्

कृष्णयजुर्वेद

– तैत्तिरीयोपनिषद्
– कठोपनिषद्
– श्वेताश्वतरोपनिषद्
– मैत्रायणी उपनिषद्
– महानारायणोपनिषद्

सामवेद

– छान्दग्योपनिषद्
– केनोपनिषद्

अथर्ववेद

– मुण्डकोपनिषद्
– माण्डुक्योपनिषद्
– प्रश्नोपनिषद्

३.१ ऐतरेयोपनिषद्

ऋग्वेदको ऐतरेयब्राह्मणसंग सम्बद्ध यो ऐतरेयोपनिषद्मा तीन अध्याय रहेका छन् । ऋग्वेदको पुरुषसुक्तको आधारमा प्रस्तुत भएको यो उपनिषद्मा पुरुषलाई आत्मा (ब्रह्मा) को व्यक्त रूपमा वर्णन गरिएको पाइन्छ । पुरुषको इन्द्रिय मन र हृदयमा आत्मा रहेको हुन्छ । उसका विभिन्न अवयवहरूमा देवताको प्रवेश भएको हुन्छ । गुरुकृपा द्वारा सर्वव्यापक परमेश्वरको ज्ञान भएपछि मात्र परमात्माको शुद्ध स्वरूपको साक्षात्कार हुन्छ भन्दै आत्माको स्वरूपको वर्णन गरिएको पाइन्छ । त्यस्तै प्रज्ञानको महिमा वर्णित छ । प्रज्ञान नै ब्रह्म हो, यसबाट नै समस्त विश्वको उत्पत्ति भएको भन्दै प्रज्ञानको विशिष्ट वर्णन गरिएको छ ।

३.२ कौषितकि उपनिषद्

कौषितकि ब्राह्मणसंग सम्बन्धित कौषितकि आरण्यकको तीन अध्याय देखि छ अध्यायसम्मको भागलाई कौषितकि उपनिषद् भनिन्छ । यस उपनिषद्मा जम्मा चार अध्याय छन् । प्रथम अध्यायमा मृत्यु पश्चात् जीवात्माको देवयान र पितृयान नामक मार्गको वर्णन पाइन्छ । यसमा जीवात्मा विभिन्न लोकहरूमा भ्रमण गर्दछन् र राम्रो कर्म गर्ने मानिस ब्रह्मलोक जान्छन् र ब्रह्ममय हुन्छन्, खराब आचरण भएका मानिसहरू नरकमा जान्छन् भनेको पाइन्छ त्यसैगरी आत्माको प्रतीक प्राणको स्वरूपको वर्णन पाइन्छ । प्राण नै ब्रह्म हो, मन प्राणरूपी ब्रह्मको दूत हो, नेत्रले रक्षकको काम गर्दछ । श्रोत्र द्वारपाल एवं वाणीलाई दासीको रूपमा वर्णन गरिएको पाइन्छ । जसले इन्द्रियको स्वरूप जान्दछ त्यसैले इन्द्रियमा अधिकार राख्दछ भन्दै इन्द्रियहरूको पनि विशेष चर्चा गरेको पाइन्छ ।

३.३ ईशोपनिषद्

शुक्लयजुर्वेदको माध्यान्दिनिय शाखाको चालिसौं अध्याय ईशोपनिषद् वा ईशावास्योपनिषद्का नामले प्रसिद्ध छ । यस ग्रन्थमा अठार वटा मन्त्रहरू मात्र छन् । योउपनिषद्मा ज्ञानका दृष्टिले कर्मोपासनाको रहस्य वर्णन गरिएको छ । 'ईशावास्यमिदं' यो मन्त्रद्वारा प्रारम्भ भएको हुनाले यस उपनिषद्को नाम पनि ईशावास्योपनिषद् राखिएको पाइन्छ । सवैभन्दा सानो उपनिषद्का रूपमा

रहेपनि महत्त्वका दृष्टिले सर्वोपरि मानिन्छ । यसमा वेदको सार एवं गूढतत्वको विवेचना पाइन्छ । आत्माको स्वरूपको विशिष्ट वर्णन गरिएको यस उपनिषद्मा आत्मकल्याणका लागि ज्ञान र कर्म दुवैको अनुष्ठान आवश्यक हुन्छ भन्दै निष्काम कर्म गरेर सयवर्ष सम्म जीउने ईच्छा गरिएको पाइन्छ। विद्या-अविद्या, संभूति-असंभूति आदि को पनि वर्णन गरिएको पाइन्छ ।

३.४ बृहदारण्यकोपनिषद्

शुक्लयजुर्वेदको शतपथब्राह्मणको अन्तिम छ अध्यायलाई बृहदारण्यकोपनिषद् भनिन्छ । यसमा आरण्यक र उपनिषद् दुवै मिश्रित भएकाले बृहदारण्यकोपनिषद् भनिएको हो । तीन भागमा विभक्त यो उपनिषद् विशाल एवं प्राचीनतम मानिन्छ । यसमा अश्वमेध यज्ञको रहस्यात्मकताको ब्याख्या, आत्मालाई प्रतीक मानेर आत्मा (ब्रह्म) द्वारा जगत्को उत्पत्ति, आत्माको सर्वव्यापकता, गार्ग्य एवं काशिराज अजात शत्रुको माध्यमबाट आत्माको स्वरूपको विवेचना, यज्ञवल्क्य र मैत्रेयीको संवाद द्वारा धनको विषयमा दिव्य दार्शनिक सन्देश, राजा जनक र याज्ञवल्क्यको संवादमा जीवात्माको जाग्रत्, स्वप्न, सुषुप्ति, जन्म, मरण र मोक्ष गरी छ अवस्थाको वर्णन, श्वेतकेतु एवं प्रवाहका दार्शनिक संवाद, प्राणको श्रेष्ठता, पञ्चाग्नि विद्याको महत्त्व, मन्त्रविद्या, पुनर्जन्मको सिद्धान्त आदि विविध विषयको विवेचना पाइन्छ । यस उपनिषद्मा प्रमुख दार्शनिक याज्ञवल्क्यका विचारधाराहरू नै सर्वत्र प्रवाहित छन् ।

३.५ तैत्तिरीयोपनिषद्

कृष्णयजुर्वेदसंग सम्बन्धित यो उपनिषद् तैत्तिरीय आरण्यकको सातौं, आठौं र नवौं खण्ड मिलेर बनेको छ । यसमा शिक्षावल्ली, ब्रह्मानन्दवल्ली र भृगुवल्ली गरी तीन अध्याय रहेका छन् । शिक्षावल्लीमा वर्ण, स्वर, मात्रा, बलम् आदिको विवेचनाका साथै वैदिक मन्त्र उच्चारणको नियम एवं स्नातकका लागि उपयोगी शिक्षाको वर्णन पाइन्छ । ब्रह्मानन्दवल्लीमा ब्रह्मविद्याको निरूपण, ब्रह्मको स्वरूप, ब्रह्म नै आनन्द रूप हो त्यसबाट नै विश्वको श्रृष्टि भएको छ भन्दै ब्रह्मानन्दबाट नै परमानन्द प्राप्त हुन्छ भनिएको छ । ब्रह्मको स्वरूप जस्ले जान्दछ उसमा सम्पूर्ण भेदभाव दूर हुन्छ । तृतीय भृगुवल्ली अध्यायमा भृगु एवं वरुणको संवाद वर्णित छ । वरुणले आफ्नो पुत्र भृगुलाई ब्रह्मको स्वरूप सम्झाउदै सम्पूर्ण प्राणी त्यसैमा उत्पन्न हुन्छन्, जीउँछन् र त्यसैमा प्रवेश गर्दछन् त्यसैलाई ब्रह्म भनिन्छ भन्दै उपदेश दिएको पाइन्छ । यसमा पञ्चकोश एवं अतिथि सेवाको पनि वर्णन पाइन्छ ।

३.६ कठोपनिषद्

कृष्णयजुर्वेदको कठशाखासंग सम्बद्ध उपनिषद् कठोपनिषद् हो । यसमा दुई अध्याय र प्रत्येक अध्यायमा तीन तीन वल्ली छन् । यसको प्रथम अध्यायलाई नै मूल उपनिषद् मानिन्छ । यसमा नचिकेता र यमको उपाख्यानद्वारा आत्मा एवं ब्रह्मको व्याख्या गरिएको छ । मृत्यु पश्चात् आत्माको अस्तित्व रहन्छ कि रहदैन ? भन्ने विषयमा सूक्ष्मढंगले वर्णन गरिएको पाइन्छ । त्यसैगरी श्रेय एवं प्रेयको विवेचना, जो श्रेयलाई ग्रहण गर्दछ त्यसको कल्याण हुन्छ र प्रेयलाई अपनाउने पथभ्रष्ट हुनेछ भन्दै श्रेय र प्रेयको विवेचना गरेको पाइन्छ । प्रकृति र पुरुष दुवैलाई परमात्माको स्वरूप मान्दै आत्मा सर्वव्यापक छ सम्पूर्ण प्राणीमा व्याप्त छ । जसरी वायु सर्वत्र व्याप्त छ त्यसरी

नै आत्मा पनि सर्वत्र व्याप्त हुदै वाह्य दोषबाट मुक्त एवं निर्विकार छ र यस आत्माको प्राप्तिको साधन योग हो भन्दै आत्माको विषयमा विशिष्ट वर्णन पाइन्छ ।

३.७ श्वेताश्वतरोपनिषद्

कृष्णयजुर्वेदसंग सम्बद्ध यो उपनिषद् श्वेताश्वतर संहिताको एक अंश हो । यसमा छ अध्याय छन्। जसमा परमात्मा साक्षात्कारको उपाय एवं ध्यानको चर्चा, योगको विस्तृत विवेचन, सांख्य एवं शैव सिद्धान्तको विवेचन, गुरु भक्तिको महत्त्व आदि प्रतिपादन गरिएको छ । सांख्य दर्शनको मौलिक सिद्धान्त प्रतिपादन भएको यस उपनिषद्मा सत्व, रजस् र तमस् यी तीनै गुणको साम्यवस्था नै प्रकृति हो भन्दै यही प्रकृति नै ब्रह्मको मायाको अर्को रूप हो भनिएको छ । शिवलाई नै परमेश्वर मानिएको यस उपनिषद्मा शिव सम्पूर्ण प्राणीहरूमा व्याप्त छन् र उनको ज्ञान भयो भने समस्त बन्धनबाट मुक्ति मिल्ने छ भन्दै शैव सिद्धान्तको विशेष चर्चा गरेको पाइन्छ ।

३.८ मैत्रायणी उपनिषद्

कृष्णयजुर्वेदको मैत्रायणी संहितासंग सम्बन्धित यो उपनिषद् गद्यात्मक छ । यसमा सात अध्याय छन् । यसमा प्राचीन उपनिषद्को संक्षिप्त विवरण एवं आत्मारूपको विवेचन गरिएको विषय प्रमुख छन् । तीन प्रश्नको उत्तरमा प्रस्तुत भएको यो उपनिषद्मा भौतिक शरिरमा आत्मा कसरी प्रवेश गर्दछ भन्ने प्रश्नमा पञ्चप्राण वायुका रूपमा प्रविष्ट हुन्छ भनिएको छ । परमात्मा कसरी भुतात्मा बन्दछ भन्ने प्रश्नमा आत्मा प्रकृतिको गुणद्वारा पराभूत भएर आफुलाई भुल्दछ त्यसपछि आत्मज्ञान एवं मोक्षका लागि प्रयास गर्दछ । त्यसैगरी यो सम्पूर्ण दुःखात्मक परिस्थितिबाट कसरी मुक्ति मिल्दछ भन्ने प्रश्नमा ब्राह्मणधर्मका पालन गर्नेवाला वर्णाश्रम धर्मका अनुयायी व्यक्ति ज्ञान, तपद्वारा ब्रह्मज्ञान एवं मोक्ष प्राप्त गर्दछ भनिएको छ । यसरी आत्माको विशेष चर्चा गरिएको यस उपनिषद्को अन्तिम भाग परिशिष्टको रूपमा छ । जसमा विश्व सृष्टिको उपाख्यान वर्णित छ । यसमा प्रकृतिको सत्व, रजस् र तमस् तीन गुणलाई ब्रह्मा, विष्णु र रुद्रको रूपमा प्रस्तुत गरिएको छ ।

३.९ महानारायणोपनिषद्

कृष्णयजुर्वेदसंग सम्बद्ध तैत्तिरिय आरण्यकबाट लिइएको यो महानारायणोपनिषद् सायणद्वारा भाष्य गरिएको छ । यो उपनिषद् विभिन्न पाठमा उपलब्ध भएपनि आन्ध्रपाठलाई नै विशेष मान्यता दिएको पाइन्छ । यसमा नारायणलाई परमात्मा तत्वका रूपमा उल्लेख गरिएको छ । आत्माको विशेष चर्चा गरिएको यस उपनिषद्मा एक नै परमसत्ता हो त्यही नै सम्पूर्ण चिज हो भन्दै सत्य, तप, दया, दान, धर्म, अग्निहोत्र, यज्ञआदि विविध विषयको प्रस्तुति पाइन्छ ।

३.१० छान्दग्योपनिषद्

यो उपनिषद् सामवेदको तवल्कार शाखाको छान्दोग्य ब्राह्मणसंग सम्बद्ध छ । यस ब्राह्मणमा जम्मा दश अध्याय छन् । शुरुका दुई अध्याय छोडेर बाँकी आठ अध्यायलाई छान्दोग्योपनिषद् भनिन्छ । ती आठ अध्यायमा विभिन्न खण्डहरू छन् । यसमा ॐ, उद्गीथ (उच्च स्वरले गाउने गीत) एवं सामको गूढ रहस्यको विवेचन, ॐ को उत्पत्ति, धार्मिक जीवनको तीन

अवस्था, ब्रह्मचर्य, गार्हस्थ र यति धर्मको विवेचन, सूर्यको उपासना, गायत्रीको वर्णन, अङ्गिरसद्वारा कृष्णलाई आध्यात्म शिक्षा, अण्डद्वारा सूर्यको उत्पत्तिको वर्णन, अश्वकेतु र प्रवाहण जैनलिको दार्शनिक सम्वाद, अश्वपतिद्वारा ब्रह्म नै सत्य हो र ब्रह्ममा नै सम्पूर्ण व्याप्त छ र त्यो सत्य ब्रह्म नै पञ्चतत्वमा प्रविष्ट गर्दछ भन्ने प्रसङ्ग, उद्दालक आरुणिले आफ्नो छोरा श्वेतकेतुलाई ब्रह्मविद्याको उपदेश दिँदै यसमा नै सम्पूर्ण चराचर जगत् निहित छ भन्ने प्रसङ्ग, त्यसैगरी श्वेतकेतुको आत्मा किन द्रष्टव्य छैन भन्ने प्रश्नमा अरुणिले जसरी पानिमा नुन हाल्दा त्यही घोलिएर देखिदैन त्यसरी नै आत्मा सबै तिर व्याप्त छ तर अलग रूपमा देखिदैन भन्ने प्रसङ्ग, सनत्कुमारले नारदलाई ब्रह्मविद्या दिएको प्रसङ्गमा प्राण नै सम्पूर्ण चिज हो र प्राण रह्यो भने मात्र मनुष्य जीवन रहन्छ, ब्रह्मको अन्तिम रूप नै आत्मा हो भन्दै आत्माको स्वरूप तथा ब्रह्म प्राप्तिको साधनको विवेचना, आत्माको तीन अवस्था जाग्रत्, स्वप्न र सुषुप्तिको वर्णन आदि विविध पक्षमा प्रस्तुत यो उपनिषद् निकै महत्त्वपूर्ण मानिन्छ ।

### ३.११ केनोपनिषद्

सामवेदको जैमिनीय शाखासंग सम्बद्ध यो केनोपनिषद्लाई जैमिनीयोपनिषद् पनि भनिन्छ । यसका दुई भाग छन् । प्रथम भाग पद्यमय छ भने द्वितीयभाग गद्यमय छ । प्रत्येक भागमा दुई दुई खण्ड छन् । प्रथम भागमा उपास्य ब्रह्म र निर्गुण ब्रह्ममा भिन्नता, ब्रह्मको रहस्यमय स्वरूपको विवेचना पाईन्छ । द्वितीय भागमा उमा हैमवतीको रोचक आख्यानद्वारा परब्रह्मको सर्वशक्तिमत्ताको विवेचना पाइन्छ । ब्रह्मको स्वरूपको वर्णन गर्दै वायु, अग्नि यी सबैलाई ब्रह्मकै विकसित रूप मानिएको छ । जीवात्मालाई परब्रह्मको अंश मान्दै सगुण ब्रह्म उपास्य हुन्छ र निर्गुण ब्रह्म अज्ञेय तथा अनिर्वचनीय हुन्छ भन्दै ब्रह्मको विशिष्टीकृत वर्णन पाईन्छ ।

### ३.१२ मुण्डकोपनिषद्

अथर्ववेदको शौनक शाखासंग सम्बद्ध उपनिषद् मुण्डकोपनिषद् हो । यसमा तीन मुण्डक छन् । प्रत्येक मुण्डकमा दुई दुई खण्ड छन् । ब्रह्मद्वारा आफ्नो छोरा अथर्वालाई ब्रह्मविद्याको उपदेश दिएको वर्णन, परा एवं अपरा विद्याको विवेचन, जसद्वारा अक्षरब्रह्मको ज्ञान हुन सक्छ त्यसलाई पराविद्या भनिन्छ र वेद वेदाङ्ग आदिको ज्ञानलाई अपराविद्या भनिन्छ । अक्षर ब्रह्मबाट नै जगत्को सृष्टी भएको हो । यसमा दुई पंक्षीको रूपकद्वारा जीव र ब्रह्मका भेद बताइएको छ । साथीका रूपमा रहेका दुई पंक्षी एउटै वृक्षमा बस्छन् । एउटाले पिप्पलको वृक्षको फल स्वाद लिएर भोग गर्दछ, अर्को भोग नगरी केवल हेरीमात्र रहन्छ। यहाँ जीवात्मा कार्यको फलको उपभोग गर्दछ भने परमात्मा साक्षीको रूपमा त्यसलाई हेरीरहन्छ । यसरी जीवात्मालाई भोक्ता र परमात्मालाई साक्षीको रूपमा वर्णन गरिएको पाइन्छ ।

### ३.१३ माण्डुक्योपनिषद्

बाह्रवटा मात्र वाक्य भएको यो उपनिषद् अत्यन्त सानो छ । गद्यात्मक रूपमा रहेको यो उपनिषद्मा ॐ कारको रहस्य वर्णन, ब्रह्म एवं आत्मविषयको विवेचन, ब्रह्म(आत्मा चैतन्य)को जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीय अवस्थाको वर्णन, जाग्रत् अवस्थामा आत्मा इन्द्रिय विषयको भोग गर्ने भएकाले यसलाई वैश्वानर भनिएको छ । स्वप्नावस्थामा आफ्नो पूर्व अवस्थाहरूको ज्ञान रहन्छ त्यसैले यस अवस्थालाई तेजस् भनिन्छ । सुषुप्त अवस्थामा कुनै इच्छा हुदैन ज्ञानमात्र रहन्छ । यस

अवस्थामा आत्मा आनन्दमय हुन्छ त्यसैले यसलाई प्राज्ञ भनिन्छ । तुरीयावस्थामा ब्रह्म निर्विकार एवं अद्वैत अवस्थामा रहन्छ। यस अवस्थामा ब्रह्म शिवरूप हुन्छ यही नै आत्माको विशुद्ध रूप हो । यस उपनिषद्का अनुसार ओ३म् को अ उ म् यी तीनै वर्ण क्रमशः ब्रह्मका तीन अवस्थाका द्योतक मानिन्छन् । पूर्ण ॐ लाई चाँहि चतुर्थ अवस्थाको द्योतक मानिन्छ ।

३.१४ प्रश्नोपनिषद्

अथर्ववेदको पिप्पलाद शाखासंग सम्बद्ध प्रश्नोपनिषद्मा कबन्धी, भार्गव, आश्वलायन, सौर्यायणी, सत्यकाम र सुकेशा यी छ ऋषिहरूले पिप्पलाद्संग आध्यात्मविषयक प्रश्न सोधेको विषय प्रमुख रूपमा रहेको छ ती प्रश्नहरू निम्नानुसार छन् :

कबन्धीको प्रश्न – भगवन् र सम्पूर्ण प्रजाहरूको उत्पत्ति कसरी र कहाँबाट भएको हो ?

भार्गवको प्रश्न – कति देवताले प्रजाहरूको धारण गर्दछन्, कसले प्रकाशित गर्दछन् र तिनमा सबै भन्दा श्रेष्ठ कुन हो?

आश्वलायनको प्रश्न – प्राणको उत्पत्ति कहाँबाट हुन्छ, शरिरमा आवागमन एवं उत्क्रमण कुन प्रकारले हुन्छ ?

गार्ग्य सौर्यायणीको प्रश्न – आत्माको जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाको आध्यात्मिक रहस्य के हो ?

सत्यकामको प्रश्न – ॐ ओ३म् को उपासनाको रहस्य के हो ? त्यसको ध्यानद्वारा कुन लोकको प्राप्त हुन्छ ?

सुकेशाको प्रश्न – षोडशकला सम्पन्न पुरुषको स्वरूप के हो ?

उल्लेखित प्रश्नहरूको उत्तर महर्षि पिप्पलाद्ले दिएका छन् । आध्यात्मिक किसिमले प्रश्नोत्तर शैलीमा प्रस्तुत गरिएको यो प्रश्नोपनिषद् महत्त्वपूर्ण उपनिषद्को रूपमा प्रस्तुत छ ।

४. निष्कर्ष

वैदिक वाङ्मयको क्षेत्रमा विशिष्ट स्थान ओगट्न सफल उपनिषद् ग्रन्थहरूले वैदिक साहित्यमा विशेष योगदान दिएका छन् । वेदान्तको रूपमा रहेका उपनिषद् ग्रन्थहरू धेरै भएपनि विशेष गरेर  यिनै माथि उल्लेखित चौधवटा प्रमुख रहेका छन् । यी उपनिषद्हरूमा आत्मतत्व, ब्रह्मतत्व, नैतिक सिद्धान्त, पुनर्जन्म एवं कर्म सिद्धान्त, प्राण सिद्धान्त, ब्रह्म एवं जगत्को विवेचना गरिएको पाइन्छ । रहस्यात्मक ज्ञान एवं आत्मविद्याको वर्णन गरिएको उपनिषद् ग्रन्थमा आत्मालाई अणु भन्दा पनि छोटो र महान् भन्दा पनि महान् मान्दै सम्पूर्ण प्राणीहरूको हृदयमा रहने पापबाट मुक्त, मृत्यु शोक रहित, भोक प्यास रहित, मृत्यु नहुने, नित्य शाश्वत एवं शरिरको नाश हुँदा पनि यो नाश नहुने भन्दै आत्माको विशिष्ट वर्णन गरिएको पाइन्छ । आत्माको जाग्रत्, स्वप्न, सुषुप्त र तुरीय अवस्थाको वर्णन, ब्रह्मका सगुण र निर्गुणको वर्णन, ब्रह्मबाट सूक्ष्म आकाश, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी, पृथ्वीबाट औषधी, औषधीबाट अन्न, अन्नबाट वीर्य, वीर्यबाट पुरुष उत्पन्न भएको भन्दै ब्रह्मबाट नै यो सम्पूर्ण जगत्को श्रृष्टि भएको मानिएको छ । सत्य बोल्नु, धर्मको पालन गर्नु, देवता, पिता, माता, गुरु, अतिथि आदि लाई गर्नुपर्ने कर्तव्य पालन गर्नु, श्रद्धा एवं भक्ति विनम्रता पूर्वक गर्नु भन्दै नैतिक सिद्धान्त प्रतिपादन गरिएको छ । विशेष गरेर आत्मा, ब्रह्म एवं नैतिक सिद्धान्तको चर्चा गरिएको यी उपनिषद् ग्रन्थहरू मानव जीवनका लागि अत्यन्त उपयोगी मानिन्छन् ।

सन्दर्भसामग्रीसूची

द्विवेदी, पारसनाथ (सन् २000) *वैदिक साहित्यका इतिहास,* वाराणसी : चौखम्बा सूरभारती प्रकाशन ।
पाठक, जगन्नाथ (व्याख्या.) (सन् १९६८) *ऋग्वेदभाष्यभूमिका,* वाराणसी : चौखम्बा विद्याभवन ।
मिश्र, जगदीशचन्द्र (सन् २००९) *वैदिकवाङ्मयस्येतिहास,* वाराणसी : चौखम्बा विद्याभवन ।
.......,(सन् २000) *पारस्करगृह्यसूत्रम्* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।
वर्मा, विरेन्द्रकुमार (सम्पा.) (सन् १९८७) *शुक्लयजुर्वेदप्रातिशाख्यम्* वाराणसी : चौखम्बा विद्याभवन ।
शर्मा, विद्याधर (व्याख्या.) (सन् १९९०) *कात्यायनश्रौतसूत्रम्,* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।
सायणाचार्य र अन्य (भाष्य.) (सन् १९९०) *शतपथ ब्रह्मणम्,* दिल्ली : नाग प्रकाशन ।

# अनुसन्धान प्रस्तावका अङ्गहरूको विमर्श•

घनश्याम दाहाल (विद्यावारिधि)
सहप्राध्यापक
पिण्डेश्वरविद्यापीठ, धरान

सार

कुनै पनि विषयको राम्रोसँग अध्ययन  विश्लेषण गरेर नयाँ कुरा  पत्ता लगाउनु अनुसन्धान हो । यसलाई अंग्रेजीमा रिसर्च भनिन्छ । अनुसन्धानका लागि अनुसन्धेय विषयसँग सम्बन्धित पूर्व अध्ययन आवश्यक हुन्छ । पूर्व तयारी वा स्वीकृतिका लागि लेखिने दस्तावेज अनुसन्धान प्रस्ताव हो । यसका आफ्नै अङ्ग प्रत्यङ्ग, स्वरूप र ढाँचा छन् । अनुसन्धान प्रस्तावका अवयव नै यसका प्रमुख अङ्ग पनि हुन् । यसका विविध पक्षका बारेमा र विषयमा यस लेखले प्रकाश पारेको छ । अनुसन्धान प्रस्तावका अङ्गका संरचनाको चिनारी प्रस्तुत  गर्दै अनुसन्धान कार्यका लागि अनुसन्धातालाई सचेत र स्पष्ट बनाउनु यसको उपलब्धि र प्राप्ति हो ।

*शब्दकुञ्जि* : विमर्श, अभीष्ट, रिसर्च, फलदायी, आत्मोन्नति, प्राज्ञिक, जर्नल, उपादेयता, अनुसन्धेय, प्रतिपादन, गन्तव्य ।

## १. विषय परिचय

मान्छेको जीवनको समग्र प्रगति र उन्नति शोधखोजमा नै आधारित देखिन्छ । अनुसन्धान आफैंमा गहन र महत्त्वपूर्ण विषय हो । अनुसन्धानका पनि आफ्नै किसिमका विधि, सिद्धान्त र नियमहरू छन् । कुनै पनि कुराको पछि लागेर व्यवस्थित र तर्कसङ्गत ढङ्गले नयाँ तथ्य फेला पार्नु, पुरानै तथ्यलाई परीक्षण गर्नु, पुनर्व्याख्या गर्नु एवं नयाँ ज्ञानको उदय गराउनु अनुसन्धानको मुख्य अभीष्ट मानिएको छ (पौडेल, २०६८ : २२३)। वैज्ञानिक व्यवस्थित र वस्तुगत प्रविधि अपनाएर कुनै पनि विषय वा वस्तुको बारेमा नयाँ खोज गरी तथ्य फेला पार्न अनुसन्धान गरिने हुँदा यसको संगठन र यसका अङ्गको भूमिका निकै महत्त्वपूर्ण देखिन्छ । विधि र  नियमपूर्वक गरिएको अनुसन्धानको मात्र उपादेयता हुने देखिन्छ ।

## २.समस्या कथन

मानवीय ज्ञान र बुद्धिको विकास गर्ने महत्त्वपूर्ण साधन र माध्यम नै अनुसन्धान भएकाले नयाँ सोच र विचार प्रस्तुत गर्ने सन्दर्भमा यसको महत्त्व र भूमिका विशिष्ट प्रकृतिको हुनु स्वाभाविक देखिन्छ । अनुसन्धान प्रस्तावको महत्त्वपूर्ण संगठन नै अनुसन्धान प्रस्तावका अङ्ग हुन् । अनुसन्धान प्रस्तावका  अङ्गहरूको विमर्श शीर्षकको समस्या कथनलाई निम्नअनुसार उल्लेख गरिन्छ :

क) अनुसन्धानको अर्थ  तात्पर्य के हो ?

ख) अनुसन्धानको संगठन/प्रस्तावका अङ्गहरू के के हुन् ?

ग) अनुसन्धानमा अनुसन्धान प्रस्तावको भूमिका के कस्तो देखिन्छ ?

• लेखप्राप्त मिति २०७५ श्रावण २, विज्ञद्वारा परीक्षण श्रावण १४, प्रकाशनार्थ प्राप्त श्रावण २६ गते ।

३. अनुसन्धानको अर्थ र तात्पर्य

सन्धान शब्दमा अनु उपसर्ग जोडिएर अनुसन्धान शब्दको निर्माण भएको छ । अनुको अर्थ पछि लाग्नु, नजिक जानु भन्ने बुझिन्छ भने सन्धानको अर्थ राम्ररी खोजी गर्नु पत्ता लगाउनु भन्ने हुन्छ । यसबाट कुनै विषय वा समस्यामा केन्द्रित भएर राम्ररी खोज गर्नु नै अनुसन्धान हो भन्ने स्पष्ट हुन्छ । अनुसन्धान शब्दको पर्यायवाची शब्दका रूपमा शोध, गवेषणा, अन्वेषण, अध्ययनजस्ता शब्दको प्रयोग हुने गर्दछ । शोधको अर्थ शुद्ध पार्नु वा खार्नु हो । गवेषणा भन्नाले कुनै पनि विषयको नजिक पुगी यथार्थ पत्ता लगाई विधिपूर्वक गरिएको अध्ययन, विश्लेषण र खोज भन्ने बुझिन्छ । अन्वेषणको तात्पर्य लुके छिपेका कुराहरूको राम्ररी खोजी गर्नु हो । अध्ययनको अर्थ पढ्ने काम वा कुनै विषयको गहिरिएर ज्ञान लिनु वा जानकारी लिनु हो । अनुसन्धानलाई अंग्रेजीमा रिसर्च भनिन्छ । रि (च्भ) को अर्थ पुनः वा फेरि, पटक पटक तथा सर्चको (Search) अर्थ खोजी गर्नु वा पत्ता लगाउनु हो । यसबाट अनुसन्धानको अर्थ तात्पर्य कुनै शीर्षक वा विषयको बारम्बार खोज अन्वेषण गरी सत्यतथ्य एवं निष्कर्ष निकाल्नु भन्ने नै हो (शर्मा र लुईंटेल, २०५२ : १) । अनुसन्धान कार्यमा संलग्न व्यक्तिलाई अनुसन्धाता वा अनुसन्धान कर्ता भनिन्छ । गवेषणा गर्नमा संलग्नलाई गवेषक वा गवेषण कर्ता, अन्वेषण कार्यमा संलग्नलाई अन्वेषक वा अन्वेषण कर्ता, अध्ययनमा संलग्नलाई अध्येता वा अध्ययन कर्ता भनिएको पाइन्छ भने शोधकार्यमा संलग्न व्यक्तिलाई शोधार्थी वा शोधकर्ता भनिन्छ ।

४. अनुसन्धान प्रस्तावको परिचय

कुनै पनि अनुसन्धान गर्नु पूर्व अनुसन्धानसँग सम्बन्धित संघसंस्था वा सम्बन्धित विभागमा अनुसन्धान गर्नका लागि प्रस्तुत गरिने अनुसन्धानको ढाँचा, योजना, पूर्वतयारी, पूर्वयोजना, पूर्वझलक नै अनुसन्धान प्रस्ताव हो । यसको विशेषता भनेकै के विषयमा अनुसन्धान गर्ने ? किन गर्ने? कसरी गर्ने ? भन्ने कुराहरूको किटान यसमा गरिएको हुन्छ । अनुसन्धान प्रस्तावमा अनुसन्धानको सम्भावित रूपरेखा पनि प्रस्तुत गरिएको हुन्छ । अनुसन्धान कार्यमा सरिक हुनका लागि गरिने एउटा औपचारिक एवं अनिवार्य पूर्वाधार पनि अनुसन्धान प्रस्ताव नै हो (बन्धु, २०७० : २५) । संघसंस्थाको परियोजना अन्तर्गत गरिने अनुसन्धानमा अनुसन्धान प्रस्ताव प्रस्तुत गर्नु आवश्यक र अनिवार्य मानिन्छ । अनुसन्धान प्रस्ताव भनेको कार्यान्वयन हुन बाँकी रहेको लिखत दस्तावेज हो (शर्मा र लुईंटेल, २०५२ : १८) । अनुसन्धान प्रस्तावले अनुसन्धान कार्यको पूर्वझलक प्रस्तुत गर्दछ, स्पष्ट रूपमा बाटो देखाउने काम चाहिँ अनुसन्धानको हो । अनुसन्धान कार्यको प्रकृति, कार्य सम्पादनको विधि र खाका निर्धारण गरी आवश्यक सामग्री, आर्थिक लगानी, समयावधिको समेत पूर्व अनुमानसमेत अनुसन्धान प्रस्तावबाट सहज रूपमा गर्न सकिन्छ । अनुसन्धानकर्तालाई व्यवस्थित रूपमा नियममा बाँधेर काम गर्न सहयोगी हुने कार्यतालिकाको काम पनि यसले गरेको पाइन्छ । अनुसन्धान विधिको प्रयोग गरिएको, सत्यतथ्य र वस्तुगत ढङ्गले विश्लेषण गरिएको अनुसन्धान प्रस्तावलाई राम्रो वा आदर्श प्रस्ताव मानिन्छ (पौडेल, २०७४ : २१) । राम्ररी तयार पारिएको अनुसन्धान प्रस्तावलाई अनुसन्धान कार्यको आधा काम सकिएको पनि ठानिन्छ । सबै खाले अनुसन्धानमा अनुसन्धान प्रस्तावलाई पहिलो अध्याय वा परिच्छेदमा राखिन्छ । यसको प्रस्तुति सामान्य भविष्यत् कालको भाषामा गरिन्छ । त्यसैले अनुसन्धान प्रस्ताव अनुसन्धानको महत्त्वपूर्ण, विशिष्ट, सारगर्भित एवं सूक्ष्म पाटाको रूपमा विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ ।

५. अनुसन्धान प्रस्तावका अङ्गहरू

अनुसन्धान महत्त्वपूर्ण एवं गहन विषय हो । सचेततापूर्वक गहन रूपमा अनुसन्धान प्रस्तावलाई प्रस्तुत गर्नु प्रभावकारी मानिन्छ । अनुसन्धान प्रस्तावका विविध पक्षहरू छन् । ती विविध पक्षलाई नै अनुसन्धानको संगठन वा अङ्ग भनिन्छ । अनुसन्धान प्रस्तावका अङ्गलाई प्रस्तावको ढाँचा पनि भनिन्छ । प्रस्तावको संरचना, रूपरेखा नै अङ्ग हुन् । अनुसन्धान कार्यको लागि आवश्यक प्रस्तावका अङ्गहरूलाई ढाँचा भनिने भएकाले यहाँ तिनीहरूको चर्चा क्रमिक रूपमा गरिन्छ ।

५.१ शीर्षक चयन

वैज्ञानिक बौद्धिक एवं तार्किक अध्ययन नै अनुसन्धान हो । अनुसन्धानमा अनुसन्धानप्रस्तावको भूमिका र महत्त्व उच्च रहेको हुन्छ । अनुसन्धान प्रस्तावको मुख्य अङ्गका रूपमा शीर्षक चयन रहेको देखिन्छ । अनुसन्धानको नामाकरण नै शीर्षक हो । अनुसन्धानका विविध विषय र सन्दर्भबाट आफूलाई मन परेको, रुचि लागेको, विशेष दख्खल भएको तत्सम्बन्धी पूर्व अध्ययन र जानकारी समेत भएको व्यावहारिक र उपयोगी पनि हुन सक्ने क्षेत्रबाट अझ त्यसको पनि खास पक्षमा केन्द्रित रहेको शीर्षक उपयोगी र अपेक्षित मानिन्छ । विषयलाई साँगुरोबाट फराकिलो पार्ने खालको शीर्षक हुनुपर्छ । सूक्ष्म विषयवस्तु प्रतिपादन हुने शीर्षकबाट व्यापकताको खोजी गर्ने शीर्षक अनुसन्धानका लागि सर्वमान्य मानिन्छ । नेपाली भाषा शिक्षाका दृष्टिले भाषाविज्ञान, प्रायोगिक भाषाविज्ञान, व्याकरण, आदि असंख्य क्षेत्रबाट अनुसन्धानको शीर्षक छनोट गर्न सकिन्छ । आफ्नो पूर्वज्ञान, अनुभव, सीप, तालिमको दायरामा रहेर रुचि, क्षेत्र एवं दक्षतालाई समेत ध्यान दिंदै सैद्धान्तिक दृष्टिले मौलिक र व्यावहारिक समेत हुने गरी शीर्षक राख्नु उपयुक्त देखिन्छ। समस्या समाधानतर्फ उन्मुख हुने, निर्देशक र विशेषज्ञताको सहज उपलब्धता हुने शीर्षक अपेक्षित मानिन्छ । पूर्वकार्यका रूपमा रहेका अनुसन्धान प्रतिवेदनले गहन अध्ययन समाधान दिन नसकेका समस्यालाई सही किसिमले पहिचान दिन सक्ने शीर्षक निकै महत्त्वपूर्ण मानिन्छ । अनुसन्धानको क्षेत्र निर्धारण स्थूल निर्धारण हो भने शीर्षक चयन सूक्ष्म निर्धारण हो । अनुसन्धानको क्षेत्र व्यापक हुने हुँदा त्यसबाट एउटामात्र पक्ष निर्धारण गर्नु नै शीर्षक चयन हो । के बारे? के विषयमा अनुसन्धान गर्ने भन्ने कुराको सुनिश्चितता नै शीर्षक हो। अनुसन्धानको शीर्षक नै अनुसन्धानको मुख्य समस्या पनि हो (शर्मा र लुईंटेल, २०५२ : २०) । उपयुक्त, छोटो, छरितो र स्पष्ट किसिमको शीर्षक छनौट पछि अनुसन्धानमा समस्या र कठिनाइ पनि ज्यादै कम मात्रामा मात्र देखिन्छ । अतः योग्यता, क्षमता, ज्ञानको सीमा एवं रुचि अनुकुल हुने गरी छरितो समस्या मूलक, साधनस्रोतको उपलब्धतालाई ध्यानमा राखेर अनुसन्धानको शीर्षक चयन गर्नु विधिसम्मत देखिन्छ ।

५.२ समस्या कथन

अनुसन्धान प्रस्तावको दोस्रो महत्त्वपूर्ण अङ्ग समस्याकथन हो । अनुसन्धानका निम्ति चयन गरिएको शीर्षकसँग सम्बन्धित विषय नै अनुसन्धानको समस्या हो । अनुसन्धान समस्या नै शोधको प्रमुख विषय हो । शीर्षक अन्तर्गत देखिएका मुख्य मुख्य समस्या वा प्रश्न अनि ती प्रश्नहरूको सम्भावित समाधान वा उत्तरलाई नै समस्याकथन भनिन्छ (भट्टराई, २०७३ : ३०) । समस्या कथनमा रहेका प्रश्नको उत्तर खोज्ने काम नै अनुसन्धानको मुख्य विषय मानिन्छ । समस्या खास समाधान वा निष्कर्षमा केन्द्रित हुनु आवश्यक ठानिन्छ । यसलाई सामान्यतया घोषणात्मक कथनका

रूपमा पनि लिन सकिन्छ। निष्कर्ष दिने र अनुसन्धान कार्यलाई प्रकाश पार्ने समस्या जरुरी देखिन्छ । कुनै पनि विषयलाई समुचित तर्कद्वारा अनुसन्धेय बनाएर देखाउँदै त्यसका बारेमा प्राज्ञिक जिज्ञासाको समाधान गर्नेतर्फ लक्षित हुनु नै समस्याको मूलभूत प्राप्ति हो । अनुसन्धेय विषयका बारेमा प्रकाशमा नआएका विषयलाई प्रकाशित गर्नु र प्रकाशमा आईसकेका विषयलाई चाहिँ पुनर्मुल्याङ्कन गरी नयाँ निष्कर्ष निकाल्नु समस्या हो । यसमा सर्वप्रथम विषय वस्तुका बारेमा सान्दर्भिक व्याख्या र वर्णन गरिन्छ अनि सारपूर्ण कुरालाई क्रमबद्ध रूपमा प्रश्नात्मक ढाँचामा देखाइन्छ । त्यसैले समस्या कथन अनुसन्धानको प्राण हो । अनुसन्धानको निष्कर्ष हो। सम्पूर्ण प्राज्ञिक जिज्ञासाको उचित समाधान हो । अनुसन्धानको उद्देश्य प्राप्तिको महत्त्वपूर्ण आधार स्तम्भ पनि हो ।

### ५.३ उद्देश्य

अनुसन्धानको समस्यामा उठेका प्रश्नहरूको उचित समाधान खोज्ने कामलाई नै उद्देश्य भनिन्छ । यसमा अनुसन्धानमा के कस्ता समस्या छन् र ती समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित हुनु आवश्यक मानिन्छ । अनुसन्धान कार्यका लागि खास खोजी गर्ने कुरा के हो ? भन्ने बारेमा किटान गर्नु नै उद्देश्य हो । समस्याको समाधान खोज्ने सन्दर्भमा समस्याकथन र उद्देश्यका बीचमा नङ र मासुको जस्तो घनिष्ट सम्बन्ध रहनु जरुरी हुन्छ । शीर्षकको समस्यामा केन्द्रित प्राज्ञिक जिज्ञासाको समाधानका लागि अपनाइने सटिक सङ्केत नै उद्देश्य हो (पौडेल, २०६८ :२३२) । उद्देश्य जहिले पनि सरल, सङ्क्षिप्त, स्पष्ट र मापनीय हुनु जरुरी मानिन्छ । मुख्य रूपमा समस्या समाधानलाई  केन्द्रीय मर्म बनाएर गन्तव्यतर्फ लानु उचित देखिन्छ । यसलाई बुँदागत रूपमा उद्देश्य राखेर प्रस्तुत गर्नु पर्दछ । उद्देश्य नै भावी अध्ययनको प्राण भएकाले पनि उचित निर्देशन र मार्गदर्शन दिन सक्नु पनि यसको विशिष्ट प्राप्ति हो । अनुसन्धानबाट प्राप्त निष्कर्षलाई  यसले आत्मसात गर्न सक्नुपर्छ । धेरै उद्देश्य निर्धारण गर्दैमा अनुसन्धान राम्रो हुने पटक्कै होइन । विषयवस्तुको महत्त्वपूर्ण अङ्ग नै उद्देश्य हो र यो अनुसन्धानको मूल केन्द्रविन्दु, सही गन्तव्य र भावी अध्ययनको मुटु पनि हो ।

### ५.४ पूर्वकार्यको समीक्षा

अनुसन्धानको विषयका बारेमा त्यसभन्दा पहिले भए गरेका कार्यलाई प्रस्तुत गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसलाई पूर्वाध्ययनको समीक्षा, वाङ्मय समीक्षा पनि भनिन्छ । अंग्रेजीमा यसलाई लिटरेचर रिभ्यू वा रिभ्यु अफ लिटरेचर पनि भनिन्छ । सम्बन्धित विषयका बारेमा लेखिएका ग्रन्थ, पुस्तक,पत्रपत्रिका, समाचारपत्र एवं शोधग्रन्थ आदिको अध्ययन विश्लेषण गरेर त्यसबाट प्राप्त विषयवस्तुका बारेमा टीका टिप्पणी एवं समीक्षा एवं मूल्याङ्कन गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसलाई कालक्रमिक ढङ्गले क्रमशः प्रस्तुत गर्नु अनिवार्य मानिन्छ । पूर्वकार्यको विवरण क्रमिक रूपमा उल्लेख गरिसकेपछि आफूले गर्न लागेको अनुसन्धानको विषय राम्रो हुनुको कारण, नयाँपन र मौलिकता पुष्टि गर्ने तर्क प्रस्तुत गर्नु आवश्यक मानिन्छ । आफुले गर्न लागेको अनुसन्धान पहिलेका अनुसन्धानभन्दा के कति कारणले फरक र विशिष्ट छ त्यसलाई खुलस्त पार्नु आवश्यक देखिन्छ । पूर्वकार्यको विवरणले अनुसन्धानलाई अनुसन्धानका समस्यालाई विशिष्टीकरण गर्न सहयोग गर्छ । अनुसन्धान गर्न सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्दै पुनरावृत्तिको सम्भावनालाई हटाउन यसले महत्त्वपूर्ण भूमिका खेल्छ । खास विषयको चुरो पत्ता लगाई समस्याको औचित्य स्थापित गर्न यसले विशिष्ट भूमिका निर्वाह गरेको पाइन्छ । त्यसैले सम्बन्धित विषयमा के कति ? के कस्ता ? कार्यहरू

भइसकेका छन् भन्ने कुराको यकीन विवरण प्रस्तुत गर्दै आफूले गर्ने अनुसन्धानमा नवीनता र मौलिकताको पुष्टि गर्नु नै पूर्वकार्यको महत्त्वपूर्ण उपलब्धि वा प्राप्ति हो ।

### ५.५ अध्ययनको औचित्य

आफ्नो प्रस्तावित अनुसन्धानको विषय, प्रक्रिया र प्राप्ति के कति कारणले उचित एवं उपयुक्त छ ? त्यसले के कस्ता क्षेत्रमा को कसलाई के कसरी बढी लाभान्वित गर्न सक्छ ? सम्बन्धित विषयमा त्यसले के कस्तो योगदान दिन सक्छ त भन्ने कुरालाई तर्कसङ्गत ढङ्गले पुष्टि गर्नु नै अध्ययनको औचित्य हो ( भण्डारी, २०७५ : २५) । यसमा शीर्षक छनोटको औचित्य, अध्ययनका विधि र प्रक्रिया, सामग्री सङ्कलनको सैद्धान्तिक आधार, अनुसन्धानको आवश्यकता एवं उपयोगितालाई पनि स्पष्ट रूपमा पुष्ट्याईं हुने गर्दछ । अनुसन्धान कार्य नयाँ ज्ञान प्राप्तिका लागि र अझै गहन एवं पर्याप्त ज्ञान प्राप्तिका लागि गरिने कार्य भएकाले अधुरो, अपूर्ण र अस्पष्ट हुनुहुँदैन । प्रस्तावित अनुसन्धान कार्यले स्वाभाविक रूपमा नै औचित्यको पुष्टि गरेको हुनैपर्छ । औचित्यपूर्ण नभएको अनुसन्धान केवल पुस्तकालयको दराज ढाक्ने साधन वा माध्यम मात्र बन्न सक्दछ । समय, श्रम र धन खर्च गरेर गरिने अनुसन्धानले बौद्धिक जिज्ञासाको कति समाधान गर्न सक्छ, कति महत्त्वपूर्ण र उपयोगी हुन सक्छ, त्यस बारेमा सजग रहनु औचित्यपूर्ण ठानिन्छ । त्यसैले प्राज्ञिक जिज्ञासाको उचित समाधान र नवीन ज्ञानप्राप्तिको सार्थक साधनका रूपमा अध्ययनको औचित्यलाई दर्शाउन सकिन्छ ।

### ५.६ अनुसन्धान विधि

अनुसन्धान प्रस्तावको महत्त्वपूर्ण अङ्ग अनुसन्धान विधि हो । यसलाई शोधविधि पनि भन्ने गरिन्छ । शोध प्रस्ताव पछि गरिने सामग्री सङ्कलन, व्याख्या, तथ्य सङ्कलन सम्बन्धी प्रविधिको एकमुष्ट नाम नै अनुसन्धान विधि हो । यसले अनुसन्धानको प्रारम्भदेखि अन्तिमसम्म अवलम्बन गरिने प्रविधिगत मान्यता र पहिचानलाई आत्मसात गरेको पाइन्छ । यसको बढी उपयोग समस्याको प्राज्ञिक, प्रामाणिक समाधान र अनुसन्धान कर्ताले जुटाउने वस्तुगत तथ्य र स्रोतसँग गरिन्छ । सामग्रीको खोजी र एकत्रित गरी परिमाणात्मक र गुणात्मक दुवै किसिमले मापन एवं परीक्षण यसको महत्त्वपूर्ण प्राप्ति हो । राम्रो सामग्री सङ्कलनबाट अनुसन्धानमा वैधता र विश्वसनीयता आउनु स्वाभाविक हो । स्रोतका आधारमा सामग्रीलाई पनि दुई धारमा राखेर विश्लेषण गर्नु सार्थक र औचित्यपूर्ण देखिन्छ ।

#### ५.६.१ प्राथमिक सामग्री / प्राथमिक स्रोत

अनुसन्धान कर्ता स्वयंले खोजेका, अरु कसैले पनि उपयोग नगरेका, सर्वप्रथम आफूले उपयोग गर्न लागेका सामग्री प्राथमिक स्रोत हुन् । यसलाई प्रारम्भिक र मौलिक सामग्री पनि भनिन्छ । प्राथमिक सामग्री पहिलोपटक प्राप्त गरिएकाले यसको उपयोग अरु कसैबाट भएको हुँदैन । अन्तर्वार्ता, प्रश्नावली, छलफल, प्रश्नोत्तर आदिबाट प्राप्त हुने अनुसन्धानका सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ ।

### ५.६.२ द्वितीय सामग्री /द्वितीयक स्रोत

अनुसन्धानबाट प्राप्त सामग्री द्वितीयक स्रोतका हुन् । यसमा अनुसन्धानको विषयसँग सम्बन्धित पूर्वकार्य, सन्दर्भपुस्तक, सन्दर्भलेख, व्यक्तिगत पत्र, शोधपत्र आदि पर्दछन् । यसलाई गौण स्रोत पनि भनिन्छ । यस अन्तर्गत पुस्तकालयीय, क्षेत्रीय एवं नमुना छनोटपद्धति आदिबाट गरिने सामग्री सङ्कलनको विधिलाई राख्न सकिन्छ । शोध प्रस्तावमा शोधविधि वा सामग्री सङ्कलनको पद्धतिलाई स्पष्टसँग क्रमिक रूपमा उल्लेख गर्न वाञ्छनीय देखिन्छ । सामग्री सङ्कलन कार्य पछि सामग्रीको व्यवस्थापन, व्याख्या विश्लेषण, निष्कर्षणलाई महत्त्वका साथ राख्नु उचित ठानिन्छ । सामग्रीलाई उचित रूपमा सूचीकृत, विभाजन, सम्पादन, तालिकीकरण एवं सांख्यिकी विधिको प्रयोग पनि आवश्यकता अनुसार गर्न सकिन्छ । शोधविधि नै एक किसिमको शोधको ढाँचा पनि हो । अनुसन्धान को सुरुदेखि अन्तिमसम्मको एक एक कुरा नछुटाई सवै सैद्धान्तिक मान्यतालाई र प्रविधिलाई उपयोग गरेर प्रस्तुत गर्नु आवश्यक ठानिएको छ (पौडेल, २०६८ :२१५) । अनुसन्धान प्रस्ताव लेखनको प्रभावकारिता वा आवश्यकतालाई हेरेर स्वीकृत वा अस्वीकृत हुने वा पुनर्लेखन गर्नु पर्ने अवस्था पनि आउन सक्ने देखिन्छ । त्यसैले शोध समस्यामा केन्द्रित भई अनुसन्धान कर्ताले वस्तुगत तथ्य, प्रमाण, साधन, स्रोत खोज्नु वा जुटाउनमा नै अनुसन्धान विधि वा शोधविधिको महत्त्व र उपयोगिता रहेको देखिन्छ ।

### ५.७ अध्ययनको सीमा

अनुसन्धान गहन र व्यापक विषय हो । अनुसन्धानको शीर्षक सूक्ष्म तर गहिरिएर विस्तार हुने प्रकृतिको हुनुपर्छ । अनुसन्धानको शीर्षकले अध्ययन गरिने सम्पूर्ण पक्षलाई समेट्न सक्दैन । त्यसका लागि अध्ययनको सीमा निर्धारण गर्नु जरुरी देखिन्छ । शीर्षकसँग सम्बन्धित धेरै विषयवस्तु हुन सक्दछन् । सबैलाई समेट्न गाह्रो हुने हुँदा कुन विषय र क्षेत्रमा के कति अनुसन्धान गर्ने र के कति विषयको अनुसन्धान नगर्ने भन्ने  कुरा यकीन हुनुपर्छ । यदि अध्ययनको सीमा निर्धारण नगर्ने हो भने अनुसन्धान कार्य अस्पष्ट, छरपष्ट, अव्यवस्थित एवं लथालिङ्ग भई आवश्यकता अनुसारको खोज र निष्कर्ष निक्लन सक्दैन । सीमा निर्धारण गरेपछि अनुसन्धानले गति लिन सक्छ । ठीक सही र आवश्यक विषयवस्तुलाई ठोस निष्कर्षमा पुऱ्याई अनुसन्धानलाई फलदायी बनाउन अध्ययनको सीमा तोक्न आवश्यक मानिन्छ । त्यसैले अनुसन्धान प्रक्रियामा सीमा निर्धारणको भूमिका र औचित्य प्रभावकारी रूपमा देखिन्छ।

### ५.८ अध्ययनको रूपरेखा

अनुसन्धान कार्यलाई सुव्यवस्थित गर्न विषयवस्तुको विभाजन गर्ने गरिन्छ । अनुसन्धानलाई के कति खण्ड, के कति अध्याय, के कति शीर्षक र उपशीर्षकमा के कसरी विभाजन गर्ने भन्ने कुराको उल्लेख नै अनुसन्धानको रूपरेखा हो । अनुसन्धानको रूपरेखा प्रस्तावमा पेस गरेभन्दा थपघट पनि हुनसक्छ तर अनुसन्धानलाई व्यवस्थित बनाउन सम्भावित रूपरेखा प्रस्तुत गर्नु जरुरी देखिन्छ । अनुसन्धानको अग्रभाग, मूलभाग र पश्चभागमा के के कुरा रहने भन्ने कुराको स्वरूपगत जानकारी गराउनु नै अध्ययनको रूपरेखा हो । आकार प्रकार वा संगठनात्मक ढाँचालाई देखाउँदै अध्याय वा परिच्छेदमा विभाजन गरेर प्रारम्भिक रूपरेखालाई प्रस्तुत गर्न सकिन्छ ।

५.९ सन्दर्भ कृतिसूची

अनुसन्धानका क्रममा अनुसन्धान प्रस्तावमा उपयोग गरिएका पुस्तक, पत्रपत्रिका, अखबार, जर्नल, बुलेटिन, वेभसाइटका सामग्री आदिको व्यवस्थित सूचना दिने सूचीलाई सन्दर्भ कृतिसूची भनिन्छ (न्यौपाने, २०७५ : ३२) । यसलाई  सन्दर्भ कृतिसूची, सन्दर्भ ग्रन्थसूची नामले पनि चिनिन्छ । अनुसन्धान कार्यमा सन्दर्भ कृतिसूचीलाई अनिवार्य अङ्ग मानिन्छ । सन्दर्भ कृतिसूचीलाई हेरेर अनुसन्धान कार्यको गहनता, व्यापकता, सूक्ष्मता, प्राथमिकता र मूल मर्मलाई बुझ्न सकिन्छ ।  यस सूचीलाई पुस्तक, पत्रपत्रिका एवं अन्य सामग्रीलाई पनि उपशीर्षक दिएर राख्ने गरेको पाइन्छ र भाषागत आधारमा पनि अंग्रजी, नेपाली, हिन्दी, संस्कृत भनेर छुट्याएर राख्ने गरेको पाइन्छ तर वर्तमान सन्दर्भमा पत्रपत्रिका, कृति, शोध आदिलाई वर्णानुक्रमका आधारमा एकैठाउँमा संयुक्त रूपमा लेख्ने प्रचलन आइसकेको पाइन्छ । सन्दर्भ कृतिसूची प्रयोग गर्दा निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ ।

लेखकको थर वा पछिल्लो नामको वर्णानुक्रममा देखाउनुपर्छ ।

पुस्तकमा लेखकको नाम, पुस्तकको नाम, प्रकाशन वर्ष (     ) प्रकाशन स्थान र प्रकाशक क्रमशः लेख्नुपर्छ ।

पत्रिकामा लेखकको नाम, लेखको शीर्षक, पत्रिकाको नाम, वर्ष, अङ्क, साल, महिना, पृष्ठ क्रमशः लेख्नुपर्छ ।

अनुसन्धानलाई मार्ग प्रसस्त गर्ने भएकाले नै सन्दर्भ कृतिसूची यसको महत्त्वपूर्ण अङ्ग मानिएको हो । अनुसन्धेय विषयको मूल्याङ्कनको आधार पनि यही हो । क्षमता र विशिष्टताको उत्कृष्ट नमुनाका रूपमा पनि  सन्दर्भ कृतिसूचीको सार्थकता देखिन्छ ।

६. अनुसन्धानमा अनुसन्धान प्रस्तावको आवश्यकता र भूमिका

अनुसन्धान कार्यको पूर्व तयारी अनुसन्धान प्रस्ताव हो । अनुसन्धान थाल्नुपूर्व सम्बन्धित संस्थालाई स्वीकृतिका लागि बुझाइने दस्तावेज, पूर्वयोजनापत्र, मस्यौदा पत्र, एवं कार्य तालिकालाई अनुसन्धान प्रस्ताव भनिन्छ । के विषयमा अनुसन्धान गर्ने ? किन गर्ने ? कसरी गर्ने ? भन्ने कुराको स्पष्टीकरण नै अनुसन्धान प्रस्ताव हो । यसमा अनुसन्धेय विषयको संभावित रूपरेखा प्रस्तुत गरिएको हुन्छ । यसमा अनुसन्धानका पूर्वझलक प्रस्तुत गरिएको हुन्छ । अनुसन्धान अनुसन्धान प्रस्तावको योजना भएकाले अनुसन्धान कार्यलाई गति प्रदान गर्न प्रस्ताव प्रस्तुत गर्नु जरुरी भएको हो । संघसंस्था वा सम्बन्धित विभागबाट स्वीकृति नभई अनुसन्धान कार्य अघि बढ्न नसक्ने भएकाले पनि अनुसन्धान प्रस्तावको भूमिका र आवश्यकता उल्लेखनीय मानिएको हो । कुनै निकायबाट आर्थिक सहयोग र सुविधा जुटाउनका लागि, कसैले विद्वत् वृत्ति प्राप्त गर्नका लागि, कसैले आत्मोन्नति गर्नका लागि, कुनै प्राज्ञिक कार्य सम्पन्न गर्नका लागि, विद्यावारिधि, स्नातकोत्तर, स्नातक उपाधि पाउनका लागि पनि अनुसन्धान कार्यमा संलग्न हुन चाहने व्यक्तिले सम्बन्धित संस्थाबाट स्वीकृति लिई अनिवार्य रूपमा अनुसन्धान प्रस्ताव पेश गर्नै पर्ने देखिन्छ । यस आधारमा पनि यसको आवश्यकता  र उपादेयता रहेको कुरा स्पष्ट हुन आउँछ ।

७. उपलब्धि र निष्कर्ष

मानवीय ज्ञानको वृद्धि गर्ने अद्वितीय साधन भनेको अनुसन्धान हो (दाहाल, २०७४: २८०) । अनुसन्धान कार्य गर्नु पूर्व प्रस्तुत गरिने लिखित दस्तावेज अनुसन्धान प्रस्ताव हो । अनुसन्धानका

लागि गरिने पूर्वतयारीलाई अनुसन्धान प्रस्ताव भनिन्छ । यसका आफ्नै विशिष्ट विधि, पक्ष र अङ्ग रहेका छन् । विधि र नियममा आधारित भएर सम्बन्धित क्षेत्रमा प्रस्तुत गरेपछि मात्र नियम अनुसारका प्रस्तावलाई अनुसन्धानका लागि स्वीकृति दिने परम्परा र प्रचलन रही आएको बुझिन्छ । अनुसन्धान प्रस्तावका अङ्गहरूको विमर्श शीर्षकबाट सारपूर्ण उपलब्धि र निष्कर्षलाई बुँदागत रूपमा निम्न अनुसार देखाउन सकिन्छः

१ कुनै विषय वा शीर्षक केन्द्रित रही समस्याकको समाधान वा खोजी गर्नु अनुसन्धान हो ।
२ अनुसन्धानमा अनुसन्धेय विषयका बारेमा पूर्वयोजना वा पूर्वतयारी अनुसन्धान प्रस्ताव हो ।
३ अनुसन्धान प्रस्ताव भित्रका अङ्गहरूको भूमिकाका र उपयोगिता उच्च र विशिष्ट देखिन्छ । अनुसन्धान प्रस्तावको नामकरणशीर्षक चयन हो भने शीर्षक नै अनुसन्धानको समस्या र समस्यामा उठेका प्रश्न नै उद्देश्य हुन् ।
४ अनुसन्धेय विषयका बारेमा पहिले भए गरेका काम पूर्वकार्य हुन् ।
५ अनुसन्धानबाट लाभान्वित बनाउने आधार अध्ययनको औचित्य हो ।
६ अनुसन्धेय विषयमा के कति कार्य गर्ने र के कति नगर्ने भनी सीमा तोक्नु सीमाङ्कन हो । अनुसन्धानको सम्भावित झलक प्रस्तुत गर्नु रूपरेखा हो ।
७ अनुसन्धानका लागि उपयोग गरिएका पुस्तक, पत्रपत्रिका, शोधपत्र, आदिलाई नछुटाई विधिसम्मत तरिकाले प्रस्तुत गर्नु सन्दर्भ कृतिसूची हो ।

प्रमुख सन्दर्भ सामग्रीसूची

अवस्थी,महादेव (२०६४), *नेपाली विषयक अनुसन्धान प्रक्रिया,* सम्प्रेषण (वर्ष४, अङ्क४: ३७-४४), काठमााडौं : नेपाली भाषा शिषण विभाग ।
खनाल,पेसल (२०६८), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।
गौतम, टीकाराम (२०७९), *समाजशास्त्र र मानवशास्त्र, अनुसन्धान पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
दाहाल,घनश्याम (२०७४), *हिमवत्खण्ड महाकाव्यमा अलङ्कार योजना* (विद्यावारिधि शोधप्रबन्ध), दाङ : ने.सं.वि. ।
न्यौपाने,नेत्रप्रसाद र तिमल्सिना, शिवप्रसाद (२०७५), *अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन ।
पौडेल,माधवप्रसाद (२०६८), *साहित्यशास्त्र र नेपाली समालोचना र शोधविधि,* काठमाडौं : विद्यार्थी पुस्तक पसल ।
पौडेल,राजेन्द्रप्रसाद (२०७४), *आधुनिक अनुसन्धान पद्धति,* काठमाडौं : हिमशिखर प्रकाशन ।
बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।
भण्डारी,पारसमणि र अन्य (२०७५), *अनुसन्धान विधि,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
भट्टराई,रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधिः परिचय प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।
शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र (२०६८), *शोधविधि* (पाँचौं सं.), ललितपुर : साझा प्रकाशन ।

# पुरुषोत्तम मासको महिमा र व्रतविधि•

दामोदर गौतम
सहप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

सार

पुरुषोत्तम मास, अधिकमास, मलमास भनिने एउटै महिनाको नाम हो । पर्यायवाचीको रूपमा रहेको नेपाली बृहत् शब्दकोश र संस्कृत नेपाली बृहत् शब्दकोशमा उल्लेख छ । मलमास निन्दित महिनाको रूपमा चिनिन्छ भने पुरुषोत्तम मासले उत्तम महिना पुरुषोत्तम मास उत्तम व्रत योग्य भगवान् श्रीकृष्णले वरदान दिएर उत्तम मास (महिना) को वरदान पाएको महिना भनेर चिनिन्छ ।

सूर्य एक महिना एउटा राशिमा रहन्छन् । एक वर्षमा १२ महिना हुन्छन् र प्रत्येक महिनाका स्वामी सूर्य अलग अलग नामका हुन्छन् । माघ महिनाबाट क्रमैसँग अरुण, सूर्य, भानु, तपन, चन्द्र, रवि, भगस्ति, अर्यमा, हिरण्यरेता, दिवाकर, मित्र र विष्णु यी १२ सूर्यका प्रत्येक महिनाका स्वामी सूर्य हुन् । यिनै सूर्यले प्रत्येक महिनालाई प्रकाशित गर्दछन् । अधिक मासको स्वामी सूर्य १३ औं नभएको हुनाले यस मलमासलाई निन्दित मास भनियो । मलमासले गोलोक वासी भगवान् पुरुषोत्तम सबैभन्दा श्रेष्ठ हुनुहुन्छ उनैको भक्ति गर्दै लोकले हेलाँ गरेको गुनासो गरेपछि आशीर्वाद दिँदै आफ्नो जस्तै यश र गुण प्रदान गरी पुरुषोत्तम नाम राखिदिएको हुनाले मलमास पुरुषोत्तम मासका नामले पनि प्रख्यात भयो ।

यस लेखमा पुरुषोत्तम मास परिचय, यसमा गरिने ब्रतविधि, दानको महत्व र अन्य गरिने कर्महरूको उल्लेख गरिएको छ । पुरुषोत्तम मास कथा प्रसंगबाट थालनी गरी यसका सार तत्त्व पुरुषोत्तम मासको महत्त्व र विधि, निषेधका सम्बन्धमा चर्चा गरिएको छ । पुरुषोत्तम मासको कथा प्रसङ्ग बृहन्नारदीय पुराणमा पाइन्छ । पुरुषोत्तममास माहात्मम् नामले आजभोलि उपलब्ध हुने यस पुस्तकमा ३१ अध्याय छन् । यसमा उल्लेख भएको कथा प्रसङ्ग अनुसार नैमिषारण्य क्षेत्रमा विश्वकल्याणका लागि जुटेका अठासी हजार ऋषिहरूलाई भुक्ति र मुक्ति दिने यो कथा लोकोपकारका लागि नारायणले नारदलाई सुनाएको पूर्ववृत्तान्त सूतजीले सुनाउनु भएको हो । नेपाली समाजमा भगवान् विष्णुको भक्ति गर्ने महिना तथा विवाह, व्रतबन्ध, आदि कर्म गर्न नहुने महिनाका रूपमा रहेको यस महिनाका बारेमा अनेकौं भनाइ र चलनहरू रहेका पाइन्छन् । तिनै मध्ये मलमासको धार्मिक सांस्कृतिक महत्त्वलाई यहाँ स्पष्ट पारिएको छ ।

शब्दकुञ्जि : मलमास, पुरुषोत्तममास, माहात्म्य, अस्पृश्य, माङ्गलिक कर्म, नैमित्तिक कर्म, व्रती, मूर्तिमान् ।

• लेखप्राप्त मिति २०७५ श्रावण १३, विज्ञद्वारा परीक्षण श्रावण २३, प्रकाशनार्थ प्राप्त श्रावण ३० गते ।

१. विषय प्रवेश

पुरुषोत्तम, अधिकमास, मलमास एउटै महिनाको नाम हो । यी नाम पर्यायवाचीको रूपमा नेपाली बृहत् शब्दकोश र संस्कृत नेपाली बृहत् शब्दकोशमा उल्लेख छ । मलमास निन्दित महिनाको रूपमा चिनिन्छ भने पुरुषोत्तम मासले उत्तम महिना पुरुषेत्तम मास उत्तम ब्रतयोग्य भगवान् श्रीकृष्णले वरदान दिएर उत्तम मासका रूपमा स्थापित गरेको महिना भनेर चिनिन्छ । स्मरणीय छ यसै वर्ष २०७५ सालमा जेठ महिना अधिकमास रहेको थियो ।

यस लेखमा पुरुषोत्तम मास परिचय, यसमा गरिने ब्रतविधि, दानको महत्व र अन्य गरिने कर्महरूको उल्लेख गराउन खोजिएको छ । पुरुषोत्तम मास कथा प्रसंगबाट थालनी गरी यसका सार तत्व पुरुषोत्तम मासको महत्व र विधि, निषेध र यसको महत्व सम्बन्धमा चर्चा गर्ने जमर्को गरिएको छ ।

२.शोधसमस्या विधि र उद्देश्य

मलमास प्रत्येक तीन तीन वर्षमा आउने एउटा अधिक महिना हो, त्यसैले यसलाई अधिकमास पनि भनिन्छ । यसैलाई पुरुषोत्तममास पनि भनिन्छ । यी नाम रहनुका कारण र मलमास हाम्रो संस्कृतिसँग गासिएको हुनाले यसमा गर्न हुने र नहुने कर्मका विषयमा सबैको जिज्ञासा रहनु स्वाभाविक हो । यो लेख पाठक वर्गका मलमासका सम्बन्धमा हुने स्वाभाविक जिज्ञासालाई पूरा गर्ने उद्देश्यले तयार गरिएको छ । मलमास कहिले र किन पर्छ ? यसको नाम पुरुषोत्तममास, अधिकमास रहनुका कारण के हुन् ? मलमासमा के कस्ता कर्म गर्नु हुन्छ र के कस्ता कर्म गर्नु हुँदैन ? जस्ता जनमानसमा रहेका जिज्ञासा नै यस शोधलेखका समस्या हुन् । तिनै जिज्ञासाको शास्त्रीय दृष्टिले समाधान प्रस्तुत गर्ने प्रयास यहाँ गरिएको छ ।

मलमास सम्बन्धी जानकारी विभिन्न ग्रन्थहरूबाट पाइने भएकाले यहाँ पुस्ताकालयलाई नै आधार मानेर सम्बन्धित विषयका प्राप्त पुस्तक, लेख आदिको अध्ययन गरी प्राप्त सामग्रीलाई विश्लेषण गरी विश्लेषणात्मक र वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

३. पुरुषोत्तम (अधिक) मासको महिमा

पुरुषोत्तम मासको कथा भनौ अधिकमासमा गर्ने कर्तव्य तथा अकर्तव्यको वर्णन एवं यसको महिमा वर्णन बृहन्नारदीय पुराणमा पाइन्छ । पुरुषोत्तममासमाहात्मम् नामले पाइने पुस्तकमा भएको कथा यही पुराणबाट झिकिएको, पुरुषोत्तम मासको महिमा वर्णन गरिएको पाइन्छ । यसमा व्रत, दान, उपासनाको विधिसहित महिमाको वर्णन गरिएका कथा सहित ३१ अध्याय रहेका छन् । यसमा उल्लेख भएको कथा प्रसंग अनुसार नैमिसाख्य क्षेत्रमा विश्वकल्याणका लागि जुटेका अठासी हजार ऋषिहरू भेला भएका स्थानमा सूतजीको उपस्थित भई ऋषिहरूले स्वागत सत्कार गरे पछि ऋषिहरूको अनुरोधमा यस लोकमा भोग मिल्ने र परलोकमा मुक्ति मोक्ष मिल्ने कथा सुन्न चाहन्छौ भनी जिज्ञासा राख्दा धेरै समय अघि वदरिकाश्रममा तपस्या गरेर बसेका नारायणले नारदमुनिलाई र व्यासका मुखबाट मैले सुनेको पुरुषोत्तम मासको कथा म सुनाउँछु भनी सूतजीले ऋषिहरूलाई सुनाइको कथा हो । पुरुषोत्तम मास कथा महात्म्य सुन्नाले दरिद्रता नाश गर्दछ यश कीर्ति बढाउँछ, बैधव्य योग हटाउँछ, उत्तम सन्तान दिने वाला र अन्त्यमा मोक्ष दिनेवाला उत्तम पुरुषोत्तम मास कथा सुन्नुहोस् भनी सूतजीले ऋषिहरूलाई सुनाउनु भएको हो ।

तथापि वक्ष्ये पुरुषोत्तमस्य माहात्म्यमत्यद् भुतमादरेण ।
दारिदचवैधव्यहरं यशस्यं सत्पुत्रदं मोक्षदमाशु सेव्यम् ॥

श्रद्धा भक्तिपूर्वक पुरुषोत्तम मासको व्रत, दान, जप आदि पुण्यकर्म गर्नाले तथा माहात्म्य सुन्नाले पनि मानिसका दुःख र दरिद्रता नाश हुन्छन् । पवित्र यशको प्राप्ति हुन्छ । असल सन्तति पैदा हुन्छन् । छिटै र सजिलै श्रवण गर्न सकिने यस कथाको श्रवणले मोक्ष पनि प्राप्त हुन्छ । यसले मलमास वा पुरुषोत्तममास व्रत दान आदि पुण्यकर्म गर्नका लागि उत्तम समय भएको विषयलाई स्पष्ट पारेको छ ।

३. महिना र तिनका स्वामी सूर्य

एक वर्षमा १२ महिना हुन्छन् । प्रत्येक महिनामा कम्तिमा २७ दिन र बढीमा ३२ दिन हुन्छन् । प्रत्येक महिनाका अलग अलग नामका सूर्य स्वामी हुन्छन् । सूर्यका यी १२ नामका रूपहरू १२ महिनाका स्वामी हुन् । माघ महिनाबाट क्रमैसँग अरुण, सूर्य, भानु, तपन, चन्द्र, रवि, गभस्ति, अर्यमा, हिरण्यरेता, दिवाकर, मित्र र विष्णु यी १२ सूर्यका नाम प्रत्येक महिनाका स्वामी हुन् । यिनै सूर्यले प्रत्येक महिनालाई प्रकाशित गर्दछन् ।

यहाँ बाह्र महिना र तिनका स्वामी सूर्यका नामलाई तालिकामा प्रस्तुत गरिएको छ -

| माघ | फागुन | चैत | वैशाख | जेठ | असार | साउन | भदौ | असौज | कात्तिक | मंसीर | पुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अरुण | सूर्य | भानु | तपन | चन्द्र | रवि | गभस्ति | अर्यमा | हिरण्यरेता | दिवाकर | मित्र | विष्णु |

अरुणः सूर्ये भानुस्तपनश्चन्द्रो रविर्गभस्तिश्च ।
अर्यमा हिरण्यरेता दिवाकरो मित्र विष्णु च ।
एते द्वादशा सूर्या माघाद्येषूदयन्ति मासेषु ।
निःसूर्योऽधिकमासो मलिम्लुचाख्यस्ततः पापः ॥
मासेषु द्वादशादित्यास्तपन्ते हि यथाक्रमम् ।
नपुंसकेऽधिके मासे मण्डलं तपते रवेः ॥ कालमाधव पृ. ५४ ।

बाह्र महिनाका अलग अलग नामका सूर्य स्वामी भए पनि यो ती बाह्र महिना भन्दा धेरै तेह्रौं महिना भएकाले यस महिनालाई अधिकमास पनि भनिएको हो । यो तेह्रौं महिना अधिकमास भएकाले यसका स्वामी सूर्य नरहेको हुनाले यसलाई नपुंसक मास अर्थात् स्वामीरहित मास पनि भनिन्छ । समयका प्रत्येक क्षण, प्रहर, मास, पक्ष, ऋतु, अयन, वर्ष, युग लगायत समुद्र, सरोवर, औषधी बोट विरुवा लगायत वनस्पति र पहाड, पर्वत, वेद, पुराणादि सबै मूर्तिमान् रूप शरीर धारण गर्न सक्ने र आ-आफ्ना गुणले युक्त भएका हुन्थे र सबैका आफ्ना मालिक (स्वामी) हुन्छन् । अधिक मासको स्वामी सूर्य १३ औं नभएको हुनाले स्वामी रहित नपुंसक मासका रूपमा मलमास निन्दित मास भयो।

४. मलमास वा अधिकमास हुने अवस्था र कारण

वर्ष ५ प्रकारका हुन्छन् सौर्य,वृहस्पति, सावन, चान्द्र र  नाक्षत्र संवत्सर । सौर्य संवत्सर ३६५ दिनको बृहस्पति संवत्सर ३६१ दिनको, सावन संवत्सर ३६० दिनको, नाक्षत्र संवत्सर ३२४ दिनको हुन्छ । सौर्य संवत्सर र चान्द्र संवत्सरलाई तुलना गरेर हेर्दा चान्द्र संवत्सर भन्दा सौर्य सांवत्सरमा ११ दिन धेरै रहेका छन् । यिनै धेरै रहेका ११ दिन दुई वर्ष  र केही महिनामा ३० दिन पुग्दछन् र ३० दिनको एक महिना हुने भएकाले यिनै दिनहरू मलमासका रूपमा देखिन्छन् । मलमास वा अधिक मास यो चन्द्रमास (महिना) र सौर्यमास को तुलनामा देखा पर्दछ ।

सौरेणेन्दोस्तु मानेन यदा भवति भार्गवः ।
सावने तु तथा माने दिनषट्कं न पूर्यते ॥
दिनरात्राश्च ते राम प्रोक्ता : सैवत्सरेण षट् ।
सौर संवत्सरस्यान्ते मानेन शशिजेन तु ।
एकादशातिरिच्यन्ते दिनानि भृगुनन्दन ।
समाद्वये साष्टमासे तस्मान्मासोऽतिरिच्यते ॥
सचाधिमासक : प्रोक्त : काम्यकर्मसु गर्हित : ॥

यसरी दुई चान्द्र संवत्सर र आठ महिना चान्द्र संवत्सरको वित्दा २९.... दिन अधिक हुन्छ । चान्द्र मासको तुलनामा सौर्य मास अधिक भएकाले चान्द्रमान अनुसार मलमास वा अधिकमास भयो सौर्यमानमा केही फरक पर्दैन । दिन गन्दा अधिक मासमा पनि सौर्य मास वर्ष ३६५ दिनको नै हुन्छ । चान्द्रमास तिथि अनुसार मात्रै फरक हुन आउँछ ।

यस्मिन्मासे न संक्रान्तिः संक्रान्तिद्वयमेव वा ।
मलमासः स विज्ञयो मासे त्रिंशत्तमे भवेत् ॥ हेमाद्रि - पृ. २०
असंकान्त हियो मासः कदाचित्तिथि वृद्धितः ।
कालान्तरात् समायाति स नपुंसक उच्यते ॥ हेमाद्रि - २७ ।

चैत्र शुक्ल प्रतिपदाका दिन सृष्टि भएको मानिन्छ, त्यसैले चैत्र शुक्ल प्रतिपदा चान्द्रसङ्क्रान्ति मानिन्छ । यसरी पर्ने मलमास प्रत्येक पाँच वर्षमा २ वटा हुन्छक्न् । महाभारतमा भनिएको छ -

पञ्चमे पञ्चमे वर्षे द्वौ मासावधिमासकौ ।
तेषां कालाविरेकेण ग्रहाणामतिचारतः ॥ कालमाधव पृ. ५८ ।

यसै विषयमा सिद्धान्त शिरोमणिमा किटान गरेर भनिएको छ - ३२ महिना १६ दिन ४ घडी बितेर जाँदा मलमास पर्दछ ।

द्वात्रिंशद्भिर्गतैर्मासैर्दिनैः षोडशभिस्तथा ।
घटिकानां चतुष्केण पतति ह्यधिमासकः ॥ कालमाधव पृ. ५४ ।

५. अधिकमास (मलमास) का प्रकार

यो अधिक मास दुई प्रकारको हुन्छ असंकान्त (संकान्ति नपरेको) र संकान्त ( संकान्ति परेको) । दुई संकान्ति परेको महिनालाई क्षयमास भनिन्छ । क्षयमास परेको वर्ष दुईवटा अधिकमास पर्दछन् । क्षयमासको तीन महिनाभित्र अगाडि र पछाडि अधिकमास पर्दछन् । ज्योतिषसिद्धान्तमा भनिएको छ -

असङ्क्रान्तमासोऽधिमास :
स्फुट : स्याद् ।
द्वि संङ्क्रान्तमास : क्षयाख्य : कदाचित् ।
क्षयः कार्तिकादित्रये नान्यदा स्यात् ।
तदा वर्षमध्येऽधिमासद्वयं च ॥ कालमाधव -६१

क्षयमास कार्तिक, मंसिर, पौष महिनामा मात्रै पर्दछ भने अधिक मास जुनसुकै महिनामा पर्दछ । क्षयमास १४१ वर्षमा पर्दछ अपवादको रूपमा १९ वर्षमा पनि पर्न सक्दछ । त्यो १४१ को क्षयमास पछि १९ वर्षमा पनि पर्न सक्दछ ।

कुवेदेन्दुवर्षै : क्वचिद् गोकुमिश्च ॥ कालमाधव पृ. ६२

कु पृथ्वी १ वेद ४ इन्दु १ = १४१ गो इन्दीय ९ कु पृथ्वी १ अंकानां वामतो गति भनिन्छ । १९ वर्षमा अपवादका रूपमा पर्न पनि सक्दछ । क्षयमास अघिको मासलाई संसर्प अधिकमास र क्षयमास पछिको अधिकमासलाई अहंस्पति अधिकमास भनिन्छ ।

६. पुरुषोत्तम मास नाम रहनुको रहस्य

बाह्र महिनाका बाह्र वटा नाम भएका सूर्य स्वामी भए पनि यो तेह्रौं महिना अधिकमासको स्वामी कुनै सूर्य भएनन् । स्वामी नभएका कारण यो अधिकमास निन्दित भयो ।

मध्वादयश्च ये मासा लवपक्षाश्च नाडिकाः । पुरुषोत्तम मास माहात्म्य ३-३१
यामास्त्रियामा ऋतवो मुहूर्तान्ययने उभे ।
हायनं च युगान्येवं परार्धाऽन्ताः परे च ये ॥ पुरुषोत्तम मास माहात्म्य ३-३२
वनस्पति पुरग्रामः गिरयः पत्तनानि च ।
एते सर्वे मूर्तिमन्तः पूज्यन्ते स्वात्मनो गुणैः ॥ पु.मा. ३-३४ ।

सवै आफ्ना स्वामीका कारण सवै सौभाग्यशाली हुन्छन् र आ आफ्नो कर्म गर्दछन् । अधिक मास स्वामी विनाको मास हुन गयो । यो अभागी, अपहेलित निन्दित, अस्पृश्य कर्मको फल नदिने मलको रूपमा मानेर मानिसले मलमास नामाकरण गरिदिए अनि निन्दित मासको रूपमा लिए मलमासलाई। यस महिनामा फल प्राप्त नहुने भन्दै शुभकर्म गर्न पनि छाडिदिए ।

स्वस्वाभियोगमाहात्म्यात् सर्वे सौभाग्यशालिनः ।
अधिमास समुत्पन्नः कदाचित् पाण्डुनन्दन ॥ पुरुषोत्तम मास माहात्म्य ३-३६ ।
अनर्हो मलमासोऽयं रविसङ्क्रमवर्जितः ॥ ३-२७
अस्पृश्यो मलरूपत्वाच्छुभे कर्मणि गर्हितः ॥ ३-३८ ।

लोकले यस्तो निन्दा गर्न थालेपछि मूर्तिमान् मलमासलाई असह्य पीडाबोध भयो र उनले भगवान् नारयणको शरणमा गएर दुःख बिसाए । भगवान् नारायणसँग गएर आफू निन्दित भएर नबाँच्ने मर्न तयार भएको गुनासो गरे । यो समयमा मानिस शुभ कर्म गर्दैनन् मलमासको निन्दा मात्रै गर्दछन्, मेरो नाम छैन, कर्मै छैन, भक्तिभाव केही छैन त्यसैले म मर्छु , मेरो जीवनको कुनै महत्त्व रहेन, हे भगवन् मेरो दुःख दूर गरिदिनुहोस् भनेर बिन्ती गरे । उनको दुःखपुकारा सुनेर नारायण भगवान्लाई दया आयो ।

न मे नाम न मे स्वामी नही कश्चित् ममाऽऽश्रया : ।
तस्मान्निराकृताः सर्वेः साधिदेवैः सुकर्मणः ॥ पुरुषोत्तम मास माहात्म्य ४-२३
निषिद्धो मलमासोऽयमित्यन्धोऽवटगः सदा ।
तस्माद् विनष्टुमिच्छामि नाऽहं जीवितुमुत्सहे ॥ पुरुषोत्तम मास माहात्म्य ४-२४

यसरी आफ्नो दुःख नारायण भगवानलाई मलमासले दुःखको कुरा विन्ति गरेपछि नारायणले मलमासलाई कृष्ण भगवान् कहाँ लगेर समस्या समाधान गरिदिने बताउँदै भन्छन् -

वत्साऽऽगच्छ मया साध गोलोकं योगिदुर्लभम् ।
यत्राऽऽस्ते भगवान् कृष्णः पुरुषोत्तम ईश्वरः ॥ पुरुषोत्तम मास माहात्म्य ५-९

गोलोकवासी भगवान् पुरुषोत्तम सवैभन्दा श्रेष्ठ हुनुहुन्छ भनी गोलोक पुगेर मलमासको दुःखको कुरा र अपहेलित भएको कारण कसैले धर्मकर्म दान तपस्या मलमासमा गर्दैन र यो मलमास भनेर निन्दामात्रै गर्दछन् भनी वेदना गोलोक वासी श्रीकृष्ण पुरुषोत्तम भगवान्लाई सुनाउँदा कृष्णलाई दया

लागेर आयो । भगवान् कृष्णले अव उप्रान्त यस मलमासलाई मेरो जस्तै नाम, कृति, यश, गुण सवै चिजले युक्त भएको बनाइदिन्छु र मेरो पुरुषोत्तम नाम यसलाई (मलमासलाई) दिनेछु । यस महिनामा भक्तका दु:ख पीडा म नै हरण गर्नेछु र गरिएका पूजा, दान, धर्म र पुण्यकर्मको फल पनि म नै म प्रदान गर्नेछु, आज उप्रान्त मलमासको नाम पुरुषोत्तम मास हुनेछ भनी आशीर्वाद दिएको हुनाले मलमासको नाम पुरुषोत्तम मास भनेर पछि प्रसिद्ध हुन गयो ।

अत एनं करिष्यामि सर्वोपरि मथा अहम् ।
गुणैः कीर्त्याऽनुभावेन षड्भगैश्च पराक्रमैः ।
भक्तानां वरदानेन गुणैरन्यैश्च मामकैः ॥
अहमेतैर्यथालोके प्रमितः पुरुषोत्तम : ।
तथाऽयमपि लोकेषु प्रथितः पुरुषोत्तम : ॥ पुरुषोत्तम मास माहात्म्य ७- ७, ८ ।

यही महिनालाई भगवान् पुरुषोत्तमका गुण र नाम पनि प्राप्त भएको हुनाले यो पछि पवित्र र प्रसिद्ध बन्न पुग्यो । यो मास पुरुषोत्तम मासले प्रख्यात हुनेछ र भक्तका दुः ख कष्ट हरण गर्नसक्ने यो मासमा गरेको सेवा, पूजा, दान, धर्म म स्वयं ग्रहण गर्नेछु भनी भगवान् श्रीकृष्ण पुरुषोत्तमले वरदान दिएको हुनाले पुरुषोत्तम मास नाम रहन गएको पाइन्छ ।

अरु महिनाहरू कामनाले (इच्छाले) युक्त हुनेछन् । तिनमा गरिएका पूजा, व्रत र दानादि कर्म सकाम हुनेछन् भने यो पुरुषोत्तम मासमा गरिएका यस्ता कर्म निष्काम हुनेछन् । यी निष्काम कर्मले मानिसलाई मोक्ष प्रदान गर्दछन् । यस मासमा गरेको स्नानदान जप ध्यान मोक्षमार्गका साधन हुनेछन् भनी प्रत्यक्ष भगवान् श्रीकृष्णले वरदान दिनुभयो ।

सर्वेमासाः सकामश्च निष्कामोऽयं मया कृतः ।
मोक्षदः सर्वलोकानां मत्तुल्योऽयं मया कृतः ॥ पुरुषोत्तम मास माहात्म्य ७-१३

मलमास यसरी भगवान् पुरुषोत्तमको कृपा आशीर्वादले उत्तम नाम र गुणले युक्त भएको मासमा परिवर्तित भएको उल्लेख पुरुषोत्तम माहात्म्यमा पाइन्छ । मानिसले गरेका पुण्य कर्मको फल म आफैं दिनेछु र अर्पण गरेको चिज दान, जप, तप म स्वयं ग्रहण गर्नेछु भनी वरदान दिएको हुनाले मलमास उत्तम र पूज्य हुन गयो । मेरो आज्ञाले यो मलमासलाई पूजा, अर्चना, वन्दना, दान, धर्म सबै गर्नेछन् । अरु १२ महिना भन्दा यो मलमास सबै भन्दा उत्तम हुनेछ भनी भगवान् विष्णुलाई श्रीकृष्ण भगवानले भनेको कथा प्रसंग अनुसार उत्तम महिना भयो ।

ममाऽऽज्ञया जना : सर्वे पूजयिष्यन्ति मामकम् ।
सर्वेषामपि मासानामुत्तमोऽयं मया कृतः ॥ पुरुषोत्तम मास माहात्म्य ७-४१

यसरी मलमासले मूर्ति रूप धारण गरी विष्णु सँग आफ्नो दु:ख सुनाउँनु र त्यसको मुक्तिको लागि पुरुषोत्तम भगवान्कहाँ लिएर जानु र मलमासले वरदान पाउनु नै पुरुषोत्तम मासको जन्म हुन गयो । यो भन्दा पहिलेको अधिक मास वा मलमास मांगलिक कर्म काम्य नैमित्तिक कर्म दान जप तप केही गर्न नहुने निन्दित अपहेलित महिनाको मलको रूपमा चिनिन्थ्यो र मलमास भनिन्थ्यो ।

७. अधिकमासमा गर्न हुने र नहुने कर्महरू

मलमासले मूर्ति रूप धारण गरी विष्णु सँग आफ्नो दु:ख सुनाउँनु र त्यसको मुक्तिको लागि पुरुषोत्तम भगवान्कहाँ लिएर जानु र मलमासले वरदान पाएर उत्तम मासका रूपमा पुरुषोत्तम मासको जन्म हुन गयो । यो भन्दा पहिलेको अधिक मास वा मलमास मांगलिक कर्म काम्य नैमित्तिक कर्म दान जप तप केही गर्न नहुने निन्दित अपहेलित महिनाको मलको रूपमा चिनिन्थ्यो र मलमास

भनिन्थ्यो । पुरुषोत्तम मासको साङ्गो पाङ्गो वर्णन बृहन्नारदीय पुराणमा पुरुषोत्तम मास माहात्म्यमा वर्णन गरिएको छ । त्यसैको आधारमा पुरुषोत्तममासमाहात्यम् नामक पुस्तकमा यसको महिमा, प्रसंसा, व्रतको विधि, दानविधि, नियम र त्यसबाट प्राप्त हुने फलको वर्णन गरिएको छ । ३१ अध्यायमा वर्णन गरिएको माहात्म्यमा पुरुषोत्तम मासको महिमा उल्लेख गरिएको छ ।

संसर्प मासमा सबै कर्म गर्न निषेध गरेको छैन मलमासमा काम्य कर्म र नैमित्तिक र माङ्गलिक कर्म गर्न सामान्यतया निषेध गरेको छ तर पनि जुन कर्मको पर्खिने अवस्था छैन भने त्यस्ता कर्म गर्न छुट दिएको छ ।

मलेऽनन्यगतिकं कुर्यात् नित्यं नैमित्तिकीं क्रियाम् ॥ निर्णयसिन्धु पृ.९८

रोग शान्ति पार्ने, वृष्टि (पानी) पार्ने जस्ता जुन कर्म पर्खेर बस्दा अनिष्ट हुन्छ त्यस्ता कर्म गर्न हुन्छ । विवाह ब्रतबन्ध र अन्य काम्यकर्म गर्न चाहिँ निषेध गरिएको छ । पुरुषोत्तम मासमा ब्रत, दान, जप, तप आदि यावत् कर्महरू गर्न हुन्छ ।

अनन्यगतिकं नित्यं नैमित्तिकं काम्यं चाधिमासक्षयमासयोः कर्तव्यम् ।

सगतिकं नित्यं नैमित्तिकं काम्यं च वर्ज्यम् ॥ धर्मसिन्धु पृ. ६

कुनै पनि व्रतको प्रारम्भ र समाप्ती त्यसका निमित्त गरिने दान आदि गर्न निषेध छ तर नैमित्तिकमा ग्रहण स्नान दान गर्न हुन्छ ।

चन्द्रसूर्य ग्रहे स्नानं श्राद्ध दानाजयादिकम् ।

कार्याणि मलमासेऽपि नित्यनैमित्तिकं तथा ॥ यम -कालमाधव पृ. ७३

वार्षिक श्राद्ध वर्षवृद्धि कर्म मूर्ति प्रतिष्ठा सहज अवस्थाका नैमित्तिक कर्म, काम्यकर्म शिलान्यास वास्तु गृहप्रवेश, पहिलो तिर्थयात्रा आदि निषेध गरिएको छ ।

वापी कूपतडागादि प्रतिष्ठा यज्ञ कर्म च ।

नकुर्यान्मलमासे च महादान फलानि च ।

न यात्रां न विवाहं तु न च वास्तु निवेशनम् ।

न प्रतिष्ठां च देवानां प्रसादग्राम भूरुहाम् ॥ निर्णयसिन्धु पृ. ८३

अनित्य अनिमित्यञ्च दानं च महदादिकम् ।

अग्न्याधानाध्वरा पूर्व तीर्थयात्राऽमरेक्षणम् ॥ निर्णयसिन्धु पृ.२७

यसरी सगतिक र अगतिक अवस्था हेरेर नित्य नैमित्तिक काम्य कर्महरू गर्न हुने विधि र गर्न नहुने निषेध देखाइएको छ ।

### ७.१ मलमासमा श्राद्ध

श्राद्ध सम्बन्धमा शुद्ध महिनामा मरेका व्यक्तिको श्राद्ध शुद्ध महिनामै हुन्छ । कसैको मतमा प्रथम वार्षिक श्राद्ध मलमासमा पनि गर्न हुन्छ भनेका छन् । मलमासमा मरेका व्यक्तिको श्राद्ध शुद्ध महिनामा गर्नु पर्दछ तत्काल त्यही महिनामा मलमास पर्दैन । कालान्तरमा त्यही महिनामा मलमास पऱ्यो र वार्षिक श्राद्धको तिथि मिल्यो भने मलमासमा पिण्ड विना र शुद्ध मासमा पिण्ड सहितको दुवै महिनामा श्राद्ध गर्नु पर्दछ ।

पिण्डवर्ज्यमसंक्रान्तौ संक्रान्तौ पिण्डसंयुतम् ।

प्रतिसंवत्सरं श्राद्धं कुर्यान्मास द्वयेऽपि च ॥ श्राद्धविधि - पृ. २३०

असंक्रान्तेपि कर्तव्यमाब्दिकं प्रथमं द्विजै : ।

तथैव मासिक श्राद्धं सपिण्डी करणं तथा ॥ निर्णयसिन्धु पृ.२४

श्राद्धीयहनि सम्प्राप्ते अधिमासो भवैद् यदि ।
मलमासेऽपि कुर्वित श्राद्धमेवं न मुह्यति ॥ कालमाधव पृ. ८२
श्राद्धसम्बन्धी विषय विस्तृत भएकाले यहाँ संक्षेपमा उल्लेख गरियो ।

७.२. पुरुषोत्तममासमा गर्नै पर्ने कर्म

पुरुषोत्तम महिना श्रीकृष्णले वरदान दिएको महिना भएको हुनाले भगवान्‌को विशेष प्यारो महिना मानिन्छ । यस महिनाका धार्मिक कर्मको फल विशेष रूपमा पाइने वरदान पाएको हुनाले पुरुषोत्तम मास व्रत विशेषको महत्व रहेको पाइन्छ ।

दुर्लभं मानुषं जन्म भूखण्डे भारताऽजिरे ।
तादृशं जनुरासाद्य सेवन्ते पुरुषोत्तमम् ॥ पुरुषोत्तम मास माहात्म्य २९-१९

नित्य स्नान, सन्ध्या, जप, ध्यान, पूजा, पाठ आदि नित्यरूपमा गर्ने, एक छाक फलाहार गर्ने, पवित्र ब्रह्मचार्यमा रहने, सत्य बोल्ने, अहिंसाको व्रत लिने आदि यस महिनामा गरिने कर्म वा व्रत हुन् । यी व्रतहरू नियमपूर्वक गरे उत्तम भगवद्धामको प्राप्ति हुने उल्लेख पाइन्छ ।

अहिंसा सत्यवचनं सर्वभूताऽनुकम्पनम् ।
शमो दानं यथा शक्ति गाहस्थ्यो धर्म उच्चते ॥ पुरुषोत्तम मास माहात्म्य २९-८८
सायं प्रातवैश्यदेवः कर्तव्यो बलिकर्म च ।
अनश्नताऽपि सततमन्यथा किल्विषि भवेत् ॥ पुरुषोत्तम मास माहात्म्य २९-७९

पुरुषोत्तम मास व्रतोपासन दान, धर्म, जप, तप नगर्ने मानिसलाई धिक्कार छ । त्यो पशुतुल्य हो भनी पुरुषोत्तमको महिमा वर्णन गरिएको पाइन्छ ।

धिक् तं च नास्तिकं पापं शठं धर्मध्वजं खलम् ।
पुरुषोत्तममासाद्या स्नानदान विवर्जितः ॥ पुरुषोत्तम मास माहात्म्य २९-८० ।

७.३ पुरुषोत्तम मासको व्रतविधि

यो व्रत बस्दा व्रतीले फलाहारका रूपमा हविष्यान्न मात्रै खानु पर्दछ । गहुँ, शालीधानको चामल वा आफैँ उम्रिएको धानको चामल, मुँग, जौ, तिल, केराउ, कागुनु, सागपात, फलफूल आदि हविष्यान्न सेवन गरेर व्रत बस्न सकिन्छ ।

हविष्यान्नं च भुञ्जीत प्रयतः पुरुषोत्तमे ।
गोधूमाः शालयः सर्वाः सिता मुद्गा यवस्तिला ॥ पुरुषोत्तम मास माहात्म्य २२-४

पुरुषोत्तममासको व्रत बस्नेले खान नहुने वस्तुहरूमा हवनमा प्रयोग नहुने अन्न, गरिष्ठ भोजन (चिल्लो तारेको, भुटेको अन्न आदि) अमिश, मह वयर, भटमास, दाल, भाव दुष्ट, क्रिया दुष्ट अर्काले सित्तैमा दिएको अन्न आदि रहेका छन् ।

द्विदलं तिलतैलं च तथाऽन्नं शल्यदूषितम् ।
भावदुष्टं क्रियादुष्टं शब्ददुष्टं च वर्जयेत् ॥ पुरुषोत्तम मास माहात्म्य २२-१०

त्यसरी नै लसुन, प्याज, च्याउ, रातो मुला, गाजर, सञ्जिवन आदि पनि खान नहुने उल्लेख पाइन्छ ।

पलाण्डुं लशुनं मुस्तां छत्राकं गुज्जनं तथा
नालिकं मूलकं शिग्रु वर्जयेत् पुरुषोत्तमे ॥ पुरुषोत्तम मास माहात्म्य २२-१९ ।

व्रत बस्ने दान पूजा आदि पुण्यकर्म गर्नेले केवल निराहार रहनाले मात्र व्रत हुँदैन । आहा विहार दुवै सात्विक हुन आवश्यक हुन्छ । व्रत पालना गर्दा काम (कुनै वस्तुको अधिक चाहना), क्रोध,

(रिस) मोह, मद मात्सर्य (घमण्ड), आदिलाई पनि त्यागेर ब्रह्मचर्य धारण गरी शान्त र संयमित रहन पनि अत्यन्त आवश्यक छ ।

फलपत्राऽनिलाऽऽहारा कामक्रोधविवर्जिताः ।

७.४ व्रतीले गर्ने नियम तथा व्रत र दान आदिको फल

पुरुषोत्तम मासको व्रत बस्नाले व्रतीले ठुल ठुला यज्ञ गरेको तुल्य फल प्राप्त गर्दछन् । पृथ्वीमा जति धार्मिक तीर्थ क्षेत्रहरू छन् ती सबै व्रतीको शरीरमा वास गर्दछन् र त्यसको प्रभावले गोलोक धामको प्राप्ति हुन्छ र भगवानको सान्निध्यमा आनन्दसँग बस्न पाउँछ भनिएको छ ।

पृथिव्यां यानि तीर्थानि क्षेत्राणि सर्वदेवता ।

तद्देहे तानि तिष्ठन्ति यः कुर्यात् पुरुषोत्तमम् ॥ पुरुषोत्तम मास माहात्म्य २२-३४

पुरुषोत्तम सेवायां निश्चलं हरिसेवकम् ।

विघ्ना दक्षन्ति शक्राद्याः पुरुषोत्तमतुष्टये ॥ पुरुषोत्तम मास माहात्म्य २२-३६

यसरी पुरुषोत्तम मास व्रतको विशेष महिमा र व्रतविधि उल्लेख गरेको पाइन्छ ।

व्रतमा फलाहार के कस्तो चिज र समय कुन समयमा फलाहार गर्नेभन्ने प्रतारम्भमा संकल्प गर्नु पर्दछ । फलाहार एक छाक खाने कि दुवै छाक खाने दिनमा रातमा मध्याह्नमा कुन समयमा खाने, आफैं पाकेको खाने वा पकाएको खाने त्यो पहिले नै अठोट गर्ने र कुनै चिज त्याग्ने इच्छा छ भने वा व्रतभरी त्यो नखाने भनेको भए त्यस वस्तुको व्रत समापनमा दान गर्नुपर्दछ । जुन वस्तु त्यागेको छ त्यसको मूल (जरो) वा त्यही वस्तु दान गर्ने । घिउ त्याग गरेको भए दूध दान गर्नु । मौन भोजी भए घण्ट दान गर्ने, केश, नङ नकाटी बसे ऐना, जुत्ता नलगाए जुत्ता, जमिनमा मात्रै सुते डसना तकिया दान गर्नुपर्ने उल्लेख गरिएको छ ।

मौने घण्टा तिलांश्चैव सहिरण्यान् प्रदापयेत ।

दम्पत्योर्भोजनं चैव सस्नेहं च सुभोजनम् ॥ पुरुषोत्तम मास माहात्म्य २६-७

सर्वस्त्रान् काञ्चनोपेतान् मृन्मयानथ काञ्चनान् ।

मासान्ते मोदकान् स्त्रिंशच्छत्रोपानह संयुतान् ॥ पुरुषोत्तम मास माहात्म्य २६-१२

व्रतको अन्त्यमा छाता जुत्ता सहित काँसको थालमा ३० वटा लड्डु वा मालपुवा राखी कपडाले ढाकेर दान गर्नु यो पुरुषोत्तम मासको विशेष दान मानिन्छ । यो व्रत अत्युत्तम व्रत हो नियमपूर्वक पालना गरेर व्रत बस्नाले सम्पूर्ण कामना पूर्ण हुन्छ ।

सर्वान् कामानवाप्नोति नरो नैवाऽत्र संशय : ॥

बम्हहत्यादि पापानि नाशं यान्ति जनाधिप ।

सर्वस्मान्मुच्यते पापात् विष्णुलोक सः गच्छति ॥ पुरुषोत्तम मास माहात्म्य ७-१२

यस व्रतमा शालिग्रामको पूजन र भगवान् विष्णुलाई एक लाख तुलसी पत्रको अर्पण गरी पूजा गरे दुःख दूर हुने र पुण्यलोक प्राप्त हुने कुरा वर्णन गरिएको छ । यसको पूण्य फल अनन्त र असिमित छ ।

शालिग्रामाऽर्चिनं कार्यं मासे श्रीपुरुषोत्तमे ।

तुलसीदललक्षेण तस्य पुण्यमनन्तकम् ॥ पुरुषोत्तम मास माहात्म्य २३-३१

भगवान् पुरुषोत्तमको उद्घोष छ जसले यो मासको नियमपूर्वक व्रत पूजा आराधना गर्दछ त्यस भक्तले धन सम्पत्ति, शारीरिक सुखादिसबै प्राप्त गर्दछ र अन्त्यमा गोलोकमा भगवान्को सान्निध्यमा बूदछ पूनर्जन्म हुदैन मोक्ष प्राप्त गर्दछ ।

येनाऽहमर्चितो भक्त्वा मासेऽस्मिन पुरुषोत्तमे ।
धनपुत्र सुखं भुक्त्वा पश्चाद् गोलोक वास भाक् ॥ पुरुषोत्तम मास माहात्म्य ७-४०
सर्वेसामपि मासानांमुत्तमोऽयं मया कृत : ॥ पुरुषोत्तम मास माहात्म्य ७-४१

पुरुषोत्तम मासको भक्तले एक महिना मात्रै भक्ति गर्नाले सजिलै सित जन्म मृत्यु र हितको मोक्ष पद प्राप्त गर्दछन् ।

पुरुषोत्तमस्य भक्तास्तु मासमात्रेण तत्पदम् ।
अनायासेन गच्छन्ति जरामृत्यु विवर्जितम् ॥ पुरुषोत्तम मास माहात्म्य ७-१८

८. निष्कर्ष

व्रत बस्नु भनेको मानिसको दिनचर्यालाई नियमित र अनुशासित राख्नु हो । हरेक व्रतका आ-आफ्ना नियम हुन्छन् व्रतमा नियम पालन अनिवार्य हुन्छ । व्रतको फलप्राप्ति पनि व्रतको विधि र नियमको पालनामा भर पर्दछ । व्रतले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा फल दिन्छ । निष्काम व्रतको फल मोक्ष प्राप्ति हो ।

काम, क्रोध, माया, मोह सवै त्यागी अल्पहारी भएर व्रत वस्नु पर्दछ । यसले मानिसको सात्विक गुणलाई वृद्धि गर्दछ र तामसिक गुणलाई कम गराउँदै जान्छ र सत्बुद्धि, सत्संकल्प र सत्कर्मको बृद्धि भई मानिस असल, चरित्रवान् विवेकी बन्दछ । व्रत र दानको प्रभावले दूःख कष्ट दूर भई त्यसको प्रभावले शारीरिक मानसिक फाइदा प्रत्यक्ष रूपमा फल पाइन्छ भने अप्रत्यक्ष रूपमा कर्मको फल भोग्दा सत्कर्म, सद् व्यवहार र परलोकमा सुख प्राप्ति हुन्छ । आत्माले ईश्वरको सान्निध्य प्राप्त गर्दछ । हामी पुनर्जन्मवादी भएकाले पुण्यकर्म गर्नाले अवश्य पनि अर्को जन्ममा सुख भोग प्राप्त हुन्छ । अस्तु ।

सन्दर्भग्रन्थसूची

अज्ञात, *पुरुषोत्तममासमाहात्म्यम्,* वाराणसी : दुर्गा साहित्य भण्डार, २०६४
उपाध्याय,काशीनाथ *धर्मसिन्धु,* खेमराज श्रीकृष्णदास प्रकाशन बम्बई सन् १९९३
ढकाल, वेणीमाधव (टीकाकार), *निर्णयसिन्धु* , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०७१
पोखरेल, ऋषिराम (सम्पा.), *श्राद्धविधि,* महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७
माधवाचार्य,*कालमाधव,* वाराणसी : चौखम्बा संस्कृत संस्थान, २०४५ ।
व्यास, श्रीबृहन्नारदीयपुराणम्, गोरखपुर : गीताप्रेस, सन् १९८४ ।
हेमाद्रि, *चतुर्वर्गचिन्तामणि* (काल निर्णय), वाराणसी : चौखम्बा संस्कृत संस्थान, सन् १९८५

# वैशेषिक दर्शन एक दिग्दर्शन•

देवीप्रसाद वाशिष्ठ
सहप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

सार

जसद्वारा देखिन्छ, जानिन्छ, सत्-असत् वस्तुको विचार गरी विवेकपूर्ण ज्ञान हुन्छ त्यही नै दर्शन हो । दर्शनमा जीवन र जगत्सँग सम्बन्धित सत्य, मिथ्या, सुःख, दुःख, नित्य,अनित्य, जीव, ईश्वर आदि विषयका धारणाहरू गाँसिएका हुन्छन् । विद्वान्हरूले शास्त्रहरूलाई तीन भागमा विभाजन गरेको पाइन्छ, ती सत्यपक्षप्रधान दर्शनशास्त्रहरू, शिवपक्षप्रधान श्रुतिमूलक स्मृतिशास्त्रहरू र सुन्दरपक्षप्रधान आलंकारिक अर्थात् साहित्यशास्त्र हुन् । दर्शनशास्त्रलाई आस्तिक र नास्तिक गरी मुख्यतः दुई भागमा विभाजन गरेको पाइन्छ । वैशेषिक दर्शनको संरचना सूत्रात्मक रहेको छ । यसमा ३७० सूत्र र १० अध्याय छन् । महर्षि कणाद प्रणीत वैशेषिक दर्शनलाई काणाद, काश्यप, औलुक्य, पैलुक्य दर्शन पनि भनिने गरे पनि वैशेषिक दर्शन नै यसको प्रसिद्ध नाम हो । केही समानता र असमानता भए पनि दर्शन विषयको अध्ययन परम्परामा न्याय दर्शन र वैशेषिक दुवै समावेश गरेको पाइन्छ । वैशेषिक सूत्रको मौलिकताको निश्चय विना समयको निर्धारण गर्न कठिन भए पनि सामान्यतः ई.पू. तृतीय-चतुर्थ शताब्दी वैशेषिक सूत्रको रचनाकाल मान्न सकिने तथ्य विद्वान् अन्वेषकहरूले स्वीकारेको हुनाले कणादको समय पनि त्यही नै रहेको अनुमान गर्न सकिन्छ । यस दर्शनको वैशेषिक दर्शन नाम रहनुमा नित्य द्रव्यहरूमा परस्पर भेद सिद्धिका लागि स्वतन्त्र विशेष नामक पदार्थ स्वीकारेको हुनाले तथा पदार्थहरूको प्रतिपादनमा विशिष्टता हुनु आदि कारणलाई अघि सारेको पाइन्छ । वैशेषिकदर्शन जीव र ईश्वरको भिन्नै सत्तालाई स्वीकार गर्ने हुनाले द्वैतवादी दर्शन हो ।

वैशेषिक सूत्रमा रावणले लेखेको भनिएको रावणभाष्य भएको उल्लेख भए पनि सो भाष्य अहिलेसम्म उपलब्ध छैन । प्रशस्तपादाचार्यद्वारा रचित “पदार्थधर्मसंग्रह” यस दर्शनको महत्त्वपूर्ण मौलिक व्याख्या ग्रन्थ हो । यसमा तीन वटा प्राचीन तथा प्रामाणिक टीकाग्रन्थ उपलब्ध छन् - चन्द्रानन्दवृत्ति, मिथिला विद्यापीठ वृत्ति र उपस्कार । वैशेषिक सूत्रमाथि धेरै व्याख्याग्रन्थ लेखिएको उल्लेख भए पनि प्रामाणिक, प्रौढ, र उपलब्ध व्याख्याग्रन्थ आचार्य शङ्कर मिश्रको “उपस्कार” नै हो ।

पदबाट पैदा हुने ज्ञानको विषय नै पदार्थ हो, यो पदार्थको लक्षण हो । केवल खाने पिउने आदि प्रत्यक्ष वस्तुमात्र पदार्थ होइनन् । विश्वमा भएका सम्पूर्ण वस्तु ७ पदार्थभित्र पर्दछन् । जसमा अभिधेयत्व, वाच्यत्व, प्रमेयत्व, ज्ञेयत्वादिमा केवलान्वयी धर्म रहन्छ ती सबै पदार्थ हुन् । यस दर्शनको अर्को मुख्य विशेषता- “परमाणुसिद्धि” गर्नु हो । कार्यकारणको सिद्धान्त अनुसार कारणविना कार्यको उत्पत्ति असम्भव हुने हुँदा घट आदि कार्यमा शुक्ल आदि रूप कारणगुणपूर्वक नै हुने हुनाले परमाणु मै रूपादि गुण छन् भन्ने सिद्ध हुन्छ । कणादले प्रत्यक्ष र अनुमन यी दुईवटा मात्र प्रमाण स्वीकार

• लेखप्राप्त मिति २०७५ श्रावण १, विज्ञद्वारा परीक्षण श्रावण ११, प्रकाशनार्थ प्राप्त श्रावण २४ गते ।

गरेका छन् । मिथ्याज्ञान निवृत्तिबाट दोषनाश, दोषको नाशबाट प्रवृत्तिनाश भई मोक्ष प्राप्त हुने कुरा वैशेषिक दर्शनमा उल्लेख पाइन्छ । सांसारिक व्यक्तिभन्दा अतिरिक्त महान् शक्तिशाली सांसारिक कार्यलाई त्रुटिरहित रूपमा एकनाशले सञ्चालन गर्ने कोही असाधारण तत्त्व अवश्य छ भन्ने कल्पना गर्दै त्यसैलाई ईश्वर मानिएको छ ।

*शब्दकुञ्जि:* दर्शन, पदार्थ, परमाणु, व्यावृत्ति, पाकजोत्पत्ति, द्वित्वोत्पत्ति, ईश्वरसिद्धि, ज्ञानकर्मसमुच्चयवाद, व्यवच्छेदक, अद्वैतवादी, द्वैताद्वैतवादी, विशिष्टाद्वैतावादी, अवयवावयवीभाव, अनुगतप्रतीति ।

१. विषय परिचय

पूर्वीय दार्शनिक परम्परामा महर्षि कणादबाट प्रणीत वैशेषिक दर्शन निकै प्राचीन मानिन्छ । 'काणादं पाणिनीयं च सर्वशास्त्रोपकारकम्' यस प्रसिद्ध भनाइबाट महर्षि कणादबाट रचिएको वैशेषिक दर्शन र आचार्य पाणिनिबाट रचिएको व्याकरण सवै शास्त्र जान्नका लागि उपयोगी (उपकारक) छन् भन्ने कुरा स्पष्ट हुन आउँछ । यसले यस दर्शनको महत्त्वलाई पनि प्रकट गरेको छ । वैशेषिक दर्शनमा प्रतिपादन गरिएका पदार्थहरू सवै शास्त्रमा आदरपूर्वक स्वीकार गरिएका छन् । दार्शनिक परमाणु सिद्धान्तका प्रथम प्रतिपादक महर्षि कणाद नै हुन् । त्यस्तै द्वित्वोत्पत्ति प्रक्रिया, पाकजोत्पत्ति प्रक्रिया, पीलुपाकवाद आदि यस दर्शनका सूक्ष्म र प्रसिद्ध सिद्धान्त हुन् । दर्शनले जीवनलाई चिनाउने बुझाउने गर्दछ र सही मार्गदर्शन गर्दछ । वैशेषिक दर्शनले प्रवृत्तिपरक धर्म र निवृत्तिपरक धर्मको स्पष्ट व्याख्या गर्दै वेदको प्रामाणिकता र अप्रामाणिकताका सम्बन्धमा उठेका विवादलाई सप्रमाण विवेचना गर्दै वेदको प्रामाणिकता सिद्ध गरेको पाइन्छ । यहाँ वैशेषिक दर्शनका यिनै आधारभूत विषयलाई प्रस्तुत गरिएको छ ।

२. शोधसमस्या, उद्देश्य र शोधविधि

मानवीय ज्ञान र बुद्धिको विकास गर्ने महत्त्वपूर्ण साधन र माध्यम नै अनुसन्धान भएकाले नयाँ सोच र विचार प्रस्तुत गर्ने सन्दर्भमा यसको महत्त्व र भूमिका विशिष्ट प्रकृतिको हुनु स्वाभाविक देखिन्छ । मानव जीवन सुखी र समृद्ध तथा विचारले परिपूर्ण बनाउन सिकाउने विषय नै दर्शनशास्त्र भएकाले प्राचीनकालदेखि प्रसिद्ध रहेको वैशेषिक दर्शनका आधारभूत सिद्धान्तलाई प्रस्तुत गरिएको छ । वैशेषिक दर्शन दिग्दर्शन शीर्षकको यस शोध समस्या कथनलाई निम्नअनुसार उल्लेख गरिन्छ ।

क) दर्शन शब्दको अर्थ के हो ? यसका केकस्ता प्रकार रहेका छन् ?

ख) वैशेषिक नाम रहनुका कारणसहित यसको संरचना के कस्तो रहेको छ ?

ग) मोक्ष, ईश्वर, वेदको प्रामाणिकता, परमाणुसिद्धि, पदार्थ विज्ञान आदिका विषयमा

वैशेषिक दर्शनमा के कस्ता धारणा रहेका छन् ?

यहाँ वैशेषिक दर्शनको विश्लेषण गरी त्यस दर्शनको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । पुस्तकालयबाट सम्बन्धित विषयका उपलब्ध पुस्तकहरूको अध्ययन विश्लेषण गरी यो शोधलेख

तयार गरिएको हुनाले यहाँ द्वितीयक स्रोतका सामग्री उपयोग गरिएका छन् । शोधसमस्यामा उल्लेख गरिएका समस्यामा केन्द्रित रही समाधान पहिल्याउनु नै यसको विशिष्ट उद्देश्य हो ।

३. दर्शन शब्दको व्युत्पत्ति र अर्थ

'दृश्यते=ज्ञायते- विचार्यते अनेन इति दर्शनम्' यो व्युत्पत्ति अनुसार दृशिर् प्रेक्षणे (दृश्) धातुबाट करण अर्थमा ल्युट् प्रत्यय भएर दर्शन शब्दको निष्पत्ति हुन्छ । जो शास्त्रबाट यथार्थरूपमा लौकिक पदार्थहरूको ज्ञान हुन्छ त्यही दर्शन शास्त्र हो । जसद्वारा देखिन्छ, जानिन्छ, सत्-असत् वस्तुको विचार गरी विवेकज्ञान हुन्छ तथा कुनै वस्तुको तात्विक स्वरूपको ज्ञान गरिन्छ त्यसलाई दर्शन शब्दद्वारा बुझिन्छ । यो दृश्यमान् चराचर विश्व सत्य छ कि असत्य ? सुख-दुः खादि द्वन्द्वले सहित छ कि रहित ? संसार के हो ? यसको वास्तविक स्वरूप के हो ? शरीर के हो ? आत्मा के हो ? यो नित्य छ कि अनित्य ? संसारभित्र रहेर सुखपूर्वक जीवन बिताउने साधन के हो ? इत्यादि विभिन्न कुराको विचार दर्शन शब्दार्थ अन्तर्गत गर्न सकिन्छ । उपर्युक्त सम्पूर्ण विषयको समाधान दर्शनशास्त्रगम्य हुन्छ । भनिएको छ -

श्रोतव्यः श्रुतिवाक्येभ्यो मन्तव्यश्चोपपत्तिभिः ।
मत्वा च सततं ध्येय एते दर्शनहेतवः ॥ (न्यायकुसुमाञ्जली, प्रथम स्तवक पृष्ठ १७)

४. दर्शनको परिचय र प्रकार

विद्वान्हरूले 'सत्यं शिवं सुन्दरम्' यस कथनानुसार शास्त्रहरूलाई तीन भागमा विभाजन गरेको पाइन्छ । जस्तै - सत्यपक्षप्रधान दर्शनशास्त्रहरू, शिवपक्षप्रधान श्रुतिमूलक स्मृतिशास्त्रहरू र सुन्दरपक्षप्रधान आलंकारिक अर्थात् साहित्यशास्त्र हुन् । दर्शनशास्त्रलाई भारतीय दर्शनशास्त्रीहरूले मुख्यतः दुई भागमा विभक्त गरेको पाइन्छ, १- आस्तिक दर्शन, २- नास्तिकदर्शन ।

४.१. आस्तिक दर्शन

सामान्यतया आस्तिक भन्नाले ईश्वर, स्वर्ग- नरक, पूर्वजन्म-पुनर्जन्म आदिलाई स्वीकार गर्ने भन्ने बुझिए पनि दर्शनशास्त्रहरूमा चाहिँ वेदलाई प्रमाण मानेर अनुशरण गर्नेलाई आस्तिक दर्शन भनिएको पाइन्छ । आस्तिकको परिभाषा "वेदत्वेन सकलवेद-प्रामाण्याभिगन्तृत्वम्" अर्थात् वेदलाई नै सम्पूर्ण प्रमाण मानेर अनुसरण गर्नु नै आस्तिकता हो । आस्तिक दर्शन ६ प्रकारका छन् - न्याय, वैशेषिक, सांख्य, योग, पूर्वमीमांसा र उत्तरमीमांसा (वेदान्त) । केही विद्वान्का मतमा समानसिद्धान्त (समानतन्त्र) का आधारमा तीन भागमा विभाजन गरेको पनि पाइन्छ । जस्तै - १. न्याय- वैशेषिक, २. सांख्य - योग, ३. पूर्वमीमांसा- उत्तरमीमांसा ।

न्याय वैशेषिक दर्शनमा केही मतभेद भए पनि - द्रव्यादि ६ पदार्थको तत्त्वज्ञानबाट मोक्ष प्राप्ति हुन्छ भन्ने वैशेषिक दर्शन र प्रमाण आदि सोह्र पदार्थको तत्त्वज्ञानबाट निश्रेयससिद्धि (मोक्ष) प्राप्त हुन्छ भन्ने न्याय दर्शनका बीचमा यी मुख्य दुई विषयमा समानता पाइन्छ । अतः दर्शन विषयको अध्ययन परम्परामा न्याय- वैशेषिक दुवै धारा समावेश गरेको पाइन्छ । एउटाको मात्र अध्ययन अध्यापन गर्ने हो भने अपूर्ण हुन जान्छ । त्यसैले नेपाल संस्कृत विश्वविद्यालयको प्राचीन न्याय विषयको पाठ्यक्रममा दुवै दर्शनलाई समान रूपले समावेश गरिएको छ । अझ आचार्य तहको पाठ्यक्रममा "प्राचीन-न्यायवैषेशिकम्" भन्ने स्पष्ट उल्लेख छ । त्यस्तै सांख्ययोगमा ईश्वररहित

पच्चीस तत्त्व र ईश्वरसहित छब्बीस तत्त्व मान्ने र दुवैको अन्तिम लक्ष्य मोक्षप्राप्ति नै भएकाले खासै फरक छैन ।

त्यसरी नै पूर्वमीमांसा र उत्तरमीमांसा कर्मकाण्ड र ज्ञानकाण्ड-प्रतिपादक शास्त्र हुन् । कर्मविना ज्ञानसिद्धि र ज्ञानविना कर्मसिद्धि नहुने हुँदा ज्ञानकर्मसमुच्चयवादका आधारमा यी दुई समानतन्त्र हुन् भन्न सकिन्छ ।

४.२. नास्तिक दर्शन

नास्तिक दर्शन भन्नाले वेदलाई प्रमाण नमान्ने भन्ने बुझिन्छ । "नास्तिको वेदनिन्दकः" वेदको निन्दा गर्नेहरू नास्तिक हुन् । यसरी नास्तिक दर्शनको परिभाषा गरिएको पाइन्छ । यदि ईश्वरलाई मान्ने र नमान्ने आधारमा आस्तिक र नास्तिकको परिभाषा वा भिन्नता गर्ने हो भने नास्तिक बौद्धदर्शन आस्तिकको कोटीमा तथा आस्तिक सांख्य र मीमांसा दर्शनहरू नास्तिकको कोटीमा पर्न सक्छन् । नास्तिक दर्शनको कोटीमा बौद्ध दर्शनका चार भेद - १. वैभाषिक,( वाह्यार्थप्रत्यक्षवादी) २. सौत्रान्तिक, (वाह्यार्थानुमेयवादी) ३. योगाचार, (क्षणिकविज्ञानवादी) ४. माध्यमिक (शून्यवादी) एवं जैन दर्शन र चार्वाक दर्शन गरी ६ वटा रहेका छन् ।

५. वैशेषिक दर्शनको संरचना र महर्षि कणाद

वैशेषिक दर्शनको संरचना सूत्रात्मक रहेको छ । वैशेषिक दर्शनमा मूलभूत सूत्रको संख्या ३७० छ र यो १० अध्यायमा विभक्त छ । प्रत्येक अध्यायमा २-२ आह्निक छन् । महर्षि कणाद प्रणीत वैशेषिक दर्शनलाई काणाद, काश्यप, औलुक्य, पैलुक्य दर्शन पनि भनिन्छ । त्यसरी नै महर्षि कणादलाई काश्यप, उलूक, पैलुक पनि भनिन्छ । कणादद्वारा प्रणीत भएकोले काणाद दर्शन भने पनि वैशेषिक दर्शन नै यसको प्रसिद्ध नाम हो ।

"कणादेन तु सम्प्रोक्तं शास्त्रं वैशेषिकं महत् ।
गोतमेन तथा न्यायं साङ्ख्यं तु कपिलेन वै" ॥ (पद्मपुराण उत्तरखण्ड २६३ अध्याय)

प्रशस्तदेवाचार्यको 'पदार्थधर्मसंग्रह' को एक श्लोकद्वारा यस कुराको पुष्टि हुन्छ कि कणाद मुनिलाई महेश्वरको कृपादृष्टिबाट नै पदार्थतत्त्वज्ञानको प्राप्ति भएको थियो (व्योमावती, पृ.१९) ।

ठोस आधार न भएको हुनाले कणाद मुनिको स्थान र समयको बारेमा विद्वान्हरूको मतैक्य देखिदैन । वैशेषिक-सूत्रको मौलिकताको बारेमा पनि अनुसन्धाताहरूमा मतभिन्नता पाइन्छ । केही सूत्रहरू मौलिक र केही उत्तरकालमा समाविष्ट हुन् भन्ने तर्क पनि देखिन्छ ।

वैशेषिक सूत्रको मौलिकताको निश्चय विना समयको निर्धारण कठिन भए पनि सामान्यतः ई.पू. तृतीय-चतुर्थ शताब्दी वैशेषिक सूत्रको रचनाकाल मान्न सकिने तथ्य विद्वान् अन्वेषकहरूले स्वीकारेको हुनाले कणादको समय पनि त्यही नै रहेको अनुमान गर्न सकिन्छ ।

महर्षि कणाद प्रणीत वैशेषिकदर्शन सवै दर्शनहरूमा श्रेष्ठ र प्राचीनतम मानिन्छ । अत एव प्रसिद्धि छ -"काणादं पाणिनीयं च सर्वशास्त्रोपकारम्" । जसरी शब्दसाधुता र प्रामाणिकताको दृष्टिले पाणिनीय व्याकरण सम्पूर्ण संस्कृत वाङ्मयको उपकारक छ, त्यसरी नै पदार्थतत्त्व ज्ञानसिद्धिका लागि कणाद प्रणीत वैशेषिक दर्शन सबै शास्त्रहरूका लागि उपकारक छ ।

६. वैशेषिक नाम रहनुका कारणहरू
यस दर्शनको वैशेषिक दर्शन नाम रहनुमा विभिन्न उक्तिहरू छन् -

१. नित्य द्रव्यहरूमा परस्पर भेद सिद्धिका लागि स्वतन्त्र विशेष नामक पदार्थ स्वीकारेको हुनाले ।

२. केही विशिष्ट विद्वान्हरूको मतमा द्वित्वोत्पत्ति, पाकजोत्पत्ति र विभागजविभाग प्रतिपादनमा यो दर्शनको विशिष्टता छ, त्यसैले यो दर्शनको 'वैशेषिक दर्शन'नाम रहेको हो । भनिएको पनि छ -

"द्वित्वे च पाकजोत्पत्तौ विभागे च विभागजे ।

यस्य न स्खलिता बुद्धिस्तं वै वैशेषिकं विदुः ॥"

३. प्रस्तुत दर्शनका प्रणेता विशिष्ट उपदेष्टा हुनाले अथवा अन्य न्याय, साङ्ख्य-योग आदि दर्शनको तुलनामा द्रव्यादि पदार्थहरूको उपपादनमा उत्कर्षता एवम् विशेषता रहेको हुनाले यस दर्शनको नाम 'वैशेषिक' रहेको हो ।

४. यस शास्त्रद्वारा विवेचित पदार्थहरूमा पञ्चम पदार्थ विशेष लाई अतिरिक्त कल्पना गरेको आधारमा वैशेषिक' नाम रहेको हो ।

५. वैशेषिक नामको मूलभूत 'विशेष' पदको अर्थ "तत्त्वनिश्चयपूर्वक व्यवहार गर्नु" हो । यस शास्त्रमा त्यो चरितार्थ भएको हुनाले वैशेषिक नाम रह्यो ।

६. पदार्थको तत्त्वनिर्णय साधर्म्य वैधर्म्यको आधारमा गरिन्छ । वस्तुतः साधर्म्य - वैधर्म्य व्यवच्छेदक वा विशेष मानिन्छन् । त्यसको उपपादनको लागि जो शास्त्र समर्थ छ त्यही शास्त्र वैशेषिक भन्न उपयुक्त हुन्छ ।

७. वास्तवमा 'वैशेषिक' नामकरणको मूलभूत 'विशेष'शब्दको अर्थ व्यवच्छेदक हुन्छ । त्यस आधारमा विशेष शब्दको व्युत्पत्ति विशिष्यते= सर्वतो व्यवच्छिद्यते येन स विशेष व्यवच्छेदकता साधर्म्य ( समानधर्म) र वैधर्म्य (विरुद्धधर्म) हो भन्नु अत्यन्त युक्तिसंगत हुन्छ । त्यसकारण वैशेषिक शब्दका निम्नलिखित दुई अर्थ हुन सक्छन्-

(क) विशेषाभ्याम् (चतुर्थीद्विवचने) =व्यवच्छेदाभ्यां व्यवहरतीति वैशेषिकं दर्शनम्, वैशेषिको दार्शनिकः ।

(ख) विशेषाभ्यां ( तृतीया-द्विवचने) = व्यवच्छेदाभ्यां व्यवहरतीति वैशेषिकं दर्शनम्, वैशेषिको दार्शनिकः ।

दर्शनहरूमा प्रतिपादित सिद्धान्तका आधारमा दर्शनहरू अद्वैतवादी, द्वैताद्वैतवादी, विशिष्टाद्वैतावादी र द्वैतवादी मानिन्छन् । तिनीहरूमा यो वैशेषिकदर्शन जीव र ईश्वरको भिन्नै सत्तालाई स्वीकार गर्ने हुनाले द्वैतवादी दर्शन हो ।

७. वैशेषिक दर्शनका भाष्य

वैशेषिक दर्शनका आधार स्तम्भ महर्षि कणादबाट रचना गरिएका सूत्रहरू हुन् । उक्त सूत्रहरूमा निहित आशयलाई स्पष्ट पार्न थुप्रै अन्य आचार्यहरूले ती सूत्रका भाष्य वा टीका लेखेर व्याख्या गरेका छन् । यस दर्शनमा रावणले लेखेको भनिएको रावणभाष्य भएको उल्लेख भए पनि सो ग्रन्थ अहिलेसम्म उपलब्ध छैन । प्रशस्तपादाचार्यद्वारा रचित "पदार्थधर्मसंग्रह" यस दर्शनको महत्त्वपूर्ण मौलिक व्याख्या ग्रन्थ हो । यसमा भाष्यको शैली नभए पनि यो भाष्यका नामले प्रसिद्ध छ । यसमाथि विभिन्न प्रौढ पाण्डित्यले युक्त टीका ग्रन्थहरू उपलब्ध छन् । जस्तै -

१. व्योमशिवाचार्यको "व्योमवती"
२. उदयनाचार्यको "किरणावली"
३. श्रीधराचार्यको "न्यायकन्दली"
४. बल्लभाचार्यको "न्यायलीलावती"
५. पद्मनाभमिश्रको "सेतु"
६. शङ्कर मिश्रको "कणादरहस्य" आदि ।

वर्तमानमा वैशेषिक सूत्रमा तीन वटा प्राचीन तथा प्रामाणिक टीकाग्रन्थ उपलब्ध छन् - चन्द्रानन्दवृत्ति, मिथिला विद्यापीठ वृत्ति र उपस्कार । वैशेषिक सूत्रमाथि प्रामाणिक, प्रौढ, सर्वसुलभ व्याख्याग्रन्थ आचार्य शङ्कर मिश्रको "उपस्कार" नै हो । किनकि वैशेषिक सूत्रमाथि उपस्कार भन्दा पहिले धेरै प्रामाणिक व्याख्याग्रन्थ लेखिएको उल्लेख भए पनि शङ्कर मिश्रको समयसम्म आइपुग्दा "वृत्ति" नामक व्याख्याभन्दा अरु विनष्ट प्रायः थिए । यसको तथ्य उपस्कार व्याख्याको निम्नलिखित श्लोकद्वारा प्रमाणित हुन्छ ।

"सूत्रमात्रावलम्वेन निरालम्वेऽपि गच्छतः ।
खे खेलवन्ममाप्यत्र साहसं सिद्धिमेष्यति " ॥ (उपस्कार प्रारम्भश्लोक सं. ३)

यसबाट यो सिद्ध हुन्छ- महर्षि कणादका सूत्रको आशयानुसारको व्याख्याग्रन्थ उपस्कार नै हो ।

८. वैशेषिक दर्शनमा पदार्थ

वैशेषिकदर्शन जीव र ईश्वरको भिन्नै सत्तालाई स्वीकार गर्ने हुनाले द्वैतवादी दर्शन हो । वस्तुतः प्रस्तुत दर्शनको उद्देश्य द्रव्यादि ६ पदार्थहरूको साधर्म्य-वैधर्म्यज्ञानहरूद्वारा शरीरेन्द्रियका अतिरिक्त आत्मा सिद्ध गर्नु र आत्मतत्त्वज्ञानद्वारा मोक्षप्राप्ति गराउनु हो । यथा-

"धर्मविशेषप्रसूतात् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां

पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसम् " ॥ (वैशेषिक दर्शन, सू. प्र. अ. आ.१ सू.४)

अभाव पदार्थ भाव निरूपणाधीन हुनाले भावपदार्थको श्रेणीमा निर्देश गर्नु उचित न संम्झेर नै होला सूत्रकारले सूत्रमा नाम उल्लेख गरेर नै समावेश न गरेको हुनसक्छ, उपेक्षा गरेर होइन । किनकी सूत्रकारले सूत्रहरूमा धेरै ठाउँमा अभावको उल्लेख गरेका छन् । जस्तै - "कारणाभावात्, कार्याभावः, एकपृथक्त्वाभावः, क्रियागुणव्यपदेशाभावः, संयोगाभावः" इत्यादि ।

"पदजन्यप्रतीतिविषयत्वं पदार्थत्वम्" अर्थात् पदबाट पैदा हुन ज्ञानको विषय नै पदार्थ हो, यो पदार्थको लक्षण हो । खाने पिउने वस्तुमात्र पदार्थ होइन । विश्वमा भएका सम्पूर्ण वस्तु ७ पदार्थभित्र पर्दछन् । जसमा अभिधेयत्व, वाच्यत्व, प्रमेयत्व, ज्ञेयत्वादि केवलान्वयि धर्म रहन्छ ती सबै पदार्थ हुन् । उक्त पदार्थहरूमा द्रव्यको परिभाषा यस प्रकार रहेको छ - द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवायको आधारभूत पदार्थ द्रव्य हो । अवयवावयवीभावले द्रव्यमा द्रव्य पनि बस्दछ । जो पदार्थ द्रव्यमा आश्रित भएर स्वयं निर्गुण र निष्क्रिय रहन्छ त्यो 'गुण' हो । एवं द्रव्यमा आश्रित भई स्वयं निर्गुण र निष्क्रिय रही संयोग र विभागको निरपेक्ष कारण हुने पदार्थ 'कर्म' हो । 'सामान्य' त्यो पदार्थ हो, जो अनेक सजातीय वस्तुमा समान रूपले बस्दछ । जस्तै - द्रव्यहरूमा द्रव्यत्व, गुणहरूमा गुणत्व, कर्महरूमा कर्मत्व । त्यस्तै द्रव्यत्वव्याप्यजाति भन्नाले पृथिवीत्व, जलत्व, तेजस्त्व, वायुत्व, आत्मत्व र मनस्त्व हुन् भने गुणत्वव्याप्यजाति, रूपत्व रसत्वादि र कर्मत्वव्याप्यजाति उत्क्षेपणत्वादि हुन् भन्ने बुझिन्छ । सामान्य अनुगतप्रतीतिको कारण पनि हुन्छ । जो पदार्थ स्वतो व्यावृत्त भएर कुनै वस्तुलाई अन्य वस्तुदेखि पृथक् सिद्ध गर्दछ, त्यो 'विशेष' पदार्थ हो, जो नित्य द्रव्यहरूमा बस्दछ । जो दुई वस्तुहरूमा विशेषण-विशेष्यभावले रहेर सर्वथा अविच्छिन्न रहन्छ त्यो 'समवाय' पदार्थ हो । जो एक छ, नित्य छ एवं अवयव र अवयवी, गुण र गुणी (द्रव्य), क्रिया र क्रियावान् (द्रव्य), जाति र व्यक्ति, नित्य द्रव्य र विशेष बीचको सम्बन्धलाई कायम राख्दछ । विशेषत : समवायलाई बुझ्न षष्ठी र सप्तमी विभक्तिलाई बुझ्नु जरुरी छ । जस्तै - अवयवहरूमा अवयवीको, गुणी (द्रव्य) मा गुणहरूको, क्रियावान् (द्रव्य)मा कर्मको, घटादिमा, कपालादिमा, द्रव्यहरूमा, गुणमा, कर्ममा जातिको सम्बन्ध समवाय हुन्छ । यथा-

घटादीनां कपालादौ द्रव्येषु गुणकर्मणोः ।

तेषु जातेश्च सम्बन्धः समवायः प्रकीर्तितः ॥ (कारिकावली श्लोक ११)

पदार्थशास्त्रीहरूले वैशेषिक दर्शनका पदार्थहरूको वर्गीकरण यसरी गरेको पाइन्छ -



९. वैशेषिक दर्शनमा परमाणु सिद्धि

दार्शनिक क्षेत्रमा सर्वप्रथम परमाणु विज्ञानको विवेचना गर्ने श्रेयः वैशेषिक दर्शनलाई नै जान्छ । परमाणुलाई सैद्धान्तिक रूपमा आत्मसात् गरेको हुनाले नै "कणान् = परमाणुन्, अत्ति= सिद्धान्तरूपेण आत्मसात् करोतीति कणादः" यस्तो कणाद शब्दको व्युत्पत्ति पाइन्छ । परमाणुवादीहरूको भौतिकवाद एवं दृश्यमान भौतिकवादको आधार परमाणुलाई नै मानिन्छ । सांसारिक द्रव्यगुणादि पदार्थहरूको साधर्म्य -वैधर्म्य ज्ञानबाट उत्पन्न तत्त्वज्ञानबाट निःश्रेयससिद्धि अर्थात् मोक्षप्राप्ति हुन्छ । प्रस्तुत दर्शनानुसार परमात्मा "अनश्नन्नन्यो अभिचाकसीति" भनेभ्कैं सर्वज्ञ, सर्वव्यापक, नित्य,शुद्ध, मुक्त, सुखदुःखादि भोगरहित छ भने जीवात्मा मनः संयोगबाट हुने ज्ञान अर्थात् चैतन्यको आधार सुखी दुःखी, भोक्ता, शोकमोहादि दोषग्रस्त क्षेत्रज्ञ हो ।

ईश्वरमा संख्यादि पाँच, नित्यबुद्धि, नित्यइच्छा, नित्यप्रयत्न सहित ८ वटा गुण रहन्छन् । जस्तै -
"संख्यादिपञ्चकं बुद्धिरिच्छा यत्नोऽपिचेश्वरे ॥" (न्या. का. ३४ श्लोक )
जीवात्मामा निम्न कारिकानुसार चौध गुण रहन्छन् । जस्तै-
बुध्यादिषट्कं संख्यादिपञ्चकं भावना तथा ।
धर्माधर्मौ गुणा एते ह्यात्मनः स्युश्चतुर्दश ॥" (न्या. का. ३२ श्लोक)

पृथिवी जल आदि, रूप रस आदि अनित्य तत्त्वहरूको यथार्थ ज्ञान पनि तीदेखि भिन्न जीवात्माको मोक्ष (आत्यन्तिकी दुःखनिवृत्ति) को परम साधन हो । ईश्वर, दिक्, काल, आकाशादि साधारण कारण तथा परमाणु -द्व्यणुकादिको संयोग संसारका प्रति असाधारण कारण हुन् ।

परमाणुमा परस्पर पृथक्त्व व्यवस्थित गर्न 'विशेष' पदार्थ अङ्गीकार गर्ने वैशेषिक दर्शनको पीलुपाकवाद सूक्ष्मातिसूक्ष्म चिन्तनको जलधिमा चुर्लुम्म डुबेर अरु दर्शनहरूको भन्दा बेग्लै विशेषता स्थापना गर्ने एक महत्त्वपूर्ण विषय हो । यस दर्शनको अर्को मुख्य विशेषता- "परमाणुसिद्धि" तथा उत्पद्यमान पृथिव्यादि चतुर्महाभूतहरूको परमाणुबाट नै उत्पत्ति र परमाणु मै विलय हुन्छ" भन्नु हो । परमाणुको घट-पटादि कार्य साधक लिङ्ग हो । कारणाभावात् कार्याभावः (वै.सू.अ. १,आ.२, सू १) यो सूत्रानुसार कारणविना कार्योत्पत्ति असम्भव हुने हुँदा घट आदि कार्यमा शुक्ल आदि रूप कारणगुणपूर्वक नै हुने हुनाले परमाणु मै रूपादि गुण छन् भन्ने सिद्ध हुन्छ । परमाणुमा अनित्यताको ज्ञान हुनु अविद्या (अज्ञान) हो भनी परमाणुको नित्यतालाई व्यवस्थित गर्छन् कणाद ।

आपाकमा (भट्टीमा) राखिएका घटादि आम द्रव्यहरूमा नोदन अथवा अभिघात नामक अग्निसंयोगद्वारा अग्निमा क्रियोत्पत्ति भई अवयव नाशका क्रमले घटादिको नाश भएर परमाणुमा परिणत हुन्छन्, तत् पश्चात् परमाणुमा स्वतन्त्र रूपले पाक हुन्छ । परमाणुमा नै पूर्व श्यामादि रूप नाश भै रक्तादि रूपको उत्पत्ति हुन्छ । पुनश्च भोक्ताको अदृष्टवदात्मसंयोगद्वारा पूर्ववत् घटादिको उत्पत्ति एवं अवयवीरूप घटादिमा कारणगुणपूर्वक रक्तरूपोत्पत्ति हुन्छ भने "पीलुपाकवाद" वैशेषिक दर्शनको अत्यन्त महत्वपूर्ण विषय हो । त्यसरी नै द्वित्वोत्पत्तिप्रक्रिया, पाकजोत्पत्तिप्रक्रिया तथा विभागजविभाग निरूपणको विषय पनि वैशेषिक दर्शनको गम्भीरतापूर्ण मननीय विषय हो ।

१०. वैशेषिक दर्शनमा प्रमाण

न्याय दर्शनका प्रणेता महर्षि गौतमले "प्रत्यक्षानुमानोपमानशब्दाः प्रमाणानि" भनी प्रत्यक्ष,अनुमान, उपमान र शब्द यी चार प्रमाण स्वीकारेका छन् भने वैशेषिक दर्शनमा कणादले

"प्रत्यक्ष र अनुमान" दुई मात्र प्रमाण स्वीकार गरेका छन् । कणादले उपमान र शब्दलाई अनुमानमा अन्तर्भाव गरी दुई प्रमाणमात्र मान्दै अलग मत प्रतिपादन गरेका छन् । उक्त प्रमाणहरूद्वारा प्रतिपाद्य प्रमेय माथि उल्लेख गरिएका सात पदार्थ नै हुन् ।

"अथातो धर्मं व्याख्यास्यामः" ( वै.सू.अ. १, आ.सू.१) यो सूत्रमा धर्मको अर्थ मनुस्मृति आदिमा वर्णित धृतिक्षमा आदि नभएर "द्रव्यादि ६ पदार्थहरूको विशेषताहरू भन्ने अर्थ अभिप्रेत हुन्छ । यसरी प्रथम सूत्रमा नै धर्मको व्याख्या गर्ने प्रतिज्ञा गरी आरम्भ भएको दर्शन धर्मको प्रतिपादन गर्ने, सर्वत्र वेदलाई प्रमाण मान्ने, ईश्वरको सत्तालाई स्वीकार गर्ने, पूर्वजन्म- पुनर्जन्मवादलाई अङ्गीकार गर्ने रहेछ भन्ने स्पष्ट हुन्छ ।

११. वैशेषिक दर्शनमा धर्म र मोक्ष

वैशेषिक दर्शनको धर्म प्रतिपादक सूत्र हो -"यतोऽभ्युदयनिः श्रेयससिद्धिः स धर्मः" (वैशेषिक सूत्र, अ.१, सू.२) । उक्त सूत्रको अर्थ हो (१) जसबाट अभ्युदय = पदार्थ तत्त्वज्ञान, तथा निःश्रेयससिद्धिः=आत्यन्तिक दुःखनिवृत्तिरूप मोक्ष प्राप्ति हुन्छ त्यही नै धर्म हो । यसले वैराग्यादि लक्षण धर्मलाई जनाउँदछ । (२) जसबाट स्वर्गादिरूप निःश्रेयस = कल्याण सिद्ध हुन्छ त्यो धर्म हो । यस अर्थबाट प्रवृत्तिपरक यागादि पनि धर्म हो भन्ने जनाउँछ । निःश्रेयससिद्धि सुखदुःखको आत्यन्तिक निवृत्तिबाट प्राप्त हुन्छ । मोक्षेच्छुले दुःख र दुःखका साधनमात्र नभै सम्पूर्ण सुख र सुखका साधनबाट पनि विरक्त हुनुपर्छ, तब मात्र मोक्ष सम्भव छ । "चक्रवत् परिवर्तन्ते दुःखानि च सुखानि च" यो उक्ति अनुसार सुख र दुःख अन्योन्याश्रित छन् । त्यसकारण आत्यन्तिक दुःखनिवृत्ति नै मोक्ष हो । मोक्षार्थीका लागि दुःख झैं स्वर्गादि सुख पनि उपेक्षित हुन्छन् । दुःखनिवारण गरी कार्यसिद्धिद्वारा सुःखमा प्रवृत्त गराउने धर्मलाई प्रवृत्तिपरक धर्म भनिन्छ । सुःख वा दुःख दुबैवाट निवृत्त गराई निःश्रेयसिद्धि रूप मोक्ष प्राप्ति गराउने धर्मलाई निवृत्तिपरक धर्म भनिन्छ ।

मोक्षको बारेमा -"दुःख-जन्म-प्रवृत्ति-दोष-मिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः" न्या.सू.अ.१, आ.१,सू.२) यो गौतमीय सूत्रका आधारमा मिथ्याज्ञान निवृत्तिबाट दोषनाश, दोषको नाशबाट प्रवृत्तिनाश हुने र त्यसबाट जन्मको अभाव हुने तथा जन्माभावबाट दुःखको अभाव (आत्यान्तिक- दुःखनिवृत्ति) भएर नै अपवर्ग (मोक्ष) प्राप्त हुन्छ भनी स्पष्ट पारिएको छ ।

१२. वैशेषिक दर्शनमा ईश्वरसिद्धि

ईश्वरसिद्धि गर्न वैशेषिक दर्शनमा तीन वटा सूत्र रहेको पाइन्छ ।

१."संज्ञाकर्मत्वस्मद्विशिष्टानां लिङ्गम्" (वै.सू. अ.२.आ.१.सू.१८) २. "प्रत्यक्षप्रवृत्तत्वात् संज्ञाकर्मणः" ( वै.सू.अ.२ आ.१.सू १९) ३. "तद्वचनादाम्नायस्य प्रामाण्यम्" (वै.सू.अ.१ आ.१ सू.३) । यी तीन सूत्रको आशय क्रमशः - १ सांसारिक पदार्थहरूको नामकरण गर्नु तथा जगत्कार्यको रचना गर्नु यी दुई कार्यहरू भ्रम, प्रमाद, विप्रलिप्सा, करणापाटव आदि दोषयुक्त सांसारिक व्यक्तिभन्दा अतिरिक्त महान् शक्तिशाली सांसारिक कार्यलाई त्रुटिरहित रूपमा एकनाशले सञ्चालन गर्ने कोही असाधारण तत्त्व अवश्य छ भन्ने स्पष्ट हुन्छ र त्यही नै ईश्वर हो । २. जसले जुन पदार्थको प्रत्यक्ष सिद्धि गर्दछ त्यसैले त्यसको नाम राख्न सक्छ तथा त्यही त्यो कार्य गर्न समर्थ हुन्छ । ३. तेस्रो सूत्रानुसार तत्

पदको प्रसिद्धि वाचकता पक्षलाई लिएर ईश्वरको वचन भएको हुनाले वेदको प्रामाण्य सिद्ध हुन्छ । यसरी ईश्वरको सिद्धि र ईश्वरको वचनका रूपमा वेदको प्रामाणिकता सिद्ध गरिएको पाइन्छ ।

अतः चौध भुवन अन्तर्गत हामीहरूद्वारा अप्रत्यक्ष स्वर्ग, नरक, पाताल आदिको नाम राख्ने पृथ्वी, जल, वायु तेज आकाशादिको सृष्टिकर्ता, संसारकार्यको निमित्त कारण जो छ त्यही सर्वशक्तिमान् पुरुष ईश्वर हो । यसरी वैशेषिक दर्शनमा प्रत्यक्ष उदाहरणहरूद्वारा अप्रत्यक्ष ईश्वरको सत्तालाई प्रतिपादन गरेको पाइन्छ ।

१३. वेदको प्रामाणिकता प्रतिपादन

प्रवृत्तिपरक र निवृत्तिपरक धर्मको चर्चा पहिले गरियो । यसै प्रसङ्गमा पूर्वपक्ष स्थापना गरी वेदको अप्रामाण्यको शङ्का उठाइएको छ -"तदप्रामाण्यमनृतव्याधातपुनरुक्तदोषेभ्यः" (न्या.सू.अ.२, आ.१ सू. ५८) यस सूत्रमा 'तत्' पदद्वारा प्रसिद्ध सिद्ध वेदलाई जनाउँछ । पूर्वपक्षः- निवृत्तिलक्षण धर्म तत्त्व ज्ञानद्वारा निः श्रेयसको कारण हुन्छ भन्नुमा वेद प्रमाण हो, परन्तु "पुत्रकामो पुत्रेष्टिं यजेत" यसरी वेदविहित पुत्रेष्टि यज्ञगर्दा पुत्रोत्पत्ति नभएको पाइएकाले "अनृतत्त्व" एवं "उदिते जुहोति, अनुदिते जुहोति, समयाध्युषिते जुहोति" यसरी विधिप्राप्त उदयादि कालमा होम गर्दा "श्यावोऽस्याहुतिमम्यवहरति" इत्यादि "व्याघात", तथा "त्रिप्रथमामन्वाह त्रिरुत्तमामन्वाह" भन्नाले पुनरुक्त दोष हुनाले त्रिदोषग्रस्त तथा नित्य- निर्दोषत्व एवं आप्तोक्तमा पनि सन्देह भएकोले वेदको प्रामाण्य सिद्धि हुन सक्तैन ।

उक्त शङ्का समाधानको लागि यो सूत्र प्रस्तुत गरिन्छ :- "तद्वचनादाम्नायस्य प्रामाण्यम्" (वै.सू.अ.१, आ.१ सू.३) नित्यनिर्दोष परम आप्त ईश्वरद्वारा रचित हुनाले वेदको प्रमाण्य सिद्ध हुन्छ । उक्त सूत्रको प्रसङ्गमा नामको संकेत नभए पनि 'तत्' यो सर्वनामद्वारा प्रसिद्धि वाचकता पक्षद्वारा ईश्वरलाई नै ग्रहण गर्दछ । उपस्कार टीका लेखक शङ्कर मिश्रको मतमा 'तत्' यस पदले सन्निहित धर्मलाई ग्रहण गर्दछ । अतः धर्मको प्रतिपादनद्वारा वेदको प्रामाण्य सिद्ध हुन्छ । वेदमा धर्मको वर्णन हुनाले वेद प्रमाण हो, किनकी जो वाक्य प्रामाणिक अर्थलाई प्रतिपादन गर्छ त्यो प्रमाण नै हो ।

उक्त सूत्रानुसार पूर्वोक्त त्रिदोषलाई यसरी निवारण गरिएको छ - 'अनृतत्त्व' दोषको समाधानार्थ जन्मान्तरीय फल कल्पना गर्नु अथवा कर्मकर्तृसाधनवैगुण्यका कारण फल पैदा भएन भनेर पनि समाधान गर्नुपर्छ, किनकी "श्रौतात् साङ्गात् कर्मणः फलावश्यम्भावनियमात्" सबै अङ्ग उपाङ्गले सहित भएका साङ्ग श्रौत कर्मको फल अवश्य प्राप्त हुन्छ । एक ठाउँमा फल देखिएन भन्दैमा वेदवाक्यलाई झुटो भन्न मिल्दैन । व्याघात दोष निवारणको लागि - उदितादि एक कालमा होम गर्ने प्रतिज्ञा गरी तदन्य कालमा होम गरेमा मात्र श्यावशवलादि देवताका कुकुरहरूले होम खान्छन् भनेर निन्दा गरिएको हो । प्रतिज्ञा कालमा होम गरेमा उक्त दोष लाग्दैन । एवं "त्रिप्रथमामन्वाह त्रिरुत्तमामन्वाह" पहिलो र अन्तिम मन्त्र तीन पटक उच्चारण गर्नु भनिएकाले पुनरुक्त दोस देखिन्छ भनी शंका गरिएको छ । त्यसको समाधान यस प्रकार छ-"पञ्चादशावरेण वाग्वज्रेणावबाधे तमिमं भातृव्यम्" 'पन्ध्र मन्त्ररूपी वाग्वज्रद्वारा म शत्रुलाई पीडा दिन्छु' भनिएको छ । एघार मन्त्रको 'सामिधेनी' मन्त्रपाठमा पन्ध्र मन्त्र पुऱ्याउनका लागि पहिलो र अन्तिम मन्त्रको त्रिरुच्चारण सप्रयोजन पुनर्वचन (अभ्यास) भएकोले सप्रयोजन पुनर्वचनमा पुनरुक्त दोष लाग्दैन ।

यसरी वेदलाई त्रिदोषले रहित सिद्ध गरेकाले वैशेषिक दर्शनको वेद प्रति आस्था र विश्वास सुदृढ रहेछ भन्ने स्पष्ट हुन्छ । सर्वत्र शङ्कास्पद स्थानमा "श्रुतिरेव प्रमाणम्" भनेर अघि बढ्ने प्रस्तुत दर्शन पूर्वीय दार्शनिक परम्परामा अनुसरणीय र अनुकरणीय हो ।

१४. निष्कर्ष र उपलब्धि

वैशेषिक दर्शनानुसार - यो संसारमा प्राणीहरू आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन तापले आहत छन् । यिनको निवृत्तिका लागि द्रव्य-गुणादि ६ पदार्थहरूको साधर्म्य - वैधर्म्य केलाएर आत्मतत्त्वको साक्षात्कार गर्नु नै परम उपाय हो । आत्मतत्त्वज्ञानका लागि वैराग्यादि लक्षणयुक्त धर्म नै कारण हो । त्यसकारण "म धर्मको व्याख्या गर्छु" भनेर ग्रन्थको आदिमा प्रतिज्ञा गरिएको छ । वैशेषिकहरूको धर्मको निष्ठाका बारेमा प्रशस्तपादले आफ्नो "पदार्थधर्मसंग्रह" ग्रन्थको अन्त्यमा बताएका छन् - महर्षि कणादले आफ्नो यौगिक सदाचारद्वारा महेश्वरलाई प्रसन्न पारेर उनको कृपाद्वारा नै यो वैशेषिक शास्त्रको रचना गरेका हुन् । चन्द्रानन्दले "अथातो धर्मं व्याख्यास्यामः " यस सूत्रको वृत्तिमा केही विशेष तथा विशद् विवरण एवं उपाख्यान स्थापित गरेका छन् । जो यस प्रकार छ - वेदवेदाङ्गको अभ्यासद्वारा सम्पूर्ण अज्ञान नाश भई निर्मल चित्त भएका एक ब्राह्मणले कणाद मुनिसँग निवेदन गरे- हे भगवन् ! उपयुक्त सूत्ररूपी वाक्यद्वारा जो निःश्रेयसको उपदेश दिइयो, त्यसको प्राप्तिको उपाय के हो ? कणादले उत्तर दिए- धर्म । पुनः ब्राह्मणले प्रश्न गरे - धर्म के हो ? यसको लक्षण के हो ? यसको साधन के हो ? यसको उद्देश्य के हो ? यसको अधिकारी को हुन सक्छन् ? उक्त प्रश्नहरू र जिज्ञासाद्वारा प्रेरित कणादले श्रवण, मनन र निदिध्यासन आदिलक्षणले युक्त सुयोग्य जिज्ञासु शिष्य पाएर मानवमात्रको कल्याणका लागि धर्मको व्याख्या गर्ने प्रतिज्ञा गरी वैशेषिक सूत्रहरू प्रतिपादन गरेका हुन् र तिनै सूत्रद्वारा प्रतिपादित विषय नै वैशेषिक दर्शन हो ।

अतः विभिन्न आचार्यहरूको मतमतान्तरद्वारा यो स्पष्ट हुन्छ - कणाद पाशुपत वा शैव थिए । परमाणु सिद्धान्तका प्रथम आविष्कारक कणाद मुनि नै हुन् । धर्मको व्याख्या गर्ने प्रतिज्ञा गरेर दर्शनको शुभारम्भ भएकाले कणादको महान् धार्मिक निष्ठा झल्किन्छ । वैदिक धर्ममा निष्ठ महर्षिको जन्म-जन्मान्तरको यौगिक साधना एवं तपोवलद्वारा प्रसन्न भएका महेश्वरको अनुग्रहबाट उपलब्ध वैशेषिक दर्शनको मर्मलाई आत्मसात् गरी अध्ययन - अध्यापन गरेमा, एवं व्यावहारिक पक्षमा कार्यान्वयन गर्ने हो भने अवश्यमेव मानवमात्रको कल्याण हुनेछ ।

सन्दर्भसामग्री

उपाध्याय, बलदेव (सन्१९७९), *भारतीयदर्शन की रूपरेखा,* वाराणसी : चौखम्बा ओरियन्टालिया ।
गौतम (महर्षि) (सन् १९७६), *न्यायदर्शनम्,* वाराणसी : बौद्ध भारती प्रकाशन ।
झा, आनन्द (सन् १९६५), *पदार्थशास्त्र,* लखनउ : हिन्दी समिति सूचना विभाग ।
झा, किशोरनाथ तर्कवागीश (२०२५), *न्यायपरिचय* -वाराणसी : चौखम्बा विद्याभवन ।
भट्टाचार्य, विश्वनाथ (२०५४), *न्यायकारिकावली* वाराणसी, श्रीहरिकृष्ण निबन्ध भवन ।
मिश्र, केशव (सन् २००३), *तर्कभाषा,* वाराणसी : चौखम्बा विद्या भवन ।
मिश्र, नारायण (सन् १९८०), *वैशेषिक दर्शन-एक अध्ययन* वाराण्सी : चौखम्बा संस्कृत संस्थान ।
मिश्र, शङ्कर (२०२६), *वैशेषिक सूत्रोपस्कार,* वाराणसी : चौखम्बा संस्कृत संस्थान ।
व्यास, *श्रीमद्भगवद्गीता* (सन् २०१०), गोरखपुर : गीताप्रेस, गोरखपुर ।

# कथाकार गुरुप्रसाद मैनाली र उनको *नासो* कथाको अध्ययन•

नित्यानन्द खतिवडा, विद्यावारिधि
उपप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

सार

गुरुप्रसाद मैनाली आधुनिक नेपाली कथासाहित्यका अग्रणि सर्जक हुन् । कथामा आधुनिकता प्रवेश गराउनु, सामाजिक विषयलाई सरल र रोचक भाषाशैलीमा प्रस्तुत गर्नु तथा आदर्शोन्मुख यथार्थवादभित्र सुधारवादी चिन्तनको प्रस्तुति मैनालीका कथागत प्राप्ति हुन् । उनको नेपाली कथाजगत्मा गुणात्मक र ऐतिहासिक योगदान रहेको छ । नासो (२०२०) कथासङ्ग्रहमा रहेको शीर्ष कथा 'नासो' उनको आदर्शोन्मुख यथार्थवादी कथा हो । शुभद्रा पात्रका माध्यमबाट आदर्शवादी सन्देश दिने प्रयास रहेको यस कथामा नेपाली समाजमा विद्यमान बालविवाह, अनमेल विवाहजस्ता अन्धविश्वासहरूलाई देखाइएको छ । राणाकालीन परिवेशमा लेखिएको यस कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको छ । सामाजिक समस्याको उद्घाटन, समानतामा आधारित समाजको खोजी र सुधारवादी चेतना यस कथाको मूल उद्देश्य बनेको छ । सामाजिक यथार्थ, आदर्शोन्मुख यथार्थ, पात्रगत सरलता, परिवेशगत जीवन्तता, धार्मिक विश्वास यस कथाका खास विशेषताहरू हुन् ।

शब्दकुञ्जि

आदर्शोन्मुख यथार्थ, कारुणिक, देहत्याग, धर्मभीरु, गुणात्मकता, ऐतिहासिकता, रैखिक आदि ।

## १. विषय परिचय

वि.सं. १९५७ सालमा जन्मिएर २०२८ सालमा अस्त भएका गुरूप्रसाद मैनाली नेपाली कथासाहित्यका सफल सर्जक हुन् । निजामती र न्याय सेवालाई अपनाएका मैनालीले काम गर्दाको समयमा नेपाली जनमानस र समाजसँग नजिक हुने मौका पाए । यही जीवन र जगत्को पर्यावलोकनलाई कथामा ढाल्न सफल मैनालीले १९९२ सालमा 'शारदा' पत्रिकामा 'नासो' कथा छपाई नेपाली कथाजगत्मा आधुनिकताको प्रवेश मार्ग खोलेका हुन् । उनको २०२० सालमा 'नासो कथासङ्ग्रह' प्रकाशित भएको छ, जसमा जम्मा ११ ओटा कथाहरू समेटिएका छन् । नेपाली समाजको वास्तविकता झल्किने यी कथाहरूको प्रभाव नेपाली कथा क्षेत्रमा निकै रहेको देखिन्छ । यस लेखमा कथाकार गुरूप्रसाद मैनालीको कथागत मान्यतासँगै नासो कथाको विश्लेषण गरी कथाका विशेषताहरू समेत पर्गेली निष्कर्षमा पुगिएको छ ।

## २.समस्याकथन

कथाकार गुरूप्रसाद मैनालीका कथागत प्रवृत्ति, योगदान तथा नासो कथाको अध्ययन र विशेषताहरू समेटिएको यस लेखको शीर्षकका सन्दर्भमा देखापरेका समस्याहरू निम्न तय गरिएका छन्-

क. कथाकार मैनालीका कथागत मान्यता र पहिचान के कस्तो छ ?

• लेखप्राप्त मिति २०७५ श्रावण ७, विज्ञद्वारा परीक्षण श्रावण १८, प्रकाशनार्थ प्राप्त श्रावण २९ गते ।

ख. कथागत संरचनाका र वैशिष्ट्यका आधारमा नासो कथा कस्तो रहेको छ ?

३. कथाकार मैनालीको कथागत मान्यता र पहिचान

गुरूप्रसाद मैनालीका कर्तव्य, बिदा, परालको आगो, नासो, कर्तव्यलगायतका कथाहरू प्रकाशित छन् । स्वदेश तथा विदेशका स्रष्टाहरूबाट प्रेरणा लिएका मैनालीले नेपाली समाजअनुकूलका सरल कथाहरू सृजना गरेका छन् । सामान्य जनताले समेत बुझ्न सक्ने खालका कथालेखनमा मैनालीले सफलता पाएका छन् । यहाँ 'नासो' (२०२०) कथासङ्ग्रहमा समेटिएका कथाहरूका आधारमा उनका कथागत मान्यताहरूलाई उल्लेख गरिएको छ ।

३.१ कथागत मान्यता

कथाकार गुरूप्रसाद मैनालीका कथामा पाइने कथागत मान्यता वा प्रवृत्तिहरूलाई यसरी उल्लेख गर्न सकिन्छ -

३.१.१ प्रथम आधुनिक नेपाली कथाकार

गुरुप्रसाद मैनाली नेपाली कथाक्षेत्रमा आधुनिकता भित्र्याउने प्रथम आधुनिक कथाकार हुन् । उनको वि.सं.१९९२ 'शारदा' मा प्रकाशित नासो कथाले माध्यमिककालीन प्रवृत्तिलाई त्यागी कथ्यवस्तु, पात्र, भाषाशैली, परिवेशलगायतका विषयमा नवीन प्रवृत्तिलाई आत्मसात् गरेको देखिन्छ । कल्पना र तिलस्मी विषयलाई परित्याग गरी नेपाली जनजीवनको घरायसी मनोमालिन्य, सौतेनी व्यवहार, वैवाहिक समस्या, दाजुभाइको समस्या, युवाहरूको समस्याजस्ता विषयवस्तुलाई मैनालीले कथामा स्थान दिएका छन् (ज्ञवाली र अन्य, २०६४ : ९) ।

३.१.२ सामाजिकता

गुरूप्रसाद मैनालीका कथामा मूलतः सामाजिक विषयवस्तुकै प्राधान्य रहेको पाइन्छ । नेपाली समाजको जनजीवनलाई नजिकबाट नियालेका मैनालीले आफ्ना कर्तव्य, नासो, आगोलगायतका कथाहरूमा समाजका वेदना र समस्यालाई जीवन्तता दिएका छन् । समाजका अन्धविश्वास, कुरीति, रुढिवादजस्ता कुराले समाज कसरी जीर्ण बन्दै गइरहेछ भन्ने विषयलाई उल्लेख गर्दै त्यस्ता विकृति र विसङ्गतिप्रति सटिक ढङ्गमा असन्तुष्टि पोखिएको छ । परिवारभित्रको खटपटि र तनावले उत्पन्न कलह तथा विघटनको स्थितिले कसरी कुण्ठित हुन्छ भन्ने सन्दर्भ पनि उनका कथामा देखाइएको हुन्छ ।

३.१.३ यथार्थवादी प्रवृत्ति

आदर्शतिर उन्मुख भए पनि मैनाली मूलतः यथार्थवादी कथाकार हुन् । नेपाली जनजीवनलाई फोटोग्राफीवत् वर्णन गर्न सक्ने क्षमता भएका मैनालीका कथामा विषयको यथार्थ प्रकटीकरण गर्ने इमान्दारिता पाइन्छ । कथालाई हस्तक्षेप गर्नेभन्दा पात्रहरूको सहज प्रस्तुतिले त्यसलाई अझ यथार्थको नजिक पुऱ्याइदिएको हुन्छ । विषय र पात्रसँगै भाषाशैली तथा परिवेश प्रयोगले मैनालीका कथामा रहेको यथार्थतालाई अझ फराकिलो बनाइदिएको पाइन्छ ।

३.१.४ आदर्शोन्मुखता

यथार्थसँगै आदर्शोन्मुखता मैनालीको कथागत प्रवृत्ति हो । आदर्श भनेको विचार हो र यसले ईश्वरीय दण्डमा विश्वास गर्दछ । मैनालीका नासो, कर्तव्यलगायतका कथाहरूमा यो प्रवृत्ति पाइन्छ । समस्यालाई देखाएर त्यसको ईश्वरीय समाधान खोज्ने मैनालीका कतिपय कथाहरूमा असल र खराब दुवै पात्रहरूलाई प्रस्तुत गरी ईश्वरले दण्डित गरेको देखाई एउटा आदर्श पात्रको विजय गराउने प्रवृत्ति पाइन्छ । सत्यको सधैं जित हुन्छ र समाज नैतिक मूल्यमान्ताबाट टाढा जानु हुँदैन भन्ने आशय यस्ता कथाहरूको पाइन्छ (पोखेल, २०७१ : ७५) ।

३.१.५ सुधारवादी स्वर

मैनालीका प्रायः कथाहरूमा समस्याको उद्घाटनसँगै अन्त्यमा सुधारको सङ्केतसमेत गरिएको हुन्छ । समाज समयानुकूल परिवर्तन हुनुपर्छ भन्ने परिवर्तनगामी चिन्तनसँगै प्राचीन विचारधाराको समेत यथोचित व्यवस्थापन हुनुपर्ने विचार उनका कथामा पाइन्छ । प्रायश्चित्त, बिदा, चिताको ज्वाला, नासोजस्ता कथाहरूले मैनालीमा रहेको सुधारवादी चेतनालाई प्रस्तुत गरेका छन् ।

३.१.६ नारीसमस्याको चित्रण

कथाकार गुरूप्रसाद मैनाली नारीवर्गका कारूणिक क्षणहरूसँग परिचित देखिन्छन् । प्रायः कथाहरूमा नारीहरूले कुनै न कुनै रूपमा भोग्नुपरेका समस्या देखाउँदै पुरातन पुरुषवर्गीय सोच तथा शिक्षामा परिवर्तन नआएसम्म नारीहरू यसरी नै जीवन काट्न बाध्य भइरहन्छन् भन्ने निष्कर्षमा कथाकार पुगेका देखिन्छन् । चाहे नासो कथाकी शुभद्रा होस् वा प्रायश्चित्त कथाकी गौरी अथवा बिदा, कर्तव्य, चिताको ज्वाला, परालको आगोजस्ता कथाहरूमा नारीहरू पीडामा छटपटिएका देखिन्छन् । परम्परागत हिन्दु समाजसँगै त्यसका अन्धसमर्थकहरूको जोडबल नहटेसम्म नारीहरूको दैनिकी कायम नै रहने निष्कर्ष कथाकारको देखिन्छ (फुयाँल, २०६० : १४१) ।

३.१.७ विचारगत प्रवृत्ति

मैनालीका कथाको मुख्य विचार भनेकै समाजको आदर्श सुधार र नागरिक चेतना देखिन्छ । रुढिवादी परम्परा, अन्धविश्वास, जातिप्रथा, वर्ग, भेद आदिप्रति असन्तुष्ट हुँदै उनले त्यस्ता कुरीति असन्तुष्टि जनाएका छन् । वर्तमान समयमा मानिस अतिआधुनिकतातिर लम्किरहे पनि उभित्र स्वार्थी, आडम्बरसँगै मानवताहीन र कर्तव्यहीन भावको विकासभएकाप्रति कथाकार चिन्तित देखिएका छन् । आदर्श समाज कायम होस् र भेदभावविहीन मानवजीवन विकास होस् भन्ने पवित्र विचार उनका प्रायः कथाहरूमा रहेको पाइन्छ ।

२.१.८ घटनाप्रधान विषय प्रयोग

गुरुप्रसाद मैनाली घटनाप्रधान कथा लेख्ने कथाकार हुन् । चरित्रभन्दा घटना वा विषयलाई जोड दिनु उनको खास प्रवृत्ति हो । निम्न तथा मध्यम वर्गले भोग्ने समस्याको चित्रण गर्दै नेपाली जनजीवनको परिवेशलाई लिएर त्यसको कारूणिक प्रस्तुति गर्नु मैनालीको विशेषता हो । कथामा रोचकता, कुतूहल र सन्देशको प्रभावकारी प्रस्तुतिसँगै द्वन्द्वको समुचित प्रयोगका माध्यमबाट विषयलाई अगाडि बढाउनु पनि उनको खास पहिचान हो ।

२.१.९ भाषाशैलीगत प्रवृत्ति

सरल तथा सहज भाषाशैलीको प्रयोग गर्नु पनि कथाकार गुरूप्रसाद मैनालीको प्रवृत्ति  हो । प्रायः रैखिक शैलीमा लेखिएका मैनालीका कथामा जनजीवनमा प्रयुक्त तथा पात्रअनुकूलको सरल भाषाको प्रयोग पाइन्छ । मनग्ये उखान टुक्काको प्रयोगले कथा रोचक तथा घोचक बनेको हुन्छ । कथाकार आफैंले कथा भन्ने तथा अरुले सुन्नेजस्तो शैली पाइने उनका कथाहरू सुखान्त र दुःखान्त दुवै प्रकारका रहेका छन् । शुद्ध नेपालीपनसँगै व्यङ्ग्यात्मकताको सम्मिश्रणले उनका कथाको भाषाशैली निकै प्रभावकारी बन्न पुगेको पाइन्छ ।

४. कथाकारका रूपमा मैनालीले पुऱ्याएको योगदान

गुरूप्रसाद मैनाली आधुनिक नेपाली कथाविधाका प्रथम प्रयोक्ता हुन् । 'नासो' कथासँगै थालनी भएको मैनालीको कथायात्राले थोरै कथा पस्किए पनि गुणवत्ता र मूल्यका दृष्टिले मनग्ये बन्न पुगेको छ । थोरै कथा लेखेर पनि सफल बन्न सकिने उदाहरण बनेका मैनालीले जनजीवनमा भिजेका कथा लेख्न सके उक्त उपलब्धि प्राप्त गर्न सकिने सिकाएका छन् । मल्लको कथागत मूल्य वा योगदानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

४.१ गुणात्मक योगदान

नेपाली कथा विकासमा गुरूप्रसाद मैनालीको गुणात्मक योगदान रहेको पाइन्छ । थोरै कथा लेखेर पनि प्रभाव छोड्न सफल मैनालीले नासो, कर्तव्य, बिदा, चिताको ज्वाला, प्रायश्चित्त, परालको आगोलगायतका कथाका माध्यमबाट परम्पराभिन्न विषय, पात्र, परिवेश, भाषाशैली र संरचना हरेक पक्षमा नवीन उन्मेष छाडेका छन् । नेपाली समाजअनुकूलमा सरल र सहज कथाहरू लेखी गुणात्मक मूल्य स्थापित गर्न उनी सफल छन् । यही कारण थोरै कथा लेखेर पनि लामो सम्भना गर्न लायक कथाकारका रूपमा हामी सदैव स्मरणीय रहन पुगेका छन् । छोटा छोटा घटनाप्रधान कथाका माध्यमबाट एउटा स्पष्ट सन्देश दिन सफल उनका कथाहरू कहीँ कतै खोट लाउन नसकिने खालका रहेका छन्, जसमा नेपाली समाज र नेपाली मन जुरुक्कै उठेर आएको छ । तसर्थ हरेक कोणाबाट गुणस्तरीय कथाहरू पस्किनु उनको गुणात्मक योगदान ठहर्छ ।

४.२ ऐतिहासिक योगदान

माध्यमिककालीन जासूसी, तिलस्मी कथाका विपरीत आदर्शोन्मुख यथार्थवादी 'नासो' कथा प्रकाशन गरी मैनालीले एउटा ऐतिहासिक कार्य गरेका छन् । आधुनिक कालको प्रवेशमा योगदान गरेका मैनालीका कथाहरूमा प्रयुक्त नवीन विशेषताका कारण समग्र कथाधारा नै परिवर्तन हुनपुग्यो । उनको नासो कथाकै कारण माध्यमिक कालको अन्त्य भई आधुनिक कालको पदार्पण हुनु तथा समयानुकूलका कथाहरू रचना गरी एउटा प्रभाव छाड्न सफल मैनाली एक ऐतिहासिक कथानायक बन्न पुगेका छन् । नेपाली कथाको विकासका क्रममा मैनालीलाई बिर्सन नसक्नुको कारणसमेत उनको ऐतिहासिक योगदान नै हो । सामाजिक यथार्थसँगै आदर्शोन्मुख यथार्थवादी कथाहरू लेखी युगौं प्रभाव पारिरहने सन्देशका कारण पनि उनलाई सदैव स्मरण गरिरहिन्छ । तसर्थ नेपाली कथाको इतिहास परिवर्तनमा अहम् भूमिका खेलेका मैनाली यथार्थमै ऐतिहासिक कथाकार हुन् भन्नमा कुनै द्विविधा  नहोइन ।

## ५ कथागत संरचनाका आधारमा नासो कथाको अध्ययन

यहाँ कथागत संरचनाका आधारमा नासो कथाको अध्ययन प्रस्तुत गरिएको छ ।

### ५.१ कथाविन्यास

गुरुप्रसाद मैनालीको नासो 'नासो' (२०२०) कथासङ्ग्रहमा सङ्कलित कथा हो । वि.सं. १९८६ सालतिर लेखिएर १९९२ को 'शारदा' पत्रिकामा प्रकाशित यस कथामा सामाजिक यथार्थ र आदर्शको उचित समन्वय पाइन्छ । कथामा देवीरमण, शुभद्रा र लक्ष्मीबिचको त्रिकोणात्मक सम्बन्धलाई विषय बनाइएको छ, जसको केन्द्रमा सुशील नामको पात्र रहेको छ । सामाजिक तथा परम्परागत चिन्तनका कारण देवीरमण पहिलो जहानबाट सन्तान नभएपछि शुभद्राकै सल्लाहमा दोस्रो विवाह गर्दछन् । बुबा-छोरी समानका यी जोडीबाट सुशील नामको छोराको जन्म भएको छ । कथामा शुभद्रालाई लच्छिनकी प्रतीक बनाइएको छ । बिग्रिएको घर समाल्न सक्षम शुभद्रा र लक्ष्मीबिचको मनमुटावले घरमा खटपट सुरु हुन्छ । अन्ततः शुभद्रा गृहत्याग गर्दछिन् तर उनीसँगै घरको सह पनि हराएर जान्छ । घरको बेहालत सम्झेर उनी घर पर्कन्छिन् र सौता लक्ष्मीले छोरो सुशीललाई तिम्रो नासो जिम्मा लगाएँ भनी देहत्याग गर्दछिन् । यहीँ आएर कथाको कथानक समाप्त हुन्छ । आदि, मध्य र अन्त्यको सरल संरचनामा आबद्ध घटनाप्रधान यस कथामा एकै परिवारका दुई सौताबिचको मनोमालिन्य र मेलमिलापको चित्र खिचिएको पाइन्छ । केही मात्रामा यहाँ शुभद्राजस्ती पात्रबाट नारीमनोविज्ञान र देवीरमणजस्तो पात्रबाट सामान्य मनोविज्ञानको प्रस्तुतीकरणले गर्दा नासो कथा आकर्षक बन्न पुगेको छ (श्रेष्ठ, २०४१ : ११७) ।

### ५.२ पात्रयोजना

घटनाप्रधान भए पनि यस कथामा प्रतिनिधि पात्रहरूको प्रयोग गरिएको छ । यसमा देवीरमण, शुभद्रा, लक्ष्मी, नौली र सुशील पात्रका रूपमा रहेका छन् । कथामा शुभद्रालाई मुख्य स्त्रीपात्र, देवीरमणलाई मुख्य पुरुषपात्र, लक्ष्मीलाई सहायक नारीपात्र तथा सुशीललाई गौण पात्रका रूपमा उभ्याइएको छ । शुभद्रा देवीरमणकी धर्मपत्नी हुन् । शुभद्राको प्रवेशपछि देवीरमणको घरमा सम्पन्नता छाएको छ । शुभद्राको आदर्श चरित्रका कारण सन्तानविहीनतामा देवीरमणलाई दोस्रो विवाह गर्न प्रेरित गरेकी छन् । पतिव्रता, कुशल गृहिणी, मानवीय संवेदनाजस्ता गुणहरू भएकी शुभद्राको चरित्रलाई कथामा जोड दिइएको र उनकै केन्द्रीयतामा अन्य पात्रहरू प्रयोग गरिएको छ । देवीरमण स्वर्ग, नर्क, पाप पुण्यमा विश्वास गर्ने धर्मभीरु पात्रका रूपमा कथामा उपस्थित भएको छ । पुत्रविनाको जन्म र मृत्युसमेत अन्धकारमय देख्ने देवीरमण बाहिरको समस्या समाधान गरे पनि घरको समस्या भने समाधान गर्न सक्दैन । सौतेनी झगडालाई साम्य पार्न नसक्ने लोतीखरे पात्र बनेको देवीरमण अन्धविश्वासी पात्रका रूपमा कथामा चित्रित छ । आडम्बरलाई आत्मसात् गरेको यो पात्र आदर्शका नाममा यथार्थलाई पनि सही अपनाउन नसक्ने कमजोर चरित्र बनेर कथामा उपस्थित भएको छ । लक्ष्मी देवीरमणकी कान्छी पत्नी हुन् । सन्तान प्राप्तिका लागि ल्याइएकी यो पात्रले सुशील नामको छोरा जन्माएकी छ । छोरो जन्मेसँगै देवीरमणले शुभद्राभन्दा लक्ष्मीलाई बढी माया गर्न थाल्छ र यसपछि सौतासौताको मनोमालिन्य बढ्दै जान्छ । देवीरमणले लक्ष्मीलाई लिएर तीर्थ गएपछि शुभद्राले गृहत्याग गर्दछिन् । यो कार्यबाट लक्ष्मीलाई पछुतो हुन्छ र यही पीरले बिरामी पर्दछिन् । पछि शुभद्रा फर्केपछि सुशीललाई शुभद्राको नासो फिर्ता दिएँ भनी सदाका लागि बिदा भएकी छ । यथार्थ पात्रका रूपमा कथामा लक्ष्मीको प्रयोग भएको देखिन्छ ।

५.३ परिवेशविधान

ग्रामीण परिवेशलाई मूल आधार बनाइएको कथामा काठमाडौं सहरको पनि झलक पाइन्छ । कथानक र चरित्रअनुकूलको परिवेशको सृजना गरिएको कथामा नेपाली समाजको आदर्श परम्परा देखाउन शुभद्रा र देवीरमणको सुमधुर पारिवारिक सम्बन्धसँगै सौता भित्रिने कारण देखाउन शुभद्रालाई सन्तानहीना देखाउनु, सौतेनी झगडाका खातिर लक्ष्मीबाट छोरो जन्मेको देखाउनु तथा कान्छी स्वास्नीपट्टि लोग्नेको मन ढल्केको देखाउन तीर्थ जाँदा शुभद्रालाई नलैजानुजस्ता सन्दर्भ नै कथाका परिवेश हुन् । सौतेनी विवाह, सन्तान उत्पत्ति, तीर्थ जाने कार्य, सौतेनी झगडा, पुराण लगाउने सन्दर्भ कथाका बलिया सन्दर्भ बन्न पुगेका छन् । सामाजिक, सांस्कृति र धार्मिक परिवेश रहेको कथामा नेपाली नारीहरूको दयनीय स्थिति, रुढिवादी परम्परा र सौतेनी व्यवहारलाई प्रमुखता दिइएको छ ।

५.४ मूल विचार

सामाजिक समस्याको उद्घाटनलाई उद्देश्य बनाइएको यस कथामा रुढिग्रस्त नेपाली समाजको यथार्थलाई समेटिएको छ । लोग्नेस्वास्नीको सुमधुर पारिवारिक जीवनलाई पनि समाज, परम्परा र अन्धविश्वासले नराम्रो प्रभाव पार्न सक्छ भन्ने कुरा कथामा देखाइएको छ । देवीरमणको दोस्रो विवाह, लक्ष्मीबाट सन्तान प्राप्ति, शुभद्राको गृहत्याग, पुनरागमन तथा लक्ष्मीको मृत्युजस्ता सामाजिक समस्यालाई देखाइएको कथामा सौतेनी वैमनस्यतालाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । सन्तान नभए मृत्युपश्चात् काजकिया गरी पितृ तार्ने उत्तराधिकारी नै नहुने अनि त्यो नभए आत्माले मुक्ति नपाउने भयले धर्मान्ध ग्रस्त छ । यही समाजको प्रतिनिधि भएर कथामा देवीरमण उपस्थित भएका छन् । सौतेनी व्यवहारका कारण नेपाली समाज विखण्डनतर्फ बढिरहेको सङ्केतलाई पनि कथाले उद्देश्य बनाएको छ । ढुकुरको जोडीजस्तो देवीरमण र शुभद्राको सम्बन्ध लक्ष्मीको प्रवेशसँगै भताभुङ्ग भएको छ । सङ्कटका बेलामा मान्छेले आफ्नो मानवीय धर्मलाई त्याग्न नहुने नैतिक आदर्शलाई पनि कथाले देखाउने लक्ष्य लिएको छ । नेपाली समाजको आदर्श स्वरूपको चाहना गर्ने कथाकार मैनालीले देवीरमणजस्तो खोक्रो आदर्शको विरोध गरी शुभद्राको त्याग, सेवा र इमान्दारिताको प्रशंसा गरेका छन् । सौता भनेको मुटुको बह हो भन्ने परम्परित चिन्तनलाई नवीन रूपमा हेर्नसमेत कथाकारले शुभद्राको सहारा लिएका छन् । तसर्थ सामाजिक समस्याको प्रस्तुतिसँगै समानतामा आधारित आदर्श समाजको स्थापना हुनुपर्ने कथाकारको चाहना नै यस कथाको खास साक्ष्य बनेको देखिन्छ ।

५.५ भाषाशैली

सरल तथा भावअनुकूल भाषा रहेको कथामा रैखिक शैलीको प्रयोग पाइन्छ । सूक्तिमय, आलङ्कारिक र झर्रा शब्द तथा छोटाछोटा वाक्य र संवादको प्रयोगसँगै उखान टुक्काको समुचित आयोजनले कथा रोचक बन्न पुगेको छ । नेपाली माटोमा भिजेको भाषाशैलीको स्वभाविक प्रयोग पाइनु यस कथाको भाषाशैलीगत विशेषता हो ।

५.६ शीर्षक

कथामा 'नासो' शीर्षक राखिएको छ । नासो बनेको सुशील लक्ष्मीको छोरो हो । सुशील समस्या र समाधान दुवैको माध्यम बनेको छ । शुभद्रालाई सुशीलको आगमनले समस्यामा पुऱ्याएको छ भने देवीरमणको पुत्र मोह र धार्मिक चाह पूर्ण बनेको छ । कथामा सुशील वा नासोलाई त्यति महत्त्व

दिइएको छैन । कथाको अन्त्यमा नासो शुभद्रालाई सुम्पिएँ भनी लक्ष्मीले देहत्याग गरेकी छ । कथाको मूल कथ्य नासोसँग सम्बन्धित पाइँदैन । नासो भनेको पछि फिर्ता हुने गरी राख्न दिइएको वस्तु हो । कथाको अन्त्यमा लक्ष्मीले शुभद्रा र देवीरमणले राख्न दिएको नासोका रूपमा सुशीललाई शुभद्राको जिम्मा लगाएकी छ । यसरी कथाको घटनाक्रम, पात्रीय दृष्टि तथा वैचारिक रूपमा समेत कथाको शीर्षक नासो साङ्केतिक रूपमा सार्थक बनेको देखिन्छ ।

६. नासो कथाका विशेषताहरू

नासो एउटा यथार्थवादी कोणबाट लेखिएको सुन्दर कथा हो । प्रथम आधुनिक नेपाली बन्न सफल यस कथामा केही खास विशेषताहरू पाउन सकिन्छ । जसलाई निम्न शीर्षकहरूमा उल्लेख गरिएको छ :

६.१ सामाजिक यथार्थवादी

नासो कथाको मूल प्रवृत्ति भनेकै सामाजिक यथार्थ हो । नेपाली समाजको सौतेनी व्यवहार, स्वर्ग प्राप्तिका लागि पुत्र आवश्यक, तीर्थव्रतजस्ता यथार्थ समस्यालाई कथाले केन्द्रीय विषय बनाएको छ । दैनन्दिन रूपमा नेपाली समाजमा घटेका र घट्ने यथार्थ घटनाहरूको रोचक र घोचक प्रस्तुतिका कारण नासो एउटा प्रसिद्ध सामाजिक यथार्थवादी कथा बन्न सफल देखिन्छ ।

६.२ आदर्शोन्मुख यथार्थ

नासो कथामा यथार्थभित्रै आदर्शलाई प्रवेश गराइएको छ । नैतिक मूल्यमान्यतालाई जोड दिने कथाकारले शुभद्रा पात्रका माध्यमबाट आदर्श समाजको चाहना गरेका छन् । ईश्वरीय दण्डमा विश्वास गर्ने र नैतिकतामा आधारित जीवन चाहने मान्यता रहेको आदर्शवादी चेतकै कारण कारण शुभद्राको चरित्रलाई प्राथमिकता दिइएको पाइन्छ । शुभद्राजस्तै त्यागी, इमान्दार, क्षमाशील र मिष्ठभाषी मानवको खोज नै यस कथाको आदर्शोन्मुख प्रवृत्ति हो भन्न सकिन्छ ।

६.३ पात्रगत सरलता

नासो कथामा सरल प्रकृतिका पात्रहरू प्रयोग गरिएका छन् । नेपाली जनजीवनका विभिन्न क्षेत्रमा रहेका देवीरमण, शुभद्रा, लक्ष्मी, नौली, सुशीलजस्ता सामान्य पात्रको प्रयोगले कथा सरल बनेको देखिन्छ । प्रत्येक नेपाली समाजमा देवीरमणजस्ता धर्मभीरू शुभद्राजस्ती इमान्दार, लक्ष्मीजस्ती आज्ञाकारी र नौलीजस्ता कर्तव्यशील पात्रहरू यत्रतत्र पाइनु र कथामा तिनै पात्रहरूको स्वभाविक प्रयोग गरिनु यस कथाको खास प्रवृत्ति हो ।

६.४ परिवेशगत प्रवृत्ति

नासो कथामा स्थानीय परिवेशको कलात्मक प्रयोग पाइन्छ । परिवेश र पात्रअनुकूल परिवेश रहेको कथामा विवाह, सौतेनी व्यवहार, तीर्थव्रतजस्ता परिवेशगत सन्दर्भहरू समेटिएका छन् । ग्रामीण र सहरी दुवै परिवेशको स्वभाविक प्रयोग पाइने कथामा पाइने कथामा वर्णित परिवेश नेपाली समाजमा नै पाइन्छन् । तसर्थ कथामा आएको परिवेशको जीवन्त प्रयोगका कारण कथाको यथार्थ पक्ष प्रभावकारी बनेको देखिन्छ ।

६.५ धार्मिक विश्वास

कथामा धर्मप्रति अतिविश्वास गर्ने देवीरमणजस्ता पात्रहरूको प्रयोग रहेको पाइन्छ । मरेपछिको स्वर्ग प्राप्त गर्न सन्तान वा पुत्र आवश्यक छ भन्ने धार्मिक चिन्तन बोकेको देवीरमणले यसका लागि

पुराण लगाउने, तीर्थव्रत जानेजस्ता सबै धार्मिक कार्यहरू गरेको छ । देवीरमणको यस विश्वासमा शुभद्रा र लक्ष्मीले पनि साथ दिएको पाइन्छ । नैतिक मूल्यमान्यतायुक्त समाजको कामना गर्ने कथाकारको मनमस्तिष्कमा रहेको धर्मप्रतिको चिन्तन पनि यस कथामा सन्दर्भ बनेर आएको छ ।

६.६ घटनाप्रधान कथानक

नासो कथामा घटनाहरूको थुप्रो पाइन्छ । कथाकार स्वयम् घटनालाई प्रधानता दिने कारण पनि यस कथामा यो प्रवृत्ति आएको देखिन्छ । यहाँ देवीरमण र शुभद्राको विवाह, तीर्थव्रत, शुभद्राको गृहत्याग र फिर्ती, सुशीलको जन्म, लक्ष्मीको निधनजस्ता घटनाहरू रहेका छन् । एकपछि अर्को घटनाक्रमलाई सिलसिलेवार रूपमा प्रस्तुत गर्नु र एउटा घटनालाई अर्को घटनाले पुष्टि गर्नु कथाकार मैनालीको कथागत प्रवृत्तिसमेत हो ।

६.७ भाषाशैलीगत सरलता

यस कथामा सरल, सहज र स्वभाविक भाषाको प्रयोग पाइन्छ । पात्रअनुकूलको भाषा रहेको कथामा छोटा छोटा वाक्य, संवाद तथा सटिक उखान टुक्काहरूको प्रभावकारी प्रयोग पाइन्छ । रैखिक शैली रहेको कथामा वर्णनात्मक शैलीको प्रयोग देखिन्छ । नेपाली जनजीवनका सामान्यभन्दा सामान्य पात्रहरूले बुझ्न सक्ने खालको भाषाशैलीको आकर्षक प्रयोग पनि यस कथाको आफ्नै प्रवृत्ति हो ।

७. निष्कर्ष र उपलब्धि

नेपाली कथा साहित्यमा गुरूप्रसाद मैनाली एउटा अद्वितीय प्रतिभा हुन् । एउटामात्र नासो ( २०२०) कथासङ्ग्रह प्रकाशन गरेर पनि धेरै प्रसिद्धी कमाएमा मैनालीका कथाहरू नेपाली समाज र जनजीवनबाट टपक्क टिपिएका देखिन्छन् । नासो, परालको आगो, पापको परिणाम, चिताको ज्वाला, कर्तव्य, बिदाजस्ता प्रसिद्ध कथाहरू सृजना गरेका मैनालीका कथामा सामाजिक यथार्थ, आदर्शोन्मुख यथार्थ, सुधारवादी चेतना, नारीसमस्या, घटनाप्रधानता, भाषाशैलीगत कलात्मकताजस्ता प्रवृत्तिहरू पाइन्छन् । १९९२ शारदामा प्रकाशित नासो कथाको प्रकाशनबाट आधुनिकताको थालनी गरेका मैनालीले नेपाली कथाको विकासमा अतुलनीय योगदान गरेका छन् । थोरै भए पनि गुणस्तरीय कथाहरू रचना गरेका उनका नेपाली कथा क्षेत्रमा गुणात्मक योगदान रहेको देखिन्छ भने आधुनिकताको प्रवर्तन गर्नेजस्तो विशिष्ट कार्यबाट ऐतिहासिक योगदान गरेको देखिन्छ । नासो मैनालीको सामाजिक यथार्थवादी कोणबाट लेखिएको समस्यामूलक र आदर्शोन्मुख कथा हो । कथामा देवीरमण, शुभद्रा, लक्ष्मी र सुशील पात्रहरूका माध्यमबाट नेपाली समाजको रुढिवादी मान्यतासँगै सौतेनी व्यवहारलाई देखाइएको छ । देवीरमणजस्ता धर्मभीरू व्यक्तिहरूका कारण समाज परिवर्तन हुन नसकेको हो भन्ने निष्कर्ष रहेको कथामा शुभद्राको आदर्श व्यवहारको प्रशंसा गरिएको छ । नेपाली ग्रमीण र सहरी दुवै परिवेश रहेको कथामा सरल, सहज तथा स्वभाविक भाषाशैलीको प्रयोग गरिएको छ । समानतामा आधारित आदर्श समाजको कामना नै यस कथाको मूल लक्ष्य बनेको देखिन्छ । यस कथामा सामाजिक यथार्थ, आदर्शोन्मुख यथार्थ, पात्रगत सरलता, परिवेशगत जीवन्तता, घटनाप्रधान कथानक, भाषाशैलीगत सरलता, धार्मिक विश्वासजस्ता विशेषताहरू पाइन्छन् । यसरी नेपाली समाजका समस्यालाई टिपेर रोचक र घोचक प्रस्तुतिसँगै एउटा प्रभावकारी सन्देश दिन सफल नासो एउटा प्रसिद्ध आदर्शोन्मुख यथार्थवादी कथा हो ।

सन्दर्भसामग्रीसूची

ज्ञवाली, रामप्रसाद र अन्य (२०६४). *ऐच्छिक नेपाली.* काठमाडौं : भुँडी पुराण प्रकाशन ।
थापा, हिमांशु (२०४२). *साहित्य परिचय.* दोस्रो.संस्क. काठमाडौं : साझा प्रकाशन ।
पोखेल, सुभद्रा (२७१). 'कथाकार गुरूप्रसाद मैनाली र परालको आगो कथामा पात्रविधान'. *अन्वेषण.* (वर्ष ४, अङ्क ४ २०७१) ।
फुयाँल, सरस्वती (२०६०). 'आधुनिक नेपाली कथामा गुरूप्रसाद मैनालीको योदान र प्रमुख प्रवृत्तिहरू'. *सम्प्रेषण.* (अङ्क १, २०६०) ।
वाग्ले, ईश्वरचन्द्र (२०६०). 'गुरूप्रसाद मैनालीका कथाहरूको अध्ययन'. *गरिमा.* (वर्ष २१, अङ्क ८, पूर्णाङ्क २४८ २०६०) ।
शर्मा, मोहनराज (२०४८). *कथाको विकास प्रकिया.* ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम (२०४१). *नेपाली साहित्यका केही पृष्ठ.* दोस्रो.संस्क. काठमाडौं : साझा प्रकाशन ।

# समास आदि वृत्तिमा विग्रह-विमर्श•

पुरुषोत्तम खतिवडा
सहप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

सार

*समासमा परस्पर सम्बन्ध भएका दुई भन्दा बढी शब्द मिलाएर एउटै शब्द बनाइन्छ । त्यसरी नै कृत् र तद्धित प्रत्यय जोडेर विशेष अर्थ बुझाउन सक्ने शब्द निर्माण हुन्छन् । धातु र प्रातिपदिकबाट णिच् सन् आदि प्रत्ययबाट व्युत्पन्न धातु र तिनबाट अनेकौं शब्द तथा क्रियापद बन्दछन् । शब्दनिर्माण गर्ने यी माध्यमलाई संस्कृतमा वृत्ति भनिन्छ । समास, कृत्प्रत्यय, तद्धितप्रत्यय, एकशेष, ण्यन्त (प्रेरणर्थक) सन्नन्त (इच्छार्थक) आदि (व्युत्पन्न धातु ) पाँचवटा वृत्ति रहेका छन् । यी वृत्तिबाट बनेका शब्दले विशेष अर्थ प्रकट गर्ने भएकाले तिनको अर्थबोध गराउने वाक्यलाई विग्रह भनिन्छ । लौकिक विग्रहले अर्थबोध गराउँछ भने अलौकिक विग्रहले समास, प्रकृति प्रत्यय आदिको प्रक्रियालाई बुझाउँछ । समास आदिबाट बनेका शब्दमा एउटै सिङ्गो र विशिष्ट अर्थलाई बुझउने एकार्थीभावरूप सामर्थ्य रहेको हुन्छ । महर्षि पाणिनिले समर्थः पदविधिः सूत्रमा यसलाई व्यवस्थित रूपमा स्पष्ट पारेका छन् ।*

शब्दकुञ्जी : समास, विग्रह, वृत्ति, सूत्र, भाषतत्त्व,सनाद्यन्त, सामर्थ्य, एकार्थीभाव, व्यपेक्षा, स्वपद, शब्दनिर्माण ।

## १. विषयपरिचय

समास, कृत् तद्धित एकशेष, सनाद्यन्त यी शब्दनिर्माण गर्ने विशिष्ट विधि हुन् । यिनको अर्थ बुझाउने वाक्यलाई विग्रह भनिन्छ । अव्ययीभाव, तत्पुरुष, कर्मधारय आदि समासका तरिका हुन् । समासमा हुने विग्रह र विधिलाई आधार मानेर विचार गर्दा समास दुई किसिमका हुन्छन् नित्यसमास र अनित्य समास । अविग्रहो नित्यसमासः,अस्वपदविग्रहो वा । जुन समस्त शब्दको ठ्याक्कै विग्रह गर्न सकिंदैन अथवा अस्वपदविगह भएको, समस्तपदमा विग्रहका शब्द समावेश नभएको समासलाई प्रायः नित्य समास मानिन्छ । लौकिक विग्रह गर्दा समस्त पदको अर्थ स्वतः प्रकट हुने समासलाई नित्य समास भनिएको पाइन्छ । जस्तै : कृष्णसर्पः यस समस्त पदको विग्रह कृष्णः सर्पः हो तर विग्रह विना नै कृष्णः सर्पः यस्तो अर्थ प्रकट हुने भएकाले यसलाई नित्य समास मानिएको हो । त्यस्तै मनुष्या एव मनुष्यमात्रम्, दुग्धमेव - दुग्धमात्रम् आदि यहाँ विग्रह वाक्यमा कहीँ पनि मात्र शब्द छैन त्यसैले यस्तो समासलाई पनि नित्य समास मानिन्छ । सवै समास प्रायः वैकल्पिक हुन्छन् त्यसैले समस्त पदका सट्टामा वाक्य वा विग्रह नै प्रयोग गरिन्छन्। त्यसैले यस्ता समासलाई अनित्य समास भनिएको हो । जस्तै : राज्ञः पुरुषः यहाँ तत्पुरुष समास भएर राजपुरुष शब्द बन्छ तर राज्ञः पुरुषः यस्तो विग्रह वाक्यलाई पनि प्रयोग गर्ने स्वतन्त्रता रहेको हुनाले यसलाई अनित्य समास भनिएको हो ।

• लेखप्राप्त मिति २०७५ असार १५, विज्ञद्वारा परीक्षण असार २६, प्रकाशनार्थ प्राप्त श्रावण १ गते ।

वृत्यर्थावबोधकं वाक्यं विग्रहः । वृत्तिको अर्थलाई बोध गराउने वा अभिव्यक्त गर्ने वाक्यलाई नै विग्रह भन्दछन् । विग्रहका माध्यमबाट त्यहाँ आएको शब्द वा प्रकृति र प्रत्ययलाई पर्यालोचन गरेर नै शब्दको अर्थ प्रकट गरिन्छ । विग्रह दुई किसिमका हुन्छन् लौकिक विग्रह र अलौकिक विग्रह । प्रस्तुत लेखका यिनै समास तथा विग्रहबारे विमर्श गरिएको छ ।

२. शोधसमस्या, विधि र उद्देश्य

भाषा विशिष्ट मानवीय सम्पदा हो । हरेक भाषाका शब्दहरूको निर्माण विधि विशिष्ट र फरक फरक हुन्छ नै । संस्कृत भाषामा शब्द निर्माणको आफ्नै विशिष्ट र व्यवस्थित पद्धति पाइन्छ । शब्दनिर्माण गर्ने यी माध्यमलाई संस्कृतमा वृत्ति भनिन्छ । समास, विग्रह, वृत्तिका विषयमा उठेका जिज्ञासाको प्राज्ञिक समाधानमा यो लेख केन्द्रित रहेको छ । समास आदि वृत्तिमा विग्रह विमर्श शीर्षकको यस शोध समस्या कथनलाई निम्नअनुसार उल्लेख गरिन्छ ।

क) समास, विग्रह र वृत्ति भनेका के हुन् ?

ख) समास, विग्रह र वृत्तिका के कस्ता भेद वा प्रकार रहेका छन् ?

ग) सामर्थ्य भेनेको के हो र यो कति प्रकारको हुन्छ ?

यहाँ संस्कृत भाषाको भाषातत्वसँग सम्बन्धित समास, विग्रह र वृत्तिका विषयमा अध्ययन र विश्लेषण गरिएको छ । विश्लेषणका आधार पुस्तकालयबाट सम्बन्धित विषयका उपलब्ध पुस्तकहरूको अध्ययन विश्लेषण नै हुन् । शास्त्रीय ग्रन्थ लेख आदि प्राप्त सामग्रीहरूबाट विश्लेषणात्मक विधिमा आधारित रही शोध लेख तयार गरिएको हुनाले यहाँ द्वितीयक स्रोतका सामग्री उपयोग गरिएका छन् । शोधसमस्यामा उल्लेख गरिएका समस्या समाधानमा केन्द्रित रही विषयको वर्णनात्मक प्रस्तुति गर्नु नै यस लेखको विशिष्ट उद्देश्य र सीमा पनि हो ।

३. विग्रहका प्रकार

विग्रह कति किमिसमा हुन्छन् ? विग्रहबाट बोध्य अर्थ के हो आदि विषयमा यहाँ चर्चा गरिन्छ :

क) लौकिक विग्रह

लोके प्रयोगार्हः लौकिकः यस व्युत्पत्तिअनुसार लोकमा प्रयोग हुन योग्य वा लोकमा अर्थ सजिलै बुझ्न सकिने विग्रहलाई लौकिक विग्रह भनिन्छ । जस्तै - राज्ञः पुरुषः, राजपुरुषः । यहाँ राजपुरुषः शब्दको लौकिक विग्रह राज्ञः पुरुषः हो । यसबाट पनि सजिलै वाक्यार्थ बोध गर्न (बुझ्न) सकिने भएकाले यो लौकिक विग्रह हो ।

ख) अलौकिक विग्रह

समास आदि वृत्तिहरूको शास्त्रीय प्रक्रियालाई मात्र जनाउने विग्रहलाई अलौकिक विग्रह भनिन्छ । राजन् +ङस् पुरुष + सु  यसमा राजन् र पुरुष शब्दमा जोडिएका विभक्ति अलग गरेर देखाइएको छ तर यसबाट अर्थको बोध हुँदैन । त्यसैले यस्तो विग्रहलाई अलौकिक विग्रह भनिन्छ ।

४ वृत्तिको परिचय र प्रकार

शब्दहरूको बनोटको स्वरूप वा विधिलाई वृत्ति भनिन्छ । त्यही वृत्तिको अर्थलाई प्रकट गरिदिने वाक्य नै विग्रह हो । परार्थाभिधानं वृत्तिः यो वृत्तिको परिभाषा हो । अर्थात् परः अन्यः, यो ऽयं विशिष्टैकार्थप्रतिपादिका सा वृत्तिरिति भनेर परको, समस्त र अन्यपदहरूको, प्रकृति र प्रत्ययको अर्थ एवं पद सङ्घटन पद्धतिलाई नै वृत्ति भनिन्छ । त्यही वृत्तिको अर्थ प्रकट गर्ने वाक्यलाई विग्रह भनिन्छ।

कृत्, तद्धित, समास, सनाद्यन्त र धातु गरी पाँच किसिमका वृत्ति रहेका छन् । यी वृत्तिबाट निर्मित शब्दले प्रकृति र प्रत्यय वा समस्त पद समुदायको एकात्मक विशिष्ट अर्थलाई प्रकट गर्दछ । जस्तै - पीतम् अम्बरम् यस्य सः - पीताम्बरः हरिः । यहाँ पीतं भनेको पहेँलो रङ हो भने अम्बरं भनेको आकाश हो तर यी दुइको समास भएर बनेको पीताम्बर शब्दले ती दुई अर्थभन्दा भिन्न हरि (विष्णु) अर्थ प्रकट गरेको छ । त्यस्तै : करोति, कारकः कर्ता कर्तव्य, करणीयः, दाशरथि पुत्रीयति आदिमा पनि वृत्ति भएपछि एकात्मक विशिष्ट अर्थ प्रतीति हुन्छ भन्ने बुझ्नुपर्दछ । वृत्ति शब्दहरूको निर्माणका विषयमा आचार्य पाणिनि आदिका वचनलाई नै आधार मान्नु पर्दछ :-

पाणिन्यादिभिराचार्यैः शब्दशास्त्रप्रवक्तृभिः ।
भणिता वृत्तयो या हि विशिष्टैकार्थबोधिकाः ॥
समासा एकशेषाश्च तद्धिताश्च कृतस्तथा ।
सनाद्यन्ताः धातवश्च ता एव पञ्चधा मताः ॥

कृत्, तद्धित, समास, सनाद्यन्त र धातु गरी पाँच किसिमका वृत्ति रहेका छन् । यी वृत्तिबाट निर्मित शब्दले प्रकृति र प्रत्यय वा समस्त पद समुदायको एकात्मक विशिष्ट अर्थलाई प्रकट गरिदिन्छन् । यहाँ केही उदाहरण प्रस्तुत गरिएका छन् ।

| *वृत्तिको नाम* | *निर्मित पद* | *विग्रह* |
|---|---|---|
| क) कृद्वृत्तिमा | कुम्भकारः | कुम्भं करोति इति |
| ख) समासवृत्तिमा | राजपुरुषः | राज्ञः पुरुषः |
| ग) तद्धितवृत्तिमा | दाशरथिः | दशरथस्य अपत्यम् |
| घ) एकशेषवृत्तिमा | पितरौ | माता च पिता च |
| ङ) सनाद्यन्त धातुवृत्तिमा | पुत्रीयति | पुत्रम् आत्मनः इच्छति |

यहाँ उल्लेख गरिएका वृत्तिहरू कहाँ कहाँ र कसरी हुन्छन् भन्ने विषयमा आचार्य पाणिनिको समर्थः पदविधिः सूत्रले निर्दिष्ट गरेको छ । सामर्थ्य अर्थात् विशेष अर्थ बुझाउन सक्ने क्षमता भएका ठाउँमा मात्र समास कृत् तद्धित आदि वृत्ति हुन्छन् ।

५.सामर्थ्यको परिचय र प्रकार

समर्थ शब्दको अर्थ योग्य वा सक्षम भन्ने हुन्छ । समर्थ शब्दमा भाव अर्थमा ष्यञ् प्रत्यय जोडिएर सामर्थ्य शब्द बनेको हो । समास कृत् तद्धित आदि सबै वृत्तिमा सामर्थ्य आवश्यक पर्ने कुरा आचार्य पाणिनिको समर्थः पदविधिः सूत्रले निर्दिष्ट गरेको छ । सामर्थ्य अर्थात् विशेष अर्थ बुझाउन सक्ने क्षमता भएका ठाउँमा मात्र समास कृत् तद्धित आदि वृत्ति हुन्छन् र विशेष अर्थ बुझाउने क्षमता नभएमा हुँदैनन् ।

५.१ समर्थः पदविधिः (पा.सू २।१।१)

पदसम्बन्धी यो विधिः सः समर्थाश्रितो बोध्य इति सूत्रार्थ । अर्थात् उक्त वृत्तिहरू विशेष अर्थमा मात्र हुन्छन् । जहाँ विशष्टि अर्थ प्रतिपादन गर्ने अवस्था रहन्छ त्यहाँ वृत्ति हुन्छ र जहाँ रहन्न त्यहाँ हुँदैन । समर्थ हुनाको भावलाई सामर्थ्य भनिन्छ । व्यपेक्षा र एकार्थीभाव गरी सामर्थ्य दुई किसिमका हुन्छन् ।

क) व्यपेक्षा सामर्थ्य

व्यपेक्षा सामर्थ्यको यसरी परिभाषा गरिएको छ - स्वार्थपर्यवसायिनामाकाङ्क्षादिवशात् यः परस्परान्वयस्तद् व्यपेक्षाभिदं सामर्थ्यम् । विशिष्टा अपेक्षा व्यपेक्षा । सम्बद्धार्थः समर्थः। अर्थात् यस परिभाषा र व्युत्पत्ति अनुसार व्यपेक्षा सामर्थ्य भनेको आ-आफ्ना अर्थमा रहेका शब्दहरूको वाक्यमा आवश्यक पर्ने आकाङ्क्षा, योग्यता, आसत्ति र अन्विति यी तत्वहरूको कारण जुन शब्दहरूका बीचमा परस्परमा समन्वय भएर अर्थ प्रकट हुन्छ त्यसलाई व्यपेक्षा सामर्थ्य भनिन्छ । यस्तो सामर्थ्य राज्ञः पुरुषः, दशरथस्य अपत्यम्, करोति इति आदि लौकिक विग्रहमा र रामः गृहं गच्छति आदि वाक्यमा रहेको हुन्छ ।

ख) एकार्थीभाव सामर्थ्य

एकार्थीभाव सामर्थ्य यसरी परिभाषित गरिएको छ - प्रक्रियादशायां प्रत्येकमर्थवत्वेन पृथग्गृहीतानां पदानां समुदायशक्त्या विशिष्टैकार्थप्रतिपादकतारूपमेकार्थीभावलक्षणं सामर्थ्यम् । सङ्गतार्थः समर्थः । संसृष्टार्थः समर्थः । अर्थात् यस परिभाषा र व्युत्पत्ति अनुसार एकार्थीभाव सामर्थ्य भनेको माथि उल्लिखित वृत्तिका माध्यमबाट एकाकार भएका भिन्न भिन्न पदहरूको समुदाय शक्तिद्वारा एकीकृत गरी विशिष्ट अर्थ प्रतिपादन गरिएको हुन्छ । त्यसैलाई नै एकार्थीभाव समर्थ्य भनिन्छ । यस्तो सामर्थ्य माथि उल्लेख गरिएका वृत्तिबाट निर्मित सबै शब्दमा रहेको हुन्छ । जहाँ सामर्थ्य हुँदैन त्यहाँ कृत्, तद्धित, समास आदि वृत्तिहरू पनि हुँदैनन् । जस्तै : ऋद्धस्य राज्ञः पुरुषः यहाँ सामर्थ्य नभएको हुनाले सापेक्षताको अभावमा समास नै हुँदैन । कतै कतै चाहिं सापेक्षता नभएमा पनि समास भएको देखिन्छ । जस्तै - देवदत्तस्य गुरोः कुलम् देवदत्तगुरुकुलम्, शिवस्य भागवतो भक्तः शिवभागवतः आदि । यस्तै उदाहरणहरूलाई विचार गरेर नै आचार्य भर्तृहरिले भनेका छन् - सम्बन्धी शब्दः सापेक्षो नित्यं सर्व समस्यते । अर्थात् परस्पर सम्बन्ध भएका शब्दका बीचमा सापेक्षताको सामर्थ्यको अभाव भएमा पनि समास हुन्छ ।

६. निष्कर्ष र उपलब्धि

परस्परमा सम्बन्ध भएका विशिष्ट अर्थ बुझाउन सक्ने शब्दहरूको मेल नै समास हो । समासमा दुई वा सोभन्दा धेरै शब्दहरूलाई छोट्याएर एउटै शब्द बनाइन्छ । समास भएर बनेको शब्दको अर्थ बुझाउने वाक्यलाई विग्रह भनिन्छ । लौकिक विग्रहले समस्त शब्दको अर्थ बुझाउँछ भने अलौकिक विग्रहले समासको प्रक्रियालाई बुझाउँछ । विग्रह केवल समास भएर बनेका शब्दको मात्र हुँदैन शब्द निर्माण गर्ने सवै वृत्ति समास, कृत्, तद्धित, एकशेष र सनाद्यन्त धातुबाट व्युत्पन्न शब्दको विग्रह हुन्छ ती सवै वृत्ति विशिष्ट अर्थ प्रतिपादनका लागि हुने गर्दछन् । यी वृत्तिद्वारा निर्मित शब्दले प्रकृति प्रत्यय एकाकार भएर विशिष्ट अर्थलाई बुझाउने क्षमता राख्छन् । त्यसैले व्युत्पन्न शब्दमा रहने त्यस्तो क्षमतालाई सामर्थ्य भनिन्छ । जहाँ सामर्थ्य छ त्यहाँ समास, कृत्, तद्धित आदि वृत्ति

हुन्छन् र जहाँ छैन त्यहाँ हुदैनन् । कतै कतै सामर्थ्य नभए पनि शब्दहरू परस्परमा सम्बन्धित भएमा समास हुने गरेको पाइन्छ ।

सन्दर्भसामग्री

गौड, अशोकचन्द्र (२०५५) *संस्कृतव्यकरणेतिहासविमर्शः*, वाराणसी : भारतीय विद्यासंस्थान ।

दीक्षित, भट्टोजी (२०३५), *वैयाकरणसिद्धान्तकौमुदी* (भाग २), (व्याख्याकार रामचन्द्र झा,इन्दुमती टीका) वाराणसी : कृष्णदास अकादमी ।

दीक्षित, भट्टोजी (सन् १९६८), *वैयाकरणसिद्धान्तकौमुदी* (भाग ३ र ४), (बालमनोरमाटीकासहित) वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

भट्ट, नागेश (२०१७), *परमलघुमञ्जुषा,* बडौदा : महाराजसयाजिराव महाविद्यालय ।

वरदराज (२०३५), *लघुसिद्धान्तकौमुदी,* गोरखपुर : गीताप्रेस ।

# नेपालको राजनीतिमा धर्म संस्कृतिको प्रभाव•

प्रकाश भट्टराई
सन्धिखर्क - ६, अर्घाखाँची

*सार*

मानव विशिष्ट गुणयुक्त चेतनशील प्राणी हो । मानव जीवनको उत्पत्ति र चेतनाको विकाससँगै, प्रथा, धर्म, सभ्यता र संस्कृतिको क्रमिक विकास हुँदै आएको छ । जीवनयापन गर्ने क्रममा मानव जातिले विभिन्न किसिमका भाषा, कला, रीतिरिवाज, प्रथा, प्रचलन, रहनसहन, भेषभुषा आदिको धारणा, अभ्यास र विकास गर्दै आए । यही जीवन पद्धतिको शैली नै धर्म संस्कृति हो । धर्म संस्कृतिको मानव जीवनमा मात्र नभएर समग्र समाज र राष्ट्रमा प्रभाव रहेको हुन्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिमा धर्म संस्कृतिको प्रतिविम्ब परेको हुन्छ । नेपालको सन्दर्भमा पनि राज्य प्रणालीमा धर्म, संस्कृतिको गहिरो छाप परेको अनुभूत गर्न सकिन्छ । गोपाल वंशी, आभीर वंशी, किरात वंशी तथा लिच्छवी वंशी राजाहरूले इतिहासका विभिन्न कालखण्डमा नेपालमा धर्म र विविध संस्कृतिको प्रभावमा शासन गरेको उल्लेख इतिहासमा पाइन्छ । त्यसैले प्राचीनकालदेखि माध्यमिककाल, आधुनिककाल, राणाकाल हुँदै अहिले सम्म पनि नेपालको राज्यप्रणाली र राजनीतिमा धर्म र संस्कृतिको गहिरो प्रभाव परेको पाइन्छ । विकासका काममा, सरकारी सेवा प्रवाहमा, राज्यका विभिन्न कार्यमा, कानुन निर्माणका चरणमा, परराष्ट्र सम्बन्धमा, शान्ति सुरक्षाका विषयमा, राजनैतिक कार्यमा, सामाजिक कार्यमा धर्म संस्कृतिले पारेको प्रभावको अध्ययन यहाँ गरिएको छ । नेपालमा अस्तित्वमा रहेको विभिन्न धर्म र संस्कृतिको परिचयात्मक प्रस्तुतिका साथै त्यसले नेपालको राजनैतिक क्षेत्रमा पारेको प्रभावको अन्वेषण गर्नु नै यस लेखको मुख्य ध्येय हो ।

शब्दकुञ्जि : सर्वाङ्गीण, न्याय निरूपण, उपासना, प्रतिविम्ब, धर्माध्यक्ष, न्यायसम्पादन, पर्यटकीय, सकारात्मक, अस्तित्व, मूल्यमान्यता, वित्तीय क्षेत्र, श्रेस्ता, प्रतिवेदन, कूटनीति, जीवनस्तर, तीर्थाटन ।

## १. विषय परिचय

नेपाल बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएकाले यहाँको राजनीतिमा धर्म संस्कृतिको प्रभाव परेको पाइन्छ । राजनीति, धर्म, संस्कृति समाजसँग गाँसिएका गहन विषय हुन् । यहाँ तिनको परिचय सान्दर्भिक भएकाले प्रस्तुत गरिएको छ ।

### क) राजनीति

मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका सर्वाङ्गीण पक्षको निर्धारक राजनीति हो । राजनीतिलाई राज्यको मूल नीति पनि भनिन्छ । यो देशको अभिभावक हो, पथ प्रर्दशक हो । विश्वविद्यालयमा पढाई हुने राजनीति विषयलाई राजनीतिशास्त्र, राजनैतिक अध्ययन वा सामान्य प्रशासन भनिन्छ । राजनीतिलाई वृहत तथा सामान्य अर्थमा परिभाषित गर्न सकिन्छ । सामान्य अर्थमा कुनै पनि देशमा सरकार संचालन गर्न वा शासन गर्नको लागि शक्ति प्राप्त गर्ने माध्यमको रूपमा लिने गरिन्छ । बृहत अर्थमा भन्नुपर्दा सामाजिक हित, लोक कल्याण र समृद्धिको

• लेखप्राप्त मिति २०७५ असार १४, विज्ञद्वारा परीक्षण असार २५, प्रकाशनार्थ प्राप्त श्रावण ३ गते ।

एवं देशको सर्वाङ्गीण पक्षको हितको लागि गरिने समग्र कृयाकलापको समष्टिलाई राजनीति भन्न सकिन्छ ।

ख) धर्म

"धाराणाद्धर्ममित्याहु: धर्मेण धार्यते प्रजा:" [१] "धर्म" संस्कृत भाषाको शब्द हो जुन धारण गर्नु अर्थ बुझाउने "धृ" धातुबाट बनेको हो । त्यसैले धर्मको अर्थ धारण गर्नु हो । "धार्यते इति धर्म:" अर्थात् जे धारण गरिन्छ त्यही धर्म हो । अथवा लोक परलोकको सुख-सिद्धिको लागि सार्वजानिक पवित्र गुण र कर्मको धारण गर्नु नै धर्म हो । अर्को शब्दमा यो पनि भनिन्छ कि मनुष्य जीवनलाई उच्च र पवित्र बनाउने यस्तो ज्ञानानुकूल शुद्ध सार्वजनिक मर्यादा पद्दति हो त्यही नै धर्म हो । ईश्वरीय श्रद्धा अथवा पूजा-पाठ, ईश्वरीय उपासना, आराधनालाई धर्म भनिन्छ । यो लौकिक एवं सामाजिक कर्तव्य हो ।

ग) संस्कृति

"संस्कृति त्यो सम्पूर्ण जटिलता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा, तथा अन्य सम्पूर्ण क्षमताहरू एवं गुणहरू सम्मिलित हुन्छन्, जसलाई मानवले समाजको सदस्यको हैसियतले आर्जन गर्दछ ।" [२]

संस्कृति जीवनयापनको विधि हो । जीवन जीउने कला हो । संस्कृति कुनै समाजको गहिराइसम्म रहेको गुणको समग्र नाम हो, जसमा त्यस समाजमा प्रचलनमा रहेका भाषा, ज्ञान, विज्ञान, कला, साहित्य, क्रियाकलाप, नैतिक मूल्य प्रथा र पद्धतिहरूको समग्रता रहेको हुन्छ । संस्कृति निरन्तर चलिरहने परिवर्तनशील प्रक्रिया हो र यो बहुआयामिक हुन्छ । आजको संस्कृति इतिहासको विरासतको विकसित रूप हो । संस्कृति मानव जीवनको अभिन्न अङ्ग हो । यो कुनै समय विशेषको नभई शाश्वत् हुन्छ । मान्छेको अमूल्य निधि उसको संस्कृति हो । संस्कृति एक यस्तो पर्यावरण हो जसमा रहेर व्यक्ति एक सामाजिक प्राणी बन्दछ र प्राकृतिक पर्यावरणलाई आफ्नो अनुकूल बनाउने क्षमता आर्जन गर्दछ । "संस्कृति त्यो कुरा हो, जसले एक व्यक्ति अर्को व्यक्तिसँग, एक समूह अर्को समूहसँग, एक समाज अर्को समाजसँग फरक गराउँछ ।"[३]

जनीतिलाई राज्यसँग सम्बन्धित सम्पूर्ण नीतिको समष्टिको रूपमा बुभिन्छ ।

२. समस्याकथन

नेपाल प्राचीन कालदेखि नै हिन्दू धर्म र संस्कृतिको गहिरो प्रभाव भएको मुलुक हो । विश्वशान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा भएर पनि परापूर्वकालदेखि नै नेपालमा बुद्ध धर्म र संस्कृतिको अमिट छाप रहेको पाइन्छ । प्रकृतिपूजक किराँत संस्कृति र सभ्यतासँगै नेपालमा रहेका अन्य विभिन्न सभ्यता र संस्कृतिले नेपालको राजनीतिमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्दै आएका छन् । नेपाल एक बहुधर्मिक, बहुसांस्कृतिक र बहुभाषिक मुलुक

---

१ महाभारत, www.wikipedia.org

२ E.B.Tayler, http://madisonian.net/2006/12/20/defining-culture

३ होबेल ,www.wikipedia.org

भएकाले यहाँको राजनीतिमा ती धर्म र संस्कृतिको प्रभाव पर्नु स्वाभाविक रहेको देखिन्छ । नेपालको राजनीतिमा धर्म संस्कृतिको प्रभाव शीर्षको यो लेख निम्न शोधसमस्याको प्राज्ञिक समाधानमा केन्द्रित रहेको छ :

क) नेपालको राजनीतिमा धर्मको प्रभाव कस्तो रहेको छ ?
ख) नेपालको राजनीतिमा संस्कृतिको प्रभाव कस्तो रहेको छ ?
ग) राज्यका हरेक गतिविधिमा धर्म संस्कृतिको भूमिका के कस्तो छ ?

३. राजनीतिमा संस्कृतिको प्रभाव

कुनै पनि स्थान, समाज वा राज्यको संस्कृति त्यहाँको प्रतिविम्व हो । जसको प्रभाव समाज वा राष्ट्रका हरेक क्षेत्रमा परेको हुन्छ । अतः संस्कृतिको प्रभाव राजनीतिमा पनि परेको हुन्छ । राजनीति राज्यको मुल नीति भएता पनि सामाजिक मूल्य मान्यता प्रचलन वा संस्कृतिबाट राजनीति पनि कदापि अछुतो रहन सक्दैन । अझै भनौं अप्रत्यक्षरूपमा संस्कृतिले राजनीतिलाई डोऱ्याएको हुन्छ । प्राचीन समयमा धर्म संस्कृतिकै आधारमा राज्य सञ्चालन हुने गरेको इतिहासको अध्ययनबाट जानकारी पाउन सकिन्छ । पूर्वीय चिन्तनका विचारक मनुले मनुस्मृति तथा मानव धर्मशास्त्र ग्रन्थका रचना गरी राजधर्म, राजाको आवश्यकता, राज्यको नियम, मन्त्रिमण्डल, सैन्य संगठन, न्यायालयजस्ता व्यवस्थाजस्ता कुराहरू उल्लेख गरेका थिए । जसमा आठ देवताका गुणहरू राजामा हुनुपर्ने कल्पना गरेका थिए । राजनीतिलाई मनुले राजधर्मको रूपमा उल्लेख गरेका छन् । संसारको रक्षाको लागि ईश्वरले राज्यको सृष्टि गरेका हुन् भन्ने उनको तर्क छ । जनताको रक्षा गर्नु शासकको कर्तव्य भएको तथा धर्मले राजा र जनतालाई समान शासन गर्ने भएकोले शासक वा राजाले आफुलाई धर्मको नियम अन्तर्गत राख्नुपर्ने उल्लेख गरेका छन् । उनले न्यायको लागि धर्मसभाको व्यवस्था गर्नुपर्ने र धर्माध्यक्षको पद राजाले ग्रहण गर्ने र उनको अनुपस्थितिमा ब्राह्मणले धर्माध्यक्षको पद ग्रहण गरी न्याय सम्पादन गर्नेजस्ता व्यवस्थाको परिकल्पना गरेका थिए । प्राचीनकालमा राज्य संचालनसम्बन्धी विविध विषयमा मनुको विचार महत्वपूर्ण मानिन्छ जसमा धर्म संस्कृतिको उच्चस्थान रहेको छ । यद्यपि यसको वर्तमान समयमा पनि उत्तिकै महत्व रहेको छ । प्राचीन कालखण्डमा खासगरी भारतीय महाद्वीपमा हिन्दु धर्मसँग सम्बन्धित संस्कृतिको प्रभाव सरकार संचालन वा राजनीतिमा गहिरो गरी रहेको थियो । धर्म र संस्कृति परस्परमा गाँसिएर आउने हुनाले राजनीतिमा संस्कृतिको प्रभावको चर्चा गर्दा स्वतः धर्म पनि चर्चाको विषय हुने तथा धर्मको चर्चा गर्दा संस्कृति पनि सँगै गाँसिएर आउने गरेको पाइन्छ । त्यसको असर आज पनि रहेको पाइन्छ, भविष्यमा पनि प्रभाव रहने कुरामा कुनै शंका रहँदैन । पूर्वीय सांस्कृतिक मूल्य मान्यता वा दर्शनबाट पश्चिमी राजनीति पनि प्रभावित भएको कुरालाई नकार्न सकिदैन भने पश्चिमा दर्शन र संस्कृतिबाट पनि पूर्वीय राजनीति प्रभावित भएको हुन सक्ने कुरालाई पनि अस्वीकार गर्न सकिदैन ।

राजनीति र संस्कृति समाजकै उपज हुन् । कुनै पनि समाजमा प्रचलनमा रहेको सांस्कृतिक मूल्य मान्यता वा व्यवहारले राजनीतिमा छाप पारेको हुन्छ । राजनीतिमा धर्म संस्कृतिको प्रभाव कुनै स्थान विशेषमा मात्र नभई कुनै न कुनै रूपमा संसार भर नै परेको देखिन्छ । कुनै कुनै देशमा कुनै निश्चित जाति वा धर्मको व्यक्ति मात्र राष्ट्र प्रमुख वा सरकार प्रमुख हुन पाउने नियमले यस कुराको थप उजागर गर्दछ । संस्कृतिले मानव जीवनलाई थप मर्यादित, व्यवस्थित अनुशासित, बनाउन मद्दत गर्दछ । मानवलाई संस्कृतिले नैतिकवान् बनाउँछ । संस्कृतिले परम्परागत मूल्य मान्यता, आदर्शका

आधारमा जीवनलाई सदमार्गमा हिँडाउने काममा सहयोग गर्दछ । यसको ठिक विपरीत यदि धर्म संस्कृतिको पालना हुन सकेन वा त्यसको वेवास्ता भयो भने समाजमा अनुशासनहीनता, अराजकता, द्वन्द्व, बेमेल, टकराव, हुन जान्छ । यसर्थ धर्म संस्कृति समाजलाई व्यवस्थित गर्ने कानुनभन्दा महत्वपूर्ण अस्त्र हो । प्राचीनतम समयमा समाज वा मानवलाई व्यवस्थित गर्ने अन्य साधन वा विधिको विकास भई नसकेको अवस्थामा सामाजिक अनुशासन पालनको प्रमुख आधार धर्म, संस्कृति, प्रथा, परम्परा नै थिए भन्नलाई कुनै हिचकिचाहट रहँदैन ।

४. नेपालको राजनैतिक संस्कृति

"राजनीतिक संस्कृति ... मूल्य मान्यता, विश्वास र भावनाहरूलाई बुझाउँछ जसले राजनीतिक जीवनको अर्थ दिन्छ ।"[४] राजनीति संस्कृत सामाजिक विज्ञानको क्षेत्रमा प्रयोग गरिन्छ। यसले ऐतिहासिक रूपमा आधारित, व्यापकरूपमा साझेदारी गरिएका विश्वासहरू, भावनाहरू र राजनीतिक प्रणालीहरूको प्रकृतिबारे मूल्यहरूलाई बुझाउँछ जसले नागरिक र सरकारबीचको सम्बन्धको रूपमा सेवा गर्न सक्दछ । राजनीतिक संस्कृतिले राजनीतिक दुनियामा के भइरहेको छ वा के हुँदैछ भन्दा पनि राजनीतिलाई नागरिकले कसरी लिन्छन् वा ग्रहण गर्दछन् भन्ने कुराको अध्ययन गर्दछ ।

विभिन्न देशहरूमा विभिन्न किसिमका राजनीतिक संस्कृतिहरू रहेका हुन्छन, जसले हामीलाई बुझ्न मद्दत गर्छ कि उनीहरूको सरकार निश्चित तरिकामा गठन भएका हुन्छन् । त्यसैगरी यसबाट किन कुनै खास प्रकारका राजनीतिक प्रणालीहरू सफल वा असफल भए ? किन लोकतान्त्रिकहरू सफल हुन्छन् वा असफल भए, वा किन केही देशहरू अझै पनि राजाहरू छन् ? जस्ता प्रश्नहरूको जवाफ यसबाट प्राप्त गर्न सकिन्छ ।

राजनैतिक संस्कृतिको अवधारणा यसको उत्पत्ति दोस्रो विश्वयुद्ध चरणमा अन्तिमबाट भएको मानिन्छ, जहाँ राजनीतिक वैज्ञानिकहरूले पारम्परिक दृष्टिकोणको तम्बूबाट राजनीतिक विज्ञानलाई अलग पार्न नयाँ दृष्टिकोणहरू विकास गर्न प्रयास गरे । यसले मनोविज्ञान र समाजशास्त्रबाट एकीकृत गरेर राजनीतिको अध्ययन गर्न खोज्दछ । राजनीतिक संस्कृतिको अध्ययन गरी कुनै पनि समाजको राजनैतिक संस्कृतिको विश्लेषण गरेर उनीहरूका विद्यमान राजनीतिक समस्याहरू समाधान गर्न सकिन्छ ।

५. नेपालको राजनीतिमा धर्मको प्रभाव

नेपालको इतिहासको अध्ययन गर्ने हो भने विश्वका अन्य देशहरूमा जस्तै नेपालको शासन प्रणालीमा वा राजनीतिमा धर्म र संस्कृतिको पूर्ण प्रभाव रहेको पाइन्छ । नेपालको इतिहासमा गोपालवंश, आभिरवंश, किराँतवंश, सोमवंश लिच्छवीवंश, शाक्यवंश, मल्लवंश आदिले बाहिरबाट नेपाल प्रवेश गरी नेपालको मौलिक संस्कृति र सभ्यताको विकासमा उल्लेखनीय योगदान गरेका छन् । लिच्छवीहरू नेपालमा आई संस्कृतिको विकास गरे भने बाहिरी प्रभावका कारण खासगरी एघारौँ

४ Rose and Dogan, http://www.shareyouressays.com/essays/article-on-political-culture/112495

शताब्दीपछि हिन्दुहरूको जीवन शैलीमा परिवर्तन भयो । जसको प्रभाव नेपालको राज्य व्यवस्था संचालनमा पनि पर्‍यो ।

गोपालवंशीहरू नेपालको पहिलो शासक थिए । गोपालवंशका राजाहरूले करिव ५०७ वर्ष र आभिरवंशीले १०० वर्ष शासन गरेको इतिहासको अध्ययनबाट थाहा पाउन सकिन्छ । गोपालवंश र आभिरवंशको शासन अवधिमा धार्मिकग्रन्थ, धार्मिक मूल्यमान्यता एवं प्रचलित संस्कार वा संस्कृति नै शासन व्यवस्था संचालनका आधार वा राज्य संचालनका कानुन थिए ।

आभिरवंशीको पतनपश्चात् नेपालको शासन व्यवस्थामा किराँतवंशको उदय भयो । किराँतवंशका २९ जना राजाले करिब १५ सय वर्षजति शासन गरेको कर्कपेट्रिकको वंशावलीमा उल्लेख गरिएको छ । किराँतकालमा पनि धर्म संस्कृतिको प्रभाव रहेको छ । किराँतीहरू मूलतः शैव धर्मावलम्वी भए पनि यो समयमा बौद्ध धर्मको निक्कै प्रचार-प्रसार हुनका साथै राज्य संचालनमा समेत प्रभाव परेको थियो ।

सोमवंशको पतनपश्चात् उदय भएको लिच्छविकालमा नेपालको धर्म संस्कृति एवं सभ्यताको विकासमा उल्लेखनीय कार्य भएको पाइन्छ । लिच्छविकालमा वर्णाश्रमको व्यवस्था थियो । ब्राह्मणहरूले अध्ययन-अध्यापन, पूजा गराउनुका साथै धार्मिक व्यवस्था, नीति नियमका मामिलामा राजालाई राय परामर्श दिने गर्दथे । ब्राह्मणहरू धर्मशास्त्रमा लेखिएबमोजिम नीति नियम बनाउँथे भने त्यसबमोजिमको काम राजाबाट हुने गर्दथ्यो । धार्मिक, सांस्कृतिक नियमबमोजिम राजाले न्यायिक निरूपण गर्दथे ।

मल्लकालमा पनि राज्य व्यवस्था संचालनका मुख्य आधार धर्म संस्कृति नै हुने गर्दथ्यो भन्ने कुरा स्थिति मल्लले धर्मशस्त्र अनुसार नापतौल र पोसाक पहिरन आदिको व्यवस्था गरेबाट पनि स्पष्ट हुन्छ [५] । न्याय व्यवस्थाका स्रोत राजा हुने गर्दथे । राजाले धर्मशास्त्र, न्यायशास्त्र, कानुन निर्माण गर्ने र न्याय सम्पादन गर्ने गर्दथे । धार्मिक सांस्कृतिक परम्पराअनुसार अपराधको व्याख्या र दण्ड सजाय हुने गर्दथे । विभिन्न बाइसे-चौबिसे राज्य, शाहवंश वा राणा शासन हुँदै आधुनिक राज्य समयमा पनि धार्मिक सांस्कृतिक परम्परा वा मूल्य मान्यताले शासन व्यवस्था संचालनका मुख्य अवयवको रूपमा स्थान पाइराखेका थिए र छन् ।

रा पृथ्वीनारायण शाहले राज्य एकीकरण गरी अधुनिक नेपालको निर्माण भएदेखि २०४७ सम्म नेपाल धार्मिक रूपले हिन्दू अधिराज्यका रूपमा रहेको थियो । त्यसैले यहाँको राजनीति र राज्य व्यवस्था हिन्दु धर्मबाट प्रभावित थिए । २०४७ सालपछि नेपाल धर्मनिरपेक्ष राज्यका रूपमा परिभाषित भए पनि केही राजनैतिक दलले नेपाललाई हिन्दूराज्य नै कायम गर्नु पर्ने आवाज उठाइरहेका छन् । यसबाट आधुनिक नेपालको राजनीति र राज्यव्यवस्था सञ्चालनमा धर्मको प्रभाव रहेको सहजै बुझ्न सकिन्छ ।

५ नेपालको संक्षिप्त इतिहास, पृ.१९ ।

२०६४ पछि नेपाल राजतन्त्रात्मक शासन व्यवस्थाबाट गणतन्त्रात्मक शासन व्यवस्थामा परिवर्तित भएको र राज्य धर्मनिरपेक्ष राज्य बनेको छ । नेपालको वर्तमान समयमा पनि विभिन्न धार्मिक स्थलहरूको निर्माण, विकास, प्रवर्धन तथा राज्यस्तरबाट संचालन गर्ने कार्यले आज पनि धर्म संस्कृतिको महत्वलाई उजागर गर्दछ । नेपालमा मानिने विभिन्न चाडपर्व, धर्म संस्कृति, प्रथा परम्पराहरूले राज्य सञ्चालन प्रणालीमा वा शासन प्रक्रियामा अहम् भूमिका निर्वाह गरिरहेको छ । राज्यका क्रियाकलापको निर्धारण, यसका विधि प्रक्रियाहरू हाम्रा संस्कृतिका अमिट छाप परेको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । विशेष दिन वा समयमा मठ-मन्दिरहरूमा राज्य वा सरकार प्रमुखबाट पूजा-आजा गर्ने गरिन्छ । ठुला-ठुला कार्य गर्दा शुभ साइत हेरेर गरिन्छ । धार्मिक सांस्कृतिक महत्वका दिनमा सरकारी विदाको प्रवन्ध गर्ने गरिन्छ । विभिन्न किसिमका चाडपर्वहरू मनाउने प्रचलन रहेको छ । सबै धर्म संस्कृतिको सम्मान, संरक्षण, विकास तथा प्रवर्धनको लागि विभिन्न सरकारी संरचनाहरूको व्यवस्था गरिएको छ । धर्म र संस्कृतिले राज्य व्यवस्था संचालनमा निरन्तर वा अविच्छिन्नरूपमा प्रभावित पारिरहेका हुन्छन् ।

६. नेपालमा धर्म र संस्कृतिको अवस्था

नेपाल दक्षिण एशियामा अवस्थित एउटा सांस्कृतिक विविधतायुक्त देश हो । क्षेत्रफलका हिसाबले सानो भुपरिवेष्ठित तर धार्मिक, जातिगत, भाषागत एवं सांस्कृतिक विविधतामा धनी देश हो नेपाल । वि.सं. २०६८ सालको जनगणनालाई आधार मान्दा हाल नेपालमा दशवटा धार्मिक समुदाय रहेका छन् ।

नेपालमा मानिने प्रमुख धर्महरू [६]

| सि.नं. | धर्म | जनसंख्या | कैफियत |
|---|---|---|---|
| १ | हिन्दु | ८१.३ प्रतिशत | |
| २ | बौद्ध | ९ प्रतिशत | |
| ३ | इस्लाम | ४.४ प्रतिशत | |
| ४ | किराँत | ३ प्रतिशत | |
| ५ | क्रिश्चियन | १.४ प्रतिशत | |
| ६ | प्रकृति धर्म | ०.४ प्रतिशत | |
| ७ | बोन | १३,००६ जना | |
| ८ | जैन | ३,२१४ जना | |
| ९ | बहाई | १,२८३ जना | |
| १० | शिख | ६०९ जना | |

जनगणना २०६८ अनुसार नेपालमा एक सय तेइस मातृभाषा बोल्ने मानिसहरू बसोवास गर्दछन् । जसमध्ये सबैभन्दा बढी ४४ दशमलव ६ प्रतिशत नेपाली मातृभाषा बोल्ने मानिसहरू रहेका छन् । त्यसैगरी एक सय पच्चीस जातजाति बसोबास गरिरहेका छन् । जसमा सबैभन्दा बढी क्षेत्री १६ दशमलव ६ प्रतिशत रहेका छन् भने सबैभन्दा कम जनसंख्या २७३ जना कुसुण्डा रहेका छन् । उल्लेखित जातिगत, भाषागत, धार्मिक विधिताले नेपालको सांस्कृतिलाई सवल र मजवुत

६ जनगणना प्रतिवेदन २०६८

बनाएको छ । नेपालको हिमालदेखि तराईंसम्मको भौगोलिक बनोटले राष्ट्रको उन्नति, सभ्यता तथा संस्कृतिको विकास र समग्ररूपमा देशको ऐतिहासिक धारालाई प्रभावित गरेको छ । नेपाल भौगोलिक विविधतायुक्त देश भएकाले यहाँ थोरै भौगोलिक क्षेत्र हुँदाहुँदै पनि फरक-फरक रहनसहन, भाषा, कला, परम्परायुक्त बहुल संस्कृति रहेको पाइन्छ ।

### ७. राज्यका कार्य र धर्म संस्कृति

राज्यको उत्पत्ति मानव सभ्यताको बिहानी र विकाससँगै भएको स्विकारिन्छ । वस्तुतः राज्यलाई लोकहितको प्रवर्धन एवं व्यवस्थापन गर्ने बृहत राजनीतिक तथा सामाजिक सस्थाको रूपमा बुझिन्छ । परम्परागतरूपमा राज्यका कार्यहरू जनहितको रक्षा गर्नु, शान्ति सुव्यवस्था कायम गर्नु र कर उठाउनु थियो । जनसंख्या वृद्धि, जनताका चाहनामा भएको बढोत्तरी, विश्वव्यापीकरण, औद्योगिकीकरण तथा लोककल्याणकारी राज्यको अवधारणाको विकासलगायतका कारणले राज्यको कार्यहरू र कार्यक्षेत्रको दायरामा वृद्धि भइरहेको छ । यस सन्दर्भमा राज्यका कामहरू क्षेत्र बृहत गएको र सबै काम राज्य वा सरकार आफैले गर्न सम्पन्न गर्न असम्भव हुने भएकोले अन्य शासकीय साझेदारहरूको सहभागिता र विकास भएको छ । तर पनि राज्यबाट हुनुपर्ने आधारभूत कार्यहरू सरकारले नै गर्नुपर्ने हुन्छ । यस परिपेक्षमा राज्यका आधारभूत कार्यहरूमा धर्म संस्कृतिको रहने प्रभावका बारेमा देहायबमोजिम चर्चा गर्न सकिन्छ ।

### ७.१ कानुन निर्माणमा धर्म संस्कृति

राज्य वा सरकारका कार्यहरूमध्ये नीति कानुन निर्माण तथा कार्यान्वयन गर्नु गराउनु महत्वपूर्ण र आधारभूत कार्य हो । कानुनका विभिन्न स्रोतहरू रहेका हुन्छन् । जसमध्ये प्रथा रीतिरिवाज वा परम्परागत मूल्य मान्यता पनि महत्वपूर्ण स्रोत हो । हाम्रा कानुनहरूमा हाम्रा परम्परागत मूल्य मान्यता, संस्कृतिको प्रभाव रहेको अनुभूत गर्न सकिन्छ । नेपालका सन्दर्भमा राजा सुरेन्द्रको पालामा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले ल्याएको मुलुकी ऐन, १९१० मा रहेका धेरै प्रावधानहरू धर्म संस्कृतिमा आधारित थिए । ततपश्चात निर्माण वा जारी भएका नेपालका कानुनहरू नेपालमा प्रचलित धर्म संस्कृतिको छाप स्पष्टरूपमा परेको देख्न सकिन्छ । यति मात्र होइन धर्म संस्कृतिसँग सम्बन्धित धेरै कानुनहरू बनेका छन् नेपालमा । साथसाथै धर्म संस्कृतिलाई व्यवस्थित गर्नको लागि पनि कानुन जारी भएका छन् । यसबाट के कुराको स्पष्ट हुन सकिन्छ भने कानुन निमार्णमा प्रत्यक्ष अप्रत्यक्षरूपमा धर्म संस्कृति गहिरो प्रभाव परेको हुन्छ । धर्म संस्कृति अनुशासनको महत्वपूर्ण औजार पनि भएकोले कानुनको पालना गराउनमा पनि धर्म संस्कृतिको अहम् भूमिका रहने कुरामा कुनै शंका गर्ने ठाउँ रहँदैन ।

### ७.२ शान्ति सुरक्षामा धर्म संस्कृति

जनहितको रक्षा, शान्ति, सुरक्षा एवं सुव्यवस्था नै राज्य स्थापनाका मूलभूत उदेश्यहरू हुन् । यसर्थ मुलुकमा शान्ति, सुरक्षा, अमनचयन तथा जनताको जीउधनको सुरक्षा कायम गर्नु राज्यको प्राथमिक कार्य हो । व्यक्ति, समाज र राज्यको लागि शान्ति सुव्यवस्था सबै भन्दा महत्वपूर्ण विषय हो । सुशासन, विकास र समृद्धिको लागि शान्ति पूर्व शर्त हो, अपरिहार्य तत्व हो । यस महत्वपूर्ण कार्यमा पनि हाम्रा परम्परागत धर्म संस्कृति र रीतिरिवाजले अहम् भूमिका खेलेका हुन्छन् । धार्मिक कृयाकलाप, ध्यान, योग, साधना, प्रवचनका माध्यमबाट मानिसहरूलाई सद्मार्गमा हिँड्न प्रेरणा

मिल्ने गर्दछ । पाप धर्मका डरका कारण पनि मानिसहरूले गलत वा अमानवीय कृयाकलाप गर्न, अरुको नराम्रो सोच्न अथवा नराम्रो गर्न आँट गर्न सक्दैनन् । हाम्रो प्रचलित सांस्कृतिक मूल्य मान्यताले समाजमा सदाचार, नैतिकता, सम्मान, एवं एक अर्काप्रति आदरभाव गर्न उत्प्रेरित गर्दछ । जसका कारणबाट सार्वजनिक शान्ति व्यवस्था कायम गर्ने कार्यमा मद्दत पुग्दछ ।

७.३ परराष्ट्र सम्बन्धमा धर्म संस्कृति

देशको सार्वभौमसत्ता, अखण्डता, र स्वाभिमानलाई केन्द्रमा राखी परराष्ट्र नीति संचालन गर्नु राज्यको अर्को महत्वपूर्ण कार्य हो । राज्यको बृहत्तर हित कायम गर्दै राज्यको उदेश्य प्राप्तिको लागि सरकारले संसारका अन्य राष्ट्र वा निकायहरूसँग कुटनीतिक सम्बन्ध स्थापित गर्नुपर्ने हुन्छ । यसले अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्धलाई मजबुत बनाउँछ । धर्म संस्कृतिको दैनिक जनजीवनदेखि आन्तरिक राज्य संचालनमा पद्दतिमा मात्र नभएर राज्यको परराष्ट्र सम्बन्ध विस्तारमा पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । सांस्कृतिक कुटनीति द्विपक्षीय सम्बन्ध स्थापित गर्ने एक पद्दति वा रणनीति हो जसले दुई देश बीचका मूल्यमान्यता, प्रचलन, साास्कृतिक विविधता आदिको आदानप्रदानमार्फत् अन्तर सम्बन्धलाई मजबुत बनाउँदछ । सांस्कृतिक कुटनीति सरकार पक्षबाट मात्र नभै निजी क्षेत्र वा नागरिक समाजस्तरबाट समेत प्रयोग हुन सक्छ । सांस्कृतिक कुटनीतिले नागरिकको अन्तर हृदयमा अर्को देशप्रतिको सकारात्मक छाप छोड्न सक्ने हुँदा यसलाई अन्तर्राष्ट्रिय, वहुराष्ट्रिय सम्बन्धको मजबुत आधार मानिन्छ ।

सार्वजनिक कुटनीतिको एउटा महत्वपूर्ण तत्वको रूपमा रहेको सांस्कृतिक कुटनीति, विचार, कला, शिक्षा, खेलकुद आदि विषयको द्विपक्षीय आदान प्रदानसँग सम्बन्धित विषय हो । यो एक प्रकारको नरम शक्ति हो । यो सरकारी नियन्त्रणबाहिरको कुटनीतिक प्रयास हो र यसले ठूलो समुदायसँग सम्बन्ध राख्दछ । यसले व्यापार र पर्यटनमा महत्वपूर्ण मद्दत पुऱ्याउँछ । यसमा विद्यार्थीहरूको प्रवाह, बसाईसराई, वैवाहिक सम्बन्ध, वैज्ञानिक, कलात्मक र शैक्षिक विचार एवं प्रविधिको आदानप्रदान, साहित्य, उपहार, सम्मान, अन्तरदेशीय धार्मिक आप्रवाह, सामाग्रीको आदानप्रदानजस्ता विषयहरू पर्दछन् ।

नेपालको इतिहासको विभिन्न कालखण्डदेखि वैदेशिक सम्बन्ध स्थापना र विकासका लागि सांस्कृतिक कुटनीति अपनाइएको पाइन्छ । चाहे तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले मकवानपुरका राजा हेमकर्ण सेनसँग सम्बन्ध राख्न उनकी छोरीसँग विवाह गरेको कुरा होस् वा उनै पृथ्वीनारायण शाहले मितेरी साइनो लगाएर अन्य राज्यसँग सम्बन्ध विस्तार गरेको विषय नै किन नहोस्, यी कुराहरूलाई सांस्कृतिक कुटनीतिको रूपमा लिन सकिन्छ । आधुनिक नेपालमा भने दुई देशबीच हुने खेलकुद कार्यक्रम, महोत्सवहरू, मेलाहरू, सांस्कृतिक प्रदर्शनी, कलात्मक प्रदर्शनी, तीर्थाटन आदिद्वारा अन्य देशहरूसँगको सम्बन्धलाई प्रगाढ बनाउन प्रयोग गरिएको पाइन्छ ।

७.४ विकासमा धर्म संस्कृति

विकासका माध्यमबाट समृद्धि हासिल गर्नु तथा जनताको जीवनस्तरमा सुधार गर्नु राज्यको आधारभूत कार्यभित्र पर्दछ । राज्यमा आर्थिक, सामाजिक विकासका लागि पूर्वाधार निर्माण गरी जनताका विकासका चाहना वा आवश्यकता पूरा गर्नु सरकारको मुख्य जिम्मेवारी हो । विकास निरन्तर चलिरहने बहुआयामिक विषय भएकोले यसको लागि दृढ इच्छा, लगनशीलता र इमान्दारिता

र अनुशासनको खाँचो हुने हुँदा विकासका कार्यमा पनि धर्म संस्कृतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । एकातर्फ धार्मिक स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरी पर्यटकको आर्कषण गर्न सकिने तथा जसबाट विदेशी मुद्रा आर्जन, पूर्वाधार विकास एवं जनताको जीवनस्तरमा सुधार गर्न सकिन्छ । सांस्कृतिक कृयाकलापहरूका माध्यमबाट पनि होटल तथा पर्यटनको उद्योगको विकास रोजगारी सृजना एवं आर्थिक उर्पाजन गर्न सकिने जसबाट मुलुकको विकासमा सकारात्मक प्रभाव पर्न सक्दछ । त्यसैगरी धर्म संस्कृतिसँग सम्बन्धित वस्तु तथा सामाग्रीको उत्पादन गर्ने उद्योगको स्थापना र विकास गर्न सकिन्छ । साथै अर्कोतर्फ विकासका कृयाकलापलाई व्यवस्थितरूपमा संचालन गर्नको इमान्दारिता, सदाचारिता, नैतिकताको ठूलो महत्व हुन्छ ।

### ७.५ सरकारी सेवा प्रवाहमा धर्म संस्कृति

सरकारका आधारभूत कार्यमध्ये सरकारी सेवा प्रवाह गर्नु पनि महत्वपूर्ण कार्य हो । सरकारी सेवा प्रवाहमासमेत प्रत्यक्ष वा अप्रत्यक्षरूपमा धर्म संस्कृतिको प्रभाव परिरहेको हुन्छ । प्राचिनकालमा मात्र नभएर हालको आधुनिक राज्य प्रणालीमा हाम्रा व्यवहार, संस्कार, धार्मिक चिन्तन, मूल्य मान्यताहरूले काम गरेको हुन्छ । सरकारी सेवा प्रवाहमा अपनाउनुपर्ने विधि, तौरतरिका एवं पद्दतिहरूमा धर्म संस्कृतिको प्रभाव कुनै न कुनै रूपमा परेको हुन्छ । सरकारी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाउनुका साथै सार्वजनिक सेवा प्रवाहमा कसैलाई भेदभाव नगरी सबैलाई समान व्यवहार गर्ने, कसैप्रति पनि आग्रह-पूर्वाग्रह नराख्ने, सबैको मर्यादा र सम्मान गर्ने कार्यको लागि धर्म संस्कृतिको महत्वपूर्ण भूमिका रहेको छ । किनकि हाम्रो धर्म संस्कृतिले हामीलाई सबैप्रति सकारात्मक व्यवहार गर्न उत्प्रेरित गर्दछ ।

### ७.६ वित्तीय प्रवन्धमा धर्म संस्कृति

सरकारी कार्य संचालनको लागि आर्थिक स्रोत साधन महत्वपूर्ण पक्ष हो । वित्तीय प्रबन्ध अर्न्तगत राज्यकोषमा रकम संकलन गर्ने, जम्मा गर्ने, कानुन अनुसार खर्च गर्ने, श्रेस्ता राख्ने र प्रतिवेदन गर्ने लगायतका विषयहरू पर्दछन् । राज्य संचालनको मूल आधार हो वित्तीय प्रबन्ध । राज्य संचालनको रक्तसंचार पनि भन्ने गरिन्छ यसलाई । स्रोत साधनको समुचित व्यवस्था हुन नसकेमा राज्य वा सरकारका गतिविधि सुचारु हुन सक्दैनन् । सार्वजनिक कोष वा राज्यकोषको सदुपयोग हुन वान्छनीय हुन्छ । आर्थिक स्रोत साधन वा सम्पत्तिमा सबैको आँखा पुग्ने र धनसम्पत्ति जम्मा गर्नको लागि मानिसहरूले जस्तोसुकै कार्य पनि गर्न सक्दछ भन्ने गरिन्छ । तसर्थ यस कार्यमा कानुनले मात्र काम गर्न सक्दैन त्यसकारण राज्यको वित्तीय प्रबन्धसम्बन्धी कार्यमा धर्म संस्कृतिसँग सम्बन्धित सदाचार र नैतिकताको अहम् भूमिका रहन्छ । वित्तीय प्रबन्धसम्बन्धी कार्य गर्दा त्यस क्रियाकलापमा संलग्न कर्मचारीले इमान-जमान, धर्मसमेतको ख्याल गर्न सके भने मात्र सही सदुपयोग हुन सक्दछ । सबै कुरा कानुनमा उल्लेख नहुन पनि सक्दछ । तसर्थ यसमा सरोकारवाला वा सो काम गर्ने कर्मचारीका इमान्दारिता, नैतिकता, र असल आचरणले महत्वपूर्ण भूमिका खेल्दछ । जुन कुरा हाम्रो धर्म संस्कृतिले हामीलाई सिकाएको हुन्छ । सदुपयोगमा पनि सदाचार र नैतिकताको प्रभाव रहन्छ । सार्वजनिक कोष केवल सार्वजनिक हितको कार्यमा मात्र उपयोग गर्न प्रेरेणा मिल्दछ ।

८. निष्कर्ष र उपलब्धि

राजनीतिको प्रभाव धर्म संस्कृतिमा र धर्म संस्कृतिको प्रभाव राजनीतिमा पर्दछ। धर्म संस्कृति हाम्रा धरोहर हुन्। राष्ट्र तथा समाजका पहिचानका आधार हुन्। धर्म संस्कृतिको जर्गेना वा पालनाले राष्ट्र र समाजको अस्तित्वको रक्षा गर्दछ। कुनै पनि समाजको परम्परागत मूल्य मान्यता, धर्म संस्कृतिको ह्रास भएमा त्यो समाजको अस्तित्वमा समेत संकट उत्पन्न हुन सक्दछ। त्यो समाजको पहिचान मेटिन सक्छ। त्यसैले भनिन्छ कुनै पनि देश, समाज वा समुदायमाथि आक्रमण गर्न चाहनेले सबैभन्दा पहिला त्यो समाजको धर्म संस्कृतिमाथि आक्रमण गर्दछ। सुसंस्कृतियुक्त समाज सभ्यताको परिचय हो नै समृद्धिको मुख्य आधार पनि हो। संसारको जतिसुकै विकसित देशले पनि आफ्नो परम्परागत मूल्यमान्यता धर्म संस्कृतिलाई समयसापेक्ष सुधार गर्दै, प्रवर्धन, विकास र परिपालनामा गम्भीर ध्यान पुऱ्याएको हुन्छ। संस्कृतिको समयसापेक्ष सुधार विकास र प्रवर्धन गर्दै अनुशासित, समुन्नत र सभ्य समाज र राष्ट्र निर्माणको मार्गलाई व्यवस्थित गर्न सकिन्छ। संस्कृतिमा समृद्ध राष्ट्र नेपालले देशको धर्म संस्कृतिमा हुन सक्ने बाह्य प्रभाव वा आक्रमणबाट सजगतापूर्वक जोगिदै, यसलाई अझ बढी व्यवस्थित गर्न अपरिहार्य छ। संसारका अन्य देशहरूमा जस्तै नेपालको राजनीतिमा पनि धर्म, संस्कृतिले प्रभाव पारेको कुरा माथिको दृष्टान्तहरूबाट स्पष्ट हुन आउँछ। नेपालको पहिचान, नेपालको परम्परा, संस्कार, धर्म संस्कृति, मूल्य मान्यतालाई सम्वर्धन गरी अझै समृद्ध बनाउनु पर्दछ, जसले नेपालको राजनीति वा राज्यप्रणालीलाई सन्मार्गमा हिँडाउन सहयोग गरोस्। यसैमा नेपाल र नेपालीको कल्याण छ।

प्रमुख सन्दर्भ सामग्री

पन्त, नयराज र पाण्डेय, तोत्रराज (२०६०), *नेपालको संक्षिप्त इतिहास* (दो.सं.), काठमाडौं : खिलशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठान।

भटराई, ज्ञानेश्वर (सन् २०१७), *बृहत् ज्ञानकोश*, काठमाडौं : आशीष बुक हाउस लिमिटेड।

..........., *नेपालको संविधान* (२०७२), काठमाडौं : कानुन किताब व्यवस्था समिति।

..........., *जनगणना प्रतिवेदन* (२०६८), काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग।

www.wikipedia.org (महाभारत तथा अन्य जानकारीका लागि)

http://madisonian.net/2006/12/20/defining-culture/

http://www.shareyouressays.com/essays/article-on-political- culture/112495

# नेपाली धातुरचनामा संस्कृत धातुको प्रभाव•

भवानीशङ्कर भट्टराई, विद्यावारिधि
उपप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान

*सार*

प्रस्तुत लेखमा संस्कृत तथा नेपाली धातुका अर्थ र तात्पर्य प्रस्तुत गर्दै नेपालीभाषामा प्रयुक्त सयभन्दा धेरै धातु तत्सममूलका छन् भने दुईसयभन्दा पनि धेरै धातुहरू चाहिं तद्भव प्रकृतिका देखिन्छन् भन्ने कुरा दुबै भाषाका धातुहरूको तुलना गरी स्पष्ट पारिएको छ । साथै प्रसङ्गवशात् संस्कृतबाट नेपालीमा आइपुग्दा धातुहरूमा भएको स्वरूपगत तथा अर्थगत परिवर्तनलाई पनि सामान्यतः पर्यालोचन गरिएको छ, अतः यी विषयहरूको प्रतिपादन नै यस लेखको सार रहेको छ ।

*शब्दकुञ्जि* : धातुरचना, अर्थोत्कर्ष, अर्थापकर्ष, प्रातिपदिक, अनुदात्त, उदात्त ।

## १. विषयपरिचय

नेपाली भाषामा प्रयुक्त अधिकांश शब्द तत्सम र तद्भव स्रोतका पाइएझैं नेपाली धातुहरू पनि प्रायः तत्सम तथा तद्भव प्रकृतिका देखिएका छन् । यी धातुहरूको जेजस्तो अर्थ संस्कृतमा थियो प्रायः त्यही र कतिमा तत् सन्निकट अर्थ नेपालीमा पनि देखिएको छ । संस्कृतबाट प्राकृत तथा अपभ्रंश हुँदै नेपालीमा आइपुग्दाको दीर्घयात्रामा कतिपय धातुहरूमा स्वरूपगत तथा अर्थगत परिवर्तन पनि नपाइएका होइनन् । यसरी अर्थमा बदलाब आएर कतै अर्थोत्कर्ष, कहीं अर्थापकर्ष, कति ठाउँमा अर्थविस्तार र कतै अर्थसङ्कोच पनि भएका छन् । यस किसिमले संस्कृत धातुबाट नेपाली धातुको निर्माण हुँदा ती धातुहरू के कति परिवर्तित भए ? कति चाहिं दुरुस्त रहे भन्ने कुराको दिग्दर्शन गराउँदै समान प्रकृतिका नेपाली तथा संस्कृत धातुका अर्थमा पाइने समानता-असमानता देखाउनु यस लघुलेखको उद्देश्य रहेको छ ।

## २. समस्याकथन, उद्देश्य र शोधविधि

क) धातुको अर्थ र तात्पर्य के हो ?
ख) नेपाली धातुरचना भन्नाले के बझिन्छ ?
ग) नेपाली धातुमा संस्कृतधातुको के कस्तो प्रभाव देख्न सकिन्छ ?
घ) नेपाली धातु र संस्कृत धातुमा के कस्ता समानता-असमानता देखिन्छन् ?

प्रस्तुत लेखमा यिनै समस्यामा केन्द्रित रही अपेक्षित उद्देश्य प्राप्त गर्ने प्रयत्न गरिएको छ । यस सन्दर्भमा तुलनात्मक पद्धतिको प्रयोग गरी दुई भाषाका शब्दगत तथा अर्थगत तहको तुलना गरिएको छ । यी उद्देश्य प्राप्तिका लागि दुबै भाषाका द्वितीयक स्रोतीय सामग्रीहरू लिई व्याख्या, विश्लेषण एवम् तुलना गरी साम्यवैषम्य देखाइएको छ ।

• लेखप्राप्त मिति २०७५ श्रावण २, विज्ञद्वारा परीक्षण श्रावण १४, प्रकाशनार्थ प्राप्त श्रावण २२ गते ।

३. धातुको अर्थ र तात्पर्य

धातुको अर्थ के होला भनेर खोजी गर्दै जाँदा संस्कृतको डुधाञ् धारणपोषणयोः धातुसम्म पुग्नु पर्ने हुन्छ । डुधाञ्को पहिलो अर्थ धारण हो । जसरी बाला, औंठी, तिलौरी, मुन्द्री, झुम्का आदि गहनामा स्वर्णत्व उपादान कारण बनेर रहेको हुन्छ त्यसरी नै धातु पनि तीनवटै कालमा, विभिन्न पक्षमा, विभिन्न भावमा, तीनवटै वाच्यमा, ध्रुवत्वमा र अरु पनि अनेकौं प्रकृतिका क्रियामा उपादान बनेर रहेको हुन्छ, यसले यी सबै निमित्त अर्थलाई धारण गर्दछ, यी सबै क्रियाको मूल भनेको धातु नै हो त्यसैले यसको धारण अर्थ सार्थक देखिन्छ । माथिको दोस्रो अर्थ पोषण पनि यसै सन्दर्भमा लाक्षणिक रूपमा सार्थक छ, किनभने धातुनिर्मित हरेक क्रियामा फल र व्यापार रूप धातुका अर्थ परिपोषित छन् । अधिश्रयण (चुलोमा बसाउनु) देखि अधश्रयण (चुलोबाट निकाल्नु) सम्मका चामल केलाउनु, पखाल्नु, बसाउनु, आगो लगाउनु, चलाउनु, भर्स्याउनु, छोप्नु आदि कार्यव्यापार तथा गलेर भात बन्ने प्रक्रिया (फलप्राप्ति) लाई एकमुष्ठ रूपमा पकाउनु भन्ने गरिएको छ । यसरी धातुबाट बन्ने अनेक क्रिया तथा फल र व्यापार अर्थलाई धातुका अर्थले धारण र पोषण गर्दछन् तसर्थ धातुका धारण र पोषण अर्थ सार्थक छन् ।

धातुको स्वरूप कस्तो हुन्छ भन्ने जिज्ञासालाई संस्कृत आचार्य पाणिनिले 'भूवादयो धातवः' (पा.सू.१-३-१) तथा 'सनाद्यन्ता धातवः' (पा.सू.३-३-३२) सूत्रद्वारा स्पष्ट पारेका छन् । माथिको पहिलो सूत्रमा क्रियावाचक तथा धातुपाठमा पठित भू, एध, गम्लृ आदिलाई धातु मानिएको छ र क्रिया नबताउने (संयोजक) वा,या लाई धातु मानिएको छैन । त्यस्तै दोस्रो सूत्रमा दशगणस्थ धातुमा सन्, क्यच्, काम्यच्, क्यङ्, क्यष्, क्विप्, णिच्, यङ्, यक्, आय, ईयङ् तथा णिङ् यी बाह्र प्रत्यय लागेका धातु हुन्छन् भनिएको छ । यी बाहेक उणदिप्रत्यय, स्वार्थसन्प्रत्यय आदि लगाएर पनि धातु बनाउन सकिने उल्लेख संस्कृत व्याकरणमा पाइन्छ ।

आचार्य पाणिनिले प्रातिपदिकको परिभाषा गर्दा अधातुः प्रातिपदिकम् भनेकाले पाणिनि धातुलाई प्रातिपदिकभन्दा भिन्न मान्दछन् भन्ने कुरा स्पष्ट हुन्छ । साथै यसबाट सर्वं धातुजमाह' (सबै शब्द धातुबाट जन्मिएका हुन्) भन्ने आचार्य शाकटायनका मतलाई उनी मान्दैनन् भन्ने पनि स्पष्ट हुन्छ । निरुक्तकार र तत्समकालिक अन्य आचार्यहरूले सबै शब्दको स्रोत धातु हो भन्ने कुरा स्वीकारेका भए पनि परवर्ती कालमा आएर यो मान्यता अस्वीकार्य भयो र धातुज तथा अधातुज (रूढ) शब्द हुन्छन् भन्ने मान्यता विकसित भयो ।

धातुको चर्चा वैदिककालदेखि नै प्रत्यक्ष-अप्रत्यक्ष हुँदै आएको हुन सक्छ तर यसलाई व्याकरणमा प्रथम प्रयोग गर्ने काम चाहिं आचार्य इन्द्रले गरेका हुन् भनी युधिष्ठिर मीमांसक उल्लेख गर्दछन् । (मीमांसक, २०१९ : २३) पहिलो पटक प्रकृतिप्रत्यय विच्छेद गर्ने अवधारणा ल्याएका आचार्य इन्द्रले प्रथम प्रकृति धातुलाई मानेका छन् । सम्भवतः यसै अवधारणामा टेकेर सर्वं धातुजमाहको मान्यता विकसित भएको हुनुपर्दछ । उनीपछिका काशकृत्स्न,आपिशलि आदिले आफ्ना धातुपाठ मार्फत धातु र यसका अर्थबारे परिचर्चा गरेका छन् । धातुपाठबारे छुट्टै कृति रचना गरी यसलाई प्रकाशमा ल्याउने अर्वाचीन आचार्यहरूमा धातुपारायणका रचयिता-पूर्णचन्द्र, धातुप्रदीपका रचयिता-मैत्रेयरक्षित, क्षीरतरङ्गिणीका रचनाकार-क्षीरस्वामी, माधवीय धातुवृत्तिका रचनाकार-सायण, धातुतरङ्गिणीका रचयिता-श्रीहर्षकीर्ति, कविकल्पद्रुमका रचनाकार-वोपदेव तथा आख्यातचन्द्रिकाका

रचयिता भट्टमल्ल मुख्य देखिन्छन् । आचार्य पाणिनिले पूर्ववर्ती तथा समकालीन आचार्यका धातुग्रन्थहरूलाई स्रोत मानेर १९४३ धातु सङ्गृहीत धातुपाठको प्रकल्पना गरेका छन्, जसलाई उत्तरवर्तीहरूले दशगणमा विभाजित गरेको देखिन्छ ।

आचार्य काशकृत्स्नको धातुपाठलाई आजसम्मको सरल,व्यवस्थित तथा पुरानो मानिएको छ । त्यहाँ पाणिनिले भन्दा सरल तरिकाले धातुज शब्दहरूको निर्माण प्रक्रिया देखाइएको छ, जस्तै- षिहि हिंसायां- सिंहः,ब्रह्+मनिन्= ब्रह्म,पृथु व्याप्तौ पृथिवी आदि (मीमांसक, २०१९ : २६) काशकृत्स्नपछिका भनिएका आचार्य पाणिनिले यी शब्दहरूको सिद्धि गर्दा किन पूर्वाचार्य निर्दिष्ट धातुलाई आधार मानेनन् यो प्रश्न विचारणीय रहेको छ । अथवा महर्षि पाणिनि आचार्य काशकृत्स्नभन्दा पूर्ववर्ती थिए कि यो विषय वैयाकरण जगत्मा अनुसन्धेय बनेको छ ।

धातुरचनाको स्रोत लोक पनि हुन सक्छ । नेपालीमा सुकेका पात झर्ने प्रक्रियालाई भनिने अनुकरणात्मक शब्द उपलब्ध छैन, तर संस्कृतमा पत्पत् भनिन्थ्यो भनेर हिन्दी शब्दानुशासनका लेखक  किशोरीदास वाजपेयीले उल्लेख गरेका छन् । त्यसैबाट पत्लृ पतने-पत्धातुको निर्माण भएको हो भन्ने उनको तर्क रहेको छ । (वाजपेयी, २०२३ : ३९८) नेपालीमा पनि अनुकरणमूलबाट जन्मिएका नामधातुहरू थुप्रै भेटिन्छन्, जस्तै- मर्मराउ-मर्मराउँछ, हुर्हुराउ-हुर्हुराउँछ, छट्पटाउ-छट्पटाउँछ आदि । यसरी संस्कृतमा पनि अनुकरणमूलबाट निकै धातु बनेका देखिन्छन्,जस्तै-हिक्क अव्यक्ते शब्दे- हिक्कति, चुक्क व्यथने- चुक्कयति, छचुङ् गतौ- छचवते, चिट् परिप्रैष्ये- चेटति, डीङ् विहायसा गतौ- डीयते/उड्डीयते, गुङ् अव्यक्ते शब्दे- गवते, आदि । यी र यस्ता प्रकृतिस्रोतबाट निर्मित थुप्रै धातुहरू संस्कृतमा पनि देखिन्छन्, त्यसैले धातुनिर्माणको स्रोत प्रकृति पनि हो भन्न सकिन्छ ।

मानव मुखावयवबाट निःसृत प्रथम पद धातु नै थियो भन्ने एकथरीको धारणा देखिन्छ। उनीहरू भन्छन्- नवजात शिशुले निकाल्ने आवाज,चलाउने हातगोडा आदि सबै क्रिया प्रतिक्रिया हुन् । यी सवैको स्रोत धातु निष्पन्न क्रियालाई नै मान्नुपर्दछ । यस अवधारणालाई सर्व धातुजमाहको मान्यताले पनि परिपोषित गरेको छ । शब्द र धातुमध्ये कुन पहिले जन्मियो होला भन्ने जिज्ञासा छुट्टै अनुसन्धानको विषय हो, यसलाई थाती राखेर मानव सभ्यतासँग धातुलाई जोड्ने हो भने मनुष्यले भाषा बनाएर वाग्व्यवहार चलायो र विचारहरूलाई एक आपसमा आदान प्रदान गर्न सिक्यो । भाषाले पनि सङ्केतद्वारा व्यवहार सञ्चालनरत वनमानुषलाई पशुबाट छुटयाएर मनुष्यत्व दियो, तसर्थ भाषा र मानव परस्परमा अन्योन्याश्रित हुँदै सभ्यताको बिहानीसँगै जन्मिएर विकसित भएका हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.संस्कृत तथा नेपाली धातुको पहिचान

क्रियाबोधनसामर्थ्य भएका भू-पठ्-गम्लृप्रभृतिलाई पाणिनीय व्याकरणले धातु मानेको छ । यस कुरालाई पाणिनीय सूत्रका व्याख्याता वरदराज भट्टाचार्यले भूवादयो धातवः सूत्र व्याख्यानक्रममा स्पष्ट पारेका छन् (क्रियावाचिन भूवादयो धातुसंज्ञाः स्युः = वरदराजः, १९९७ : ४८) त्यस्तै पाणिनीय व्याकरणमा सन् क्यच् काम्यच् आदि प्रत्यय लाग्ने सामर्थ्य भएका स्वरूपलाई पनि धातु मानिएको छ। यी बाहेक तङ्प्रत्याहार (तिबादि र त आताम् आदि) लाग्न सक्ने सामर्थ्यलाई पनि संस्कृत धातु हुनुको अभिलक्षण मान्न सकिन्छ ।

नेपाली धातुको पहिचान भने कुनै पनि पदस्वरूपमा 'नु' लगाएर गर्ने गरिएको छ । यदि कुनै पनि पदमा प्रत्यय झिकेपछि बाँकी रहने अंशमा अर्थतात्त्विक दृष्टिले नु लगाउन मिल्छ भने त्यो धातु हो र यदि मिल्दैन भने त्यो चाहिं अधातु (प्रातिपदिक) हो भन्ने नेपाली भाषाविद्हरूको भनाइ रहेको छ । यस कुरालाई मोहनराजशर्मा यसरी स्पष्ट पार्दछन्- कुनै शब्दमा गाँसिएका सबै प्रत्ययहरू झिकेपछि बाँकी रहेको अंशमा नु कृत् प्रत्ययको वितरण हुन्छ भने त्यो धातु हो,जस्तै : बस्-बस्नु,लेख्-लेख्नु आदि (शर्मा, २०६२ : ८२) माथिका आधारहरूको विश्लेषण गर्दा संस्कृतमा भन्दा नेपालीमा धातुपरिचानका आधारहरू अलि बढी पारदर्शी छन् भन्न सकिन्छ ।

५.संस्कृत धातुबाट नेपाली धातुरचना

नेपाली धातुमा प्रयोग हुने थुप्रै धातुका स्वरूप संस्कृत धातुका अनुबन्धवर्णमुक्त प्रकृतिसँग मिल्दाजुल्दा देखिन्छन् । संस्कृतलाई नेपालीको माउभाषा मानिँदै आएको सन्दर्भमा नेपाली शब्दमात्र नभएर धातु पनि संस्कृतबाटै आएका छन् भन्ने कुरा तलका उदाहरणबाट स्पष्ट हुन्छ :

| *संस्कृतधातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| चर् गतौ (जानु) | चर्-चर्नु |
| लिप उपदेहे (लिप्नु) | लिप्-लिप्नु |
| चुट् कलहकर्मणि (कलह/झगडा गर्नु) | चुट्-कुट्नु |
| चल् विकसने (विकसित हुनु) | चल्-चल्नु |
| मान् पूजायाम् (मान्नु/पूजा गर्नु) | मान्- सम्मान गर्नु |
| खन् (खनु) अवदारणे (खन्नु) | खन्- खन्नु |
| चुस् (चुष) पाने (पिउनु/चुस्नु) | चुस्-चुस्नु |
| रट् परिभाषणे ( गुणदोष पर्यालोचन गर्नु) | रट्-घोक्नु |
| हिँड् (हिँडि) गत्यनादरयो: (गति र अनादर) | हिँड्-हिँड्नु |
| लुट् (लुटि) स्तेये (लुट्नु) | लुट्-लुट्नु/डकैती गर्नु |
| खेल् (खेलृ) चलने (गतिशील हुनु/खेल्नु) | खेल्-खेल्नु |
| फल् निष्पत्तौ (फल निस्कनु) | फल्- फल प्राप्ति हुनु |
| मिल् (मिल) सङ्गमे (भेटिनु/मिलन हुनु) | मिल्-मिल्नु/मिसिनु |
| मेट् उन्मादे (उन्मत्त हुनु) | मेट्(मेट्नु/अस्तित्व नामेट गर्नु) |
| राख् (राखृ) शोषणे (शोषण गर्नु | राख्-थन्क्याउनु |
| रेट्-काट्न घाँटीमा हतियार लगाउनु) | |

माथिका उदाहरणमा अनुबन्ध वर्ण (रूप रचनामा फाल्नु पर्ने वर्ण) फाले पछि बचेका संस्कृत धातुसँग नेपाली धातुहरू समान देखिएका छन् । भाषावैज्ञानिकहरूले ३ प्रतिशतभन्दा बढी स्वरूपमा समानता देखियो भने त्यो दोस्रो स्वरूप पहिलोबाट प्रभावित भएको मान्नुपर्दछ भनेका छन् । यहाँ यस्ता दुरुस्त मिल्ने उदाहरण १०० भन्दा धेरै देखिन्छन् त्यसैले संस्कृतका धातुहरू नेपाली धातुनिर्माणका स्रोत हुन् भन्न सकिन्छ ।

६.नेपाली धातुरचनामा आंशिक परिवर्तन

नेपाली धातुरचनामा तद्भव धातुहरूको पनि विशिष्ट योगदान देखिन्छ । शब्दका सन्दर्भमा कुरा गर्ने हो भने तद्भवभन्दा तत्सम शब्द नेपालीमा बढी प्रचलित छन् तर धातुका परिप्रेक्ष्यमा चाहिं ठिक उल्टो अवस्था देखिन्छ अर्थात् नेपालीमा तत्समभन्दा निकै धेरै तद्भव धातुहरू संस्कृतबाट प्रयोग हुन आएका पाइन्छन् । त्यस्ता धातुमा केहीमा आंशिक बदलाव देखिन्छ भने केहीमा चाहिं निकै परिवर्तन पनि देखिन्छ तर अर्थको समानता तथा स्वरूपको पनि अर्धसमानताले यिनीहरू एउटै गुँडका  सन्तान हुन् भन्न सकिने अवस्था छ।  तलका उदाहरणबाट यो स्पष्ट हुने नै छ :

| *संस्कृतधातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| तुड् तोडने (तोड्नु) | तोड् (सामान्य अवस्था पार गर्नु) |
| लिख् अक्षरविन्यासे (अक्षर खिप्नु) | लेख् (अक्षर मिलाउनु) |
| हन् हिंसागत्योः (हिंसा/गति) | हान् (हिर्काउनु) |
| दुह प्रपूरणे (दुहुनु) | दुहु (दुहुनु) |
| लुभ विमोहने (मुग्ध हुनु) | लोभि (आकर्षित/मोहित हुनु) |
| भट परिभाषणे (परिभाषित गर्नु) | भट्याउ (भट्टयाउने काम गर्नु) |
| हस हसने (हाँस्नु) | हाँस् (हाँस्नु) |
| फुल्ल विकसने (विकसित हुनु) | फुल् (विकसित हुनु/फक्रनु) |
| पठ व्यक्तायां वाचि (स्पष्ट बोल्नु) | पढ् (पाठ गर्नु/घोक्नु) |

यसरी संस्कृतको धातुस्वरूपसँग अंशतः मिल्ने नेपाली धातुहरू नेपालीमा निकै नै प्रयोग हुँदै आएका देखिन्छन् । यिनीहरूको धातुनिर्दिष्ट अर्थ पनि नेपाली लोकपरम्परामा प्रचलित अर्थसँग धेरै मिल्दोजुल्दो देखिन्छ र स्वरूप पनि अंशतः मिलेकाले यी तद्भव धातु हुन् भन्ने यस पङ्क्तिकारको ठम्याइ रहेको छ।

७.आगत धातुमा अर्थगत समानता

संस्कृतको लौकिक कालबाट आजको अवस्थासम्म आइपुग्दा संस्कृतभाषाले करिब ५ हजार वर्षको यात्रा पूरा गरेको देखिन्छ । यस अवधिमा सर्जकले, लोकले, समालोचकले तथा भाषा र वाङ्मयसम्बद्ध अरू पनि पक्षले धातुपाठमा निर्दिष्ट अर्थलाई प्रायशः पछ्याएका छन् । ग्रीक, ल्याटिनजस्तै संस्कृत पनि शास्त्रीय भाषा रहेको र यसलाई लोकले भन्दा पनि शास्त्रले जीवित तुल्याएको एवम् ती शास्त्र र सिर्जना प्रायः लेख्य अभिलेखमा केन्द्रित रहेकाले धातुका र त्यसबाट निर्मित क्रियाका अर्थहरू धेरैजसो स्थिर देखिएका छन् । संस्कृतबाट नेपालीमा आइपुग्दा पनि धेरै धातुका अर्थमा बदलाव आएको देखिँदैन । यहाँ यस्तो अर्थसाम्यताबारे स्पष्ट पार्ने प्रयास गरिएको छ :

| *संस्कृतधातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| लिप् उपदेहे (उपदेहो वृद्धिः) लिम्पति | लिप्-लिप्नु/पोत्नु |
| हसे हसने- हसति | हाँस्-हाँस्नु |
| फल निष्पत्तौ- फलति | फल्-फल्नु |
| चुट्,छुट् छेदने चुटति,छुटति | चुट्टि,छुट्टि- चुट्टिनु,छुट्टिनु |
| मिल सङ्गमे- मिलति | मिल्-मिल्नु |

लग् (लगि) गतौ- लङ्गति — लाग्-लाग्नु/प्रवृत्त हुनु
हिँड् (हिँडि) गतौ- हिण्डति — हिँड्-हिँड्नु/प्रस्थान गर्नु
खन् (खनु) अवदारणे - खनति — खन्-खन्नु/जमिन खोस्रनु

संस्कृतमा उपदेहको अर्थ वृद्धि गरिएको छ । भुइँ लिप्दा त्यहाँ माटो थपिने भएकाले, शरीरमा अङ्गराग/लेप लगाउँदा पनि लगाइने वस्तु थपिने भएकाले लिप्नुलाई वृद्धि भनिएको हुनु पर्दछ । संस्कृत वाङ्मयमा लिम्पतीत तवाङ्गानि जस्ता पङ्क्तिमा शरीरमा लेपन गर्ने अर्थमा र नेपालीमा पनि भुइँ लिप्ने/शरीरमा लेप लगाउने अर्थमा उक्त धातु प्रयोग भएकाले यी दुईबीच समानता देखिन्छ । त्यस्तै दोस्रोको हाँस्नु, तेस्रोको फलप्राप्ति हुनु/फल लाग्नु, चौथोको चुट्टिनु/चुडिनु र छुट्टिनु, पाँचौंको मिल्नु,छैठौंको लाग्नु/जानु,सातौंको हिँड्नु/जानु तथा आठौंका खन्नु अर्थ संस्कृतमा र नेपालीमा प्रायः समान छन् । यिनै अर्थलाई नेपाली लोकले पनि प्रयोग गर्दै आएको छ । अतः यी र यस्ता धातुपाठमा निर्दिष्ट अर्थ तथा नेपाली लोकव्यवहारले पचाएका अर्थ समान छन् भन्न सकिन्छ ।

८.आगत धातुमा अर्थपरिवर्तन

एउटा भाषाको रूपलाई अर्को भाषामा अनुकरण गरिँदा अर्थमा पनि परिवर्तन आउनु स्वाभाविक मानिन्छ । वेदमा देवता बुझाउन प्रयोग भएको असुर शब्द लौकिक कालमा आइपुग्दा अर्थ परिवर्तित भई राक्षस भन्ने अर्थमा प्रसिद्ध हुन पुग्यो । यसलाई भाषाविज्ञानले अर्थादेश भन्ने गरेको छ । त्यस्तै पहिले मूर्ख, कमजोर बुझाउन मुग्धबोधव्याकरण (वोपदेवरचित) आदिमा प्रयोग गरिँदै आएको मुग्धशब्द अहिले मोहित भन्ने अर्थमा परिवर्तित (अर्थोत्कर्षित) भयो । (न्यौपाने,२०५१ : ७७) पहिले ठुला भवन, घर, देवगृह आदिलाई बुझाउने मन्दिर शब्दले अहिले देवगृहमात्र बुझाउन थाले । यहाँ पनि मन्दिरको अर्थमा सङ्कुचन आयो । त्यसैगरी प्राचीन कालमा धनुबाणमा अभ्यास गर्ने सन्दर्भमा प्रयोग गरिएको अभ्यासशब्द अहिले जुनसुकै काममा पनि फलप्राप्तिका लागि गरिने बारम्बारको प्रयास भन्ने अर्थमा बिस्तारित हुन पुग्यो । यसैगरी पहिला भलो अर्थमा प्रयोग हुने गरेको भद्र-भद्दा शब्द अहिले आएर छेकछन्द नमिलेको कुरूप आदि अर्थमा अपकर्षित हुन पुग्यो । यस्ता परिवर्तन अर्थादेश, अर्थोत्कर्ष, अर्थापकर्ष, अर्थविस्तार,अर्थसङ्कोच आदि तहमा भएका देखिन्छन् । यी सबै अर्थगत परिवर्तन हुन् र यी शब्दमा मात्र नभएर धातुमा पनि देखिएका छन् । संस्कृतबाट नेपाली धातु बन्ने क्रममा लोकबाट/शास्त्रबाट गरिएका यस किसिमका अर्थगत परिवर्तनलाई यहाँ प्राप्त भएसम्मका उदाहरणमार्फत उल्लेख गर्ने प्रयास गरिएको छ ।

क) अर्थादेश

पुरानो अर्थलाई नयाँ अर्थले विस्थापित गर्नु अर्थादेश हो । पाणिनीय परम्परामा रहेको 'शत्रुवद् आदेशः' (आदेश शत्रुजस्तै हुन्छ) भन्ने भनाइले यही कुरालाई पुष्टि गर्दछ । अतः अर्थादेशमा पुरानो अर्थ हटेर नयाँ अर्थ आउँछ ।

शब्दमा जस्तै धातुमा पनि अर्थादेश भएका यस्ता उदाहरण यत्रतत्र पाइन्छन् । हुनत शास्त्रीय भाषामा अर्थादेशजन्य यस्ता परिवर्तन लोकभाषित भाषाका तुलनामा कमै देखिन्छन् र पनि समयले, शास्त्रले, परिवेशले र अरु पनि कुराले अर्थमा स्पष्ट परिवर्तन ल्याएका हुन्छन् । यहाँ नेपालीमा प्रयोग हुन आएका तत्सम र तद्भव धातुहरूमा के कस्तो अर्थादेश पाइँदो रहेछ भन्नेबारे सङ्क्षेपमा चर्चा गरिन्छ :

| *संस्कृतधातु र अर्थ* | *नेपालीधातु अर्थ* |
|---|---|
| राख् (राखृ) शोषणे (शोषण गर्नु) | राख्-थन्क्याउनु,जोगाउनु,जतन गर्नु । |
| मेट् (मेटृ) उन्मादे (चित्तविभ्रम) | मेट्-नामेट पार्नु, हटाउनु, पुछ्नु । |
| रट परिभाषणे (गुणदोष पर्यालोचन) | रट्-घोक्नु,कण्ठस्थ पार्नु । |
| चल् (चलि) कम्पने (हल्लिनु) | चल्-हिँड्नु,जानु,झगडा गर्नु |
| रह त्यागे (त्याग गर्नु) | रह-बस्नु,टिक्नु,मौजुद हुनु,गतिमा अडान आउनु। |

ख) अर्थोत्कर्ष

कुनै पद/धातुले अनुदात्त अर्थलाई त्यागेर उदात्त अर्थलाई ग्रहण गर्नु अर्थोत्कर्ष हो । साहस शब्द पहिले चोरी, डकैती, हिंसा आदिमा आट गर्ने अर्थमा प्रसिद्ध थियो तर हिजोआज असल कामका लागि हिम्मत देखाउने सन्दर्भमा बढुवा भएकाले यहाँ अर्थोत्कर्ष भएको देख्न सकिन्छ । यसरी शब्दमा जस्तै धातुमा पनि रूप परिवर्तन हुँदा/नहुँदा अर्थोत्कर्ष भएको देखिन्छ । तलका केही उदाहरणले यसलाई पुष्टि गर्ने छन् :

| *संस्कृतधातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| नृत् (नृती) गात्रविक्षेपे (शरीर हल्लाउनु) | नाँच्-हाउभाउ मिलाएर अङ्गसञ्चालन गर्नु |
| तप् (तप) दाहे (शरीर डढाउनु/ताप) | तप्-कष्टसाध्य काम गर्नु,कडा परिश्रम गर्नु |

खेल्-शारीरिक अभ्यास गर्नु, रमाउनु, शरीर चलाउनु आदि ।

एउटा प्राचीन भाषाबाट अर्को आधुनिक भाषामा शब्द/धातुका रूपहरू आउँदा समय, परिवेश, स्थान, तत्कालीन वातावरण, त्यतिबेलाका प्रचलित भाषाको प्रभाव आदिले अनुकृत भाषाका अर्थमा पनि परिवर्तन ल्याउन सक्छ र त्यसरी परिवर्तन हुँदा कतिपय संरचनामा अर्थोत्कर्ष हुन सक्छ भन्ने कुरा माथिका उदाहरणहरूले स्पष्ट पारेका छन् ।

ग) अर्थापकर्ष

पहिले उच्च/उदात्त अर्थमा प्रयोग हुँदै आएको संरचना कालान्तरमा हीनकोटि/अनुदात्त अर्थमा परिवर्तित हुनु अर्थापकर्ष हो । गुरु,पण्डित आदि शब्दका अर्थ अहिले घटुवा भएर ड्राइभर,पुरोहित जस्ता सामान्य अर्थमा रूपान्तरित हुनु अर्थापकर्ष हो। यसमा विशिष्ट अर्थ सामान्यीकृत हुने गर्दछ । मानिसहरू थोरै हानि हुँदा पनि सत्यनाश भयो भन्दछन्, सर्वनाश भयो भन्ने गर्दछन् । यसरी प्रयुक्त सत्यनाश र सर्वनाश शब्दमा अर्थापकर्ष भएको मानिन्छ । त्यस्तै नेता शब्दले पहिले मार्गदर्शक,पथप्रदर्शक जस्ता राम्रा अर्थ बुझाउथे तर हिजोआज स्वार्थी, द्रव्यपिशाच, ठगार, जनतामारा आदि अर्थ बुझाउँछन् तसर्थ यसमा पनि अर्थावनति भएको मान्न सकिन्छ । यसरी शब्द तथा धातुमा हुने अर्थको अवनति नै अर्थापकर्ष हो । संस्कृतस्रोतबाट नेपालीमा प्रयोग/प्रचलनमा आएका धातुमा पनि थुप्रै ठाउँमा अर्थापकर्ष भएका छन् । यहाँ नमुनाका लागि केही उदाहरण प्रस्तुत छन् :

| *संस्कृतधातु र अर्थ* | *नेपालीधातु अर्थ* |
|---|---|
| चुट् कलहकर्मणि (झगडा) | चुट्- कुट्नु, हिर्काउनु |
| वह प्रापणे (पुग्नु) | बग्- बग्नु,निरुद्देश्य भएर जानु |

चुड संवरणे (आवरण, इन्द्रियसंयम) चुड्-टिप्नु, छिनाएर टुक्रा पार्नु
हिँड् (हिँडि) गत्यनादरयोः (गति र अनादर) हिँड्-पदयात्रा गर्नु, अर्को पोइसँग जानु
चुप मन्दायां गतौ (मन्द आवाज बनाउनु) चुपलाग्- आवाजविहीन हुनु

घ) अर्थविस्तार

अर्थको क्षेत्रविस्तार हुनु, एक दुई अर्थमा सीमित संरचनाले धेरै अर्थ बताउनु तथा अर्थको सीमा फराकिलो हुनु अर्थविस्तार हो । अर्को शब्दमा भन्ने हो भने विशेष अर्थको अविवक्षा तथा समान्यको विवक्षा नै अर्थविस्तार हो । यस किसिमको अर्थविस्तार, तात्स्थ्य, ताद्धर्म्य, तत्सामीप्य, तत्साहचर्य आदि कारणबाट हुन सक्छ भन्ने आचार्य नागेशको धारणा रहेको देखिन्छ । गच्छतीति गौ विग्रह गरेर गौको पहिले गाई अर्थ गरिएको थियो, पछि आचार्य यास्कले विचार गरे- हिँड्ने प्राणी गाईमात्र होइन समस्त पशु, पृथ्वी, चन्द्र, सूर्य, प्रकाश आदि पनि हुन्, त्यसैले ती सबै गौ हुन् भन्ने अर्थ उनले गरे । यसरी कालान्तरमा गाई शब्दमा अर्थविस्तार गरियो । त्यस्तै गवेषणा शब्दले पहिले गाईको खोजी भन्ने अर्थ बुझाउँथ्यो त्यो अर्थ कालान्तरमा सबै किसिमका खोजअनुसन्धानमा विस्तारित हुन पुग्यो र साहित्यसमालोचनादेखि लिएर विज्ञानप्रविधिसम्मका खोजअनुसन्धानहरू गवेषणा हुन पुगे । कक्ष शब्दले पहिले घोडाको बासस्थानमात्र बुझाउथ्यो पछि यो सबैको आश्रयस्थान, बासस्थान आदि अर्थमा विस्तारित हुन पुग्यो त्यसैले यसमा अर्थविस्तार भयो । संस्कृतबाट नेपालीमा प्रयोग हुन आएका तत्सम तथा तद्भव शब्दमा मात्र होइन धातुमा पनि यस किसिमको अर्थविस्तार भएको देखिएको छ । यहाँ तीमध्ये केही उदाहरणार्थ प्रस्तुत छन् :

*संस्कृतधातु र अर्थ* *नेपाली धातु अर्थ*
लिख् अक्षरविन्यासे (अक्षर मिलाउनु) लिखति लेख्-लेख्नु,सार्नु,अक्षर खिप्नु
फुल् (फुल्ल) विकसने (विकसित हुनु) फुल्लतिफुल्नु,फैलिनु,सुन्निनु, रिसाउनु आदि ।
पठ् (पठ) व्यक्तायां वाचि (स्पष्ट बोल्नु) पठतिपढ्-पाठ गर्नु, घोक्नु, विद्याभ्यास गर्नु ।
जाग्-बिउझनु, चेतना प्राप्त गर्नु, बिरुवा सर्नु
तप् (तप) दाहे (शरीर डढाउनु/ताप) तपति तप्-कष्टसाध्य काम गर्नु, कडा परिश्रम गर्नु
तुड तोडने (पृथक् बनाउनु) तुडति तोड्-तोड्नु,भाँच्नु,बिगार्नु,तोडमोड गर्नु ।
चल विकसने (विकसित हुनु) चल्-जानु, जिस्कनु, चलमलाउनु ।

ङ) अर्थसङ्कोच

सामान्य अर्थबाट विशिष्ट अर्थतर्फ प्रवृत्त हुनु अर्थसङ्कोच हो । भाषाविद् ब्रिलले मानवजातिको विकास सँगसँगै ऊ विशिष्टतातर्फ लम्किएको देखिन्छ भनेअनुसार अरू कुरामा जस्तै भाषिक प्रयोगमा पनि मान्छे विशिष्टतातर्फ लम्किएको पाइन्छ । विशिष्ट हुनु भनेको अरू सामान्यभन्दा फरक हुन खोज्नु हो । त्यस्तो भिन्नताको क्षेत्र साँघुरो हुन्छ र फलतः अर्थसङ्कोच हुन जान्छ । मृगशब्द पहिले जंगलका सबै किसिमका पशुका लागि प्रसिद्ध थियो तर कालान्तरमा हरिण अर्थमा सीमित हुन पुग्यो । पहिले वास शब्दले गन्धमात्र बुझाउँथ्यो तर अहिले दुर्गन्ध बुझाउन थाल्यो, पहिले विकारले असर/परिवर्तनलाई मात्र सङ्केत गर्दथ्यो तर हिजोआज भने बिग्रिएको अवस्थालाई बुझाउन थाल्यो, यी सबै विशिष्टतातर्फ लम्किँदा भएका अर्थगत सङ्कोच हुन् । शब्दमा मात्र होइन

धातुमा पनि यस्तो परिवर्तन देखिएको छ । यहाँ संस्कृतबाट नेपालीमा प्रयोग हुन आएका तत्सम तथा तद्भव धातुमा पाइने अर्थसङ्कोचलाई प्रस्तुत गरिन्छ :

| *संस्कृतधातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| *सह (षह) मर्षणे (मर्षणं क्षमाऽभिभवश्च)क्षमा,पराजय* | *सह-पीडा खप्नु, धैर्य गर्नु* |
| भृ-भर् (डुभृञ्) धारणपोषणयोः (धारण र पोषण) | भर्-भर्नु अर्थमात्र ग्रहण । |
| कस् गतौ शासने च (गति र शासन गर्नु) | कस्- शासन अर्थमात्र ग्रहण । |

यसरी संस्कृतका धातुहरूमा पनि कताकता अर्थसङ्कोच भएका उदाहरणहरू नेपालीमा प्रयोग हुन आएका छन् ।

९. निष्कर्ष र उपलब्धि

माथिको खोजअनुसन्धान तथा विश्लेषणबाट निम्न निष्कर्षहरू प्राप्त भएका छन् :

१ धातुले विभिन्न काल र पक्ष बुझाउने क्रिया, भाव, वाच्य, ध्रुवत्व आदिलाई वहन गर्दछ साथै ती अर्थ र प्रयोगलाई पनि परिपोषित गर्छ त्यसैले यसको धारण र पोषण अर्थ सार्थक छ ।

२ प्रकृति र प्रत्ययको पृथक् प्रकल्पना गर्ने आचार्य इन्द्र हुन्, सम्भवतः यिनले नै धातुको पनि परिकल्पना गरेका हुन् । आचार्य काशकृत्स्नले धातुबारे व्यापक चर्चा गरेका छन् । पाणिनिले पनि पूर्ववर्तीहरूलाई जोडेर १९४३ धातु सङ्कलित धातुपाठ बनाएका छन् ।

३ नेपालीका १०० भन्दा धेरै धातु संस्कृत धातुस्वरूपसँग दुरुस्त मिल्छन् भने २०० भन्दा बढी धातुका स्वरूप चाहिं संस्कृतसँग अंशतः मिल्छन्, अतः नेपालीमा शब्दमात्र नभएर धातु पनि तत्सम र तद्भव प्रकृतिका छन् ।

४ नेपाली धातुका स्वरूपमात्र नभएर अर्थ पनि संस्कृत धातुसँग दुरुस्त मिल्ने उदाहरण नेपाली परम्परामा प्रशस्त पाइन्छन्, संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपालीमा आइपुग्दा कतिपय धातुका अर्थमा चाहिं अंशतः परिवर्तन भएका पनि देखिन्छन्, यसरी अर्थादेश, अर्थविस्तार, अर्थसङ्कोच, अर्थोत्कर्ष र अर्थापकर्ष भएका नेपाली धातुहरू भाषा तथा वाङ्मयमा धेरै नै प्रयोग भएका देखिन्छन् ।

सन्दर्भसामग्रीहरू

आचार्य, हरिप्रसाद (२०६०) *अष्टाध्यायी (शारदाप्रभायुता),* दाङ : महेन्द्रसंस्कृतविश्वविद्यालय ।
झा, सृजन (२०७३) *धातुरूपाणि/ धातुरूपमाला,* (धातुरूपप्रकाशकयन्त्रकोश)मुम्बई : मदनमोहनझा ।
न्यौपाने, टङ्कप्रसाद (२०५१) *भाषाविज्ञानको रूपरेखा,* धरान : नेपाल बुकडिपो ।
पाणिनि (इ.१९६९) *धातुपाठः (धात्वर्थप्रकाशिकायुतः),* वाराणसी : चौखम्बा संस्कृत सिरिज ।
पोखेल,बालकृष्ण र अन्य (२०५२)*नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेराप्रप्र ।
मीमांसक, युधिष्ठिर (२०१९) *संस्कृत व्याकरणशास्त्रका इतिहास (द्वितीयभाग),* अजमेर : भारतीय प्राच्यविद्या प्रतिष्ठान ।
यास्कः (२०२७) *निरुक्तम् (कश्यप्रजापतिकृतनिघन्टुसहितम्),* गुजरात : श्रीब्रह्मलीनमुनि ।
वरदराजः (इ.१९९७) *लघुसिद्धान्तकौमुदी* (श्रीधरी व्याख्यायुता) मोतीलालबनारसीदास : दिल्ली ।
वाजपेयी, किशोरीदास (२०२३) *हिन्दी शब्दानुशासन,* वाराणसी : नागरिणी प्रचारिणी सभा ।
शर्मा, मोहनराज (२०६२) *शब्दरचना र वर्णविन्यास,* काठमाडौं : नवीन प्रकाशन ।

# पुमा राई जातिको लोकसाहित्यको सङ्क्षिप्त अध्ययन•

विष्णुकुमार राई

*सार*

श्रुति परम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा जाने अलिखित साहित्यनै लोकसहित्य हो । लोकसाहित्य जनमानसको सहज र स्वाभाविक अभिव्यक्ति हो । लोक समाज, संस्कृति चालचलन तथा तत्कालीन परिवेशको सुक्ष्म सुचना दिने मौखिक साहित्यनै लोक साहित्य हो । नेपालमा प्राचीनतम जातिगत सुमदाय पुमा राई जातिमा पनि मौलिक लोकसाहित्यहरू पाईन्छन् । लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा जस्ता लोकसाहित्यहरू पुमा राई समुदायमा भन्ने र सुन्ने परम्परा रहेको पाईन्छ । पुमा राई जातिको लोक साहित्यमा जादु-टुनामुना, लोकआस्था, कल्पना, अनुभव आदि विविध विषयबस्तुहरूको स्पस्ट अभिव्यत्ति पाईन्छ । पुमा राई जातिको लोकसाहित्य अर्न्तगत लोकगीत विधाको उपविधाहरू पनि पाईन्छ, जस्तै बालगीत, संस्कारगीत, पर्वगीत रहेको पाईन्छ । पुमा राई समुदायमा परम्परागत अनि पुख्यौली विधि भल्कने लोक साहित्य फुर्सदको समयमा भन्दै, सुन्दै र सुनाउदै आइरहेको पाईन्छ ।

शब्दकुञ्जि : श्रुति, तत्कालिन, प्राचीनतम, लोकसमाज, लोकगाथा ।

## १. विषय परिचय

लोकसाहित्यको इतिहास मानवको उत्पत्ति र विकास जात्तिकै प्राचीन देखिन्छ । लोक साहित्य नै लोकजीवनको प्रमुख मौलिक पहिचन हो । लोक साहित्य शब्दको निर्माणलाई हेर्दा 'लोक' र 'साहित्य' को समासबाट लोकसाहित्य शब्द बनेको हो । यसको अर्थ हो लोकको साहित्य । यहाँ दुई शब्द छन् 'लोक' र 'साहित्य' (बन्धु, २०५८ : १३) लोकसाहित्य शब्दकै निर्माणलाई अर्का विद्धानका अनुसार संस्कृत व्याकरण अनुसार 'लोकृदर्शने' धातुमा 'घञ' प्रत्यय लगाउँदा (लोक् + घञ् (अ) = लोक) बनेको देखिन्छ । साहित्य शब्द सहित् मा यञ् प्रत्ययको योगबाट सधित शब्द हो। यसको अर्थ शब्द र अर्थको यथावत सहभाव अर्थात् साथ रहने क्रिया हो । लोकसाहित्य लोक अर्थात् जनजीवनको साहित्य हो । अग्रेजीमा प्रचलित 'फोक लिटरेचर' को समानार्थी शब्द लोकसाहित्य हो । श्रुतिपरम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा जाने अलिखित साहित्य नै लोकसाहित्य हो (पराजुली, २०५७ : १८-२६) लोकसाहित्य जनमानसको सहज र स्वाभाविक अभिव्यक्ति हो । यो अलिखित हुन्छ र आफ्नो मौलिक परम्पराअनुसार एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने गर्दछ । यसको लेखक (रचयिता) अज्ञात रहे तापनि जनमानसको नैसर्गिक भावना स्वाभाविक आवेग उल्लासको यथार्थ स्वरूप यसमा पाइन्छ । अभिजात परिष्कृत या लिखित साहित्यको प्रतिकूल लोकसाहित्य परिमार्जित भाषा, शास्त्रीय रचना पद्धति र व्याकरणिक नियमबाट मुक्त हुन्छ । लोकभाषाको माध्यमबाट लोकमानसको अकृतिम अभिव्यक्ति लोकसाहित्यको प्रमुख वैशिष्ठ्य हो ।

लोकसाहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति हो (बन्धु, २०५८ : २३) यो लोकले रचेको जनजिब्रोको साहित्य भएकोले नै यो प्राकृतिक रूपमा प्रकट भएको हुन्छ । लोकले

• लेखप्राप्त मिति २०७५ श्रावण ५, विज्ञद्वारा परीक्षण श्रावण १६, प्रकाशनार्थ प्राप्त श्रावण २७ गते ।

सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय साहित्य नै लोकसाहित्य हो (थापा,२०४१ : ३) लोकसाहित्यलाई चिनाउने क्रममा कृष्णदेव उपाध्याय भन्छन् "सभ्यताको प्रभावबाट दूर रहने, आफ्नो सहजावस्थामा वर्तमानमा जो अनपढ समाज हुन्छ उनीहरूकै आशा - निराशा, दुःख, सुख, जीवन - मरण आदिको अभिव्यक्ति जुन साहित्यमा हुन्छ, त्यो नै लोकसाहित्य हो (उपाध्याय, १९७० : १५६) वास्तवमा लोकसाहित्यमा सहज तर यथार्थ भावना व्यञ्जित हुने गर्दछ । त्यसैले सहज र सरल भावनामा निर्मित जीवन र जगतको सर्वाङ्गीण अनुभूतिको चिरप्राचीन र चिरनुतन अपौरुषेय अभिव्यक्ति नै लोकसाहित्य हो (कोइराला, २०५६ : ५) यसरी लोक साहित्यको विविध चिनारीहरूलाई नियाल्दा यो केवल लोक समाजको सहज अभिव्यक्ति हो भन्ने त स्पष्ट नै हुन्छ, अझ स्पष्ट रूपमा भन्नु पर्दा लोकसमाज, संस्कृति, चालचलन तथा तत्कालीन परिवेशको समेत सुक्ष्म सुचना जारी गर्न रुचाउने बाह्य बन्धनबाट मुक्त डाँडा, पाखा, खेत - खोला, रितिरिवाजको झ - झल्को दिने मौखिक साहित्य नै लोकसाहित्य हो, जुन आकाश रूपी समाजमा बेसारा जस्तै नाच्न रुचाउँछ, त्यो नै लोकसाहित्यको चिनारी हो ।

## २. समस्याकथन, उद्देश्य र शोधविधि

पुमा राई समुदायमा जनमानसको सहज र स्वाभाविक र अलिखित रूपमा एक पुस्ताबाट अर्को पुस्तामा लोक साहित्य भन्ने र सुन्ने गरेको पाईन्छ । यसले पुमा राई समुदायको सामाजिक, संस्कृतिक र धार्मिक क्षेत्रमा निकै ठूलो भूमिका खेल्दछ । तर आज सम्म पुमा राई समुदायमा प्रचलित लोकसाहित्यको वस्तुपरक ढङ्गले अध्ययन भएको पाईदैन । पुमा राई समुदायमा प्रचलित लोकसहित्यको अवस्था कस्तो छ ? पुमा राई समुदायमा प्रचलित लोकसाहित्यको बर्गिकरण कसरी गर्न सकिन्छ ? पुमा राई जातिको लोकगीतको वर्गिकरण कसरी गर्न सकिन्छ ? यस सम्बन्धमा ठोस अध्ययन र अनुसन्धान भएको पाइदैन । यो लेख यिनै जिज्ञासाहरूको समाधानमा आधारित हुनेछ ।

प्रस्तुत लेख स्थलगत रूपमा अर्न्तवाता पद्धतिमा आधारित रहेको छ । सहायक सामाग्रीका निम्ति सम्वन्धित क्षेत्रका सुचकहरूका साथै सैद्धान्तिक अध्ययन र थप सामाग्रीको लागि पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ ।

## ३. पुमा राई जातिको लोकसाहित्यको वर्गीकरण

नेपालमा विभिन्न जनजातिहरूमध्ये प्राचिनतम एक जातिगत समुदाय हो, पुमा राई । जसको मौलिक लिपिको सन्दर्भमा मतैक्य पाइदैन । केहि मानिसहरूको मुखबाट आफ्नो लिपि भएको तथा केहिको विचार अनुसार त्यो लिपि राईहरूको नभई लिम्बुहरूको सिरिजंगा लिपि हो, जे होस हाल त्यो लिपिको प्रयोग छैन । पुमा राईहरूद्धारा जे जति लेख्य बस्तुको निर्माण गर्नु परे पनि देवानागरी लिपि कै प्रयोग पाइएको छ । यसरी आफ्नो परम्परागत लिपिकै अभावमा पुमा राई समुदायले जे जति परम्पराग साहित्यिक निधिहरू थिए, तिनीहरू श्रुति परम्परामै अडिइरहेका छन्, जहाँ हामी विविध विधागत सामग्रीहरू पाउँछौ तर उचित सङ्कलन अध्ययन तथा आलेखन भएको पाइदैन । त्यसैले पुमा राई समुदायमा प्राप्त विविध विधागत सामाग्रीहरूलाई वर्गीकरण गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

लोकसाहित्य लिखित साहित्य कै तुलनामा अविजेय छ । यसको आफ्नै विशेषता एवम् महत्व  रहेको छ । जसरी आजको परिष्कृत साहित्य विविध विधाहरूमा संरचित छ, लोक साहित्य

पनि कम देखिन्न । लोकसमाजमा जनमानसले प्रयोग गर्दै आएको अभिव्यक्तिगत आधारमा विभिन्न विद्वानहरूले फरक फरक  तरिकाले वर्गीकरण गरेको पाइन्छ ।

कृष्णप्रसाद पराजुलीका अनुसार (पराजुली,२०५७ :४१) लोकसाहित्यलाई निम्नाधारमा वर्गीकरण गरिन्छ :

१. लोकगीत
२. लोकगाथा
३. लोककथा
४. लोकनाटक
५. उखान टुक्का
६. गाउँखाने कथा ।

कालीभक्त पन्त (पन्त,२०२५ : ४६) ले नेपाली  लोकसाहित्यलाई यसरी वर्गीकरण गरेका छन् -

१. लोकगीत
२. लोकगाथा
३. गाउँखाने कथा
४. उखान टुक्का र

शम्भु कोइरालाका अनुसार (कोइराला,२०५६ : २९)  लोकसाहित्यलाई निम्न विधाहरूमा बाँडेर हेर्न सकिन्छ :-

१. लोकगीत
२. लोकगाथा
३. विविध
३. लोककथा
५. गाउँखाने कथा र
६. उखानटुक्का

यसरी नेपाली लोकसाहित्यलाई प्रस्तुति, विषयवस्तु आदिका आधारमा विभिन्न विधामा वर्गीकरण गरेको पाइन्छ तर पुमा राई जातिको लोकसाहित्य भने त्यति धेरै समृद्ध पाइँदैन । यस समुदायमा प्राप्त सामग्रीहरूको अध्ययनबाट पुमा लोकसाहित्यलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

३.१ लोकगीत

लोकसाहित्यमा लोकगीतको स्थान अति उच्च रहन्छ । यो विधा अन्य विधाहरूको तुलनामा सर्वाधिक सरस, भावातिरेक हुने गर्दछ । यसको प्राण प्रतिष्ठा केवल रस र भावको प्रबलतामा रहन्छ । यो विधा लोकसाहित्यको पद्य विधा हो । यसका जनमानसका दु:ख, सुख, हर्ष-विस्मत, आशा-निराशाहरू तथा भावनामा उकुसमुकुस भएका छटपटीहरू अभिव्यक्त गरिएका हुन्छन् ।

लोकगीतमा सामाजिक मूल्य मान्यता, विश्वास, प्रचलन आदिसमेत निष्पन्न देखिन्छन् । लोकगीत त्यो हो जुन कसैको दबाव, धन, बक्सिसमा नपरी स्वयं दुखित, उत्पीडित, आक्रान्त, प्रफुल्लित जो कोही जाति, व्यक्ति, लिङ्गका नरनारीहरूले कुनै पुस्तकको बन्धनमा नपरी बनाएको हो (पन्त, २०२५ : १७) लोकगीत नदीको प्रवाहझैं हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानवसमाजलाई शितलता दिने काम गरिरहन्छ (पराजुली, २०५६ : ४३) लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसलाई सहभागिताका आधारमा (क) एकल गीत (ख) दोहोरी गीत (ग) समूह गीत, भाकाका आधारमा (क) कालीपारी (ख) बन्दीपुरे, प्रकार्यका आधारमा (क) प्रार्थना गीत (ख) संस्कार गीत (ग) पर्व गीत (घ) श्रम गीत भनी वर्गीकरण गरेको पाइन्छ । पुमा राई समुदायमा माथि उल्लिखित गीतहरू मध्ये केही गीतहरू पाइन्छन् । जसमध्ये एकल रूपमा गाइने केही गीतहरू निम्न छन् -

३.१.१ बालगीत

साना-साना बालबालिकाहरूलाई घरका बृद्ध-बृद्धाहरूले कोक्रोमा हल्लाउँदै सुताउँदा, बालबालिकाहरू एकापसमा गीत गाउँदै उफ्रने गीतहरू नै एकल बालगीत हुन, जस्तै :

लहै लहै लहै
लहै नानी लहै
सालाम बिम बिम
इप्मा कुङ कुङ
लहै वानी लहै । (फुलसरी राईबाट प्राप्त सूचना अनुसार)

३.१.२ संस्कार गीत

पुमा राई समुदायमा हिन्दु धर्मावलम्बीहरूको देवी, गणेश, कृष्ण आदिको पद्यात्मक भजनहरू जस्तो गीतहरू पाइँदैनन् । यस जातिमा देवता पुकारहरू नहुने होइनन् तर ती अधिकांश गद्यमा पाइने हुनाले यस समुदायमा पाइने पाइने संस्कार गीतहरू केही निम्न छन् -

(क) आइ ऽऽऽऽ ई सीमिखाङदो योङमोयाङसो
बाखा फोप्पी चोइयोङमा
आइ ऽऽऽऽ ई बाखा फोप्पी चोइयोङमासो
बोबोयोङकु मामुइसिन्ओ
आइ ऽऽऽऽ ई होङ्छामुन्की मामुन्निकी
मामावा चुनुवा मामुइसान्ओ । (भक्तबहादुर राईबाट प्राप्त सूचना अनुसार)

(देखेको सुनेको कुरा गर्दा हामीलाई धमिराले माटो उठाइदिएर हाम्रा आमा-बुबा च्याब्जुहरूले बनाएका हुन अरे )

(ख) हेन नम्मा चिमा नम्मा थोम्मा दक्छा बुवा तुपानिन
पापा मामा मेनसङ्ङे दोरो चामा दुङमाकु
योङ्नी कुनी तुपानिन नम्मा चिमा थोङ्माकु

मामा पापा मेनसङ्ङे नाक्छोङ बेन्याङ्कु । (इन्द्र बहादुर राई, वाह्रावेखरी गा.पा. इमखिम खोटाङ्गटबाट प्राप्तसूचना अनुसार)

(अब दाजु भाइ भेला हौ, आकाश, पाताललाई साक्षी राखौं, आमा बाबुलाई बोलाएका छैनौ उनीहरूलाई नसोधी के खाने,के पिउने, के गर्ने ?)

३.१.३ पर्वगीत

पुमा राई समुदायमा यो पर्व गीत नै स्पष्ट गीतको रूपमा चिनिने गर्दछ । खासगरी बैशाख महिनामा मनाइने फागु पर्वमा यो गीत गाइन्छ, केही वर्ष अगाडिसम्म लोपोन्मुख अवस्थामा रहेको फागु पर्व गीत अहिले निक्कै फस्टाएको देख्न पाइन्छ । डा. चुडामणि बन्धुद्धारा गरिएको विभिन्न आधारको वर्गीकरण भित्र पर्ने यो गीत वास्तवमा एकल, दोहोरी, सामूहिक तथा पर्व प्रकट गर्ने एक मात्र गीत हो । यस गीतलाई ढोल, झ्याम्टाको संगीतमा एक्लैले आफ्नो भावना पोख्न, दुईजना भए दोहोरी खेल्न तथा सामुहिक रूपमा मनोरञ्जन गर्न समेत सक्दछन् । जुन गीतलाई वान्तावा भाषाको प्रभावले वान्तावा तथा नेपाली भाषामा गाइन्छ, जसको नमूना निम्नानुसार हेर्न सकिन्छ -

(क) जालहारी आयो जाल हान्दै
रहरले आयौ फाल हान्दै
सोइसोइला हो सोइसोइला ऽऽऽऽ ।
सिन्कौली सेउली सेलेले
नाचेर जाऊँ है पेलेले
सोइसोइला हो सोइसोइला ऽऽऽऽ ।(शान्ति राई जन्ते ढुङ्गा गा.पा.१ देविस्थान खोटाङ्गबाट प्राप्त सूचना अनुसार)
(ख) साम्पिचा लित्मा खेवारो (कोदो रोप्न शुरु गरौं)
आलाङने मल सेवारो (सबैलाई नमस्कार)
सोइसोइला हो सोइसोइला ऽऽऽऽ ।
आराङ ओ रीति तङयाङसा (पुरानो रीति पछ्याउदै)

खात्तुम्मे फागु यङयाङसा ( फागु गाउँदै लैजाऊ) (शान्ति राई, जन्ते ढुङ्गा गा.पा.१ देविस्थान खोटाङ्ग बाट प्राप्त सूचना अनुसार)

३.२ लोककथा

लोकसाहित्यको विविध विधाहरू मध्ये लोकगीत पछाडिको अर्को महत्वपूर्ण एवम् लोकप्रिय विधा लोककथा हो । लोककथाले लोकसाहित्यको एक ठूलो भागको प्रतिनिधित्व गर्दछ । लोककथा ती कथाहरू हुन् जुन मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा निरन्तर रूपमा हस्तान्तरण भइरहेको छन् । यो एक गद्याख्यान हो यसमा तत्कालीन समाजको प्रतिबिम्ब देख्न सकिन्छ । कथा भन्ने चलन हरेक देश र जातिमा पाइन्छ, जुन आ-आफ्नो रीति, संस्कार, परिवेश अनुरूप प्रस्तुत गरिन्छन् । बासुदेव त्रिपाठीका अनुसार टुटे फुटेका सीमित भाषामा प्रथम मान्छेले आफुलाई अभिव्यक्त गर्न र अरुलाई सुन्न थालेदेखि नै कथाको प्रारम्भ हुन्छ (त्रिपाठी, २०२८ : ४)

लोककथा जादु - टुनामुना, लोकआस्था, कल्पना, अनुभव, उपदेश आदि विविध विषयवस्तुहरूको स्पष्ट अभिव्यक्त हुने गर्दछ । यो लोक समाज कै अमूल्य निधि हो । लोकजीवनको आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्वहरू मिश्रण गरी लोकसमुदायद्धारा रचना गरिएका र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् (पराजुली, २०५९ : १) लोककथामा मानवीय आवेग, संवेग तथा कल्पनातीत अतिशयोक्तिसमेत प्रयोग भएका हुन्छन् । त्यसैले त्यसमा असम्भव तथा असामान्य विषयवस्तुको पनि प्रस्तुति पाइन्छ । लोककथा अनौपचारिक तथा श्रुति परम्परामा जीवित रहने हुँदा यसको शैलीमा लचिलोपन पाइन्छ, तै पनि लोककथा सरस र स्वभाविक प्रस्तुतिले लोकसमाजको एक अभिन्न अंग बन्न गएको छ । पुमा राई समुदायमा पाइने लोकसाहित्यको विविध विधाहरू मध्ये लोककथा पनि एक हो । यस समुदायका मनिसहरू समय कटाउन फुर्सदको समयमा कथा भन्दछन् तर कथा भन्नको लागि रातको समय उपयुक्त मानिन्छ, दिउँसो कथा भनेमा आफ्नो वा आफ्ना सन्तानको गाँड निस्कने, लाटा - लाटी हुने अवधारणा पाइन्छ । सामान्यतया बुढाबुढीले आफ्ना छोरा - छोरी वा नाति - नातिनीलाई अनौपचारिक शिक्षा प्रदान गर्न लोककथा भन्ने सुनाउने गरिन्छ । पुमा राई समुदायमा प्रचलित लोककथाहरू पनि अन्य लोककथाहरू जस्तै एकादेशमा, कुनै गाउँमा, धेरै - धेरै वर्ष पहिले जस्ता पदावलीहरूबाट शुरु भई सामान्यतया सुन्नेलाई सुनको माला भन्दै अन्त्य गरिन्छ । यस समुदायमा मानव (किरात) को उत्पत्ति कसरी भयो ? पृथ्वीको उत्पत्ति कसरी भयो ? विभिन्न चराचुरुङ्गीहरू कसरी भयो ? हालको देव- देवता थर - उपथरहरू कसरी नामकरण गरिए ? जस्तो विषयवस्तुमा आधारित आश्चर्यजनक, अलौकिक पात्र तथा कथानकको प्रयोग पाइन्छ ।

पुमा राई लोककथाहरू शिकार खेल्ने, मेलापातको काम गर्ने, सौतनी डाह गर्ने तथा समस्याग्रस्त लोकजीवनको प्रस्तुति सहित विन्यास गरिएको पाइन्छ जसमा वन्यजन्तुहरू बाघ, भालु, बाख्रा आदि पंक्षीहरू ढुकुर, तुबीमा, चिबिर्के, खुक्तिक्वा, भाले आदि पनि कथानकलाई अगाडि बढाउन पात्रका रूपमा आएका देखिन्छन् । यसका अतिरिक्त राजकुमारी, राजकुमार, राक्षस - साक्षसनी, जादु टुनामुना आदिको अलौकिक चर्तिकला पनि पुमा लोककथाहरूमा पाउन सकिन्छ ।

३.३ लोकगाथ

लोकसाहित्यको लोकप्रिय एक विधा लोकगाथा हो, जसले मानव मनलाई शान्त पारिदिन्छ । त्यही लोकशैलीमा गेयात्मक एवम् लामो आयाम युक्त प्रस्तुतिसाथ कुनै विषयवस्तु वर्णन गरिन्छ भने त्यो गाथद्धारा चिनिन्छ तर गाथा हुनको लागि कुनै वीर पुरुष, महापात्र, राजा, मन्त्री, देवता आदिको विरत्वको गायन हुनुपर्दछ । त्यसैले लोकगाथाका सम्बन्धमा धर्मराज थापा र हंसपुरे सुवेदी भन्छन् "प्राचीनकालमा कुनै महान व्यक्तित्व, राजा वा मन्त्री अथवा समाजसेवी वीर आदिको वीरता वा रणकुशलता आदिलाई लक्ष्य गरी जुन लोकगीतहरू समाजमा प्रचार गरी गाइयो, त्यो नै गाथाद्धारा चिनियो (थापा र सुवेदी, २०४१ : २२३) लोकगाथामा वास्तवमा कुनै वीरपुरुष मात्र होइन, मानवेतर पात्र पनि प्रस्तुत हुन सक्दछ । यसरी मानवीय वा मानवेतर पात्र प्रस्तुत भए पनि त्यसको चतुऱ्याइँ र शक्ति चाहिं हुनु आवश्यक देखिन्छ, यसैको आधारमा लोकगाथालाई वीरगाथा, सामाजिकगाथा तथा देवगाथा भनी वर्गिकरण समेत गर्न सकिन्छ । यस आधारमा हामी गीति शैलीमा रचिएको लोककथालाई नै लोकगाथा भन्न सकिन्छ । पुमा राई समुदायमा स्पष्ट रूपमा कुनै पनि मानवीय पात्रहरूको गाथाको रूपमा गीत पाइदैन । तै पनि यो एक यस्तो जाति हो जसले

आफ्नो सम्पूर्ण धार्मिक एवम् अनुष्ठानिक कार्यहरू धामीको सहायताले गर्दछन् र त्यसरी धामीद्वारा विभिन्न कार्यहरू गर्दा धामिले विभिन्न अमानवीय पात्रहरू (देवदेउताहरू जस्तै बुढाहाङ, होङ्मा, बाहुत्मोङ, मोङछामा आदि) को गाथा फलाक्ने गर्दछ । जसमा धामी आफैले आफ्ना शक्तिदाता देवता तथा गुरुको उत्पत्तिसम्बन्धी गाथाहरू पनि मन्त्रको रूपमा सुनाउने गर्दछ, जस्तै :

आसेयु वुसुयुना बुसुयुङकाङ नामयुङाकी
नाछा सुन्तुम छाङा सुन्तुम लुङ मायाकी
सेन्तुमी सेच्ची नीडे वाछाप्मा छुछावाङओ
रङपुमी छाम्पुमिङा साकावा यी मेरिया यी
पालुन सोहोन खोपाल ए लाम्वेन्डाङा

दब्लुङ सोहोन लाम्वेन्डाङा (बलधरमान राई, जनतेढुङ्गा गा.पा. १, खोटाङबाट प्राप्त सूचना अनुसार)

(भावार्थ : धेरै पहिले देखि कै हौ, मलाई भावीलेनै यस्तै लेखिदिएको म धामी भएँ सेउली लिने भएँ । यो हाम्रो सोहोन (स्थान) बाट देवदेवतालाई साक्षी राखी अगाडि बढ्छु ........

३.४ लोकनाटक

लोक समाजले आफ्नो परम्परागत नियम विधान आदिको आधारमा विभिन्न सांगितिक हाउभाउ प्रकट गर्दै मनोरञ्जन गर्ने गर्दछ, त्यही नै लोकनाटक हो । लोककथाले अरुलाई मनोरञ्जन प्रदान गर्न अभिनयहिन प्रक्रियाबाट, लोकगीतले आफू तथा स्रोतालाई मीठो स्वरले मनोरञ्जन दिन ठूलो भुमिका खेलेको हुन्छ भने लोकनाटक चाहिं आपसमा रहेका तितामिठा कुराहरू पखाल्दै स्वच्छ आत्माद्वारा हास्य, मनोरञ्जन प्राप्त गर्न सङ्गीतको साथ अभिनय गरिन्छ जसको प्रदर्शन आधुनिक रङ्गमञ्च जस्तो सजिसजाउ स्थानमा गरिदैन किनकि लोकनाटकले लोकसंस्कृति बोकेको हुन्छ । लोकनाटकको सम्बन्धमा डा. चूडामणि बन्धु - "लोकनाटक लोकशैलीको स्वच्छन्द मञ्चमा गीत, नृत्य र बाध सामग्रीहरूबाट शास्त्रीय नियम मुक्त रहँदै, लोकभावनालाई अभिनयात्मक तवरले प्रस्तुत गरिन्छ, त्यसैले लोकजीवनको आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक हो भन्नुहुन्छ (बन्धु, २०५८ : २६२) । लोकनाटक वास्तवमा गीत, संगीत विहिन हुनै सक्दैन, यसमा जस्तो गीत र संगीतको भाव छ, बोल छ, त्यसै गरी नृत्य (अभिनय) गर्नु अनिवार्य ठहर्छ । त्यसैले धर्मराज थापा र हंसपुरे सुवेदी लोकनाटकको सन्दर्भमा यसो भन्दछन् - "जहाँ गीत, संगित र नृत्य तीनै प्रकारको सांगितिक तत्वको त्रिवेणी बग्दछ, त्यही नै लोकनाटक सिर्जना हुन्छ ।" (थापा र सुवेदी, २०४१ : ३४९) यसरी हामी के बुझ्दछौ भने लोकनाटकको अस्तित्व त्रिपक्षीय आधारमा रहन्छ । त्यसैले पुमा राई समुदायमा फर्केर हेर्ने हो भने यी तीन तत्वहरूको समिश्रण भएको संस्कार पनि पाउँछौ । जसलाई हामी लोकनाटकको सैद्धान्तिक आधारमा घोटी लोकनाटकको पगरी गुथाइदिन सक्छौ ती हुन् :

१. फागुनाच र

२. धामीनाच

फागुनाच वास्तवमा सम्पूर्ण राई समुदायको एक महत्वपूर्ण पर्व हो । यसले आपसी बैमनस्यतालाई हटाउँदै आपसी मेलको सिर्जना गर्दछ, त्यसैगरी पुमा राई समुदायमा पनि लोपोन्मुख अवस्थामा रहेको फागु नाच ढोल, झ्याम्टा र सेलेङ्वा (फलामको पातामा मुन्द्रा झुण्ड्याइएको एक बस्तु) को संगीतमा सान्दर्भिक गीतहरू समुह वा एकल रूपमा गाउँदै समुहमा नाच्ने गरिन्छ, जुन लोकनाटकको एक उत्कृष्ट नमुना हो भने पुमा राईहरूको पितृपुजक (धामी) पनि विभिन्न अवसरमा ढोल, थाल, घण्टी आदिको  संयुक्त संगीतमा आफैले एकल रूपमा मुद्दुम गीत गाउँदै नाच्ने गर्दछन, त्यसैले पुमा राई समुदायका फागुनाच र धामीनाच लोकनाटकको उत्कृष्ट नमूनाहरू हुन् ।

३.५ उखानटुक्का

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये उखनटुक्का पनि एक हो । लोकसाहित्यको अन्य विधाहरूको तुलनामा उखानटुक्काको संरचना लघुतम रूपको हुने गर्दछ तर उखानटुक्काको प्रभावकारीता भने 'जिरे खुर्सानी' सरह हुने गर्दछ । कुनै भाव, भनाई, बस्तु प्रति मत प्रकट वा टिप्पणी गर्दै व्याङ्ग्यार्थ, लक्ष्यार्थ प्रहार गर्नु नै उखान टुक्काको मौलिक एवम् प्रमुख धर्म हो । यसले भनाईलाई छोटो मीठो बनाइदिन्छ । उखान टुक्कालाई चिनाउने

क्रममा कृष्णप्रसाद पराजुली भन्दछन् "लोकजीवनको अनुभवलाई संक्षिप्त र सरल (थापा र सुवेदी, २०४१ : २२३) रूपमा सामाजिक रुचिका साथ लघुतम संरचनामा अभिव्यक्त गरिने भाषाको जीवनशक्ति नै उखानटुक्का हो ।" (पराजुली, २०५७ : ५८) उखानटुक्कालाई लोकोक्ति पनि भन्ने गरिएको पाइन्छ । यसको थोरै प्रयोगले धेरै भाव प्रकट्याउँछ । वास्तवमा उखानटुक्का लोकजीवनको अभिव्यक्ति हो । भाषालाई आलंकारिकता प्रदान गर्न, भावपूर्ण प्रसंगको उद्घाटन गर्न, आकर्षक तथा विलक्षण सौन्दर्य प्रस्फुटित गर्ने उखानटुक्काहरू साहित्यका बहुमूल्य रत्नावलीहरू हुन्। (अर्याल, २०५३ : १) उखानटुक्काहरू लोकको अनुभवमा खारिएको मसला भएकोले नेपाली बृहत् शब्दकोशमा भनिएको छ - लोकको अनुभवमा संगालिएको संक्षेपमा भएको गहकिलो तथा चमत्कारपूर्ण वाक्य नै लोकोक्ति हो । (पोखेल र अन्य, २०५० : ८९-९०)

लोकसाहित्यका नेपाली भाषीसमाज जति धनी छ, पुमा राई समाज त्यति धनी नहोला तैपनि नेपाली भाषी समाजमा पाइने उखानटुक्काहरू भने पुमा राई समुदायमा बुढाबुढीहरूको मुखबाट यदाकदा सुन्न सकिन्छ । जसले नैतिक उपदेशहरू संवाहन गरिरहेका हुन्छन् जस मध्ये केही उखानटुक्काहरू निम्न छन् :

१. तोङ्कोयोङ केक ( ओठे जवाफ दिनु)
२. ढंग रेत बुढी चेत (नाच्न नजान्ने आँगन टेढो)
३. तपियाङ हे तसियाङ (कि बोल, कि मर)
४. काङहेक हेक (लगातार निस्कनु )
५. लेसे ना थासे, वा दिन हास्से (जान्नु न सुन्नु, घचेटी माग्नु), (कुमार राई, बाह्रपोखरी गा.पा. ६ चाभालोखा खोटाङबाट प्राप्त सूचना अनुसार)

३.६ गाउँखाने कथा

लोकसाहित्यको अति रोचक तथा कौतूहलपूर्ण अवस्थाको सिर्जना गरिदिने लोकप्रिय विधा गाउँखाने कथा हो । गाउँखाने कथा विशेषत : बुद्धि परीक्षा, रमाइलो, ठट्यौली आदिको निम्ति गर्ने गरिन्छ तर नेपाली भाषिक समुदायमा यसको प्रयोग रातको समयमा बुढाबुढीले गर्दछन् भने दिनमा भन्यो भने लाटा - लाटी भइन्छ, गाँड आउँछ भन्ने चलन छ ।

पुमा राई समुदायमा गाउँखाने कथालाई (वाहिरङ) भन्ने गरिन्छ । वाहिरङ (गाउखाने कथा) पुमा राई समुदायमा विशेष गरी बेलुकाको खाना खाए पछि दिन भरीका थकान मेट्दै अग्रजहरूले आफ्नै मौलिक पुमा भाषामा त्यसमा पनि वरीपरीको परिवेश सँग जोडेर अन्त्यानुप्रास मिलाई-मिलाई प्रश्न सोध्ने गर्दछन् । प्रश्न गर्नेले प्रश्न गरेपछि उत्तर दिनेहरूले निकै घोत्लिएर सोची सम्झी उत्तर दिने गर्दछन् । किनकी प्रश्न लाक्षणीक र प्रतिकात्मक हुने गर्दछ । वाहिरङ (गाउँ खाने कथा) ले पुमा राई समुदायमा रचनात्मक चिन्तन गर्ने बानिको विकास गर्ने भएकोले यसको विशेष महत्व रहेको पाइन्छ ।

पुमा लोक जीवन तथा पुमा राई समुदायमा भन्ने तथा सोध्ने गरिएका वाहिरङ (गाउँ खाने कथा) हरू लाई निम्न अनसार प्रस्तुत गर्न सकिन्छ

१. चामा ना दुङ्मा खोक्रोक्नि खन्म : नारा
(खानु न पिउनु, कोकयाक कोकयाक तान्नु - हलुरो)
२. मेन्चा मेन्दुङ्, हुरुरु पुङ् - घडी
(खानु न पिउनु, हुरुरु जानु - घडी)
३. खिम कुनाया खोक्मा चा थाप्याङ - लेम
(घरको कुनामा, बुढी मान्छे अन्न निफन्दै छ - जिब्रो ) (गणेश चिन्तन पुमा जन्ते ढुङगा गा.पा.६, खोटाङबाट प्राप्तसूचना अनुसार )

४. उन्कु छाबो अन्ल्हेङ्कु क भारी - मुला
(सानी बच्चीको ठूलो भारी - मुला)
५. उन्कु छाबो देम चानिकु कचाखान - सुन्वाबो खुदो
(सानो बच्चीको कति मिठो खाना - मौरीको मह)
६. नाङ्लो भरी गोयो, कर्रादो अक्लुत रुम - साङ्केन रादो लादिप्मा
(नाङ्लो भरी किनिमा, बीचमा एक दाना नुन - ताराहरूको बिचमा जून) (मोहोन सुप्तिहाङ राई जन्ते ढुङगा गा.पा.५, खोटाङबाट प्राप्तसूचना अनुसार)

४. निष्कर्ष

पुमा राई समुदाय आफ्नो लोपोन्मुख भाषा र संस्कृतिको वैसाकी टेकेर भए पनि परम्परागत अनि पुर्खौली निधि झल्कने मौलिक गीतहरू, कथाहरू, नाटकहरू, गाथाहरू तथा उखानटुक्काहरू आक्कलझुक्कल प्रयोग गर्दै आइरहेको छ । यसरी यस समुदायले ज्यादै न्यून प्रयोग गरे तापनि परम्परागत अवधारणा अनि पुरातन संस्कार, लोकजीवन झल्काउन उल्लेखित

लोकसाहित्यका विधाहरू सफल देखिन्छन् । नेपाली भाषी समाजको तुलनामा 'हात्तीको मुखमा जिरो' भए तापनि आफ्नो स्थानमा उत्तिकै ओजस्वी भएको छ भनी स्वीकार्न सकिन्छ ।

सन्दर्भसामग्रीहरू

*आर्याल, मुकुन्द ( भोजपुरी उखानटुक्का, काठमाडौं : ने.रा.प्र.प्र., २०५३ ।*
कोइराला, शम्भुप्रसाद, *लोकसाहित्य सिद्धान्त र विश्लेषण,* विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, (२०५६) ।
*त्रिपाठी वासुदेव विचरण, काठमाण्डौ, भानु प्रकाशन, २०२८ ।*
पोखेल, बालकृष्ण र अन्य *नेपाली वृहत् शब्दकोश ने.रा.प्रा.प्र. : काठमाडौं, २०५० ।*
*पराजुली, कृष्णप्रसाद नेपाली लोकगीतको आलोक,काठमाडौं, वीणा प्रकाशन २०५७ ।*
पन्त, कालीभक्त, *हाम्रो सांस्कृतिक इतिहास, काठमाडौं डिकुरा प्रकाशन २०२५ ।*
*बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, काठमाण्डौ : एकता बुक्स २०५८।*
*पराजुली, मोतीलाल (धर्मात्मा राजा, पोखरा : पश्चिमाञ्चल वाङ्मय परिषद २०५९ ।*
*राई, विष्णु कुमार ( पुमा राई भाषाका शब्दवर्गको अध्ययन (अप्रकाशित नेपाली स्नातकोत्तर शोध पत्र) २०७० ।*
*राई, विष्णु कुमार ( देवीस्थानका पुमा राई जातिहरूको स्थानीय निर्वाचनमा सहभागिता (अप्रकाशित राजनीतिशास्त्र विषयक स्नातकोत्तर शोधपत्र) २०७४ ।*

# Rewriting History in Poetry: a Study of Mary Oliver's "The Lost Children" •

Diwakar Regmi, PhD
Lecturer in English
Pindeshwar Vidyapith, Dharan

Abstract

History has to be written down anyway. Not only in history books, history is sometimes written in poems and even in paintings, such subjective and expressive arts. And as poems offer readers the aesthetic experiences of the poet, or the poet's vision of the unknown world, farther, better and more natural, or his insight into the heart of humanity, they, when embedded with the knowledge of the time and circumstance, create a text of aesthetic history. Unlike historians, poets sometimes offer us the history of the people whose history has never been written down in the history books, and whose history has never been known to themselves. Poets can be oblivious of the precision of the dead facts, but they can never be oblivious of the precision of human sufferings which are live records of a time. Not all poetry, but all good poetry makes a historical statement about a person, a tribe, a nation or a thought. The subject of historicity in poetry requires a broad and extensive research, and cannot be dealt with in this paper. This article attempts to explore the history of racial integration in young America in Mary Oliver's poem "The Lost Children".

Key Words

Wyandots, Native Americans, racial integration, heroism, narration, meditation, history

## Introduction

Mary Oliver was born in Maple Heights, Ohio. She attended Ohio State University and Vassar College, and served as the chairperson of the writing department of the Fine Arts Work Center in Provincetown, Massachusetts, and poet in residence at Case Western Reserve University. She has won many awards including the Pulitzer Prize for her book of poems *American Primitive.* Through her poems she takes her audience into the depth of the natural world, its beauty and mysteries, connecting the life of man with the wilderness. Her natural world is primarily that of her native Ohio landscape and of Cape Cod, where she has lived the important part of her life.

"The Lost Children" tells us two tales of two persons, one after the other, juxtaposing them with each other. The poem has been divided into seven numbered sections of unequal length. The first, second and the fourth sections tell the story of an eleven years old girl, Lydia Osborn, who was lost and was never found. The third section unfolds the story of Isaac Zane, who was stolen by the Wyandots, one of the tribes of Native Americans. In the rest of the sections, Oliver

• article submitted on 5 May 2018, Peer reviewed on 15 May , Accepted for publication 1 Jun

turns from narration to meditation. In the first four sections, she tells what has happened whereas in the last three sections she tells what she thinks has happened.

The American Indians and the American Wilderness

Like most other poems of Oliver, “The Lost Children” exploits the natural beauty of Ohio. The description of the landscape is, however, embedded in the narrative which begins with the conventional beginning of a narrative tale, “In southern Ohio, / a long time ago”. The very beginning suggests us that the speaker is going to tell us a story (or history?) of a time and a people. Lydia Osborn belongs to a civilized white community which takes its pride in being materially rich, possessing large houses and living an organized life. The white community’s pride, in general, is the culture they created. Lydia Osborn, however, being an eleven years old child, hasn’t yet detached herself from the nature. Because children’s proximity to nature is greater than that of the grownups, Lydia Osborn follows the “straying cows”, leaving her sister, into the wilderness.

The second stanza of the first section makes the setting a bit more specific. The first stanza tells us that the girl was lost in Ohio but it does not tell us which part of Ohio she was lost in. In the second stanza she tells about the men who went in search of the girl. Oliver says that “men from Ohio and Kentucky” went in search of the girl suggesting that she was lost in the bordering region of Ohio, which was a hunting ground for Indian tribes before the arrival of the white settlers (Britannica, 5:233). Oliver suggests us how dense, undestroyed and wide the forest was when she says that the searchers tramped “the darkness, miles / of underbrush and trees”.

The girl had gone deeper into the dark forest, for the searchers could not find any sign of her for seven days. After seven days they found that she had slept “under two fallen trees, and eaten / fox grapes and other berries”. The reference to her natural bed and food suggests us about human beings, our ancestors, living a long time ago in the unspoilt wilderness being one with the nature. Lydia Osborn’s love for life makes her struggle; in seven days she has learnt to make her bed and find her food, the task that the Indian children had always been doing since time immemorial. The white girl, Lydia, becomes a mouth-piece for Oliver to talk about the habitation of the Indians.

By the end of the fortnight the searchers find that the lost girl has become able not only to search for food but also to make a house for herself. For survival, a man needs nothing more than food, water and home. The signs Osborn has left to her searchers suggest that she has been able to accomplish her lonely life with the achievement of these three basic needs. Her “footprints by a stream” suggests that she has drunk fresh water in the wilderness, “a blackberry patch” suggests that she has managed anyway to satiate her hunger, whereas “a small house built of sticks” stands for the skills she has learnt to adapt herself in the desolate forest in less than a fortnight. By this time, Osborn begins to appear like a heroic figure. An ordinary girl like her, one may think, would have wailed and pined to death, but Osborn goes ahead learning and creating. Though the destination is unknown, she continues her journey unfatigued. She does not wait for anybody to rescue her; she is her own rescuer, her own master and savior. She may be unaware about her heroism, but for us her heroic deeds become something like the heroic deeds of a fairy in a fairy tale. In fact, Osborn in her little house “with a little door, and a roof of green moss” looks like a

little fairy married to the wilderness, and her tiny bed of leaves and moss with "wild flowers / scattered over it" looks like her honeymoon bed.

Who is a hero? Otto Rank, in his famous essay "The Myth of the Birth of the Hero: A Psychological Interpretation of Mythology", studies comparatively the characters and attributes of heroes from different mythologies existing in different parts of the world. He writes, "Hero is the young sun rising from the waters, first confronted by lowering clouds, but finally triumphing over all obstacles" (2). The natural symbols, sun, water and cloud in Rank's definition make it easy for us to understand the heroism of Lydia. Moreover, the heroes, Rank finds, are the children of some distinguished parents, lost from their world and reared somewhere by some strange people. He gives example of the heroes like Sargon the First, the king of Babylonia; Karna the hero of the Hindu epic *Mahābhārata;* Ion, the ancestor of the Ionians; and Sigfried, the son of king Sigmund of Tarlungaland, all of whom were lost into the wilderness before they became heroes.

Lydia too shares some of the characteristics of the conventional heroes. She is not just surviving; the description of her little house and little bed in it suggests more than mere survival. She has a will not only to live but to live beautifully. She knows that she is alone in the wilderness, and that there was no spectator to look at and admire her little house. But this knowledge of being alone does not prevent her from decorating her bed with flowers. Instead of despairing in the solitude she rekindled her life with creation beyond her capacity. Franz Fanon's conviction, "the contact of the people with the new movement gives rise to a new rhythm of life and to forgotten muscular tensions, and develops the imagination" (79) comes true with Lydia's life. It is perhaps this sense of beauty and a tendency to enjoy the beauty that separates a man from the lowly beasts. Osborn went into the wilderness following "some straying cows" but soon she took human course. The flowers scattered over the bed suggest that she is not pessimistic about her course ahead. Instead it shows that she is enjoying her life in the colourful lap of nature. Osborn tries to preserve the pattern of her ancestral culture, the decoration of her home. In this decoration, we find a blend of nature and culture, but not a collision of nature versus culture.

In the second stanza, the poet turns to meditation from narration. The lost child's assimilation into the natural world makes Oliver feel sorry for the grief of her parents instead of feeling sorry for the struggles of the child. The child has left no sign of grief but a number of signs of life and optimism. Her life in the embrace of nature has grown matured in no more than fifteen days. Her growth into a matured, bold and heroic personality is contrasted to the engrieved father who is tired of "climbing up and down the hillsides, / the edges of swamps, the desolation of old / forest . . ." The "gorgeous and amoral voice" of the thrush could not please him and soothe the pain of tramping through the dark forest. The bird's song became, to him, something like a noise that "ticked and spoke". The personification of pain that "picked him up and held him / in its grey jaw" suggests us how tired and pain stricken the father was. The image of the father held up in the grey jaw of pain "enumerating / the terrible / possibilities" justifies the "inconsolable grief" of the father.

The first stanza offers us a story in simple short sentences in past tense. Since the second stanza is all a meditation, Oliver has used a long complex sentence in present tense. In this stanza she takes us into her own mental and emotional horizon and into the deep psychological pangs of a father of a lost child.

Loss and Racial Integration

After a break in narration in the second stanza, Oliver offers us the story of another man, Isaac Zane, who was stolen by the Wyandots at the age of nine and taken to the “shores of the Mad River” where he lived among the Wyandots. The habitation of the Wyandots, the shores of the Mad River, suggests us the traditional lives of the Native Americans, who were mostly nomads living temporarily on the shores of rivers that offered them easy prey and water.

Nobody knows exactly what Osborn’s life is like; it is just a matter of speculation. Zane’s life, however, is open to us. When he is grown up he walks back to his previous world but finds himself lost there. Oliver’s paradox of the boy, who, after being stolen by a strange tribe, goes back to his home and finds himself lost there, is remarkable to understand the fascination of the lives of the Indians in the wilderness. Through this poem “Oliver moves to correct the assumptions about the otherness of Indians and of nature that whites used to justify their displacement and destruction” (Fast 63). Zane finds his own world strange and leaves the streets, the symbol of civilization, to go back to the nature. The fascination of the Indian life is so strong that Zane denounces his civilization. However, it is not the beauty of the nature that alone fascinates him to the wilderness, but “the smile / of the Indian girl / Myeerah, the White Crane” has sent him back to the Indians. He cannot resist the call of his love and follows it into the wilderness as if he is responding the love commands of Kahlil Gibran:

> When love beckons to you, follow him,
> Though his ways are hard and steep.
> And when his wings enfold you yield to him,
> Though the sword hidden among his pinions may wound you. (10)

He married the “beautiful dark woman” and lived for fifty years with her in the “house he built beside the Mad River”.

In the fourth stanza, Oliver completes the story of Lydia Osborn. On the sixteenth day the searchers found her bonnet near the tiny house of sticks, and nearby the bonnet, they discovered “the hoofprints of Indian horses”. These discoveries are the final discoveries about Lydia. The rest of events in the life of Lydia are just a matter of speculation. The discovery of the hoofprints suggests, for the searchers, endless possibilities.

Mary Oliver succeeds in telling the history of racial integration through brief narratives in the poem. The people mentioned in her poem, Lydia Osborn, Isaac Zane, Myeerah and Tarhe, are all real people. The places mentioned in the poem are real too. Oliver has made the lives of these people more meaningful through her rhetoric.

The story of the loss of Lydia Osborn, as narrated by Gary Knepp, shows the precision of history in Oliver’s poem. Lydia and her younger sister Matilda went to retrieve their cows. They failed to find them, but heard the cow bells tinkling somewhere in the distance. The girls separated to find the cows. Matilda came home whereas Lydia went missing. Around one thousand volunteers, men from Ohio and Kentucky, took to the forest in search of the child. Cornelius Washburn, one of the searchers who led five hundred volunteers, discovered Lydia’s temporary campsite. The discovery of the campsite rekindled Lydia’s father’s hope for retrieving Lydia. He grew frantic and wandered around calling piteously her name. On the fifteenth day they found

